# संविधान सभा

## संवैधानिक निकायको संरचना निर्धारण समिति

### अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन

### २०६६




**संविधान सभा**

**संवैधानिक निकायको संरचना निर्धारण समिति**

संविधान सभा सचिवालय

सिंहदरबार, काठमाडौं ।

*Email : cbody_committee@can.gov.np*

*Website : www.can.gov.np*

# संविधान सभा

## संवैधानिक निकायको संरचना निर्धारण समिति

## अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदा प्रतिवेदन

२०६६

**संविधान सभा**
**संवैधानिक निकायको संरचना निर्धारण समिति**
संविधान सभा सचिवालय
सिंहदरबार, काठमाडौं ।
*Email : cbody_committee@can.gov.np*
*Website : www.can.gov.np*

## मन्तव्य

सम्माननीय अध्यक्ष महोदय,
संविधानसभा

संविधान निर्माण गर्ने विभिन्न विधिहरुमध्ये संविधानसभा एक लोकतान्त्रिक विधि हो । लोकतान्त्रिक आन्दोलनको उपजको रुपमा संविधानसभाको विकास भएको हो । लोकतान्त्रिक आन्दोलनले जनताको व्यापक सहभागितामा संविधान निर्माण गर्ने उत्कृष्ट विकल्पको रुपमा संविधानसभालाई आत्मसात गरेको छ । संविधानसभा बाट बन्ने संविधान जनताकै सहभागितामा जनताद्वारा नै निर्माण हुने कारण त्यस्तो संविधानमा जनताको इच्छाहरुको अभिव्यक्ति प्रतिविम्वित हुने गर्दछ । त्यसकारण पनि संविधानसभाबाट वनेको संविधानप्रति जनताको विश्वास र स्वामित्व रहन्छ ।

आफ्नो लागि आफैंले संविधान वनाउने नेपाली जनताको दसकौं देखिको चाहनालाई विगतको पटक पटकको जन आन्दोलन एवं सो पश्चात् बनेको नेपालको अन्तरिम संविधान, २०६३ ले आधारभूत अधिकारको प्रत्याभूत गरेको छ । यसै अधिकारको सुनिश्चिततताको लागि संविधानको धारा ६३ बमोजिम संविधानसभाको गठन भै संविधानसभाद्वारा निर्मित संविधानसभा नियमावलीको नियम ६६ (२) अनुसार यस समिति गठन भएको विदितै छ । यस नियमावली, २०६५ को नियम ६६ (२) बमोजिम समितिलाई देहाय बमोजिमको कार्यक्षेत्र तोकिएको छ:

- शासन सञ्चालनमा आवश्यक पर्ने सवैधानिक अंगको पहिचान र तीनको स्वरुप निर्धारण
- संवैधानिक अंगहरुको गठन, कांम, कर्तव्य तथा अधिकार
- संवैधानिक अंगहरुको विभिन्न तहका सरकारहरुसंगको सम्वन्ध
- समितिको कार्यक्षेत्रसंग सम्बन्धीत अन्य आवश्यक कुराहरु ।

नेपाली जनताले गरेका पटक पटकका ऐतिहासिक जनआन्दोलनबाट प्राप्त उपलव्धीहरुलाई संस्थागत गर्न र आफ्ना लागि आफैं संविधान बनाउन संविधानसभा मार्फत नयां संविधान निर्माण गर्ने महान कार्यमा हामी कृयाशिल छौं । संविधानसभाबाट बन्ने संविधान जनसहभागिताको आधारमा बन्ने हुंदा सो संविधानमा आम नागरिकहरुको चाहना तथा ईच्छाहरुको सम्बोधन मात्र होइन, त्यसको व्यवस्थित तथा सही प्रस्तुतीकरण पनि हुन्छ । आम नागरिकहरुको इच्छा र चाहनाहरु पूरा गर्ने जिम्मेवारी राज्यको हो । राज्यले सरकारको कार्यकारी अधिकारको प्रयोग गर्दा जनताको ती इच्छा र चाहनाहरु पूरा गर्ने कार्य गर्छ भने त्यसको सुनिश्चितता राज्यको मूल कानून संविधानले गर्दछ । तसर्थ कहिलेकाहीं सरकार अधिक शक्तिको कारण शक्तिको दुरुपयोग गर्ने अवस्थामा पुग्न सक्छ र त्यसको प्रभावकारी पहरेदारको रुपमा काम गर्न संविधान स्वयंले नै केही निकायहरुको व्यवस्था गरेको हुन्छ, जसलाई संवैधानिक निकाय भनिन्छ । ती संवैधानिक निकायले सरकारको काम कारवाही उपर नै निगरानी राखी पहरेदारको रुपमा रहने हुंदा ती निकायहरुको गठन विधि, पदाधिकारीको नियुक्ति प्रक्रिया, सेवाका शर्त सुविधा तथा काम कर्तव्य र अधिकारको कुरामा सरकारले हस्तक्षेप गर्न नसकोस् भनेर संविधानमा व्यवस्था गरिएको हुन्छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई एक धर्म निरपेक्ष, समावेशी, संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य घोषणा गरेको र देशमा विद्यमान जातिय, वर्गिय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गरेकोले मुलुकका सामु विद्यमान जातिय, वर्गिय, साँस्कृतिक, क्षेत्रीय, धार्मिक, लैङ्गिक, भाषिक लगायतका सबै प्रकारको विभेदलाई अन्त्य गर्दै सबैको लागि सर्वस्वीकार्य र अपनत्व हुने र शासन संचालनका सबै संरचनामा समानुपातिक प्रतिनिधित्व एवं समावेशीताको आधारमा सहभागी गराउने र सामाजिक न्यायको आधारमा मुलुकका सबै वर्ग र समुदायलाई आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक क्षेत्रहरुमा समान अवसरहरु प्रदान गरी मुलुकमा लोकतन्त्रको संस्थागत विकास र दीगो शान्ति स्थापना गर्दै न्यायपूर्ण र समावेशी नेपालको अग्रगामी विकास गर्नुपर्ने चुनौती छ ।

समितिले आफ्नो कार्यक्षेत्रको विषयहरु मध्ये शासन संचालनमा आवश्यक पर्ने संवैधानिक निकायको पहिचान र तिनको स्वरुप निर्धारण गर्ने क्रममा धेरै समय व्यतित गर्नुपरेको थियो । सरकारको क्रियाकलापलाई स्वच्छ, पारदर्शी र जनउत्तरदायी वनाई मुलुकमा सुशासन कायम गरि सीमित सरकारको अवधारणालाई मूर्त रुप दिन सरकारको पहरेदारको भूमिका निर्वाह गर्न आवश्यक संवैधानिक निकायको पहिचान गर्ने कार्यमा समितिका सवै सदस्यहरुको सर्वसम्मत मत रहेतापनि त्यस्ता निकायका अतिरिक्त देशमा विद्यमान जातिय, क्षेत्रीय, वर्गिय, लैंगिक,

भाषिक र सांस्कृतिक विभेदको अन्त गरि शासन संरचनाका सवै अंगमा ती वर्गको समानुपातिक समावेशी कायम गर्न एवं ती क्षेत्रको सबै खालको भेदभाव अन्त गर्दै सामाजिक न्यायको आधारमा राजनैतिक, सामाजिक, आर्थिक, शैक्षिक लगायत राज्यको सवै क्षेत्रमा समान अवसर प्रदान गर्नको लागि तत्सम्बन्धी विभिन्न वर्ग र क्षेत्रको हक हित एवं उत्थानको लागि अलग अलग स्वतन्त्र संवैधानिक आयोगहरु आवश्यक पर्ने भन्ने सम्बन्धमा समितिका बहुमत सदस्यहरुको रायबाट अन्य आयोगहरुको पहिचान गरिएको थियो । यसले गर्दापनि समितिको कार्यक्षेत्र अत्यन्त नविन एवं जटिल रहन गयो ।

समितिले आफ्नो कार्य सम्पादन गर्ने शिलशिलामा समितिको कार्यक्षेत्र भित्रका विषयमा संवैधानिक निकायका पदाधिकारीहरु, सम्बन्धित विषय विशेषज्ञ एवं सरोकारवाला संघसंस्थाहरु, विभिन्न हित समूहहरुसंग अन्तरक्रिया गरी धारणा बुझ्ने र राय सुझाव संकलन गर्ने काम गरेको थियो साथै राष्टिय एवं अन्तर्राष्ट्रिय सन्दर्भ सामाग्रीहरुको संकलन, अध्ययन र अनुसन्धान गर्ने, समितिबाट निर्धारित प्रश्नावलीका माध्यमबाट ७५ जिल्लाका आम नागरिकबाट एवं विदेशमा बसोबास गर्ने कतिपय नेपाली नागरिक र विभिन्न संघसंस्थाहरुबाट प्राप्त राय सुझाव, संविधानसभामा प्रतिनिधित्व गर्ने राजनैतिक दलहरुको अवधारणापत्र, विस्तृत शान्ति सम्झौता समेतको अध्ययन विश्लेषणको आधारमा यो प्रतिवेदन तयार पारिएको हो ।

समितिले प्रतिवेदन तयार गर्ने क्रममा समितिको पटक पटक गरी ५४ वटा बैठक वसी १९१ घण्टा कार्य संचालन गरेको थियो । नियमावली बमोजिम समितिका विभिन्न कार्यक्षेत्रलाई समेटने गरी ६ वटा अलग अलग उपसमितिहरु गठन गरिएतापनि विषयवस्तुको गाम्भिर्यताको दृष्टिकोणले उक्त विषयहरु पूर्ण समितिको बैठकमा अध्ययन र छलफल गरिएको थियो । समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषयमा स्वदेश एवं विदेशका विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाबाट ७२ थान, नागरिक सम्बन्ध समिति मार्फत ५,८९४ थान, संविधानसभाका विभिन्न ४० वटा जनमत संकलन टोली मार्फत ३३,७०२ थान गरी जम्मा ३९,६९८ थान राय सुझावहरु प्राप्त भएका थिए । ती सबै राय सुझावहरुलाई समितिका मा० सदस्यहरुको गहन अध्ययन, छलफल, विश्लेषण एवं निष्कर्षको आधारमा यो प्रतिवेदनको अन्तिम प्रारुप तयार पारिएको हो ।

अन्तमा तोकिएको समयमा नै यस समितिको कार्यक्षेत्रका विषयहरुको अवधारणा पत्र र सो को आधारमा संविधानको प्रारम्भिक मस्यौदा तयार गर्ने कार्यमा हौसला एवं मार्गदर्शन प्रदान गर्नुहुने संविधानसभाका अध्यक्ष एवं उपाध्यक्षज्यू, सो विषयमा अथक मेहनत र परिश्रम गर्नुहुने समितिका माननीय सदस्यहरु, सचिवालयका महासचिव लगायतका कर्मचारीहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । साथै प्रतिवेदनको तयारीको क्रममा समितिमा उपस्थित भई आफ्नो धारणा प्रदान गर्नुहुने विभिन्न संवैधानिक निकायका पदाधिकारीहरु, विषय विशेषज्ञहरु, विभिन्न सरोकारवाला संघ संस्था, निकाय तथा त्यसका पदाधिकारीहरु, स्वदेश एवं विदेशमा रहेका आम नागरिक, सर्वसाधारण जनता, प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने संविधानसभा सचिवालयका सवै कर्मचारी र प्रेसका साथिहरुलाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

(गोविन्द चौधरी)
सभापति
संवैधानिक निकायको संरचना निर्धारण समिति

२०६६ असार ९ गते मंगलवार ।

# संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति
**२०६५**

प.सं. :-
च.नं. :-

मितिः- २०६६/०३/०८

सम्माननिय अध्यक्षज्यू,
संविधान सभा ।

विषय : समितिको अवधारणा पत्र सहित प्रारम्भिक मस्यौदा पेश गरेको वारे ।

संविधान सभा, संवैधानिक निकायको संरचना निर्धारण समितिको मिति २०६६/३/२ गते वसेको वैठकले यस समितिको कार्यक्षेत्र अन्तर्गतको अवधारणापत्र र प्रारम्भिक मस्यौदा परिमार्जित रुपमा पारित गरि संविधान सभामा प्रस्तुत गर्ने प्रयोजनका लागि सम्माननिय अध्यक्ष्यज्यू समक्ष प्रतिवेदन पेश गर्ने निर्णयानुसार यो प्रतिवेदन पेश गरेका छौं ।

अवधारणा पत्र सहित प्रारम्भिक मस्यौदा पेश गर्ने समितिका मा० सदस्यहरु :-

| क्र.सं. | मा० सदस्यको नाम | दस्तखत |
|---|---|---|
| १. | मा० श्री गोविन्द चौधरी सभापति | |
| २. | मा० श्री अबुल कलाम आजाद | |
| ३. | मा० श्री अम्बिका बस्नेत | |
| ४. | मा० श्री उमा गोठे (कपाली) | |
| ५. | मा० श्री काशीदेवी झा | |
| ६. | मा० श्री किरण यादव | |
| ७. | मा० श्री खोभारी राय | |
| ८. | मा० श्री गोपीवहादुर सार्की (अछामी) | |
| ९. | मा० श्री जोखबहादुर महरा | |
| १०. | मा० श्री डिल्लीमान तामाङ | |
| ११. | मा० श्री थममाया थापामगर | |
| १२. | मा० श्री नरबहादुर पुन | |
| १३. | मा० श्री नरबहादुर विष्ट | |
| १४. | मा० श्री प्रमिलादेवी यादव | |
| १५. | मा० श्री बलदेव शर्मा मजगैयां | |
| १६. | मा० श्री बादशाह कुर्मी | |

| | | |
|---|---|---|
| १७. | मा० श्री बिमला के.सी. | |
| १८. | मा० श्री बिरेन्द्र जुहारचन | |
| १९. | मा० श्री भगवति चौधरी | |
| २०. | मा० श्री भानुभक्त जोशी | |
| २१. | मा० श्री महालक्ष्मी श्रेष्ठ | |
| २२. | मा० श्री मीना पुन | |
| २३. | मा० श्री मोहनप्रसाद पाण्डेय | |
| २४. | मा० श्री यामलाल कंडेल | |
| २५. | मा० श्री रघुविर महासेठ | |
| २६. | मा० श्री राजकाजी गुरुङ | |
| २७. | मा० श्री राधादेवी तिमल्सेना | |
| २८. | मा० श्री रामचन्द्र प्यासी कुसवाह | |
| २९. | मा० श्री राम बच्चन अहिर (यादव) | |
| ३०. | मा० श्री राम सहायप्रसाद यादव | |
| ३१. | मा० श्री ललिता साह | |
| ३२. | मा० श्री विमला सुवेदी | |
| ३३. | मा० श्री विषमलाल अधिकारी दनुवार | |
| ३४. | मा० श्री शान्ति बस्नेत (अधिकारी) | |
| ३५. | मा० श्री शारदा घिमिरे | |
| ३६. | मा० श्री शिवचन्द्र मिश्र | |
| ३७. | मा० डा० शेखर कोइराला | |
| ३८. | मा० श्री शेरबहादुर देउवा | |
| ३९. | मा० श्री सन्तोष थारु | |
| ४०. | मा० श्री सुदन राई | |
| ४१. | मा० श्री सुरेशकुमार आलेमगर | |
| ४२. | मा० श्री संजयकुमार साह | |
| ४३. | मा० श्री हरिलाल थापा मगर | |

संवैधानिक निकायको संरचना निर्धारण समिति

मिति:- २०६६।२।२१
बैठक:- ४३
विहान:- ८.३० बजे

संविधानसभा संवैधानिक निकायको संरचना निर्धारण समिति को बैठक समितिका सभापति मा० श्री गोविन्द चौधरीको सभापतित्वमा समिति कक्षमा बस्यो। समितिका निम्न मा० सदस्यहरूको उपस्थिति रहेको बैठकले निम्न निर्णयहरू गर्यो।

संविधान सभा संवैधानिक निकायको संरचना निर्धारण समिति २०६५

## उपस्थिति

1) मा०श्री गोविन्द चौधरी सभापति
2) " " अबुल कलाम आजाद
3) " " अम्बिका बस्नेत
4) " " उमा गोठे (कर्णाली)
5) " " काशी देवी झा
6) " " किरण यादव
7) " " खोभारी राय
8) " " गोपि बहादुर सार्कि (अछामी)
9) " " गौरव बहादुर महरा
10) " " डिल्लीमान तामाङ०
11) " " धनमाया थापामगर
12) " " नर बहादुर पुन
13) " " नर बहादुर विष्ट
14) " " प्रमिला देवि यादव
15) " " बलदेव शर्मा मजगैया
16) " " बादशाह कुर्मी
17) " " बिमला के०सी०
18) " " विरेन्द्र जुहारचन
19) " " भगवति चौधरी
20) " " भानुभक्त जोशी
21) " " महालक्ष्मी श्रेष्ठ
22) " " मिता पुन
23) " " मोहन प्रसाद पाण्डेय
24) " " यामलाल कँडेल
25) " " रघुविर महासेठ
26) " " राजकाजी गुरुङ०
27) " " राधादेवि तिमल्सेना
28) " " रामचन्द्र प्याली कुसवाह
29) " " रामबक्सचन्द आहिर गरत

३०) मा० श्री रामसहाय प्रसाद यादव
३१) " " ललिता साह
३२) " " विमला सुवेदी
३३) " " विषमलाल अधिकारी
३४) " " शान्ति बस्नेत (अधिकारी)
३५) " " शारदा घिमिरे
३६) " " शिवचन्द्र मिश्र
३७) " " शेखर कोइराला
३८) " " शेरबहादुर देउवा
३९) " " सन्तोष थारु
४०) " " सुदन राई
४१) " " सुरेशकुमार आलेमगर
४२) " " संजयकुमार साह
४३) " " हरिलाल थापामगर

निर्णय: संवैधानिक निकायको संरचना निर्धारण समितिको बैठक समितिका सभापति मा० श्री गोविन्द चौधरीको सभापतित्वमा समिति कक्षमा बस्यो । समितिको बैठकमा हाल विद्यमान संवैधानिक निकायहरु बाहेकका तपसिलका ६ वटा संवैधानिक आयोगहरु थप गर्ने समितिको बैठकमा उपस्थित माननीय सदस्यहरुको बहुमतबाट निर्णय भयो ।

१- संघीय महिला आयोग
२. संघीय दलित आयोग
३- संघीय आदिवासी / जनजाति आयोग
४ संघीय मधेसी आयोग
५ - संघीय मुस्लिम आयोग
६ - अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्रको हित संरक्षण संघीय आयोग

समितिको बैठक मिति २०६६/२/२४ गते आइतवार बिहान ८:३० बजे सम्मको लागि स्थगित भयो ।

संवैधानिक निकायको संरचना निर्धारण समिति
मिति:- २०६३।३।२
बैठक सं.(न):- ४२
विहान: ८.३० बजे

संविधानसभामा संवैधानिक निकायको संरचना निर्धारण समितिको बैठक समितिका सभापति मा०श्री गोविन्द चौधरीको सभापतित्वमा समिति कक्षमा बस्यो। समितिका निम्न मा० सदस्य हरुको उपस्थिति रहेको बैठकले निम्न निर्णयहरु गर्‍यो।

उपस्थिति

१) मा०श्री गोविन्द चौधरी सभापति
२) " " अबुल कलाम आजाद
३) " " अम्बिका वस्नेत
४) " " उमा गोर्ते कपाली
५) " " कान्ति देवि झा
६) " " किरण यादव
७) " " खोमारी राय
८) " " गोपी वहादुर सार्कि अछामी
९) " " जोरव वहादुर महरा
१०) " " डिल्ली मान तामाङ
११) " " थममाया थापामगर
१२) " " नरवहादुर पुन
१३) " " नर वहादुर विष्ट
१४) " " प्रमिला देवि यादव
१५) " " बलदेवराम मजगैया
१६) " " बादशाह कुर्मि
१७) " " बिमला केरुंगी
१८) " " बिरेन्द्र जुहारचन
१९) " " भगवती चौधरी
२०) " " भानुभक्त जोशी
२१) " " महालक्ष्मी श्रेष्ठ
२२) " " मिना पुन
२३) " " मोहन प्रसाद पाण्डेय
२४) " " यामलाल कँडेल
२५) " " रघुविर महासेठ
२६) " " राजकाजी गुरुङ
२७) " " राधादेवि तिमल्सेना
२८) " " रामचन्द्र प्यासी कुसवाह

२९) मा० श्री रामवच्चन अहिर यादव
३०) ,, ,, रामसहाय प्रसाद यादव
३१) ,, ,, मालिता साह
३२) ,, ,, विमला सुवेदी
३३) ,, ,, विषमलाल अधिकारी
३४) ,, ,, शान्ति वस्नेत अधिकारी
३५) ,, ,, शारदा घिमिरे
३६) ,, ,, शिवचन्द्र मिश्र शिवचन्द्र मिश्र
३७) ,, ,, शेरवर कोइराला
३८) ,, ,, शेर वहादुर देउवा
३९) ,, ,, सन्तोष याद
४०) ,, ,, सुदन राई
४१) ,, ,, सुरेशकुमार आलेमगार
४२) ,, ,, संजयकुमार साह
४३) ,, ,, हरिलाल थापामगार

निर्णय :- संविधानसभा संवैधानिक निकायको संरचना निर्धारण समितिको आजको वैठक समितिका सभापति मा० श्री गोविन्द चौधरीको सभापतित्वमा विहान ८:३० वजे समितिकक्षमा वस्यो। समितिको आजको वैठकले समितिले तयार पारि पेश गरेको समितिको कार्यक्षेत्र अन्तरगतको परिमार्जन सहितको अवधारणा पत्र र प्रारम्भीक मस्यौदा माथि व्यापक रूपमा छलफल गरि पारित गर्‍यो।

समितिको वैठक मिति २०६६।३।४ गते विहिवार विहान ८:३० वजे सम्मको लागि स्थगित भयो।

समितिले पारित गरेको अवधारणा पत्र र प्रारम्भिक मस्यौदा माथि फरक मत राख्नुहुने मा० सदस्यहरु र फरक मतको व्यहोरा

मुलुक संघीय व्यवस्थामा गएको मूल विषयमा नै हाम्रो पार्टी राष्ट्रिय जनमोर्चाको असहमति रहेकोले यो समितिले आफ्नो कार्य क्षेत्रको विषयमा तयार पारेको अवधारणा पत्र र प्रारम्भिक मस्यौदामा उल्लेखित विभिन्न संवैधानिक निकायहरू संघीय स्वरूपको रहने भन्ने उल्लेख गरेकोले सो हद सम्म मेरो असहमति रहेकोले फरक मतको रूपमा छुट्टै राय पेश गरेको छु ।

भिम [illegible]
०६६।३।२

यस समितिले आफ्नो कार्यक्षेत्रको विषयमा तयार पारेको प्रारम्भिक मस्यौदामा उल्लेखित विभिन्न संवैधानिक निकायहरु को स्वरुपमा " संघिय .... आयोग " भन्ने शब्दको सट्टा " राष्ट्रिय .... आयोग " राख्न उपयुक्त देखिएकोले सो हद सम्मको आफ्नो छुट्टै फरक मत जाहेर गरेको छु ।

मा० भानुभक्त जोशी
२०६६/३/२.

# प्रारम्भिक मस्यौदाको
# विषयसूची

...निक निकायको ... निर्धारण समिति २०६६


| | | पेज नं. |
|---|---|---|
| १ | प्रस्तावना | १ |
| २ | १) अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २-५ |
| ३ | २) लेखा परीक्षण आयोग | ६-९ |
| ४ | ३) लोकसेवा आयोग | १०-१४ |
| ५ | ४) निर्वाचन आयोग | १५-१८ |
| ६ | ५) मानव अधिकार आयोग | १९-२३ |
| ७ | ६) महिला आयोग | २४-२७ |
| ८ | ७) दलित आयोग | २८-३० |
| ९ | ८) आदिवासी/जनजाति आयोग | ३१-३३ |
| १० | ९) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग | ३४-३७ |
| ११ | १०) मधेशी आयोग | ३८-४० |
| १२ | ११) मुस्लिम आयोग | ४१-४३ |

# संविधान सभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

प्रारम्भिक मस्यौदा

२०६६

**संविधान सभा**
**संवैधानिक निकायको संरचना निर्धारण समिति**
संविधानसभा सचिवालय
सिंहदरबार, काठमाडौं ।

*Email : cbody_committee@can.gov.np*
*Website : www.can.gov.np*

संविधानसभा
संवैधानिक निकायको संरचना निर्धारण समिति

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| प्रस्तावना | संघीय लोकतान्त्रिक एवं गणतान्त्रिक संविधानको पूर्व शर्तको रुपमा रहेको संविधानवादको आधारशिलाहरु मानव अधिकार, वालिग मताधिकार , आवधिक निर्वाचन प्रणाली , कानूनी राज्य, स्वतन्त्र न्यायपालिका, जनप्रतिनिधिमूलक र जवाफदेही एवं परिमार्जित सरकार, सरकारको काम कारवाहिमा पारदर्शिता, सिमीत सरकार, सुशासन जस्ता लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात एवं पूर्ण प्रतिवध्दता गर्दै वर्गिय ,जातिय, भाषिक, लैंगिक, सास्कृतिक, धार्मिक र क्षेत्रिय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदीवासी/जनजाति, मधेसी, मुस्लीम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत तथा पिछडिएको क्षेत्र एवं वर्गको हक हितको सुनिश्चितता एवं तिनिहरुको उत्थान एवं विकासको लागि मुलुकको राज्यसंरचनाका सवै अंगहरुमा समानुपातिक प्रतिनिधित्व एवं समावेशीताका आधारमा सहभागि गराई सवै किसिमको विभेद एवं असमानता हटाई सामाजिक न्यायको आधारमा आर्थिक, राजनैतिक, सामाजिक र शैक्षिक क्षेत्रमा समान अवसर प्रदान गरि विभिन्न जातजाति, धर्म, भाषा, वर्ण, सम्प्रदाय र समुदायबीच सामञ्जस्यता स्थापना गरि न्यायपूर्ण समाजको स्थापना र विकास सुनिश्चित गरि समावेशी राज्य निर्माण भएमा मात्र लोकतन्त्रको संस्थागत विकास, दिगो शान्ति, स्थीरता एवं आर्थिक र सामाजिक रुपान्तरण सम्भव छ भन्ने कुरालाई स्वीकार गर्दै, ...<br><br>*नोटः प्रस्तावना संवैधानिक समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषय भएतापनि यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुको भावना र मर्म उल्लेख गर्न सहयोग पुगोस् भन्ने उद्देश्यले सो हदसम्मको प्रस्तावना तयार गरिएको ।* | प्रस्तावना | प्रस्तावना संविधानको महत्वपूर्ण र मूल अंग हो । सरकारका कृयाकलापहरुलाई पारदर्शी वनाई कानूनी राज्यको अवधारणाको दायराभित्र ल्याई जनउत्तरदायी, सीमित र परिमार्जित सरकारको माध्यमबाट मुलुकमा सुशासन कायम गर्न र महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लीम र सिमान्तकृत एवं अल्पसंख्यक लगायतका पिछडिएका वर्गहरुको संवैधानिक अंगमा समानुपातिक र समावेशीका आधारमा प्रतिनिधित्व सुनिश्चित गरि ती वर्गको उत्थान गर्न नयां संविधानमा प्रस्तावना गरिएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १) अख्तियार दुरूपयोग अनुसन्धान आयोग | (१) नेपालमा एक संघीय अख्तियार दुरूपयोग अनुसन्धान आयोग रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य दुई जना आयुक्तहरू रहनेछन् । प्रमुख आयुक्तका अतिरिक्त अन्य आयुक्तहरु नियुक्त भएमा प्रमुख आयुक्तले अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अध्यक्ष भई काम गर्नेछ ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख आयुक्त र अन्य आयुक्तहरूको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) प्रमुख आयुक्त र अन्य आयुक्तहरूको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख आयुक्त वा आयुक्तको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) प्रमुख आयुक्त र आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायका अवस्थामा प्रमुख आयुक्त वा आयुक्तको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त वा आयुक्तहरुको पदमा | छुट्टै भागमा रहनु पर्ने | सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुलाई जनताप्रति उत्तरदायी बनाउन र उनीहरुका क्रियाकलाप जनताको हितमा लगाउन सचेतकका रुपमा कार्य गर्ने संस्थाको राज्यलाई आवश्यकता पर्ने र संविधान तथा कानुन अर्न्तगतका पदाधिकारीहरुले आफूमा अन्तरनिहित अधिकारको प्रयोग गर्दा अख्तियारको दुरुपयोग गरी जनतालाई पिर मर्का पुऱ्याएका छन छैनन् सो सम्बन्धमा छानविन गरी समयमा नै उपचारको व्यवस्था मिलाउने उद्देश्यले स्वतन्त्र र निष्पक्ष रुपमा कार्य गर्ने संस्थाको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था भएको ।<br>सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट हुनसक्ने अख्तियारको दुरुपयोगको सम्बन्धमा छानविन गर्न नियुक्त व्यक्ति वाह्य प्रभावबाट मुक्त रही निष्पक्ष र स्वतन्त्र हुनु आवश्यक छ । त्यसैले निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले |

| | | | |
|---|---|---|---|
| | नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्दछ :-<br>(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) लेखा, राजश्व, जनप्रशासन, इन्जिनियरिङ्ग, कानून, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको,<br>(घ) चालीस वर्ष उमेर पूरा भएको, र<br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(७) प्रमुख आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन । | | नियुक्त गर्न उपयुक्त हुने हुँदा सो व्यवस्था राखिएको साथै निजहरुको निश्चित पदावधि तोक्न पनि वाञ्छनिय हुने र आयोगका पदाधिकारीहरुले लिखित राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालना नगरेको वा खराब आचरण वा कार्यक्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने । अरु मनमानी तरिकाले निजहरुलाई हटाउन नपाउने व्यवस्था गरी सेवाको सुरक्षा प्रदान गरिन उपयुक्त भएकोले सोही व्यवस्था गरिएको । |
| | तर,<br>(क) अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आयुक्तलाई प्रमुख आयुक्तको पदमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख आयुक्तको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | योग्य व्यक्ति नै प्रमुख आयुक्त एवं आयुक्त पदमा नियुक्त हुन सकेमा आयोगले प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सक्ने हुँदा स्नातक उपाधी प्राप्त गरेको र लेखा, राजश्व, इन्जिनियरिङ्ग, कानून, विज्ञान वा अनुसन्धानको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरी अनुभव र ख्याति प्राप्त गरेको व्यक्तिबाट नियुक्त हुनुपर्ने भनी प्रस्तावित संविधानमा योग्यता समेतको निर्धारण गरिएको हो । |

| | | | |
|---|---|---|---|
| अख्तियार दुरूपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार | (१) कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।<br>तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।<br>(२) खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सकिनेछ ।<br>(३) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।<br>(४) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।<br>(५) उपधारा (१) बमोजिम भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ । | | अनुसन्धान तहकिकात र मुद्दा चलाउने कार्य एउटै निकायबाट हुँदा यसको निष्पक्षता शंकास्पद हुन जाने कारणले गर्दा प्रस्तुत संविधानमा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको भ्रष्टाचारका सम्बन्धमा अनुसन्धान तहकिकात आयोगले गरी कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर कानुन बमोजिम अधिकार प्राप्त अदालतमा महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्न वा गराउन सक्ने व्यवस्था गरिएको छ ।<br><br>त्यस्तै सार्वजनिक पद धारण गरेको व्यक्तिले ओहोदाको आडमा पक्षपात, लापरवाही, बदनियती, मोलाहिजा, स्वेच्छाचारिता, अनाधिकार, वेवास्ता, ढिलासुस्ती, असक्षमता जस्ता विभिन्न किसिमका अनुचित कार्यले जनतामा पिर मर्का नपुऱ्याओस् भन्ने उद्देश्यले प्रस्तुत संविधानमा आयोगले अनुसन्धान तहकिकात गरी अनुचित कार्य गर्ने पदाधिकारीलाई सचेत गराउने, विभागीय कारवाही गर्ने वा कानुनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने व्यवस्था गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | (६) यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।<br>(७) अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ । | | आयोगले कार्यबोझको आधारमा आवश्यकता अनुसार प्रमख आयुक्त, आयुक्त र नेपाल सरकारका कर्मचारीलाई अधिकार प्रत्यायोजन गरि अनुसन्धान तहकिकात र मुद्धा चलाउने काम सुम्पि कार्य संचालन गर्न आवश्यक पर्ने हुंदा यो व्यवस्था राखिएको । |
| प्रादेशिक व्यवस्था | प्रादेशिक क्षेत्रमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहनेछ । | | प्रान्त/राज्यमा आवश्यकता अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोग रहने । |
| वार्षिक प्रतिवेदन | (१) यस संविधान बमोजिम अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरी परेका उजुरी, अनुसन्धान तहकिकात गरी कानून बमोजिम अधिकार प्राप्त अदालतमा दायर गरेको र तामेलीमा राखेको मुद्दाको संख्या, अनुचित कार्य गरेकोमा सचेत गराएको वा विभागीय कारबाही वा अन्य कारबाहीका लागि लेखी पठाएको संख्या, भ्रष्टाचार निवारणका सम्बन्धमा भएको उपलब्धि तथा सो सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| २) लेखा परीक्षण आयोग | (१) नेपालमा एक संघीय लेखा परीक्षण आयोग रहनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुई जना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पदावधि नियुक्तिको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुनु अगावै संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको उमेर पैंसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायका अवस्थामा संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | छुट्टै भागमा रहनुपर्ने । | सार्वजनकि सम्पतिको परीक्षण गर्ने र अनुचित व्यय भएको देखेमा त्यसतर्फ व्यवस्थापिकाको समेत ध्यानाकर्षण गराउन सकियोस् भन्ने उद्देश्यले लेखा परीक्षण आयोगलाई स्वतन्त्र रुपमा राख्न संवैधानिक संरक्षण प्रदान गरिएको हुन्छ । नेपालको संवैधानिक विकासको शुरुवात देखि नै सरकारी विभाग र अड्डा अदालतहरुको स्याहा, श्रेस्ता र हिसाबको लेखा परीक्षण गराउन स्वतन्त्र निकायको रुपमा महालेखा परीक्षकको व्यवस्था गरिएकोमा यसलाई बहुनेतृत्वदायी बनाउँदै प्रस्तुत संविधानमा संघीय लेखा परीक्षण आयोगको रुपमा संवैधानिक व्यवस्था गरिएको छ ।<br><br>सरकारी विभाग तथा अड्डा अदालतहरुको स्याहा, श्रेस्ता र हिसाबको लेखा परीक्षण गराउनका लागि त्यस्तो अभिभारा बहन गर्ने आयोगका अध्यक्ष र सदस्यहरु स्वतन्त्र र निष्पक्ष हुनु अति आवश्यक हुन्छ । त्यसैले निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्त गर्न उपयुक्त हुने हुँदा सो |

| | | | |
|---|---|---|---|
| | (ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारद्वारा मान्यता प्राप्त विश्वविद्यालयबाट व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालिस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरुको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(७) संघीय लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) लेखा परिक्षण आयोगको सदस्यलाई अध्यक्षको पदमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएकोमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा | | व्यवस्था राखिएको साथै निजहरुको निश्चित पदावधि तोक्न पनि वाञ्छनिय हुने र आयोगका पदाधिकारीहरुले लिखित राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालना नगरेको वा खराब आचरण वा कार्यक्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने । अरु मनमानी तरिकाले निजहरुलाई हटाउन नपाउने व्यवस्था गरी सेवाको सुरक्षा प्रदान गरिन उपयुक्त भएकोले सोही व्यवस्था गरिएको ।<br><br>योग्य व्यक्ति नै आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन सकेमा आयोगले प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सक्ने हुँदा व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातकोत्तर उपाधि प्राप्त गरी वा चार्टर्ड एकाउन्टेन्सी परीक्षा उत्तीर्ण गरी नेपाल सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखा परीक्षण सम्बन्धी काममा कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त व्यक्ति नियुक्त गरिनुपर्ने व्यवस्था राखिएको छ । |

| | | | |
|---|---|---|---|
| | छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | |
| लेखा परीक्षण आयोगको काम, कर्तव्य र अधिकार | (१) सर्वोच्च अदालत, व्यवस्थापिका-संसद/संविधान सभा, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सबै सरकारी कार्यालय, अदालत, स्थानीय निकाय, सरकारी शिक्षण संस्था र सार्वजनिक संस्थानहरुको लेखा कानूनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी संघीय लेखा परीक्षण आयोगबाट लेखापरीक्षण हुनेछ ।<br>(२) संघीय लेखा परीक्षण आयोगको लेखा परीक्षण सम्बन्धमा व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिबाट व्यवस्था भएको लेखापरीक्षकले लेखा परीक्षण गर्नेछ ।<br>(३) लेखा परीक्षण आयोगलाई उपधारा (१) बमोजिमको कामको लागि लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार लेखा परीक्षण आयोगका अध्यक्ष र सदस्यहरु वा त्यसका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुनेछ ।<br>(४) उपधारा (१) अनुसार लेखापरीक्षण गरिने लेखा सम्बन्धित कानूनका अधीनमा रही संघीय लेखा परीक्षण आयोगद्वारा तोकिएको ढाँचामा राखिनेछ ।<br>(५) उपधारा (१) मा उल्लेख भएका कार्यालयहरूको लेखाका अतिरिक्त अन्य कुनै कार्यालय वा संस्थाको लेखा परीक्षण आयोगबाट लेखा परीक्षण गर्नु पर्ने गरी कानूनद्वारा व्यवस्था गर्न सकिनेछ । | | सार्वजनिक सम्पतिको आय व्ययको हिसाब कानुन बमोजिम राखिएको छ वा छैन सो को परीक्षण गर्ने उद्देश्यले संवैधानिक निकायका कार्यालय लगायत सबै सरकारी कार्यालय र अदालतको लेखामा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा परीक्षण गर्नुपर्ने गरी यस संविधानमा लेखा परीक्षण आयोगको व्यवस्था गरी काम, कर्तव्य र अधिकार तोकिएको छ ।<br>साथै विगतका संविधानमा सरकारी स्वामित्व भएको संगठित संस्थाहरुको आय व्ययको लेखामा नियमितता रहोस् भन्ने अभिप्रायले लेखा परीक्षकको नियुक्त गर्दा महालेखा परीक्षकको परामर्श लिनु पर्ने व्यवस्था भएकोमा प्रस्तुत संविधानमा सरकारी बजेट विनियोजन हुने सबै सरकारी कार्यालय लगायत सरकारी शिक्षण संस्था, स्थानीय निकाय र सार्वजनिक संस्थानहरुको लेखा परीक्षण समेत लेखा परीक्षण आयोगले नै परिक्षण गर्नुपर्ने व्यवस्था गरिएको छ । |

| | | | |
|---|---|---|---|
| प्रादेशिक व्यवस्था | संघीय लेखा परीक्षण आयोगको प्रत्येक प्रान्त/राज्यमा सामान्यतया एक शाखा रहन सक्नेछ । | | संविधान एवं कानुनद्वारा संघीय लेखा परीक्षण आयोगको काम कर्तव्य सम्बन्धी अधिकार प्रदान हुने भएकोले प्रान्त/राज्य तहसम्म सोही कानुन बमोजिम व्यवस्था हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | (१) संघीय लेखा परीक्षण आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय लेखा परीक्षण आयोगले वर्षभरीमा लेखापरीक्षण गरेका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, बेरुजु फछ्र्यौट गर्न गरेको प्रयास र बेरुजु फछ्र्यौटका सम्बन्धमा प्राप्त उपलब्धि तथा लेखापरीक्षण सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ३) लोक सेवा आयोग | (१) नेपालमा एक संघीय लोक सेवा आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा एकजना अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरू रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) लोक सेवा आयोगका सदस्यहरूमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरू पन्ध्र वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरू मध्येबाट र बाँकी सदस्यहरू विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानून, जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातिप्राप्त गरेका व्यक्तिहरू मध्येबाट नियुक्त हुनेछन् ।<br>(४) लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ निजहरुको थप एक कार्यकालको लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन । | छुट्टै भागमा रहनु पर्ने | जनताका प्रतिनिधिद्वारा निर्मित कानुन र कार्यकारिणीका नीतिलाई सफल रुपमा कार्यान्वित गराउन निष्पक्ष तथा स्वतन्त्र निजामति सेवाको आवश्यकता पर्ने हुन्छ । यसै अनुरुप नेपाल सरकार वैधानिक कानुन, २००४ ले दरखास्त परिषदको व्यवस्था गरेको र २००७ सालको जन क्रान्तिपछि निर्माण भएका संविधानहरुमा स्वतन्त्र निकायको रुपमा लोक सेवा आयोगको व्यवस्था गरिएको देखिन्छ । प्रस्तुत संविधानमा पनि निजामति सेवालाई प्रभावकारी बनाउन योग्य व्यक्तिको छनौट गर्ने अभिप्रायले निष्पक्ष तथा स्वतन्त्र निकायका रुपमा लोक सेवा आयोगको व्यवस्था गरिएको हो ।<br><br>निजामति सेवामा योग्य व्यक्तिको छनौट गर्ने अभिभारा बोकेका व्यक्तिहरु स्वतन्त्र र निष्पक्ष हुनु आवश्यक छ त्यसैले निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्त गर्न उपयुक्त हुने हुँदा सो व्यवस्था राखिएको साथै निजहरुको निश्चित पदावधि तोक्न पनि वाञ्छनिय हुने र आयोगका पदाधिकारीहरुले लिखित राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक |

| | | | |
|---|---|---|---|
| | (ख) लोक सेवा आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायका अवस्थामा लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) लोक सेवा आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालिस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(७) लोक सेवा आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । लोक सेवा आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(८) लोक सेवा आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) लोक सेवा आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुर्‍याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको | | इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालना नगरेको वा खराब आचरण वा कार्यक्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने । अरु मनोमानी तरिकाले निजहरुलाई हटाउन नपाउने व्यवस्था गरी सेवाको सुरक्षा प्रदान गरिन उपयुक्त भएकोले सोही व्यवस्था गरिएको ।<br><br>योग्य व्यक्तिहरु आयोगको अध्यक्ष तथा सदस्यका लागि नियुक्त भएमा नै आयोगले प्रभावकारी रुपमा कार्य सम्पादन गर्न सक्ने हुँदा स्नातकोत्तर शैक्षिक उपाधी प्राप्त गरेको विज्ञान, शिक्षा, स्वास्थ्य, वाणिज्य, प्रविधि, कला, साहित्य, कानुन वा राष्ट्रिय जीवनको अन्य क्षेत्रमा अनुसन्धान र अध्यापन गरी ख्याती प्राप्त व्यक्ति र कम्तीमा पचास प्रतिशत पन्ध्र वर्ष वा सो भन्दा बढी अवधीसम्म सरकारी सेवामा अनुभव प्राप्त गरेका व्यक्ति मध्येबाट आयोगको अध्यक्ष तथा सदस्यको नियुक्ति गरिने गरी योग्यता निर्धारण गर्न उपयुक्त देखिई प्रस्तुत संविधानमा सो व्यवस्था गरिएको । |

| | | | |
|---|---|---|---|
| | पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| लोक सेवा आयोगको काम, कर्तव्य र अधिकार | (१) निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुनेछ ।<br>स्पष्टीकरण : यस धाराको प्रयोजनको लागि सैनिक अधिकृत वा जवान र सशस्त्र प्रहरी वा प्रहरी कर्मचारीको सेवा वा पद तथा निजामती सेवा वा पद होइन भनी ऐनद्वारा तोकिएको अन्य सेवा वा पद बाहेक नेपाल सरकारका अरु सबै सेवा वा पदलाई निजामती सेवा वा पद मानिनेछ ।<br>(२) निजामति सेवाका अतिरिक्त सरकारी विद्यालयका शिक्षक, प्रहरी, सशस्त्र प्रहरी, सैनिक सेवा लगायत अन्य सरकारी सेवाको पदपूर्ति, नियुक्ति र बढुवा सम्बन्धी व्यवस्था लोक सेवा आयोगले गर्ने गरी कानुनद्वारा व्यवस्थित गर्न सक्नेछ ।<br>(३) निजामती सेवाको निवृत्तिभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति गरिने छैन ।<br>(४) देहायका विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्नेछ :-<br>(क) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,<br>(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,<br>(ग) निजामती पदमा छ महिनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,<br>(घ) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती | | निजामति सेवामा दक्ष र योग्य व्यक्तिको छनौट भएमा नै कानुन र सरकारी नीतिहरु प्रभावकारी रुपमा लागू हुन सक्ने भई प्रशासनको प्रभावकारीता कायम रहन सक्ने हुँदा निजामति सेवाका पदहरुमा नियुक्तिका लागि परीक्षाहरुको संचालन गर्ने कार्यलाई प्रस्तुत संविधानमा मुख्य कामको रुपमा तोकेको छ । साथै निजामति सेवाका कर्मचारीहरुको सेवा र शर्तको सुरक्षाका विषयमा, योग्य व्यक्तिहरुको नियुक्ति, बढुवा र पद अनुसारको आचरण नगरेमा विभागिय कारवाही गर्ने सम्बन्धमा, निजामति पदमा कम्तीमा ६ महिनाभन्दा बढी समयका लागि नियुक्त गर्दा उम्मेदवारको उपयुक्तताका विषयमा र एक प्रकारको निजामति सेवाका पदबाट अर्को प्रकारको निजामति सेवाका पदमा सरुवा, बढुवा गर्दा उम्मेदवारको उपयुक्तताका विषयमा समेत लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरिएको छ । प्रस्तुत संविधानले राजपत्राङ्कित वा राजपत्र अनङ्कित सबै निजामति कर्मचारीलाई दिइने |

| | | | |
|---|---|---|---|
| | सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,<br>(ङ) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र<br>(च) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायको विषयमा ।<br>(५) उपधारा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि धारा ११४ बमोजिम न्याय सेवा आयोगको अधिकारक्षेत्रभित्र पर्ने विषयमा सोही बमोजिम हुनेछ ।<br>(६) कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसँग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोक सेवा आयोगले परामर्श दिन सक्नेछ ।<br>स्पष्टीकरण : यस धाराको प्रयोजनका लागि "सार्वजनिक संस्था" भन्नाले पचास प्रतिशत वा सोभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संगठित संस्थालाई जनाउनेछ ।<br>(७) लोक सेवा आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरूको समिति वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्ने गरी सुम्पन सक्नेछ ।<br>(८) यस संविधानको अधीनमा रही लोक सेवा आयोगको अन्य काम, कर्तव्य र कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | विभागिय सजायका विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरी निजामति कर्मचारीको सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै निजामति सेवाका अतिरिक्त शिक्षक सेवा, प्रहरी र सैनिक लगायतको पदपूर्ति सम्बन्धी व्यवस्था पनि लोक सेवा आयोगले गर्ने गरी सम्बन्धित कानुनद्वारा व्यवस्थित गर्न सक्ने गरी लोक सेवा आयोगको क्षेत्राधिकारको बढोत्तरी गर्नुपर्ने कुराको महशुस भए अनुसार त्यस्तो व्यवस्था भएको छ । |
| प्रादेशिक व्यवस्था | लोक सेवा आयोगको प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |

| | | | |
|---|---|---|---|
| वार्षिक प्रतिवेदन | (१) प्रत्येक वर्ष लोक सेवा आयोगले आफूले गरेको कामको प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त लोक सेवा आयोगले वर्षभरीमा उम्मेदवार छनौट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परिक्षार्थी सम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको विवरण, निजामति कर्मचारीलाई विभागीय कारवाही र सजाय गर्दा दिएको परामर्शको विवरण र परामर्श बमोजिमको काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको वारेमा परामर्श दिएको भए सो को विवरण र भविष्यमा निजामति सेवाको सुधारको विवरण समेत उल्लेख गर्नु पर्नेछ । | | आयोगले गरेको क्रियाकलापहरु पारदर्शी र जवाफदेहिपूर्ण बनाई व्यवस्थापिका संसदमा छलफल गरी जनतालाई सुशुचित गराउने उद्देश्य अनुरुप वार्षिक प्रतिवेदन पेश गर्ने व्यवस्था गर्न उपयुक्त देखिएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ४) निर्वाचन आयोग | (१) नेपालमा एक संघीय निर्वाचन आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा प्रमुख निर्वाचन आयुक्त र अन्य दुई जनासम्म निर्वाचन आयुक्तहरू रहनेछन् । प्रमुख निर्वाचन आयुक्तका अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भई काम गर्नेछ । | छुट्टै भागमा रहनु पर्ने | स्वतन्त्र र स्वच्छ निर्वाचन बाट नै प्रजातान्त्रिक संस्थाहरु सबल हुन्छन् । लोकतन्त्रका आधारभूत आवश्यकताहरु मध्ये स्वच्छ निर्वाचन एक महत्वपूर्ण पक्ष हो । यही महत्वलाई हृदयङ्गम गरी नेपालको संवैधानिक इतिहासको शुरुवातदेखि नै निर्वाचनका लागि मतदाताहरुको नामावली तयार पार्ने र निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रणका लागि स्वतन्त्र निर्वाचन आयोगको संवैधानिक व्यवस्थालाई स्वीकारिंदै आएकोले वर्तमान संविधानमा पनि स्वतन्त्र र निष्पक्ष निर्वाचन गराउन निर्वाचन आयोगको संवैधानिक व्यवस्था गरिएको । |
| | (२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तहरुको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।) | | निर्वाचन आयोगका पदाधिकारीहरु पनि स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले गर्ने व्यवस्था गरिएको छ । |
| | (३) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुनु अगावै प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्तको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने | | स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह |

| | | |
|---|---|---|
| | छैन ।<br>(ख) प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायको अवस्थामा प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (३) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पदमा नियुक्तिको लागि देहाय बमोजिम योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि गरी कानुन, जनप्रशासन, विज्ञान, कला, साहित्य वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी कम्तीमा पन्ध्र वर्ष अनुभव प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ग) चालिस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) प्रमुख निर्वाचन आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । प्रमुख निर्वाचन आयुक्त र आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरू बदलिने छैनन् ।<br>(७) निर्वाचन आयोगको प्रमुख निर्वाचन आयुक्त वा आयुक्त भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर, | समान आधार र तरिकाबाट हटाउन सकिने अरु मनमानी तरिकाले निर्वाचन आयोगका आयुक्तहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट आयुक्तहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ र निर्वाचन आयोगमा रही गर्नुपर्ने काम कार्यको अभिभारालाई विचार गरी आयुक्तहरुको निश्चित योग्यता समेत तोक्नु पर्ने देखिएको । |

| | | | |
|---|---|---|---|
| | (क) निर्वाचन आयोगको आयुक्तलाई प्रमुख निर्वाचन आयुक्तमा नियुक्त गर्न यस उपधाराले बाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै आयुक्त प्रमुख निर्वाचन आयुक्तको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा आयुक्त भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन । | | |
| निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार | (१) संविधान र अन्य कानूनको अधिनमा रही राष्ट्रपति, उपराष्ट्रपति, जनमत सँग्रह व्यवस्थापिका-संसद (केन्द्र र राज्य/प्रान्त), स्थानीय निकायको निर्वाचन लगायत सबै खालको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ ।<br>(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि निर्वाचन आयोगलाई देहायको अधिकार हुनेछ :-<br>(क) संघीय संरचना अन्तर्गत निर्वाचन क्षेत्रहरुको निर्धारण गरी निर्वाचनको मिति तोक्ने ।<br>(ख) निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता, दलहरु बीचको विवाद निरुपण एवं संस्थागत विकासमा सहयोग गर्ने ।<br>(ग) निर्वाचन र सो को नीति, कानुन लगायतका विषयमा सरकारलाई परामर्श दिने ।<br>(घ) निर्वाचन पूरा भैनसकेको अवस्थामा उम्मेदवारको अयोग्यता सम्बन्धी विषयमा निर्णय गर्ने ।<br>(ङ) मतदाता नामावली संकलन र अद्यावधिक गर्ने ।<br>(३) निर्वाचन आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधीनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।<br>(४) यस संविधानको अधीनमा रही निर्वाचन आयोगका अन्य काम, कर्तव्य र | | निर्वाचनलाई निष्पक्ष र प्रभावकारी तरिकाले संचालन गर्नको लागि प्रस्तुत संविधानमा निर्वाचन आयोगलाई राष्ट्रपति, उपराष्ट्रपति, व्यवस्थापिका (केन्द्र र राज्य) को निर्वाचन, जनमत सँग्रह लगायत राष्ट्रिय सरकार र स्थानीय निकायका सबै खालका निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रणको अधिकार प्रदान गरेको छ ।<br><br>साथै निर्वाचन क्षेत्र निर्धारण गर्ने र निर्वाचनको मिति तोक्ने कार्य पनि निर्वाचन आयोगलाई दिइएका कार्य गर्न सहजता हुने मात्र नर्भ निर्वाचनसँग सम्बन्धित सबै कार्य स्वतन्त्र रुपको आयोगलाई दिनु उपयुक्त देखिने । |

| | | | |
|---|---|---|---|
| | अधिकार तथा कार्यविधि कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । | | |
| प्रादेशिक व्यवस्था | निर्वाचन आयोगको प्रत्येक प्रान्त/राज्यमा एक शाखा रहन सक्नेछ । | | संविधान एवं कानुनद्वारा निर्वाचनको काम कर्तव्य सम्बन्धी अधिकार प्रदान हुने भएकोले प्रान्त/राज्य तहसम्म सोही कानुन बमोजिम व्यवस्था हुन उपयुक्त देखिएको । |
| नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्ने | नेपाल सरकारले निर्वाचन आयोगलाई आवश्यक कर्मचारी उपलब्ध गराउनु पर्ने<br>यस संविधान बमोजिम निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य कुराहरू नेपाल सरकारले उपलब्ध गराउनेछ । | | स्वतन्त्र र निष्पक्ष निर्वाचनका लागि आवश्यक पर्ने कर्मचारीहरु र अन्य कुराहरु सहयोग गर्नु नेपाल सरकारको कर्तव्यका रुपमा तोक्नु पर्ने देखिन्छ । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ५) मानव अधिकार आयोग | (१) नेपालमा एक संघीय मानव अधिकार आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताका आधारमा देहाय बमोजिमका अध्यक्ष र सदस्यहरू रहनेछन् :-<br>(क) मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट - अध्यक्ष<br>(ख) मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू मध्येबाट चारजना - सदस्य<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको नियुक्ति गर्नेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) संघीय मानव अधिकार आयोगको अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यलाई सर्वोच्च | छुट्टै भागमा रहनुपर्ने । | प्रत्येक नागरिकको न्यूनतम मानव अधिकारको सुरक्षा राज्यले गर्नुपर्दछ । खासगरी मानव अधिकारको विश्वव्यापी मूल्य मान्यता र अन्तर्राष्ट्रिय कानुन तथा संयुक्त राष्ट्र संघको मानव अधिकार सम्बन्धि सन्धि सम्झौता एवं अभिसन्धिहरुको परिपालना गराउँदै सरकार कै विभिन्न तह र तप्कामा रहेका पदाधिकारीबाट आफूलाई प्राप्त अधिकारको दुरुपयोग गरी कुनै व्यक्ति, समुदायको मानव अधिकार उल्लंघन भएमा त्यसको संरक्षण र सम्वर्द्धनका लागि एउटा स्वतन्त्र एवं स्वायत्त संवैधानिक आयोगको व्यवस्था भएमा मानव अधिकारको क्षेत्रमा प्रभावकारी रुपमा काम हुन सक्ने देखिन्छ ।<br><br>मानव अधिकार जस्ता गम्भिर प्रकृतिको कार्यमा संलग्न व्यक्तित्व स्वतन्त्र र निष्पक्ष त हुनुपर्छ नै साथ साथै मानव अधिकार संरक्षण र सम्वर्द्धनको क्षेत्रमा विशेष योगदान पुऱ्याएका ख्याती प्राप्त व्यक्तिहरु लगायत समानुपातिक र समावेशी आधारमा नियुक्तिका लागि चयन गरिनु पर्ने भनी विशेष योग्यता समेत निर्धारण भएमा आयोग बढी प्रभावकारी एवं सक्षम हुन सक्दछ । यसको |

| | | | |
|---|---|---|---|
| | अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(४) देहायका अवस्थामा संघीय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) संघीय मानव अधिकार आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातकोपाधि हासिल गरेको,<br>(ख) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(ग) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरू कानूनद्वारा निर्धारण भए बमोजिम हुनेछ । संघीय मानव अधिकार आयोगका अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरूलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका शर्तहरू बदलिने छैनन् ।<br>(७) संघीय मानव अधिकार आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मानव अधिकार आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ । | | साथै निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्त गर्न उपयुक्त हुने हुँदा सो व्यवस्था राखिएको साथै निजहरुको निश्चित पदावधि तोक्न पनि वाञ्छनिय हुने र आयोगका पदाधिकारीहरुले लिखित राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालना नगरेको वा खराब आचरण वा कार्यक्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने । अरु मनोमानी तरिकाले निजहरुलाई हटाउन नपाउने व्यवस्था गरी सेवाको सुरक्षा प्रदान गरिन उपयुक्त भएकोले सोही व्यवस्था गरिएको ।<br><br>योग्य व्यक्ति नै आयोगको अध्यक्ष तथा सदस्य पदमा नियुक्त हुन सकेमा आयोगले प्रभावकारी रुपमा कार्य सञ्चालन गर्न सक्ने हुँदा मानव अधिकारको संरक्षण र संवर्द्धनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका सर्वोच्च अदालतको प्रधान न्यायाधीश वा न्यायाधीश पदबाट सेवा निवृत्त व्यक्ति वा मानव अधिकारको संरक्षण र संवर्द्धन वा समाजसेवाका क्षेत्रमा क्रियाशील रही विशिष्ट योगदान पुऱ्याएका ख्यातिप्राप्त व्यक्तिहरू नियुक्त गरिनुपर्ने व्यवस्था राखिएको छ । |

| | | | |
|---|---|---|---|
| | (ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | |
| मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार | (१) मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु संघीय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।<br>(२) उपधारा (१) मा उल्लिखित कर्तव्य पूरा गर्नको लागि संघीय मानव अधिकार आयोगले देहायका काम गर्नेछ :-<br>(क) कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लङ्घन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफैं वा निजको तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानबिन तथा अनुसन्धान गरी दोषी उपर कारबाही गर्न सिफारिस गर्ने,<br>(ख) मानव अधिकारको उल्लङ्घन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्य पालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्न उदासिनता देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारबाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिस गर्ने,<br>(ग) मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति वा संस्थाका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानून बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिस गर्ने,<br>(घ) मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,<br>(ङ) मानव अधिकारको उल्लङ्घनकर्तालाई विभागीय कारबाही तथा सजाय गर्न | | मानव अधिकारसँग सम्बन्धित विषय गम्भिरतापूर्वक हेरी त्यस सम्बन्धी जानकारी आयोगमा हुन आएमा त्यसको छानविन र अनुसन्धान गरी दोषी व्यक्ति उपर आवश्यक कारवाहीका लागि प्रक्रिया अगाडि नबढाइएमा वा त्यस्ता व्यक्ति उपर कारवाही र पीडितलाई राहत, क्षतिपूर्ति लगायतका कार्य गर्न नसकिएमा मानव अधिकार उल्लंघनका घटना बारम्बार दोहोरिने र पीडित सँधै पीडित भैरहने, पिडक सँधै उत्साहित भैरहने परिप्रेक्ष्यमा त्यस्ता प्रवृत्तीहरुलाई निरुत्साहित गरी मानव अधिकारको यथेष्ट रुपमा संरक्षण गर्ने अभिप्रायले मानव अधिकार आयोगलाई आवश्यक अधिकार प्रदान गरिएमा मात्र आयोगको काम कार्वाही बढी भन्दा बढी प्रभावकारी हुने देखिएबाट निश्चित अधिकारहरु संविधानले नै प्रदान गरेको हो । |

| | | | |
|---|---|---|---|
| | कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिस गर्ने,<br>(च) मानव अधिकारसँग सम्बन्धित प्रचलित कानूनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नु पर्ने सुधार तथा संशोधनका सम्बन्धमा नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>(छ) मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नु पर्ने भएमा त्यसको कारणसहित नेपाल सरकारलाई सिफारिस गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,<br>(ज) मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा संघीय मानव अधिकार आयोगले गरेको सिफारिस वा निर्देशन पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम कानून बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा अभिलेख गर्ने ।<br>(३) संघीय मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालना गर्दा देहायको अधिकार प्रयोग गर्न सक्नेछ :-<br>(क) कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भए सरहको अधिकार प्रयोग गर्ने,<br>(ख) मानव अधिकारको गम्भीर उल्लङ्घन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा विना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा त्यसरी खानतलासी लिंदा मानव अधिकारको उल्लङ्घनसँग सम्बन्धित लिखत, प्रमाण वा सबुद कब्जामा लिने,<br>(ग) कुनै व्यक्तिको मानव अधिकार उल्लङ्घन भइरहेको कुरा जानकारी भई तत्काल कारबाही गर्नु पर्ने आवश्यक देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने, | | |

| | | | |
|---|---|---|---|
| | (घ) मानव अधिकारको उल्लङ्घनबाट पीडित भएको व्यक्तिलाई कानून बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,<br>(ङ) कानूनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्यको पालना गर्ने वा गराउने ।<br>(४) यस धारामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सैनिक ऐनको क्षेत्राधिकारको विषयमा राष्ट्रिय मानव अधिकार आयोगलाई क्षेत्राधिकार हुने छैन ।<br>तर मानव अधिकार वा मानवीय कानूनको उल्लङ्घन भएको विषयमा कारबाही चलाउन वाधा पर्ने छैन । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक क्षेत्रमा मानव अधिकार आयोग रहनेछ । | | प्रान्त/राज्यमा आवश्यकता अनुसार मानव अधिकार आयोग रहनेछ । |
| वार्षिक प्रतिवेदन | (१) यस संविधान बमोजिम संघीय मानव अधिकार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ ।<br>**(२) उपधारा (१) बमोजिम पेश गरिने प्रतिवेदनमा अन्य कुराको अतिरिक्त राष्ट्रिय मानव अधिकार आयोगमा वर्षभरी परेका उजुरी, त्यस्तो उजुरीको सम्बन्धमा गरेको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई विभिन्न विषयमा गरेको सिफारिसको विवरण, मानव अधिकार उल्लङ्घन गर्ने व्यक्ति विरुद्ध कुनै मुद्दा दायर गरेको भए सोको संख्या, मानव अधिकारको संरक्षण र प्रवर्द्धनका सम्बन्धमा भविष्यमा गर्नु पर्ने सुधारको विवरण उल्लेख गर्नु पर्नेछ ।** | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरिएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ६) महिला आयोग | (१) नेपालमा एक संघीय महिला आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्य रहनेछन् ।<br>(२) राष्ट्रपतिले संवैधानिक परिषद्‌को सिफारिशमा संघीय महिला आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछन् ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) संघीय महिला आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्ति हुन देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) कम्तीमा दश वर्ष महिलाको हक, हित वा लैङ्गिक न्याय वा महिला विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुर्‍याएको महिला,<br>(ख) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधी हासिल गरेको,<br>(ग) कम्तीमा चालिस वर्ष उमेर पुरा गरेको,<br>(घ) नियुक्ति हुँदाको बखत कुनै राजनैतिक दलको सदस्य नरहेको,<br>(ङ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(४) संघीय महिला आयोगका अध्यक्ष तथा सदस्यको पदावधि नियुक्ति भएको मितिले छ वर्षको हुनेछ । निजहरुको एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो अवधि पूरा हुनु अगावै संघीय महिला आयोगका अध्यक्ष र सदस्यको | छुट्टै भागमा रहनुपर्ने । | महिलाको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रुपमा समाहित गर्न र महिलाको समग्र विकास गरी लैङ्गिक न्याय कायम गर्नको लागि संघीय महिला आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>महिला आयोगका पदाधिकारीहरु पनि स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्‌को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने अरु |

| | | | |
|---|---|---|---|
| | उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) संघीय महिला आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(५) देहायको अवस्थामा संघीय महिला आयोगका अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (४) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(६) संघीय महिला आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् र निजहरु वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) संघीय महिला आयोगका अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।<br>तर,<br>(क) महिला आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानबिन गर्ने वा त्यस्तो विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिस पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | मनमानी तरिकाले महिला आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |
| महिला आयोग | (१) यस संविधान र कानुनद्वारा व्यवस्था भए बमोजिम संघीय महिला आयोगको | | समग्र महिला वर्गको अवस्थालाई अध्ययन र |

| | | | |
|---|---|---|---|
| काम, कर्तव्य र अधिकार | काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-<br>(क) महिलाको हक हितसँग सरोकार राख्ने संघीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>(ख) महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तरगतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>(ग) महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>(घ) लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने ।<br>(ङ) महिला अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>(च) महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।<br>(ज) कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने । | | अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |
| अधिकार | संघीय महिला आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य, | | |

| | | | |
|---|---|---|---|
| प्रत्यायोजन | समिति, उपसमिति वा आयोगका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | संघीय महिला आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्नेछ र र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ७) दलित आयोग | (१) नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि दलित आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै दलित आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) दलित आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) दलित आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष दलित हक हित वा दलित विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा दलित आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | छुट्टै भागमा रहनुपर्ने । | दलित समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न र दलित समुदायको समग्र विकास गरी न्याय कायम गर्नको लागि संघीय दलित आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>आयोगका पदाधिकारीहरु स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने अरु मनमानी तरिकाले दलित आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | (ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) दलित आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) दलित आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । दलित आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) दलित आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) दलित आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |
| दलित आयोगको काम , कर्तव्य र | १) नेपालमा भएका दलित सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने । | | दलितहरुको समग्र अवस्थालाई अध्ययन र अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट |

| | | | |
|---|---|---|---|
| अधिकार | २) जातिय उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका निम्ती दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित हितसंग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) दलित अधिकारसंग सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) दलितलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |
| अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय दलित आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ८) आदिवासी/ जनजाति आयोग | (१) नेपालमा एक संघीय आदिवासी/जनजाति आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष आदिवासी/जनजाति हक हित वा आदिवासी/जनजाति विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :- | छुट्टै भागमा रहनुपर्ने । | आदिवासी/जनजातिको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई प्रभावकारी रुपमा समाहित गर्न र आदिवासी/जनजातिको समग्र विकास गरी न्याय कायम गर्नको लागि संघीय आदिवासी/जनजाति आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>आयोगका पदाधिकारीहरु पनि स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान |

| | | | |
|---|---|---|---|
| | (क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । आदिवासी/जनजाति आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) आदिवासी/जनजाति आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) आदिवासी/जनजाति आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले बाधा पुर्‍याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले बाधा पुर्‍याएको मानिने छैन । | | आधार र तरिकाबाट हटाउन सकिने अरु मनोमानी तरिकाले आदिवासी/जनजाति आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |
| आदिवासी/जनजाति | (१) नेपालमा भएका आदिवासी/जनजाति सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस | | समग्र आदिवासी/जनजातिको अवस्थालाई |

| | | | |
|---|---|---|---|
| आयोगको काम, कर्तव्य र अधिकार | सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) आदिवासी/जनजातिहरुको भाषा तथा सँस्कृतिको जगेर्ना एवं तीनिहरुको उत्थान र विकासका निम्ती आदिवासी/जनजाति हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) आदिवासी/जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत आदिवासी/जनजाति हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) आदिवासी/जनजाति अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) आदिवासी/जनजातिलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने । | | अध्ययन र अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |
| अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय आदिवासी/जनजाति आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ९) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय, तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग | (१) नेपालमा एक संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएको | छुट्टै भागमा रहनुपर्ने । | अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा प्रभावकारी रुपमा समाहित गर्न र उनीहरुको समग्र विकास गरी न्याय कायम गर्नको लागि संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगका पदाधिकारीहरु पनि स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता |

| | | | |
|---|---|---|---|
| | वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य हुन अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हक हित वा विकास वा मानव अधिकारको क्षेत्रमा कम्तीमा दस वर्ष महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य | | कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने अरु मनमानी तरिकाले अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |

| | | | |
|---|---|---|---|
| | सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | |
| अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको काम , कर्तव्य र अधिकार | १) नेपालमा भएका अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको उत्थान र विकास लगायत निजहरुको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत निजहरुको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका | | समग्र अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको अवस्थालाई अध्ययन र अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |

| | | | |
|---|---|---|---|
| | वर्ग र क्षेत्र सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | |
| अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्धारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यकम के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| १०) मधेशी आयोग | (१) नेपालमा एक संघीय मधेशी आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मधेशी आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै मधेशी आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) मधेशी आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) मधेशी आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मधेशी हक हित वा मधेशी विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा मधेशी आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा, | छुट्टै भागमा रहनुपर्ने । | मधेशी समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा उनीहरुलाई प्रभावकारी रुपमा समाहित गरी समग्र विकास र सामाजिक न्याय कायम गर्नको लागि संघीय मधेशी आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>आयोगका पदाधिकारीहरु स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने अरु मनमानी तरिकाले मधेशी आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने |

| | | | |
|---|---|---|---|
| | (ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा ।<br>(५) मधेशी आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) मधेशी आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मधेशी आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मधेशी आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मधेशी आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |
| मधेशी आयोगको | (१) नेपालमा भएका मधेशी सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस | | समग्र मधेशी जनता र समुदायको अवस्थालाई |

| | | | |
|---|---|---|---|
| काम , कर्तव्य र अधिकार | सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) मधेशी समुदायको भाषा सँस्कृतिको जगेर्ना एवं मधेशीको उत्थान र विकासका निम्ती मधेशी हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) मधेशी उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मधेशी हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) मधेशीलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वियनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>५) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | अध्ययन र अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |
| अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय मधेशी आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वियन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

| विषय वस्तु | संविधानमा राख्ने प्रस्तावित व्यवस्था | संविधानको कुन भाग, धारा वा स्थानमा रहने हो सो को अनुमान | प्रस्तावित व्यवस्था गर्नु पर्नाको कारण वा व्याख्यात्मक टिप्पणी |
|---|---|---|---|
| ११) मुस्लिम आयोग | (१) नेपालमा एक संघीय मुस्लिम आयोग हुनेछ जसमा समानुपातिक प्रतिनिधित्व र समावेशीताको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहनेछन् ।<br>(२) उपधारा (३) र (५) को योग्यता भएको व्यक्तिहरु मध्येबाट संवैधानिक परिषद्ले सिफारिश गरेका व्यक्तिलाई राष्ट्रपतिले छ वर्षका लागि मुस्लिम आयोगका अध्यक्ष र सदस्यहरुको रुपमा नियुक्ति गर्नेछ । निजहरुको थप एक कार्यकालका लागि पुर्ननियुक्ति हुन सक्नेछ ।<br>तर,<br>(क) सो पदावधि पूरा हुन अगावै मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको उमेर पैसठ्ठी वर्ष पूरा भएमा निज आफ्नो पदमा बहाल रहने छैन ।<br>(ख) मुस्लिम आयोगको अध्यक्ष र सदस्यलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिनेछ ।<br>(विकल्प : कार्यकारी प्रमुखले नियुक्त गरेमा व्यवस्थापिका सभाले अनुमोदन गर्नुपर्नेछ ।)<br>(३) मुस्लिम आयोगको अध्यक्ष र सदस्य हुन कम्तीमा दस वर्ष मुस्लिम हक हित वा मुस्लिम समुदायको विकास वा मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको व्यक्ति हुनुपर्नेछ ।<br>(४) देहायका अवस्थामा मुस्लिम आयोगको अध्यक्ष वा सदस्यको पद रिक्त भएको मानिनेछ :-<br>(क) निजले राष्ट्रपति समक्ष लिखित राजीनामा दिएमा,<br>(ख) उपधारा (२) बमोजिम निजको पदावधि पूरा भएमा,<br>(ग) निजको मृत्यु भएमा । | छुट्टै भागमा रहनुपर्ने । | मुस्लिम समुदायको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा मुस्लिम समुदायलाई प्रभावकारी रुपमा समाहित गर्न र उनीहरुको समग्र विकास गरी सामाजिक न्याय कायम गर्नको लागि संघीय मुस्लिम आयोगको संवैधानिक व्यवस्था गर्न वाञ्छनिय भएकोले,<br><br>मुस्लिम आयोगका पदाधिकारीहरु पनि स्वतन्त्र र निष्पक्ष हुन आवश्यक हुने हुँदा निजहरुको नियुक्ति एक स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।<br><br>स्वतन्त्र रुपले काम गर्न निश्चित पदावधि तोकिएको, राजीनामा दिएमा र उमेरको हदबाट अवकास पाउने बाहेक इमान्दारीसाथ आफ्नो पदिय कर्तव्यको पालन नगरेको वा खराब आचरण वा कार्य क्षमताको अभाव भएको जस्ता कुराहरुमा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र तरिकाबाट हटाउन सकिने अरु मनमानी तरिकाले मुस्लिम आयोगका अध्यक्ष र सदस्यहरुलाई हटाउन नपाउने व्यवस्था गरी |

| | | | |
|---|---|---|---|
| | (५) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य पदमा नियुक्तिको लागि देहाय बमोजिमको योग्यता हुनुपर्नेछ :-<br>(क) अध्यक्षको हकमा नेपाल सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक उपाधि प्राप्त गरेको,<br>(ख) नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको,<br>(ग) चालीस वर्ष उमेर पूरा भएको, र<br>(घ) उच्च नैतिक चरित्र एवं सामाजिक प्रतिष्ठा कायम भएको ।<br>(६) मुस्लिम आयोगको अध्यक्ष र सदस्यको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछन् । मुस्लिम आयोगको अध्यक्ष र सदस्य आफ्नो पदमा बहाल रहेसम्म निजहरुलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।<br>(७) मुस्लिम आयोगको अध्यक्ष वा सदस्य भइसकेको व्यक्ति अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य हुने छैन ।<br>तर,<br>(क) मुस्लिम आयोगको सदस्यलाई अध्यक्षमा नियुक्त गर्न यस उपधाराले वाधा पुऱ्याएको मानिने छैन र सो बमोजिम कुनै सदस्य अध्यक्षको पदमा नियुक्त भएमा निजको पदावधिको गणना गर्दा सदस्य भएको अवधिलाई समेत जोडी गणना गरिनेछ ।<br>(ख) कुनै राजनीतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न यस उपधारामा लेखिएको कुनै कुराले वाधा पुऱ्याएको मानिने छैन । | | सुरक्षा प्रदान गरिएको छ ।<br><br>साथै मर्का पर्ने गरी निजहरुको सेवा शर्तमा परिवर्तन गर्न नसकिने जस्ता व्यवस्थाहरु भएबाट अध्यक्ष र सदस्यहरु सहि अर्थमा स्वतन्त्र र निष्पक्ष हुन सक्ने गरी संवैधानिक सुरक्षा प्रदान गरिएको छ । |
| मुस्लिम आयोगको काम , कर्तव्य र अधिकार | १) नेपालमा भएका मुस्लिम समुदाय सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।<br>२) मुस्लिम समुदायको भाषा, सँस्कृतिको जगेर्ना एवं मुस्लिम समुदायको उत्थान र | | मुस्लिम समुदाय र वर्गको अवस्थालाई अध्ययन र अनुसन्धान गरी त्यस सम्बन्धमा गर्नुपर्ने स्पष्ट व्यवस्थाका सम्बन्धमा राय सुझाव सिफारिश लगायतका कार्य गर्न स्वतन्त्र र निष्पक्ष रुपको |

| | | | |
|---|---|---|---|
| | विकासका निम्ती मुस्लिम समुदायको हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।<br>३) मुस्लिम समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मुस्लिम समुदायको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागि नेपाल सरकार समक्ष सुझाव दिने ।<br>४) मुस्लिम समुदायको अधिकार सम्बन्धि नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।<br>५) मुस्लिम समुदायलाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगहरुमा समानुपातिक सहभागिता एवं लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।<br>६) कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने । | | संवैधानिक आयोगलाई अधिकार प्रदान गर्नुपर्ने व्यवस्था संविधानमा नै राख्न उपयुक्त देखिएको । |
| अधिकार प्रत्यायोजन | आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ । | | |
| प्रादेशिक व्यवस्था | प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्धारा निर्धारण भए बमोजिम हुनेछ । | | प्रान्त/राज्यमा के कस्तो व्यवस्था आवश्यक पर्ने हो कानुन बमोजिम निर्धारण हुन उपयुक्त देखिएको । |
| वार्षिक प्रतिवेदन | प्रत्येक वर्ष संघीय मुस्लिम आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नेछ र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद समक्ष पेश गर्ने व्यवस्था गर्नेछ । | | आयोगले गरेका कार्यहरु व्यवस्थापिका संसदमा छलफल गरी त्यसको प्रभावकारी कार्यान्वयन हुन सक्ने र जनताले वास्तविकता थाहा पाउने लगायतका कार्यका लागि वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था भएको । |

# संविधान सभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

अवधारणा पत्र

२०६६

**संविधान सभा**

**संवैधानिक निकायको संरचना निर्धारण समिति**

संविधानसभा सचिवालय

सिंहदरबार, काठमाडौं ।

*Email : cbody_committee@can.gov.np*

*Website : www.can.gov.np*

# भूमिका

आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थामा जनताको जीवन, स्वतन्त्रता र सुखको निम्ति संविधानवादको अवधारणा मुताविक संविधान निर्माण गरी लागू गर्नुपर्ने राजनीतिक मान्यता रहेको छ । आधुनिक संविधानले लोकतान्त्रिक संविधानको पूर्व शर्तको रुपमा रहेको संविधानवादको आधारशिलाहरु मानव अधिकार, वालिग मताधिकार, पूर्ण प्रेस स्वतन्त्रता, आवधिक निर्वाचन प्रणाली, कानूनी राज्य, स्वतन्त्र न्यायपालिका, जनप्रतिनिधिमूलक र जवाफदेही एवं परिमार्जित सरकार, सरकारको काम कारवाहिमा पारदर्शिता, शुसासन, जस्ता लोकतान्त्रिक मूल्य र मान्यतालाई आत्मसात गरेको हुन्छ । यसै तथ्यलाई विचार गरी सरकारको काम कारवाहीमा स्वच्छता, पारदर्शिता, प्रभावकारिता र जवाफदेहिताको व्यवस्था गर्न विभिन्न स्वतन्त्र संवैधानिक निकायहरुको व्यवस्था संविधानमा गरिन्छ । ती संवैधानिक निकायले सरकारको काम कारवाही उपर नै निगरानी राखी पहरेदारको रुपमा रहने ती निकायहरुको गठन विधि, पदाधिकारीको नियुक्ति प्रक्रिया, सेवाका शर्त सुविधा तथा काम कर्तव्य र अधिकारको कुरामा सरकारले हस्तक्षेप गर्न नसकोस् भनेर संविधानमा व्यवस्था गरिएको छ ।

संविधान बन्नु मात्र ठूलो कुरा होइन, जनसहभागिताको आधारमा संविधान बन्न लागेको बेला त्यस्ता सबैको भावना प्रतिविम्वित हुनु ठूलो कुरा हो । विगतको केन्द्रिकृत तथा हिन्दू राजतन्त्रात्मक शासन प्रणालीका कारण महिला, दलित, आदिवासी/जनजाति, मधेशी समुदाय, मुर्स्लिम समुदाय एवं अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको क्षेत्र र वर्गको हक हित संरक्षणको सम्बन्धमा राज्यको तर्फबाट सकारात्मक प्रयास भएपनि जति उपलव्धी हुनु पर्ने हो त्यति हुन नसकेकोले ती वर्ग समुदाय देश विकासको मूल प्रवाहबाट पछाडि पर्न गए । फलत यस अघिका सबै संविधान असफल सावित भए । पटक पटकको जन आन्दोलन, जन संघर्ष र जनक्रान्तिबाट नेपाली जनताले आफ्नो लागि आफै संविधान निर्माण गर्ने इच्छा प्रकट गरे । वर्तमान संविधानसभाको गठन त्यसैको प्रतिफल हो । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई एक धर्म निरपेक्ष, समावेशी, संघीय लोकतान्त्रीक गणतन्त्रात्मक राज्य घोषणा गरेको र देशमा विद्यमान जातिय, वर्गिय, क्षेत्रीय, लैंगिक समस्याहरुलाई समाधान गर्न राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गरेकोले वर्तमान संविधानसभाका सामु जातिय, वर्गिय, साँस्कृतिक, क्षेत्रीय, धार्मिक, लैङ्गिक, भाषिक लगायतका सबै प्रकारको विभेदलाई अन्त्य गर्दै सबैको लागि सर्वस्वीकार्य र अपनत्व हुने र शासन संचालनका सबै संरचनामा समानुपातिक समावेशीताका आधारमा सहभागी गराउने र सामाजिक न्याय र धर्म निरपेक्षताको आधारमा मुलुकका सबै वर्ग र समुदायलाई आर्थिक, राजनीतिक, शैक्षिक, सामाजिक क्षेत्रहरुमा समान अवसरहरु प्रदान गरी मुलुकमा लोकतन्त्रको संस्थागत विकास र दीगो शान्ति स्थापना गर्दै न्यायपूर्ण र समावेशी नेपालको अग्रगामी विकास गर्नुपर्ने हुन्छ भन्ने कुरामा पूर्णत विश्वस्त हुँदै यसलाई आफ्नो मार्ग निर्देशनको रुपमा यस समितिले आफ्नो कार्यक्षेत्रको विषयमा विभिन्न संवैधानिक निकायका पदाधिकारीहरु, विषय विशेषज्ञहरु, सरोकारवाला व्यक्ति एवं संघ संस्थाहरु, प्रतिनिधिमूलक संघ संस्था र सरकारी एवं गैर सरकारी संघ संस्था एवं चालीस वटा राय सुझाव संकलन टोलीमार्फत आम जनतावाट प्राप्त राय सुझावको अध्ययन, मनन एवं विश्लेषणको आधारमा समितिले यो अवधारणा पत्र र सोहि अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार गर्न सफल भएको छ । यस अवधारणा पत्रमा सिफारिश भएका आयोगहरुलाई आगामी संविधानमा समावेश गर्न सकिएमा संविधानवादको अवधारणा बमोजिम मुलुकमा जनउत्तरदायी, स्वच्छ एवं सीमित सरकारको स्थापना गरी मुलुकमा सुशासन कायम गराउन र मुलुकमा विद्यमान सबै प्रकारका विभेदको अन्त्य भई समावेशी र समानुपातिक चरित्रको नयाँ नेपाल निर्माण संभव हुन्छ भन्ने कुरामा समिति पूर्ण विश्वस्त छ ।

# अवधारणा पत्रको
# विषयसूची


पेज नं.

**भाग - १ प्रारम्भिक**

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | ४४ |
| १.२ | समितिको कार्यक्षेत्र | ४५ |
| १.३ | अवधारणापत्र तयार गर्न अपनाइएको विधि | ४६ |
| १.४ | प्रतिवेदनको सीमा | ४७ |

**भाग - २ सैद्धान्तिक अवधारणा**

| | | |
|---|---|---|
| २.१ | राज्य र शासन | ४८ |
| २.२ | संविधान र संविधानवादको भूमिका | ४८ |
| २.३ | शक्ति पृथकीकरण र शक्ति सन्तुलन | ५१ |

**भाग - ३ संवैधानिक निकायहरुको आवश्यकता र औचित्य**

| | | |
|---|---|---|
| ३.१ | संवैधानिक निकाय | ५७ |
| ३.२ | आवश्यकता र औचित्य | ५८ |
| ३.२.१ | संविधान तथा कानुन अन्तर्गतका आयोगहरुको कार्यप्रकृति | ६० |
| ३.२.२ | आयोगको संवैधानिक हैसियत निर्धारण गर्ने तत्वहरु | ६१ |
| ३.२.३ | संवैधानिक आयोग स्थापनाका आधारहरु | ६२ |
| ३.३ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | |
| ३.३.१ | तथ्यगत विश्लेषण | ६३ |
| ३.३.२ | विदेशी मुलुकको अभ्यास | ६४ |
| ३.३.३ | ऐतिहासिक पृष्ठभूमि | ६४ |
| ३.४ | महालेखा परीक्षक | |
| ३.४.१ | तथ्यगत विश्लेषण | ६६ |
| ३.४.२ | स्वतन्त्र महालेखा सम्वन्धी अन्तर्राष्ट्रिय व्यवस्था : | ६८ |
| ३.४.३ | विदेशी मुलुकको अभ्यास | ७० |
| ३.४.४ | ऐतिहासिक पृष्ठभूमि | ७१ |
| ३.५ | लोक सेवा आयोग | |
| ३.५.१ | तथ्यगत विश्लेषण | ७४ |
| ३.५.२ | विदेशी मुलुकको अभ्यास | ७५ |
| ३.५.३ | ऐतिहासिक पृष्ठभूमि | ७८ |
| ३.६ | निर्वाचन आयोग | |
| ३.६.१ | तथ्यगत विश्लेषण | ८३ |
| ३.६.२ | विदेशी मुलुकको अभ्यास | ८३ |
| ३.६.३ | ऐतिहासिक पृष्ठभूमि | ८४ |
| ३.७ | राष्ट्रिय मानव अधिकार आयोग | |
| ३.७.१ | तथ्यगत विश्लेषण | ८६ |
| ३.७.२ | मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास | ८८ |
| ३.७.३ | राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाको ऐतिहासिक विकासक्रम | ८९ |

३.७.४ मानव अधिकार कार्यान्वयन, रक्षा र उपचार प्राप्त गर्ने संयन्त्रहरु ८९
३.७.५ आयोगमा उजुरी गर्ने तरिका ९१
३.८ **अन्य आयोगहरु सम्बन्धी व्यवस्था**
३.८.१ महिला, दलित, आदिवासी/जनजाति, मधेश समुदाय, मुस्लिम समुदाय र अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्रका समुदाय सम्बन्धी आयोग ९१
३.८.२ ऐतिहासिक परिवेश ९४
३.८.३ विविधतायुक्त नेपाली समाजको वर्तमान अवस्था ९५
३.८.४ विभिन्न जनसमुदायका असन्तुष्टिहरु ९६

**भाग - ४ संवैधानिक निकायको स्वतन्त्रताका आधारहरु**

४.१ **संवैधानिक निकायको स्वतन्त्रताका आधारको पृष्ठभूमि** १०२
४.२ **स्वतन्त्रताका आधारहरु** १०३
४.३ **आर्थिक र प्रशासनिक स्वायत्तता** १०३

**भाग - ५ निश्कर्ष र सुझाव**

५.१ **निश्कर्ष** १०४
५.२ **सुझाव**
५.२.१ **अख्तियार दुरुपयोग अनुसन्धान आयोग** १०५
(क) संरचनात्मक व्यवस्था १०५
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था १०६
(ग) प्रादेशिक व्यवस्था १०७
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १०७
५.२.२ **लेखा परीक्षण आयोग** १०७
(क) संरचनात्मक व्यवस्था १०७
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था १०८
(ग) प्रादेशिक व्यवस्था १०९
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १०९
५.२.३ **लोक सेवा आयोग** १०९
(क) संरचनात्मक व्यवस्था १०९
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११०
(ग) प्रादेशिक व्यवस्था १११
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १११
५.२.४ **निर्वाचन आयोग** १११
(क) संरचनात्मक व्यवस्था १११
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११२
(ग) प्रादेशिक व्यवस्था ११३
५.२.५ **राष्ट्रिय मानव अधिकार आयोग** ११३
(क) संरचनात्मक व्यवस्था ११३
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११४
(ग) प्रादेशिक व्यवस्था ११४
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था ११४
५.२.६ **महिला आयोग** ११५

| | | |
|---|---|---|
| अनुसूची - ७ | समितिको विस्तृत कायृतालिका | १३७ |
| अनुसूची - ८ | समितिको कार्यक्षेत्र अन्तरगतको सुझाव संकलनको लागि सर्वसाधारणको लागि जारी गरिएको सूचना | १४० |
| अनुसूची - ९ | जनता, संघ संस्थाहरुबाट समितिलाई सिधै प्राप्त राय सुझावको सार संक्षेप | १४१ |
| अनुसूची - १० | राय सुझाव संकलनमा खटिएका विभिन्न टोलीवाट समितिका लागि प्राप्त सुझावहरुको विवरण | १५२ |
| अनुसूची - ११ | जनमत संकलनको प्रयोजनको लागि समितिले पारित गरेको प्रश्नावली | १५७ |
| अनुसूची - १२ | संविधान निर्माण प्रक्रियामा जनताको राय सुझावको विवरण | १६३ |
| अनुसूची - १३ | समिति अन्तर्गत गठन भएका विभिन्न उपसमितिहरु वा कार्यदलहरुको विवरण | १७१ |
| अनुसूची - १४ | समितिका हालसम्मका बैठक र सो को कार्यसूची | १७४ |
| अनुसूची - १५ | समितिको कार्यक्षेत्र अर्न्तगत छलफल र अन्तरक्रियाको लागि समितिले आमन्त्रण गरेका विज्ञ र सरोकारवालाहरुको नामावली | १८२ |
| अनुसूची - १६ | समितिको आमन्त्रणलाई स्वीकार गरी समिति समक्ष आई आफ्नो विचार राख्नुहुने संविधानविद् तथा विशेषज्ञहरुको विचार र धारणा | १८४ |
| अनुसूची - १७ | विभिन्न राजनैतिक दलहरुबाट प्राप्त समितिको कार्यक्षेत्रसँग सम्बन्धित अवधारणा | १९२ |
| अनुसूची - १८ | समितिको आमन्त्रणलाई स्वीकार गरी समिति समक्ष आई आफ्नो विचार राख्नुहुने संविधानविद् तथा विशेषज्ञहरुलाई दिइएको धन्यवाद ज्ञापनको ढाँचा | १९६ |

(क) संरचनात्मक व्यवस्था ११५
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११६
(ग) अधिकार प्रत्यायोजन ११६
(घ) प्रादेशिक व्यवस्था ११६
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था ११६
५.२.७ **दलित आयोग** ११७
(क) संरचनात्मक व्यवस्था ११७
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११८
(ग) अधिकार प्रत्यायोजन ११८
(घ) प्रादेशिक व्यवस्था ११८
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था ११८
५.२.८ **आदिवासी/जनजाति आयोग** ११८
(क) संरचनात्मक व्यवस्था ११९
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था ११९
(ग) अधिकार प्रत्यायोजन १२०
(घ) प्रादेशिक व्यवस्था १२०
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १२०
५.२.९ **अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग** १२०
(क) संरचनात्मक व्यवस्था १२०
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था १२०
(ग) अधिकार प्रत्यायोजन १२१
(घ) प्रादेशिक व्यवस्था १२२
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १२२
५.२.१० **मधेशी आयोग** १२२
(क) संरचनात्मक व्यवस्था १२२
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था १२३
(ग) अधिकार प्रत्यायोजन १२४
(घ) प्रादेशिक व्यवस्था १२४
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १२४
५.२.११ **मुस्लिम आयोग** १२४
(क) संरचनात्मक व्यवस्था १२४
(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था १२५
(ग) अधिकार प्रत्यायोजन १२५
(घ) प्रादेशिक व्यवस्था १२५
(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था १२५
५.२.१२ **सुनवाई सम्बन्धी व्यवस्था** १२६
**सन्दर्भ सामाग्रीहरु** १२७

**अनुसूची - १** **समितिका माननीय सदस्यहरुको विवरण** १२९
**अनुसूची - २** **समितिको सचिवालयमा कार्यरत कर्मचारीहरुको विवरण** १३१
**अनुसूची - ३** **समितिको कार्यक्षेत्र र कार्यविवरण** १३२
**अनुसूची - ४** **समितिको कार्यक्षेत्रभित्रको विज्ञहरुको कार्यविवरण** १३३
**अनुसूची - ५** **समितिको कार्यक्षेत्रको विषय सूची** १३५
**अनुसूची - ६** **समितिको आन्तरिक कार्यविधि** १३६

## भाग - १
## प्रारम्भिक

### पृष्ठभूमि

समयको गतिसँगै कानुन र संविधान पनि परिवर्तन हुँदै जान्छन । हरेक देशमा राज्य संचालनका विधि नियमित गर्ने आधारका रुपमा संविधान त हुन्छ नै चाहे त्यो लिखित होस् वा अलिखित । जसलाई निसन्देह समय सापेक्ष रुपमा अंगालिएको हुन्छ अर्थात् संविधान पनि समयसापेक्ष हुन नितान्त जरुरी छ । नेपालको सन्दर्भमा हेर्दा पनि विगतमा संविधानको प्रारुप नभएको भने अवश्य होइन तथापी केही वर्षको अन्तराल सँगसँगै नयाँ संविधानको जन्म भएको पाइन्छ । यद्यपी कतिपय संविधानको विषयवस्तु अनुचित भन्न नसकींदा नसकिंदै सारमा सो संविधानले जनताको भावना समेट्न नसकेको भन्ने धारणा अभिव्यक्त भै पहिलो प्रहार संविधानमाथि नै हुने गरेको इतिहास साक्षी छ । वर्तमान समयलाई अगाडि ल्याउने परिवेश विगतको जन आन्दोलनको जनादेशलाई उल्लेखनीय योगदानको रुपमा लिन सकिन्छ । आज सम्पूर्ण नेपाली जनताले मुलुकमा दिगो शान्ति कायम गर्ने अभिलाषा मात्र लिएका छैनन् नव निर्मित संविधान मार्फत नै जनताका आधारभूत हक अधिकारको सुनिश्चित गरी नागरिक जिवन स्वतन्त्र र सुखद उन्मुख हुने कुरामा आशावादी रहेका छन् । देशको भावी संविधान मार्फत नै गणतन्त्रात्मक राज्य संस्थागत हुने र अब यो राज्य संघीय स्वरुपको आडमा संचालन हुने कुरामा दुईमत छैन तथापी राज्यभित्र पिल्सिएका र पछाडि परेका वर्ग, समुदाय, विभिन्न जातजातिको उत्थानको समुचित रुपमा दिर्घकालिन व्यवस्था संविधानले गर्ने कुरामा जनताले धैर्यतावोध गर्न गइरहेका छन् । यसको साथै संविधानले जनताको सार्वभौम अधिकारको सम्मान, कानुनी राज्यको परिपालना, संवैधानिक सर्वोच्चता, आधारभूत मानव अधिकारको संरक्षण, शक्ति पृथकीकरण एवं शक्ति सन्तुलन र नियन्त्रण, स्वतन्त्र एवं सक्षम न्यायपालिकाको स्थापना, वाक एवं प्रकाशन स्वतन्त्रता जस्ता कुराहरु संविधानले आफ्नो विशेषताको रुपमा अंगाल्ने कुरामा पनि दुईमत हुन सक्दैन ।

त्यस्तै गरी शक्ति पृथकीकरणको सिद्धान्त अनुरुप शक्तिको पृथकीकरण कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका बिच विभाजन गर्ने परम्पराका अतिरिक्त विश्वका कतिपय संविधानहरुमा अन्य स्वतन्त्र अंगहरुको व्यवस्था पनि हुने गरेको पाइन्छ । लोक सेवा आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता विशेष कामको जवाफदेही बोकेका अंग वा पदाधिकारीहरुको कामलाई जनताको हितमा स्वतन्त्र र अरुबाट अप्रभावित भएर समाधान गर्न गराउन संविधान मै स्थान दिने गरिएको छ । विधायिका, कार्यपालिका र न्यायपालिकाका अंग जत्तिकै शक्ति संरचनाका आधारभूत तत्वका रुपमा ती निकायहरुलाई लिन नसकिए पनि संवैधानिक पद्धतिलाई सही दिशामा कार्यान्वित गर्दै लैजाने कार्यमा तिनिहरुको भूमिकालाई अस्विकार गर्न सकिंदैन । यसको अतिरिक्त राज्य भित्र विभिन्न लैङ्गिक, भाषिक, जातिय समस्याहरु विद्यमान हुन पुगे, अनेकौं अवसर सिमित वर्ग र जातिले मात्र हात पार्न सफल भए । राज्यको स्रोत साधनमा सबैको समान पहुँच हुन सकेन । त्यसैले आगामी संविधानमा सबै वर्ग, लिङ्ग र जातिय समावेशीकरणको व्यवस्था ग्यारेण्टी हुनुपर्ने आवाज बुलन्द रुपमा उठिरहेको छ । त्यस्ता आवाजलाई पनि संविधानले समेट्नु पर्ने अनिवार्य आवश्यकता हो ।

मानिसहरुका अनगिन्ती चाहनाहरुको पूर्ति गर्दै सबभन्दा सुरक्षित र प्रभावकारी माध्यम राज्य भन्दा अर्को कुनै विकल्प नभएको कारणबाट राज्यको प्रार्दुभाव भएको हो भन्ने विचारसँग असहमत हुन सकिने अवस्था छैन । तसर्थ राज्य मानिसको निम्ति प्रयोग हुने साधन मात्र नभई मानिसहरुको जीवनको कानुनी संरक्षकको प्रत्याभूति गर्ने सर्वोच्च शक्तिको रुपमा पनि रहेको हुन्छ र त्यो राज्यलाई जीवन्तता दिनका लागि देशको मूल कानुनको रुपमा आउने संविधानको भूमिका अथक हुन्छ । यसैले संवैधानिक कानुनलाई राज्यको सार्वजनिक कानुनको एउटा शाखा कानुनको रुपमा लिइएको हुन्छ । यो कानुन विशेष गरी व्यक्ति र सरकारबीच तथा सरकारका निकायहरुबीच लागू हुने स्वभावको कानुन भएकोले नै यसलाई मूल कानुनका रुपमा स्विकार गरिएको छ । यसले राज्य संचालनका लागि स्थापित अन्य निकायहरुको काम तोक्ने तथा तिनिहरुका बीचको सम्बन्धका बारेमा पनि व्यवस्थित

गर्दछ । खासगरी संविधान कानुन विज्ञानको त्यो हाँगा हो जसले संविधानको व्याख्या तथा संवैधानिक निकायहरुको काम, कर्तव्य र अधिकार तोक्ने कार्य गरी एउटा निश्चित मापदण्डबाट राज्यलाई परिचालित गर्ने जमर्को गरेको हुन्छ । यसै परिप्रेक्ष्यमा आगामी सातौं संविधानले जनताका राजनैतिक लगायत तमाम आर्थिक, सामाजिक, साँस्कृतिक अधिकारहरुको सुनिश्चितता प्रदान गर्ने कुरामा जनता आशावादी रहेका छन् ।

संविधान बनाउने र त्यसलाई वैधानिकरण गराउने प्रक्रियाका सम्बन्धमा विश्वमा एउटै विधि र पद्दति देखिन्नन् । संविधान निर्माण प्रक्रियाहरुमा मूलतः संवैधानिक सम्मेलन, संविधानसभा, राजनैतिक सम्मेलन, जनमत सँग्रह, राज्यप्रमुखको घोषणा, व्यवस्थापिकाबाट अनुमोदन जस्ता तरिकाहरु प्रचलनमा रहेको देखिन्छन् । अमेरिकाले संवैधानिक सम्मेलनको प्रक्रियाबाट संविधान निर्माण गर्‍यो । स्वीट्जरल्याण्डले जनमत सँग्रहको माध्यमबाट संविधानलाई वैधानिकता प्रदान गर्‍यो । नर्वे, कोलम्बिया, भारत, इटाली, दक्षिण अफ्रिका, भेनेजुएला लगायत करिब ४२ वटा मुलुकहरुले संविधानसभाको विधिबाट संविधान तर्जुमा गरेको पाइन्छ ।

संविधान निर्माण गर्ने विभिन्न विधिहरु मध्ये संविधानसभा एउटा लोकतान्त्रिक विधि हो । लोकतान्त्रिक क्रान्ति र आन्दोलनको उपजको रुपमा संविधानसभाको विकास भएको पाइन्छ । लोकतान्त्रिक आन्दोलनले जनताको व्यापक सहभागितामा संविधान निर्माण गर्ने उत्कृष्ट विकल्पको रुपमा संविधानसभालाई आत्मसात गरेको छ । संविधानसभाबाट बन्ने संविधान जनताकै सहभागितामा जनताद्वारा नै निर्माण हुने कारण त्यस्तो संविधानमा जनताको इच्छाको अभिव्यक्ति प्रतिविम्वित हुने गर्दछ । यसकारण पनि यस प्रक्रियाबाट बनेको संविधानप्रति जनताको विश्वास र स्वामित्व रहन्छ भन्ने मान्यता रहेको छ । सन् १७९१ को फ्रान्सको राष्ट्रिय संविधानसभाको प्रयोग देखि सन् २००६ मा वोलिभियासम्मले संविधान निर्माणमा संविधानसभाको विधि अवलम्बन गरेको पाइन्छ ।

संविधान राज्य शक्तिको मार्गचित्र हो । संविधानले सरकार र प्रशासनका मूलभूत अंगहरुको स्थापना गरी त्यस्ता अंगहरुको परिवर्तित राजनीतिलाई वैधानिकरण दिने, संवैधानिक अंगहरु, सरकार र जनताविचको अन्तरसम्बन्धलाई परिभाषित गरेको हुन्छ । नेपालको सन्दर्भमा संविधानसभाले राज्यको विधायिकी, कार्यकारीणी, न्यायिक, निर्वाचन र नागरिक शक्तिको उचित व्यवस्था गर्दै, राज्यको ढाँचा, संघीय लोकतन्त्रको स्वरुप, समावेशी लोकतन्त्र जस्ता कुराहरुलाई व्यापक आधार बनाएर संविधानवादको सिद्धान्त अनुरुप सरकारका अंगहरुका अधिकारमा केही नियन्त्रण र निगरानी गर्नुपर्ने कुरालाई पनि आत्मसात गर्नुपर्ने हुन्छ ।

आज विश्वका धेरै भू-भागमा आन्तरिक र वाह्य कारणबाट अशान्ति विद्रोह र हिंसा कायमै छन् । न्यायपूर्ण र दिगो शान्ति नै नागरिकको सुखको आधार र विकासको मेरुदण्ड मानिएको भएपनि वातावरण, शान्ति बनिसकेको भनी दिगो शान्ति कायम गरी मानव अधिकारको वहाली र संरक्षणका लागि विभिन्न प्रयासहरु भैरहेको सन्दर्भमा कानूनमा आधारित शासन, लोकतान्त्रिक शासन व्यवस्था, समावेशी सहभागिता, सिमान्तकृत वर्गको विशेष संरक्षण, राज्यको स्रोत र साधनमा समान पहुँच, मानव अधिकारको प्रत्याभूति,पूर्ण प्रेस स्वतन्त्रता, राजनैतिक स्वतन्त्रता र व्यक्तिको मर्यादाको सम्मानबाट नै मुलुकमा दिगो शान्ति कायम हुन सक्दछ भन्ने मान्यताका आधारमा जनताको सहभागितामा जनताकै चाहना बमोजिम संविधान तर्जुमा गरी राज्य व्यवस्था संचालन गर्ने आधुनिक मान्यताको विकासक्रम सँगसँगै नेपालमा पनि प्रथम पटक यस वास्तविकतालाई मनन गरी जनताको प्रत्यक्ष सहभागितामा संविधान निर्माण गर्ने कुराको थालनी भएको र त्यसमा जनताको सुझाव लिने, प्राप्त सुझाव प्रतिक्रिया र टिप्पणीलाई सम्बोधन गरी यथार्थमा लोकतान्त्रिक विधिबाट संविधान निर्माण प्रक्रिया अगाडी बढ्न गएको छ ।

**समितिको कार्यक्षेत्र**

मौजुदा संवैधानिक निकायको संरचनामा के कस्तो प्रक्रिया या फेरबदल गर्नुपर्ने हो सो सम्बन्धमा अन्तर्राष्ट्रिय मापदण्ड के कस्ता रहेका छन् त्यसको विश्लेषणात्मक अध्ययन गरी परिवर्तित सन्दर्भमा राज्यका तीन अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको स्वतन्त्रतालाई कायम

राख्ने र मानव अधिकारको प्रत्याभूति, कर्मचारी छनौटमा निष्पक्षता, स्वतन्त्र लेखा परीक्षण, निष्पक्ष र धाँधली रहित निर्वाचन, अख्तियार दुरुपयोग गर्नेलाई कारवाही गर्ने, मानव अधिकार उल्लघंन गर्नेलाई आवश्यक कारवाही गर्न सम्बन्धित निकायमा सिफारिश गर्ने कार्यका अलावा महिला हिंसा, विभिन्न जातीय एवं छुवाछुत को समस्या, दलित र पिछडिएका वर्गको उत्थान, आदिवासी/जनजातीको समस्या र पहिचान, मधेसी समुदाय, अपांगता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत तथा पिछडिएको वर्ग र क्षेत्र, मुस्लिम समुदायले भोग्नु परेको विभिन्न पीडा र उनीहरुको उत्थान राज्यले गरी समतामूलक समाजको विकास गर्नु एक्काइसौं शताब्दिको राज्यको कर्तव्य हुनुपर्छ भन्ने आम नेपाली नागरिकले आवाज बुलन्द गरेको सन्दर्भमा संवैधानिक निकायको संरचना निर्धारण गर्न देहायका कार्यक्षेत्र तोकिएका छन् ।

- शासन सञ्चालनमा आवश्यक पर्ने सवैधानिक अंगको पहिचान र तीनको स्वरुप निर्धारण
- संवैधानिक अंगहरुको गठन, काम, कर्तव्य तथा अधिकार
- संवैधानिक अंगहरुको विभिन्न तहका सरकारहरुसंगको सम्वन्ध
- समितिको कार्यक्षेत्रसंग सम्बन्धीत अन्य आवश्यक कुराहरु ।

संवैधानिक निकायहरुका सम्बन्धमा विज्ञहरुवाट विभिन्न राय सुझावहरु प्राप्त हुन आएको र वहाहरुबाट नेपालको अन्तरिम संविधान, २०४७ मा व्यवस्था गरिएका संवैधानिक निकायहरुलाई निरन्तरता दिइनु पर्छ ती निकायहरुका अलावा केही जनतासँग प्रत्यक्ष सरोकार राख्ने निकायहरु जस्तै महिला, दलित, आदीवासी/जनजाति, मधेशी, मुस्लिम, अपांगता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत र पिछडिएको क्षेत्र र वर्ग, जस्ता आयोगहरुलाई पनि संवैधानिक आयोगका रुपमा विकसित गरिनु पर्छ भन्ने विशेषज्ञहरु लगायत जनमत संकलनका अलावा अधिकांश जनताको राय तथा सुझाव प्राप्त हुन आए वमोजिम विद्यमान संवैधानिक निकायको अतिरिक्त महिला, दलित, आदीवासी/जनजाति, मधेशी, मुस्लिम, अपांगता भएको व्यक्ति अल्पसंख्यक एवं सिमान्तकृत र पिछडिएको क्षेत्र र वर्गको हित संरक्षण आयोगलाई संवैधानिक हैसियत प्रदान गर्न भावि संविधानमा प्रस्ताव गरिएको छ ।

**अवधारणापत्र तयार गर्न अपनाइएको विधिः**

संविधान लेखन कार्य आफैमा विशिष्ट विधि भएकोले यसलाई विभिन्न विषयगत समितिहरुमा विभाजन गरि संवैधानिक निकायको संरचना निर्धारण समिति अन्तरगत कार्य प्रारम्भ भै समितिको बैठकमा विभिन्न छलफल प्रारम्भ भएको र समितिको कार्यलाई व्यवस्थित गर्न सर्वप्रथमतः आन्तरिक कार्यविधि र कार्य तालिका पारित गर्ने कार्य भएको थियो । साथसाथै प्रारम्भिक चरणदेखि नै विभिन्न संचार माध्यम मार्फत राय सुझाव संकलनका लागि विज्ञापन गरी प्रचार प्रसार गरिएको र सो मार्फत पनि केही मात्रामा राय सुझावहरु प्राप्त हुन आएको छ । विभिन्न विशेषज्ञहरु समिति निमन्त्रणामा समितिको बैठकमा उपस्थित भै वहाहरुले दिनुभएको राय सुझावलाई पनि मार्ग दर्शनका रुपमा

लिइएको । यसको अलावा विभिन्न सरोकारवाला र मौजुदा संवैधानिक अंगका पदाधिकारीहरु एवं विशिष्ट कर्मचारीहरुबाट पनि आ-आफ्नो संस्था र निकायको बारेमा दिइएको जानकारीमुलक सुझाव र आगामी संविधानमा राख्नु पर्ने व्यवस्थाका बारेमा विभिन्न प्रतिनिधिमुलक संघ संस्था, सरोकारवाला संघ संस्था, व्यक्ति, विभिन्न राजनीतिक दलका दलिय अवधारणा पत्र र जनमत संकलनबाट प्रश्नावली मार्फत दिइएको अमूल्य सुझाव लगायत जिल्ला, गाउँस्तर, विभिन्न संघसंस्था, राजनीतिक दलका नेता, कार्यकर्ता समेतबाट प्राप्त राय सुझावलाई समेत प्रस्तुत अवधारणा पत्र तयार गर्दा आधार लिईएको छ ।

विभिन्न विद्वानद्वारा लिखित पुस्तक, लेख, रचना आदी र विद्यमान संविधान, कानुनमा भएको व्यवस्थालाई समेत थप आधार लिई अवधारणा पत्र तयार पार्ने कार्य गरिएको छ ।

**प्रतिवेदनको सीमा**

समितिको प्रतिवेदन यस समितिको कार्यक्षेत्रसँग सम्बन्धित विषयहरुमा सीमित रहेको छ । समितिले आफ्नो कार्यक्षेत्रको विषयहरु मध्ये शासन संचालनमा आवश्यक पर्ने संवैधानिक निकायको पहिचान र तीनको स्वरुप निर्धारण गर्ने काममा धेरै समय व्यतित गरेको थियो । सरकारका क्रियाकलापहरुलाई पारदर्शी बनाई मुलुकमा सुशासन कायम गर्न र जन उत्तरदायी स्वच्छ एवं सीमित सरकारको अवधारणालाई साकार पार्न एवं सरकारको क्रियाकलापहरुलाई स्वच्छेचारी हुन नदिन सरकारको पहरेदारको भूमिका निर्वाह गर्ने संवैधानिक निकायको पहिचान गर्नुको अतिरिक्त देशमा विद्यमान जातिय, क्षेत्रीय, वर्गिय, लैङ्गिक, भाषिक र साँस्कृतिक विभेदको अन्त्य गरी महिला, दलित, आदिवासी/जनजाति लगायतका विभिन्न वर्ग र क्षेत्रको हित र उत्थानको लागि राज्यको सबै अंगमा समानुपातिक समावेशीको आधारमा सहभागी गराई सामाजिक न्यायको आधारमा राज्यका सबै क्षेत्रमा समान अवसर प्रदान गर्नको लागि आवश्यक नीति नियम र कार्यक्रमको तर्जुमा, अनुगमन एवं कार्यान्वयन गर्नको लागि भूमिका निर्वाह गर्ने सरकारको मात्र भर नपरी स्वतन्त्र संवैधानिक निकाहरुको आवश्यक रहेको भन्ने सम्बन्धमा राष्ट्रिय जनभावना एवं मुलुकको लागि आवश्यक समेत देखिएकोले तत् तत् वर्गको हित र उत्थानको लागि अलग अलग संवैधानिक निकाय निर्माण गर्नु परेको हो । यसले गर्दा समितिको कार्यक्षेत्रको विषय अत्यन्त नविन एवं जटिल पनि रहन गयो ।

समितिको कार्यक्षेत्रको विषयमा सर्वसाधारण जनता, प्रतिनिधिमूलक संघ संस्था, सरोकारवाला व्यक्तिहरु र निकाय, विषय विशेषज्ञबाट प्राप्त राय सुझाव, हाम्रो ऐतिहासिक पृष्ठभूमि, प्रजातान्त्रिक शासन व्यवस्था भएको विदेशी मुलुकको अभ्यास एवं सो सँग सम्बन्धित सन्दर्भ सामाग्रीका सैद्धान्तिक अवधारणा समेतको अध्ययन एवं विश्लेषणको आधारमा यो अवधारणा पत्र तयार गर्ने कार्य अत्यन्तै चुनौतिपूर्ण रहेको थियो ।

अतः समितिलाई प्राप्त समय सीमाभित्र सम्भव भएसम्मका समितिको कार्यक्षेत्रको विषयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सन्दर्भ सामाग्रीहरुको खोजी, अध्ययन, अनुसन्धान तथा सर्वसाधारण जनता, प्रतिनिधिमूलक संघ संस्था, सरोकारवाला व्यक्ति वा निकाय, जनमत संकलनबाट प्राप्त राय सुझाव एवं कार्यक्षेत्रका विषयसँग सम्बन्धीत विशेषज्ञ, संवैधानिक निकायका पदाधिकारी लगायत सबै तह र तप्काका जनसमुदायबाट बढी भन्दा बढी राय सुझाव लिई ती राय सुझावको अध्ययन एवं विश्लेषणको आधारमा प्रस्तुत अवधारणा पत्र तयार गरिएको छ ।

## भाग - २
## सैद्धान्तिक अवधारणा

### राज्य र शासन

जब मानव समुदायले आफूलाई राजनीतिक समुदायको रुपमा संगठित गर्दछ, त्यही व्यक्तिहरुको संगठित समूहलाई राज्य भनियो र राज्यले उपर्युक्त समाजमा व्यक्तिहरुको हितको रक्षा गरी उनीहरुको कृयाकलापमा सहयोग गर्न र आवश्यकता पूर्तिको लागि राजनीतिक समाज वा राज्यद्वारा नियम बनाई त्यस्ता नियम र कानुनको प्रयोगद्वारा शान्ति स्थापना एवं न्याय प्रशासनका कार्य गरी जनताको उद्देश्य पूर्ति गर्ने कार्यको थालनी भयो । यसरी राज्य एउटा वृहत समाज हो र कानुनी राज्यको चाहनालाई पूरा गर्ने साधन हो ।

वर्तमान समयमा मानव जीवनको हरेक पक्ष (Aspect) लाई राज्यले नै संचालन गरिरहेको छ । राज्यको अर्को अनिवार्य तत्व सरकार हो जसले आवश्यकतानुसार कानुन निर्माण गर्दछ, लागू गर्दछ र न्यायपूर्ण व्यवस्था स्थापित गर्दछ । खासगरी कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मार्फत राज्यका कार्यहरु संचालन भएका हुन्छन् । तरपनि आजको व्यस्त एवं जटिल समाजमा शासकिय अंग र जनता बिच विभिन्न प्रकारका विवाद उठ्ने गर्दछन् । राज्यका अंगहरुबाट सम्पादित कार्यहरु विवेक अनुरुप प्रयोग नभै स्वेच्छाचारी पनि हुन सक्दछन् र त्यस्ता कार्यको जनताबाट विरोध असन्तुष्टि प्रकट भैरहेको हुन्छ । यस प्रकारको समस्या हल गर्न प्रत्येक राज्यमा संविधान लागू गरिएको हुन्छ सो संविधान अनुसार सरकारको अधिकारलाई सिमित गरिएको हुन्छ र जनताको आधारभूत मौलिक हक अधिकारको पनि निर्धारित गरिएको हुन्छ । यदि जनताको मौलिक हक अतिक्रमण हुन जान्छ भने संविधानद्वारा नै उपचार प्रदान गरी जनताका हक अधिकारको संरक्षण गरिएको हुन्छ ।

यसर्थ शासन संचालनार्थ संविधान राज्यको एउटा आवश्यक अंग नै हो । यदि राज्यलाई शरिर मान्ने हो भने संविधानलाई आत्मा भन्न सकिन्छ । राज्य र संविधानको अन्योन्याश्रित सम्बन्ध हुन्छ । राज्य संचालनार्थ संविधान आवश्यक छन् र संविधानको अस्तित्वका लागि राज्यको जरुरत पर्दछ । राज्यका कानुनले आफ्नो औचित्य संविधानबाट नै पाउँछन् जसको माध्यमबाट राज्यको कार्य संचालन भएको हुन्छ ।

प्राचिन कालदेखि आधुनिक कालसम्म संविधान राज्य व्यवस्था संचालन गर्न कानुनको रुपमा रहि आएको छ । तर १२ औं शताब्दिसम्म राज्य व्यवस्थाको संचालन शासकहरुद्वारा स्वेच्छानुसार पारित गरिने कानुनहरुको आधारमा र खासगरी स्वेच्छाचारी आदेशको भरमा गर्ने गरिन्थ्यो । जसको परिणामस्वरुप शासक (राजा) र शासित (जनता) बीच संघर्ष चलिरहन्थ्यो । यस संघर्षलाई समाप्त पार्न विधि शास्त्रिहरुले कानुनको शासनको सिद्धान्त (Theory of the rule of law) को प्रतिपादन गरे । जस अनुसार शासकले कुनै निश्चित मूल कानुनको परिधिभित्र रहेर मात्र जनतामाथि शासन गर्न सक्दछ र यस्तो मूल कानुन जनताहरुले गरेको सामाजिक करार (Social Contract) द्वारा निर्धारित गरिन्छ । यस प्रकार संविधान सम्बन्धी अवधारणाको मूल प्रवाह अर्न्तगत कानुनको शासनको सिद्धान्त अडेको देखिन्छ । विशेष गरी शासन व्यवस्थामा कानुनको शासन भन्नाले शासकको निरंकुशतन्त्र र स्वेच्छाचारीता माथिको नियन्त्रणलाई जनाउँदछ । जुन कानुन र संविधानद्वारा निश्चित गरिएको हुन्छ र खासगरी आधुनिक लोक कल्याणकारी राज्यको शासन व्यवस्थाको सफलतालाई पनि कानुन र संविधानको उचित प्रक्रिया र प्रयोगबाट निर्धारित हुन सक्छ भन्न सकिन्छ ।

### संविधान र संविधानवादको भूमिका

"संविधान (Constitution)" शब्दको उत्पत्ति ल्याटिन भाषाको Constitutio शब्दबाट भएको हो, जसको अर्थ व्यवस्था वा संस्था हुन्छ । खासगरी यसले राज्यका सम्पूर्ण अंगहरुको शक्ति, कर्तव्य तथा सम्बन्धको परिभाषित गर्दछ जसबाट नागरिकहरुका अधिकारको प्रत्याभूति गरिएको हुन्छ ।

Black Law's Dictionary मा पनि संविधानलाई राष्ट्रको मूल एवं जैविक कानुनको रुपमा स्वीकार गरिएको छ । साथै उक्त शब्दकोषमा संविधानले संगठन, प्रकृति र अवधारणालाई स्थापित

गर्दै सार्वभौमशक्तिको पहिचान र त्यसको अभ्यासलाई किटान गरेको हुन्छ भन्ने कुरालाई उल्लेख गरिएको छ । त्यस्तै Prof. K.C. Wheare का अनुसार "संविधान देशको सम्पूर्ण शासन प्रणाली संचालन गर्नलाई जम्मा गरएको नियम हो, जसले सरकारको स्थापना एवं संचालन र सरकारलाई नै शासित गर्दछ ।"

थोमस यैनकै भनाइमा पनि संविधानले सरकारको वैधानिकता प्रदान गर्दछ । साथै सरकारको शक्तिको परिभाषित गर्दछ, जसबाट सरकारले आफ्नो कार्य गर्दछ । संविधानको अर्थ वेलायत बाहेक लिखित लिखतका रुपमा लेखेर सरकारको सिर्जना गरी सरकारले संस्थागत रुपमा विकास गराउने नियम नै संविधान हो । सी.एफ. स्ट्रङ्गले संविधानलाई सिद्धान्तै सिद्धान्तहरु जम्मा गरिएको लिखत भन्न सकिने औल्याएका छन् । जुन जम्मा गरिएका सिद्धान्तहरुबाट सरकारको शक्ति, जनताको अधिकार तथा शासक र शासित बीचको सम्बन्ध समावेश गरिएको हुन्छ । संविधानको मूल उद्देश्य सरकारको स्वेच्छाचारीतालाई सिमित गर्नु हो । यसका अलावा जनताको अधिकारको रक्षा र सार्वभौमशक्तिको परिभाषा गर्नु हो । अमेरिकामा इन्साइक्लोपेडियामा संविधान भन्नाले राज्य संचालन गरिने मूल कानुन र सिद्धान्तहरुको सँग्रह हो भनेर परिभाषित गरिएको छ ।

यसरी संविधान राज्य संचालन गर्नका लागि आवश्यक तत्व मात्र नभै राज्यका सम्पूर्ण जनताको अधिकारको प्रत्याभूति गर्ने एउटा महत्वपूर्ण लिखत हो । संविधानले जनताको अधिकार प्रत्याभूति गर्ने हुनाले सरकारको र जनताको अधिकार बीच सन्तुलन कायम गर्ने पनि काम गरेको हुन्छ । संविधानको मूलभूत उद्देश्य सरकारको स्वविवेकीय अधिकारमाथि सीमा लगाउनु र जनताको हक किटान गरिदिनु हो । साथसाथै संविधानले सम्प्रभु शक्तिको परिचालनका सम्बन्धमा पनि व्यवस्था गरेको हुन्छ । यसबाट संविधान देशको मूल कानुन (The Fundamental of Law of the Land) हो, सरकारको लागि निर्देशिकाको अलावा सरकारलाई शक्ति प्रदान गर्ने र शक्तिमाथि नियन्त्रण लगाउन सक्ने एउटा कानुनी अस्त्र पनि हो भन्न सकिन्छ । संविधान शासक र शासित विच सन्तुलन कायम गर्ने महत्वपूर्ण लिखत हो । साथै संविधान देशको मूल कानून हो, सरकारको लागि निर्देशिका हो र सरकारलाई शक्ति प्रदान गर्ने र शक्तिमाथि नियन्त्रण लगाउन सक्ने एउटा कानूनी हतियार हो ।

संविधानलाई मूल कानुनको संज्ञा दिइसकेपछि शासन व्यवस्था कानुन अनुरुपमात्र संचालित हुनुपर्दछ भन्ने कुरालाई जनाउँदछ । जसलाई कानुनको सर्वोच्चता भन्ने गरिन्छ । यसमा व्यक्तिको सर्वोच्चता गौण हुन्छ, कानुनभन्दा माथि कोही पनि हुँदैन र कानुनको आधारमा मात्र कुनै व्यक्ति ( नागरिक, अधिकारी, सरकार आदि) विरुद्ध कारवाही चलाउन सकिन्छ । यस प्रकार कानुनको शासन सम्बन्धी अवधारणाले एकातिर कानुनको सर्वोच्चताको आधारमा संविधानको सर्वोच्चता सम्बन्धी अवधारणाको विकास गरी संविधानवाद सम्बन्धी अवधारणालाई स्थापित गरेको छ भने अर्कोतिर कानुनको शासन सम्बन्धी अवधारणाले शासकहरु र अधिकारीहरुको स्वेच्छाचारीतालाई कानुनद्वारा नियन्त्रित गरी सर्वसाधारणको मौलिक अधिकारको संरक्षण गर्ने प्रयास गरेको छ ।

संविधानवाद सम्बन्धी अवधारणाको सैद्धान्तिक विकास प्राचिन ग्रीसका दार्शनिकहरुले गरेको भएपनि आधुनिक संविधानवादको विकासमा वेलायत र अमेरिकाको संविधानहरुले महत्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ । वेलायतमा सन् १२१५ मा अपनाइएको स्वतन्त्रताको महा-अधिकारपत्र (Magna Carta Libertatum, 1215) ले सर्वप्रथम राजाको निरंकुशतन्त्रलाई समाप्त गरेर संसदको (कानुनको) सर्वोच्चताको स्थापना गरेको देखिन्छ । त्यस्तै वेलायतको सन् १६८८ को गौरवमय क्रान्तिपछि संविधानलाई वेलायतमा पूर्ण रुपले स्वीकार गरियो भने अमेरिकी स्वतन्त्रताको घोषणापत्र (American Declaration of Independence, 1776) अपनाइएपछि अमेरिकामा पनि संविधानवाद संस्थागत रुपमा विकसित हुन थाल्यो । सन् १७८७ मा फिलाडेल्फियाको सम्मेलनले नयाँ संविधान निर्माण गऱ्यो । सो संविधानमा संघात्मक सरकार (Federal Government) को स्थापना शक्ति पृथकीकरणको सिद्धान्त बमोजिम भयो । फ्रेन्च विचारक मन्टेस्क्युको सिद्धान्तका रुपमा रहेको शक्ति सन्तुलन (check and balance) लाई यो संविधानमा राख्ने काम भयो । यीनै सिद्धान्तलाई अपनाएर राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको शक्ति पृथकीकरण र शक्ति सन्तुलनलाई मिलाएर राखियो । उक्त संविधानमा राष्ट्रपतिको Veto Power, राष्ट्रपतिको महाअभियोग, न्यायाधीशको महाअभियोग आदि महत्वपूर्ण मानिन्छन् ।

फ्रान्समा रुसोको (Social Contract) विकास भएपछि उनले भने "Man is born free but he is everywhere in chains" लाई सन् १७८९ मा यो भनियो "Men are born free and equal in rights". सन् १७८९ को संविधानसभाबाट बनेको संविधानले त्यहाँको निरंकुश राजतन्त्रको अन्त गऱ्यो र संवैधानिक सरकारको स्थापना गऱ्यो । पछि १९४६ मा (१) संसदीय सरकार, (२) संवैधानिक राष्ट्रपति, (३) उत्तरदायी सरकारको स्थापना जस्ता कार्य गरियो । अहिले बलियो राष्ट्रपति र कमजोर प्रधानमन्त्रीको रुपमा फ्रान्समा राज्य संचालन हुन पुगेको छ । यो संविधानबाट विश्वमा पहिलो स्वतन्त्रता, समानता र भातृत्व (Liberty, Equality and Fraternity) को विकास भएको मानिन्छ ।

पहिलो विश्वयुद्ध र द्वितिय विश्वयुद्धपछि इटालीको फासीवाद, जर्मनीको नाजीवाद, जापानको निरंकुशवाद, वेलायती साम्राज्यवादको अन्त्यपछि विश्वका धेरै राष्ट्रहरुले स्वतन्त्रता प्राप्त गरे । भारतले आफ्नो संविधानमा "West Minister Model" लाई स्वीकार गर्दै संविधानसभाबाट सन् १९४९ मा निर्माण गरेको संविधान विश्वको संविधान मध्ये एक महत्वपूर्ण संविधानको रुपमा मानिएको छ । यो संविधानमा संविधानवादको कुरा गर्दा निम्न कुरालाई समावेश गरिएको छ । (१) Welfare State, (२) Secular State, (३) Fundamental Rights, (४) Provisions of free and fair election, (५) Independent judiciary with power judicial review, (६) Responsible Government आदी यस संविधानमा व्यवस्थित संविधानवादका मुख्य अभिन्न अंग हुन् । वर्तमान अवस्थामा दक्षिण अफ्रिका, वोलिभिया, पूर्वी टिमोर, पोल्याण्ड, केन्या आदी देशका महत्वपूर्ण संविधान संविधानसभाबाट बनाइएका छन् ।

खासगरी संविधानवाद प्रजातान्त्रिक सरकारको मेरुदण्ड हो । यसलाई परिपुष्टि गर्न वर्तमान अवस्थामा विकसित संविधानवादका केही मुलभूत तत्वहरु छन् तीनलाई बुझ्नु पर्ने हुन्छ । तिनै तत्वहरु नै सम्बन्धित संविधानवादका आधारशिला पनि हुन । मूलरुपमा संविधानवादका आवश्यकीय तत्वहरु मध्ये लिखित संविधान र संवैधानिक सर्वोच्चता, नागरिकहरुको उचित मान्यता एवं संरक्षण, शक्ति विकेन्द्रिकरण, कानुनी राज्य सम्बन्धी व्यवस्थाको पालना, स्वतन्त्र न्यायपालिका तथा न्यायिक पुनरावलोकन, निर्वाचित तथा जनताप्रति उत्तरदायी सरकार, उत्तरदायी राजनैतिक विरोधी पक्ष एवं आवश्यकता अनुसार संविधान संशोधन प्रक्रियाको विद्यमानता जस्ता कुराहरु समावेश भएका हुन्छन् र आधुनिक संविधानवादले अझ अगाडि साधन र स्रोतको उपयोग, संचालन र बाँडफाँडको निर्धारण, संवैधानिक अंगहरु मार्फत सामाजिक, आर्थिक न्याय प्रदान, साँस्कृतिक सम्पदाको विकास, आदिवासी /जनजाती, मधेशी, दलित, महिला, अपांगता भएका व्यक्ति, सिमान्तकृत एवं अल्पसंख्यक तथा पिछडिएका वर्गको विशेष सेवा सुविधा राज्यको स्रोत र साधनबाट अवसर प्रदान गरी लोक कल्याणकारी राज्यको स्थापना गर्ने कार्यपनि संविधानवाद भित्र नै हेर्ने गरिएको छ ।

नेपालको सन्दर्भमा संविधानवादको कुरा गर्दा वि.सं. २००४ सालको नेपाल सरकार वैधानिक कानुन, २००४ मा श्री ३ र श्री ५ सहितको मन्त्रिपरिषद्, श्री ३ सहितको संसद, न्यायिक समितिको परिकल्पना जस्ता कुराहरु उल्लेख भएपनि त्यो कानुन लागू हुन सकेन ।

२००७ सालको अन्तरिम संविधान, २००७ मा नेपालको सम्प्रभु अधिकार श्री ५ मा सुम्पने काम भएको तथा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाका सम्पूर्ण अधिकारहरु श्री ५ मा निहित रहने र साथ साथै कार्यकारिणीको अधिकार श्री ५ र मौसुफको मन्त्रीको परस्परमा रहने गरी "King in Council" को सिद्धान्तको अवलम्बन गरिएको थियो ।

नेपाल अधिराज्यको संविधान, २०१५ लाई २०१५ साल फाल्गुण १ गतेबाट लागू गर्न प्रारम्भ गरिएको हो । यस संविधानलाई मूल कानुन भनिए पनि राज्यको कार्यकारिणी राजामा निहित राखिएको थियो । मन्त्रीपरिषद्को निर्माण संसदबाट हुने, संसदप्रति सामुहिक उत्तरदायी हुने, स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको भएपनि तत्कालिन राजाले संविधानको धारा ५५ को प्रयोग गरी राजनीतिक दलहरुलाई प्रतिवन्ध लगाई संविधान खारेज गर्ने काम भएबाट यो समयमा पनि संविधानवादको विकास अवरुद्ध हुन पुग्यो ।

वि.सं २०१९ सालमा जारी भएको नेपालको संविधानले निर्दलिय पञ्चायती व्यवस्थालाई अंगालेको हुँदा सम्पूर्ण शक्ति राजाको हातमा निहित भएकोले यस संविधानले संविधानवादको विकास क्रमलाई हेर्नुभन्दा अँध्यारो युग (Dark Age) लाई प्रसय दिएको पाइन्छ ।

वि.सं २०४७ सालमा लागू भएको नेपाल अधिराज्यको संविधान, २०४७ मुलतः संवैधानिक राजतन्त्र र बहुदलिय प्रजातन्त्रको सिद्धान्तमा आधारित थियो । खासगरी उक्त संविधानमा भएका केही संवैधानिक व्यवस्थाहरु संविधानको मौलिक चरित्र (Basic Structure) को रुपमा लिन सकिन्छ ।

१. नेपालको राज्य शक्तिको स्रोत नेपाली जनता मान्नु पर्ने,
२. नागरिकको आधारभूत मानव अधिकार सुरक्षित गर्ने,
३. वालिग मताधिकारलाई सुदृढीकरण गर्ने,
४. संसदीय शासन प्रणालीलाई सुदृढीकरण गर्ने,
५. संवैधानिक राजतन्त्रलाई सुदृढीकरण गर्ने,
६. बहुदलिय प्रजातन्त्रलाई सुदृढीकरण गर्ने,
७. स्वतन्त्र एवं सक्षम न्यायपालिकाको व्यवस्था गर्नुपर्ने,
८. कानुनी राज्यको अवधारणालाई साकार पार्ने,
९. संविधानको संशोधन राजा र संसदले गर्ने ।

उक्त २०४७ सालको संविधानमा नेपालको राज्य शक्तिको स्रोत जनता भनेर संविधानमा किटिए पनि देशको आर्थिक, सामाजिक, राजनीतिक शासनमा जनताले प्रत्यक्ष शासन गर्न पाएको अनुभूति गर्न सकेनन् । जनताले निर्वाचनमा भाग लिने, मत खसाल्ने सिवाय ५ वर्षसम्म आफ्ना जनप्रतिनिधिहरुलाई कुनै नियन्त्रण गर्न सकेनन् । जनप्रतिनिधिहरु जनताप्रति उत्तरदायी र जवाफदेही बन्न सकेनन् । संविधानले अप्रत्यक्ष प्रजातन्त्र (Indirect Democracy) मात्र कल्पना गऱ्यो । जसलाई वेलायती मोडेलको संसदीय शासन पद्दतिले अर्थात् वेलायती वेस्ट मिनिस्टर मोडेलको निर्वाचनमा हारेको प्रतिपक्ष र जितेकोमा सरकार बनाउने, बहुमत नल्याएर सरकारमा सामेल हुन नसकेको प्रतिपक्षको बहुदलिय शासन पद्दतिले कुनै भूमिका खेल्न सकेन । जसले गर्दा जनतालाई आफू सार्वभौम भएको महशुस हुन सकेन । सो संविधानलाई पनि निर्वाचन समयमा हुन नसकेको भन्ने आडमा राजाले संविधानको धारा १२७ र धारा ७२ को माध्यमबाट कार्यपालिकिय एवं संसदीय अधिकारको प्रयोगको अभ्यास गरिनुबाट यो संविधानको विकल्पमा संविधानसभाको महशुस गरिएको मान्न सकिन्छ ।

संविधानवादको विकास क्रमसँगै २०६३ सालको जन आन्दोलन पछि अन्तरिम संविधान २०६३ जारी भयो । अन्तरिम संविधान जारी पछि अन्तरिम सरकार र अन्तरिम व्यवस्थापिका-संसदको निर्माण भै संविधानसभाको निर्वाचन समेत संविधानसभा मार्फत नयाँ संविधानको निर्माण गर्ने कार्य प्रारम्भ भएको छ । जसबाट नै संविधानवादका मूलभूल तत्वहरु सहितको संविधान निर्माण हुन सकेमा नयाँ नेपालको पुनर्संरचना सार्थक बन्ने कुरामा मद्दत पुग्ने नै छ ।

**शक्ति पृथकीकरण र शक्ति सन्तुलन**

संवैधानिक पद्दतिको मुख्य सार संवैधानिक सरकारको स्थापना हो र संवैधानिक सरकारको स्थापना गर्नलाई राज्यका शक्तिहरुलाई राज्यका विभिन्न अंगहरुका विषयमा वितरण गरी निश्चित सिमाभित्र रहेर त्यसको प्रयोग गर्ने व्यवस्था गर्नु आवश्यक हुन्छ । विभिन्न अंगहरुबीच शक्तिको वितरण गरिनाले एक अंगको काममा अर्को अंगको हस्तक्षेपलाई रोकथाम गर्नपट्टि इङ्गित गर्दछ भने आफ्नो कार्य क्षेत्रभित्र स्वतन्त्र रुपले कार्य सम्पादन गर्ने कुराको प्रत्याभूति दिन्छ । खासगरी राज्य व्यवस्थाको सम्पूर्ण शक्ति कुनै एउटै संस्था वा व्यक्तिमा मात्र रहेमा शासकको स्वेच्छाचारीता बढ्ने र जनता अत्याचारको शिकार हुने सम्भावना बढी रहन्छ । प्राचीन कालमा सर्वत्र राजतन्त्रात्मक शासन व्यवस्था विद्यमान रहेको स्थितिमा राजाहरु र तीनिहरुद्वारा नियुक्त गरिएका अधिकारीहरुले स्वेच्छाचारी तरिकाबाट शासन गर्ने गरेका र यसबाट आम जनताहरु बढी मात्रामा पीडित हुने गरेका कारण निरंकुशतन्त्र र स्वेच्छाचारितालाई समाप्त गर्ने उपायको खोजीमा विभिन्न दार्शनिकहरुले शक्ति पृथकीकरणको सिद्धान्त प्रतिपादन गरे ।

शक्ति पृथकीकरणको सिद्धान्तको आधुनिक अवधारणाका प्रतिपादक मन्टेस्क्यु हुन, जसले अठारौं शताब्दिको बेला पनि संवैधानिक पद्दतिका क्रियाकलापको अध्ययन पछि शक्ति पृथकीकरणको आवश्यकता माथि जोड दिएका छन् । अठारौं शताव्दीको वेलायती संवैधानिक पद्धतिको

कृयाकलापलाई अध्ययन गरेर उनले The Spirit des lois Box XIC-6 मा भनेका छन्- When the legislature and executive powers are united in the same perosn, or in the same body or magistrates, there can be no liberty if the judicial power is not separated from the legislature and executives powers. Were it joined with the legislature the life and liberty of the subjects would be exposed to arbitrary control for the judge would then be the legislator. Were it joined with the executive the judge might beheave with violence and oppression. There would be an end of everything, were the same man or the same body to exercise these three points;

वेड एण्ड फिलिप्सले पनि सरकारका शक्तिहरुलाई कार्यपालिका, विधायिका र न्यायपालिकाका विच विभाजन गर्नु परम्परागत भन्दै शक्ति पृथकीकरणको अर्थ दिने कार्य गरेका थिए । जसअनुसार :

(क) सरकारका तीन अंगहरु मध्ये कुनै एकभन्दा बढी अंगहरुमा त्यही व्यक्तिहरु रहनु हुँदैन ।

(ख) सरकारको एक अंगले अर्को अंगको कार्य सम्पादनमा नियन्त्रण वा हस्तक्षेप गर्नु हुँदैन ।

(ग) सरकारको एक अंगले अर्को अंगको काम गर्नु हुँदैन ।

शक्ति पृथकीकरण गर्नुको उद्देश्य एक अंगको काममा अर्को अंगले हस्तक्षेप नगर्नु र जसको जे काम हो उसले स्वतन्त्रतापूर्वक गर्न पाउने व्यवस्था गर्नु हो । एउटाले अर्काको काम गर्ने वित्तिकै अर्कोमाथि हस्तक्षेप हुन्छ । यस्तो हस्तक्षेपबाट नियन्त्रण विहिन अवस्थाको सिंजना हुन जान्छ र सत्ताको दुरुपयोग हुन्छ भन्ने उनको मुख्य मनसाय देखिन्छ । कार्यपालिका र विधायिकाको अधिकार संयुक्त रुपमा एकै व्यक्तिमा निहित रहेमा जस्तो मन लाग्यो वा जस्तो आवश्यक परेको छ त्यस्तो कानुन बनाउने असिमित अधिकार कार्यपालिकालाई प्राप्त हुन्छ । यस्तो व्यवस्थाले जनताको आवश्यकता र हितलाई विचार गर्दैन । त्यस्तै विधायिका र न्यायपालिकाको अधिकार एकै व्यक्ति वा निकायमा राखियो भने कानुन निर्माण गर्ने र व्याख्या गर्ने व्यक्ति वा संस्था एउटै हुन जान्छ । त्यसो भयो भने न्यायकर्ताले विधायिकाको भूमिका निर्वाह गरिरहन्छ र विधायिकाले कानुनको व्याख्या निरन्तर गर्दै गएर कानुनको अनिश्चित निर्माण गरिरहन्छ । कार्यपालिका र न्यायपालिकाको अधिकार पनि एकै निकायमा राखियो भने पनि जनताको अधिकारमा प्रत्येक हस्तक्षेप हुन जान्छ ।

प्राचीन ग्रीक दार्शनिकहरु प्लेटो र अरिस्टोटलले र रोमका दार्शनिक सिसेरो तथा अठारौं शताब्दिका मन्टेस्क्यु जस्ता विचारकहरुले शक्ति पृथकीकरणको सिद्धान्तमा विशेष जोड दिंदै राज्यको भूमिकालाई कार्यगत आधारमा विभाजन गरी सरकारका स्वरुपहरुको निर्धारण गरेको पाइन्छ । मन्टेस्क्युले आफ्नो "कानुनको आत्मा (The Spirit of Laws)" नामक पुस्तकमा शक्ति पृथकीकरणको सिद्धान्त र व्यक्तिगत स्वतन्त्रताका बारेमा विस्तृत विवेचना गरेको पाइन्छ ।

त्यस्तै शक्ति पृथकीकरणको सिद्धान्तको अर्को पक्ष हो नियन्त्रण र सन्तुलनको सिद्धान्त (Theroy of Check and Balance) । शक्ति पृथकीकरणको सिद्धान्त अनुसार राज्य व्यवस्थाका तीन प्रमुख अंगहरुको स्वतन्त्र र निष्पक्ष रुपमा कार्य गर्नु पर्दछ भन्ने अवधारणा रहेको छ भने यी तीन अंगहरुले आ-आफ्नो कार्य सही तरिकाबाट गर्न र आफ्नो कार्य क्षेत्रबाट विचलित नहोउन् भन्ने उद्देश्यबाट नियन्त्रण र सन्तुलनको सिद्धान्त अंगालिएको देखिन्छ । यी अंगहरुले आफ्नो कार्य सुचारु रुपले अर्थात् सन्तुलित रुपले गरेमा मात्र शक्ति पृथकीकरणको सिद्धान्तले कानुनी राज्यको अवधारणालाई साकार पार्न सफल हुन्छ ।

खासगरी मन्टेस्क्यूको शक्ति पृथकीकरणको सिद्धान्त वेलायती संवैधानिक पद्दतिका आधारमा विकसित भएको मानिएको छ । सन् १६८८ मा वेलायतमा Bill of Rights लाई संसदद्वारा पारित गरिएपछि संसदको विधायिकी श्रेष्ठता, राजाबाट ग्रहण गरिएको कार्यपालिका सम्वन्धी कार्य र न्यायपालिकाको स्वतन्त्रताको प्रत्याभूति जस्ता तत्कालिन तत्थ्यहरुका आधारमा यो सिद्धान्त प्रतिपादन गरिएको थियो । वेलायतमा राजालाई संप्रभु मानिन्छ तर राजनैतिक संप्रभुता औपचारिक रुपमा संसद र अन्ततः जनतामा रहेको पाइन्छ । राजालाई कार्यकारिणी प्रमुख मानिन्छ यद्यपी त्यो अधिकारको प्रयोग मन्त्रिपरिषद्बाट हुन्छ । राजा विधायिकाको पनि अंग मानिन्छन् तर संसदबाट पारित कुनै विधेयकलाई राजाबाट नामन्जुर गरिंदैन । राजसंस्था वा राजाको उत्तराधिकार समेतका कुराहरु संसदको विचारवस्तु हुन सक्दछ ।

वेलायतमा मन्त्रिहरुले कार्यपालिकाको हैसियतले देशको दैनिक शासन संचालन गर्दछन् । उनीहरुले सरकारी नियुक्तिहरु गर्ने, कुटनैतिक मामिलाहरु हेर्ने, सैनिकको व्यवस्था र परिचालन गर्ने, विधायिकाले बनाएका कानुनको अधिनमा रहेर शान्ति सुरक्षा र विकासका क्रियाकलापहरु संचालन गर्ने, अदालतबाट न्याय सम्पादन हुन आवश्यक व्यवस्था गर्ने र सजायको असुली गर्ने, सन्धिहरुमा भाग लिने आदि काम गर्दछन् भने विधायिकी क्षेत्रमा संसदको अधिवेशन बोलाउने, सरकारी नीति र कार्यक्रम पेश गर्ने, संसदीय अनुमोदनका लागि बजेट पेश गर्ने, कानुनी व्यवस्थाका लागि आवश्यक विधेयकहरुको तर्जुमा गरी प्रस्ताव गर्ने र विधायिकाबाट प्रत्यायोजित अधिकार अर्न्तगत नियमहरु बनाउने र सबैभन्दा महत्वपूर्ण रुपमा संसद नभएको बेला आवश्यक कुरामा अध्यादेश जारी गर्ने अधिकार प्राप्त गरेको छ । बहुमत प्राप्त दलले बनाएको सरकारका लागि उल्लेखित कुनै पनि प्रस्तावहरु पारित गर्न कुनै कठिनाई पर्दैन । मन्त्रिहरुले संसदमा आफूले प्रस्ताव गरेको कुराको निर्णय प्रक्रियामा भाग लिएर जस्ताको तस्तै पारित गराउन सक्छन् यसैले संसदीय प्रणालीलाई आजकल मन्त्रिमण्डलीय वा प्रधानमन्त्रीय प्रणालीले पुकार्न थालिएको छ ।

न्यायिक क्षेत्रमा पनि महत्वपूर्ण न्यायिक नियुक्तिहरु कार्यपालिकाबाटै हुने अवस्था छ । यद्यपि नियुक्त भएका न्यायाधीशहरुको स्वतन्त्रतामा कार्यपालिका वा विधायिकाद्वारा हस्तक्षेप हुने अवस्था राखिएको छैन । वेलायतमा हाउस अफ लर्डस् नै देशको सर्वोच्च न्यायिक अंग बनाइएको छ । त्यो अंगको नेतृत्व लर्ड चान्सलरले गर्दछ जो कार्यपालिकाको सदस्य हुन्छ । यसरी एउटै व्यक्ति तीनै अंगको काम सम्ममा पनि संलग्न हुनसक्ने व्यवस्था वेलायती प्रणालीमा कायम राखिएको छ । वेलायतमा न्यायिक संस्थाहरुले कानुन बमोजिम नभएको कामको न्यायिक पुनरावलोकन गर्न सक्दछ। संसदले बनाएको कानुनको वैधता जाँच्न सक्दैन । धेरैजसो लिखित संविधानहरुले अंगिकार गरेको न्यायिक पुनरावलोकनको यो संवैधानिक अख्तियारी वेलायती न्यायिक संस्थाहरुलाई उपलब्ध छैन । प्रेरणादायी कुरा के छ भने वेलायतमा अदालतले संकेत गरेका कानुनी अवरोधहरु विधायिकाका लागि मार्गदर्शन बन्न जान्छ । कानुनी व्याख्याका क्षेत्रबाट अदालतहरुले कानुनी विकासका क्षेत्रमा दिएको योगदान न्यायिक पुनरावलोकनको संवैधानिक अधिकारयुक्त सबैजसो न्यायपालिकाहरुका लागि पनि मार्गदर्शक र प्रेरक नै रहिआएको छ ।

वेलायती प्रसंगमा शक्ति पृथकीकरणको सिद्धान्तको प्रयोगको स्थितिलाई हेर्दा अन्य प्रणालीका तुलनामा सिमित रुपमा प्रयोग भएको स्पष्ट हुन्छ । त्यस देशको ऐतिहासिक अनुभवहरुले सिद्ध गरेर ल्याएको यो स्थितिले विधायिकी समर्थन सहितको कार्यपालिकाको स्थितिलाई सुदृढ तुल्याएको देखिन आउँछ तर पनि वेलायतमा कार्यपालिकाले विधायिका र न्यायपालिकाका अंगहरुको स्वतन्त्र अस्तित्व र उनीहरुको कार्यक्षेत्रको सम्मान गर्नैपर्ने छ र गरिरहेको छ । सी.के.एलेन र सर आइभोर जेनिङ्गस् जस्ता कानुनका विद्वानहरुले कार्यपालिका र विधायिकाका यी अंगहरुले एक आपसमा सम्पर्क गर्न नहुने दृष्टिकोण मन्टेस्क्युको थिएन, बरु ती अंगहरुबीच आपसी नियन्त्रण र सन्तुलन कायम हुनुपर्छ भन्ने उनको विचार थियो भनेको पाइन्छ ।

अमेरिकी संविधानको निर्माण प्रक्रियामा मन्टेस्क्यु र लाकले दिएको दार्शनिक प्रभावको छाप उक्त संविधानको प्रावधानबाट देख्न सकिन्छ । लाकले व्यक्तिगत स्वतन्त्रतामा दिएको जोडलाई दृष्टिगत गरेर उचित प्रक्रियाविना कारवाही नगरी जीवन, स्वतन्त्रता र सम्पत्तिको अपहरण नगर्ने प्रावधान समावेश गरिएको मानिन्छ भने मन्टेस्क्युको शक्ति पृथकीकरणको अवधारणा अनुकुल संसदीय प्रक्रियामा उत्तरदायी हुनु नपर्ने स्वतन्त्र अस्तित्व भएको राष्ट्रपति, राष्ट्रपतिको हस्तक्षेप हुनसक्ने संभावनाबाट मुक्त कँग्रेस र राष्ट्रपति र कँग्रेसको प्रभावबाट मुक्त रहेको सर्वोच्च अदालतको स्थापना गरिएको छ । शक्ति पृथकीकरणका क्षेत्रमा अमेरिकी संविधानदाताहरुले बुद्धिमानीपूर्वक मन्टेस्क्युको अवधारणालाई पूर्ण बनाइदिएका छन् । त्यसैले अमेरिकी संविधानको शक्ति संयोजनमा मन्टेस्क्युको पृथकीकरणको विचार माथिको परिमार्जन भन्नु अत्युक्ति होला जस्तो लाग्दैन ।

उनीहरुका विचारमा पृथकीकरणको सिद्धान्तको मतलब कुनै अंगमा निहित रहेको अधिकार अर्को अंगबाट कुनै हदसम्म पनि प्रयोग गर्नु हुँदैन भन्ने होइन । उनीहरुले प्रतिपादन गरेको नियन्त्रण एवं सन्तुलनको सिद्धान्त अन्तर्गत के ठानिएको छ भने विभिन्न अंगहरुले आफ्नो स्वाभाविक कार्यक्षेत्रको उपभोग मौलिक रुपमा गर्दछन् तापनि कुनै अंगले आफ्नो कार्यसम्पादनको सिलसिलामा

केही सिमित प्रयोजनका लागि अर्को अंगको काम पनि गर्नुपर्ने हुन्छ । भन्नुको अर्थ केही हदसम्म सबैले सबैको काम गर्नुपर्ने हुन्छ । उदाहरणका लागि राष्ट्रपतिले विधेयकमा स्वीकृत दिने वा नदिने भन्ने कुराको निर्णय गर्नुपरेको हुन्छ भने कँग्रेसले राष्ट्रपतिले गरेको नियुक्ति वा सन्धिको अनुमोदनको विचार गर्नुपर्ने हुन्छ । अदालतले कार्यपालिकाको कामको वैधताका अतिरिक्त विधायनको वैधताको जाँच गर्नुपर्ने हुन्छ । कार्यपालिकाले पनि सिमित हदसम्म अर्धन्यायिक काम गर्नुपर्ने हुन्छ भने कँग्रेसको सिनेटले पनि राष्ट्रपति वा अन्य संवैधानिक पदाधिकारीहरुको महाभियोग सम्बन्धी कारवाहीको सुनवाई गर्नुपर्ने हुन्छ । अर्कातिर न्यायाधीशहरुको नियुक्ति सिनेटको सहमतिले राष्ट्रपतिले प्रधान न्यायाधीशसमक्ष र प्रधान न्यायाधीशले राष्ट्रपतिसमक्ष लिने शपथ यसै सिलसिलाको एउटा रोचक प्रसंग हुन आउँछ । यसरी ती अंगहरुले एकले अर्कालाई नियन्त्रित गरेको पाइन्छ र त्यसको आदर्श स्थिति भनेको नियन्त्रणको सन्तुलित स्थिति नै हो भन्न सकिन्छ ।

संविधान बमोजिम राष्ट्रपतिमा कार्यपालिकाको अधिकार निहित छ । उसले सार्वजनिक नियुक्ति गर्दछ, राजदुतहरु पठाउँछ, सेनाको परिचालन गर्दछ, सैनिक प्रशासनको संचालन गर्दछ । विधायिकाले बनाएको कानुनको प्रशासन गर्दछ । उसको आफ्नो मन्त्रिपरिषद् हुन्छ । मन्त्रिपरिषद्का सदस्यहरु विधायिकाका सदस्य हुँदैनन् । उनीहरुले कँग्रेसको बैठकमा भाग लिंदैनन् । उनीहरुको कँग्रेसप्रति उत्तरदायित्व रहँदैन, बरु उनीहरु राष्ट्रपतिप्रति उत्तरदायी रहन्छन् र निजको इच्छानुसार बहाल रहन्छन् । राष्ट्रपतिको निश्चित कार्यकाल हुन्छ उसलाई कँग्रेसले महाभियोग लाएर बाहेक संसदीय व्यवस्थामा जस्तो अविश्वासको प्रस्तावद्वारा हटाउन सकिँदैन । उसको कुनै प्रस्तावलाई कँग्रेसले अस्वीकार गरेको कारणले संसदीय व्यवस्थामा जस्तो पदत्याग गर्नु पर्दैन । यसरी कार्यपालिका स्वतन्त्र रुपमा स्थापित देखिन्छ । अमेरिकी संविधानले कँग्रेसमा विधायिकी अधिकार निहित राखी स्वतन्त्र अंगको रुपमा स्थापित गरेको छ । अमेरिकी कँग्रेसको अधिवेशन बोलाउन राष्ट्रपतिद्वारा विशेष निमन्त्रणाको आवश्यकता छैन । आफैले आफ्नो कार्यतालिका निर्धारण गर्दछ । उसको निर्णय प्रक्रियामा मन्त्रिहरु र राष्ट्रपतिको उपस्थितिको दवाव रहँदैन ।

त्यस्तै संविधान र कानुनको अधिनमा रही स्वतन्त्र एवं निष्पक्ष रहेर कार्य सम्पादन गर्नसक्ने गरी न्यायिक अधिकार न्यायपालिकालाई सुम्पेको पाइन्छ । कार्यपालिका र विधायिकाको कामको वैधताको परीक्षण अदालतबाट हुनसक्ने गराइएको छ ।

उपरोक्त स्थिति शक्ति पृथकीकरणको सकारात्मक स्थिति हो भने शक्ति सन्तुलन र नियन्त्रणको सिद्धान्तका रुपमा राष्ट्रपतिको विधायिकी विशेषाधिकार (Veto) राष्ट्रपतिले गरेको सन्धि र नियुक्ति जस्ता कुराहरुको अनुमोदन गर्ने सिनेटको शक्ति र न्यायपालिकाको न्यायिक पुनरावलोकनका अधिकारहरुलाई शक्ति नियन्त्रणको सिद्धान्त भन्न सकिन्छ । कार्ल जे फ्रेडरिकले सन्तुलनको सिद्धान्त भन्दा नियन्त्रणको महत्व हुने कुराको उल्लेख गरेका छन् । उनले हरेक अंगलाई सुम्पिएको अधिकारको सीमा उल्लंघन हुनुबाट बचाउन र ती अधिकारको सही प्रयोग भएको सुनिश्चित गर्न सापेक्षिक नियन्त्रण एउटा सुरक्षा हो भन्ने ठान्दछन् । व्यवहारमा अन्य अंगहरुका तुलनामा अमेरिकी प्रणालीमा राष्ट्रपतिले श्रेष्ठता हासिल गरेर आफ्नो स्थानलाई सुदृढ पारेको देखिन्छ । सिनेटको नियन्त्रण संयन्त्र व्यवहारमा समर्थनको शैलीमा परिणत भएको छ । न्यायिक पुनरावलोकनको नाममा अदालतले पनि विधायिकालाई बेला बखत चुनौती दिइरहेको छ । यसरी विधायिकी संस्था माथिको दवाव बढ्दै गएको व्यवहारिक अनुभव छ तर यसलाई स्थायी चरित्रका रुपमा हेर्नुपर्ने कारण देखिंदैन ।

अमेरिकी प्रणाली अन्तर्गतको शक्ति पृथकीकरण अन्तर्गत विभिन्न अंगहरुलाई पृथक गर्ने, नियन्त्रण गर्ने, सन्तुलन गर्ने र आपसमा अन्तरक्रिया गर्ने कुराको मिश्रणको रुपमा हेनुपर्छ भन्ने मार्शलको भनाइसँग सहमति नै जनाउन सकिन्छ ।

मन्टेस्क्युको आफ्नो थलो भएर पनि फ्रान्सले उसको सिद्धान्तको प्रयोगको मामलामा नेतृत्व लिन सकेको छैन । फ्रान्सेली राजनैतिक सँस्कृतिको विविधताले वेलायती नमुनाको संसदीय प्रणाली पनि अतिशय अस्थीरता व्याप्त रहेर टिक्न सकेन भने त्यहाँ अमेरिकी प्रकृतिको राष्ट्रपतीय प्रणालीलाई पनि हुबहु अंगीकार गर्न सकिएको छैन । विगतको अस्थीरतालाई ध्यानमा राखेर आएको पाँचौं गणतन्त्रमा फ्रान्सले राष्ट्रपतीय र मन्त्रिमण्डलीय प्रणालीका गुणहरुलाई सम्मिश्रित गरेको छ ।

फ्रान्समा राष्ट्रपतिलाई राष्ट्रप्रमुखका रुपमा राखिएको छ तर ऊ वेलायतको झैं नाम मात्रको प्रमुख होइन । उसको निर्वाचन प्रत्यक्ष वालिग मताधिकारको आधारमा हुन्छ र उसले महाभियोगको कारवाही बाहेक संसदीय उत्तरदायित्व निर्वाह गर्नु पर्दैन तर दैनिक शासनको अभिभारा बोकेको मन्त्रिपरिषद्ले भने संसदको विश्वासको मत प्राप्त गर्न सक्नु पर्दछ । मन्त्रिहरु संसदको सदस्य नभएर पनि आफ्नो प्रस्तावका सम्बन्धमा संसदीय कारवाहीमा भाग लिन्छन् । फ्रान्समा कार्यपालिकाको अधिकार राष्ट्रपति र मन्त्रिपरिषद्का बीचमा विभाजित गरिएको छ । फलस्वरुप संवैधानिक नियुक्तिहरु गर्ने, सन्धि सम्झौता गर्ने र सजायहरु माफी मुल्तवी राख्ने जस्ता कुराहरुमा संसदप्रति उत्तरदायी रहेका प्रधानमन्त्री र सम्बन्धित मन्त्रिको संयुक्त हस्ताक्षरसहित मात्रै राष्ट्रपतिले आफ्नो अधिकारको प्रयोग गर्दछ ।

फ्रान्सको राष्ट्रपति आफू संसदीय कारवाहीमा भाग लिंदैनन् । उसले संसदबाट पारित विधेयकलाई अस्वीकार गर्न पाउँदैन तापनि जनमत सँग्रहका लागि आदेश जारी गर्न सक्दछ । आवश्यकता अनुसार संकटकाल घोषित गर्न वा संसदको विघटन समेत गर्ने अधिकारले युक्त भएको राष्ट्रपतिको स्थिति संसदीय प्रणालीको प्रधानमन्त्री र अमेरिकी प्रणालीको राष्ट्रपतिको जस्तो हुन गएको छ । अमेरिकी प्रणालीमा कँग्रेसबाट पारित भई बनेको ऐनको संवैधानिकताको परीक्षण गरी अदालतले त्यस्तो कानुनलाई अमान्य घोषित गर्न सक्दछ भने फ्रान्समा त्यस्तो अधिकार न्यायपालिकामा नराखी त्यसको लागि छुट्टै संवैधानिक परिषद् स्थापना गरिएको छ । त्यहाँको संविधान बमोजिम परिषद्मा निरोधात्मक हिसाबले समेत राष्ट्रपतिले संवैधानिकताको परीक्षण गराउन सक्ने व्यवस्था गरिएको छ । न्यायपालिकाले विधिको वैधानिकता परीक्षण गर्न सक्दैन र यो हदसम्म यो व्यवस्था वेलायती प्रणालीको निकट छ ।

फ्रान्समा मन्त्रिहरु विधायिकाको सदस्य बन्न नसक्ने गरेर एकातिर अंगहरु बीच व्यक्तिगत पृथकता कायम गर्न खोजिएको छ भने अर्कोतिर विधायिका प्रतिको जवाफदेही कायम गराउन खोजेर नियन्त्रण राख्न खोजेको पाइन्छ ।

फ्रान्सको प्रणालीमा राष्ट्रपतीय र संसदीय दुवै प्रणालीका विशेषताहरुलाई समावेश गरिएकाले त्यहाँको शक्ति पृथकीकरण र नियन्त्रण एवं सन्तुलनको स्थिति विलक्षण तथा जटिल बन्न गएको पाइन्छ ।

अष्ट्रेलियाले संघात्मक शासन पद्दति अवलम्बन गरेर पनि संसदीय प्रणाली अपनाएको छ । त्यसैले गर्दा त्यहाँको शक्ति पृथकीकरणको स्थिति पनि मिश्रित रुपको देखा पर्दछ । त्यहाँको संविधानको धारा १ ले विधायिका शक्ति संघीय संसदमा, कार्यपालिकाको अधिकार राजामा र न्यायपालिकाको अधिकार संघीय सर्वोच्च अदालत तथा संसदले सिर्जना गरेको त्यस्तै अन्य संघीय अदालतमा निहित राखेको छ । न्यायिक अधिकार अदालतमा निहित राखिएकोले अदालत बाहेक अन्य अधिकारहरुबाट कैदको सजाय दिएर नागरिकको स्वतन्त्रतामा बन्देज लगाउनु आपत्तिजनक हुने ठानिएको छ ।

अष्ट्रेलियाको संविधान जस्तै भारतमा पनि संघात्मक व्यवस्था र संसदीय प्रणालीको सम्मिश्रण गरिएको छ । संविधानको सर्वोच्चता कायम गरेर सरकारका विभिन्न अंगहरुको व्यवस्था गरी शक्तिको पृथकीकरण गरिएको छ तापनि मन्त्रिपरिषद् र संसद भित्रको संवैधानिक सम्बन्ध संसदीय प्रणालीकै प्रभावमा विकसित गरिएको पाइन्छ । धेरै जसो कुरामा वेलायती संसदीय प्रणालीको परम्पराको अनुसरण गरिएको हुनाले संविधानको सर्वोच्चता बाहेक अरुमा वेलायती नमूना कै विस्तारका रुपमा भारतीय स्थितिको अध्ययन गर्न सकिन्छ ।

वेलायतमा झैं भारतमा पनि कार्यपालिकाको अधिकार राष्ट्रपतिमा निहित राखिएको छ । जस्तै मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा आफ्नो अधिकार प्रयोग गर्नुपर्छ । अमेरिकामा राष्ट्रपतिलाई विधायिकाको अंग बनाइएको छैन तर वेलायतमा भने संसदमा राजा भन्ने सूक्ति अनुरुप राजा संसदको अंग बन्दछ । भारतमा राष्ट्रपति संसदको अंग बन्ने नबन्ने कुराको घोषणा गरिएको छैन तापनि कार्यात्मक रुपमा राष्ट्रपतिले वेलायतका राजसंस्थाले सरह विधायिकाको गतिविधिमा संलग्न हुने र विधेयकलाई स्वीकृति दिने कुरामा संलग्न हुनु परेको छ ।

भारतमा विधायिकाको अधिकार कहाँ निहित रहेको छ भन्ने कुरा अष्ट्रेलिया र अमेरिकामा जस्तो स्पष्ट व्याख्या गरिएको छैन तापनि विधायिकाका सम्बन्धमा संविधानमा गरिएको व्यापक व्यवस्थाले तार्किक रुपमा विधायिका सम्बन्धी कामको अधिकार संसदलाई नै सुम्पेको निष्कर्ष निकाल्नु पर्ने अवस्था छ ।

न्यायिक अधिकार पनि किटानी रुपमा न्यायपालिकामा निहित राखिएको कुरा घोषित गरिएको छैन तथापि त्यो अधिकार पनि न्यायपालिकामा नै निहित रहेको कुरा संविधानका विभिन्न न्यायिक प्रावधानहरुबाट बुझ्न सकिन्छ । न्यायिक अधिकारहरु कहाँ निहित रहेको छ भनेर अमेरिका र अष्ट्रेलियाको जस्तो किटानी व्यवस्था नभएको अवस्थामा विधायिकाले न्यायिक अधिकार गैर न्यायिक निकायमा पनि सुम्पिन सक्ने स्थिति रहन्छ, जसलाई न्यायपालिकाले पछि न्यूनतम कार्यविधिको स्तरका आधारमा मात्रै हस्तक्षेप गर्न सक्दछ ।

समग्र रुपमा हेर्दा भारतमा संविधानको प्रतिकुल कानुन भएको अवस्थामा सर्वोच्च अदालतद्वारा अवैध घोषित गर्न सक्ने अवस्था बाहेक शक्ति संरचनाका दृष्टिले भारतीय व्यवस्था वेलायती प्रणालीको सन्निकट नै देखिन आउँछ । संसदीय प्रणाली अपनाएका अरु पनि धेरै मुलुकहरुको स्थिति यस्तै देखिन्छ ।

बंगलादेश, पाकिस्तान र श्रीलंका जस्तो भूतपूर्व ब्रिटिस उपनिवेश भएका, मिश्रित रुपमा संसदीय प्रणाली भएका मुलुकहरुमा पनि भारतमा जस्तै कार्यपालिकाको अधिकार राष्ट्रपतिमा निहित रहेको सम्म घोषित गरेर विधायिका र न्यायपालिकाका अधिकारहरु क्रमशः विधायिका र न्यायपालिकामा निहित रहेका छन् भन्न सकेको पाइदैन । यस हदसम्म भारतीय ढाँचाको प्रभाव यस क्षेत्रको अरु मुलुकमा पर्न गएको पाइन्छ ।

नेपालको सन्दर्भमा शक्ति पृथकीकरण, नियन्त्रण र सन्तुलनको कुरा गर्दा विभिन्न अंगहरु तथा निकायहरुको भूमिका समग्र रुपमा उत्साहवर्द्धक भन्न सकिने अवस्था छैन । २०१९ सालको निर्दलीय संविधानले राजालाई सार्वभौम संस्थाको रुपमा स्थापित गरेर सबै शक्तिको स्रोत बनाएको थियो । कार्यपालिका, विधायिका र न्यायपालिका जस्ता संस्थाहरु कार्यत्मक सुविधाको दृष्टिले खडा गरिएको भएपनि तीनिहरुको स्वतन्त्र रुपमा अस्तित्व थिएन । २०४६ सालको जन आन्दोलन पछि २०४७ सालमा प्रारम्भ भएको संविधानले सार्वभौमसत्ता जनतामा निहित राखेर विभिन्न अंगहरुको माझमा शक्तिको पृथकीकरण गरेको देखिएको तथापी उक्त शक्ति पृथकीकरणको प्रयोग नै कसरी भयो भनी हेनुपर्ने हुन्छ । संविधानमा, संवैधानिक राजतन्त्र, संसदीय शासन प्रणाली, बहुदलिय प्रजातन्त्र र वालिग मताधिकार, मानब अधिकारको संरक्षण र सम्वर्द्धन, स्वतन्त्र न्यायपालिका र कानुनी राज्यको अवधारणा जस्ता केही मौलिक चरित्र संविधान भित्र नदेखिएको होइनन् । यद्यपी संविधानको धारा १२७ र धारा ७२ समेतको प्रयोग गरी निर्बाचित सरकार समेत बर्खास्त गरि राजाबाट सम्पूर्ण अधिकार आफ्नो हातमा लिएको तथ्य हाम्रो सामु छिपेको छैन । तसर्थ संविधानमा शक्ति पृथकीकरणको र सन्तुलनको व्यवस्था हुनुमात्र पर्याप्त नहुने हुँदा संविधानको भावना बमोजिम काम भए गरेको हुनुपर्नेमा २०४७ सालको संविधानका व्यवस्था पनि छायाँमा परी संविधानको मूल मर्म बमोजिम कार्य हुन सकेन जसको परिणाम स्वरुप आ.व.२०६२।०६३ को जन आन्दोलनद्वारा अन्तरिम संसद र अन्तरिम सरकार गठन भै राजतन्त्रको पूर्ण रुपमा अन्त र संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको स्थापना गर्दै नेपालको अन्तरिम संविधान, २०६३ जारी भएको छ, जसले शक्ति पृथकीकरण र शक्ति सन्तुलन एवं नियन्त्रणको भावना अनुरुप संवैधानिक सर्वोच्चताको रुप अंगिकार गरेको छ । राज्यका प्रमुख अंगहरुको कार्यमा सहयोग पुऱ्याउन र शक्ति सन्तुलन गर्न समेत विभिन्न अंगहरुको संविधानमा व्यवस्था भएको छ र देशको राजनैतिक परिस्थिति सँगसँगै अन्तरिम संविधान कार्यान्वयनको चरणमा रहेको छ ।

भाग - ३

## संवैधानिक निकायहरुको आवश्यकता र औचित्य

### संवैधानिक निकाय

आधुनिक लोकतान्त्रिक राज्य व्यवस्थामा जनताको जीवन, स्वतन्त्रता र सुखको निम्ति संविधानवादको अवधारणा मुताविक संविधान निर्माण गरी लागू गर्नुपर्ने राजनीतिक मान्यता रहेको छ । संविधानवादका विभिन्न अवयवहरु मध्ये कानुनी शासन, उत्तरदायी र सीमित सरकारको अवधारणा, सुशासन, सरकारी काम कारवाहीमा पारदर्शीता जस्ता विषयहरु लोकतान्त्रिक राज्य व्यवस्थाका आधारभूत मान्यताहरु हुन् । संविधानवादको सिद्धान्त बमोजिम संविधान तर्जुमा गरी यसका आधारमा राज्य व्यवस्था संचालन गऱ्यो भने मात्र राज्यमा दीगो शान्ति, मानव अधिकारको संरक्षण, सुशासन र विधिको शासन कायम हुन सक्छ ।

संविधान देशको मूल कानुन (Fundamental law of the land) भएकोले र यो राज्य व्यवस्था संचालन गर्ने प्रमुख दस्तावेज भएकोले संविधानमा अन्य कुराहरुको साथै त्यस्ता सरकारी संस्थाहरुको पनि व्यवस्था गरिएको हुन्छ जुन संस्थाहरु राज्य व्यवस्था संचालन गर्नको लागि अत्यावश्यक मानिन्छन् । प्रत्येक राज्यमा विभिन्न प्रकारका सरकारी संस्थाहरु हुन्छन् र ती सबैले राज्य व्यवस्था संचालन गर्ने कार्यमा सहयोग पुऱ्याइरहेका हुन्छन् । तर ती सरकारी संस्थाहरु मध्ये अत्याधिक महत्वपूर्ण मानिने सरकारी संस्थाहरुको स्थापनाको प्रत्यक्ष व्यवस्था संविधानमा नै गरिएको हुन्छ । यस प्रकार संवैधानिक अंग भन्नाले त्यस्ता सरकारी अंगहरु र संस्थाहरुलाई जनाउँछ जुन अंग तथा संस्थाहरुको स्थापनाको प्रत्यक्ष व्यवस्था संविधानमा नै गरिएको हुन्छ । अर्को शब्दमा कुनैपनि देशको संविधानमा जुन जुन अंग वा संस्थाहरुको स्थापनाको व्यवस्था गरिएको हुन्छ ती सबै अंग तथा संस्थाहरुलाई संवैधानिक अंग भन्दछन् । प्रत्येक संविधानमा कम्तीमा पनि ३ वटा संवैधानिक अंगहरुको व्यवस्था गरिएको हुन्छ, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका । यस अर्थमा व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका प्रमुख र अत्याधिक महत्वपूर्ण संवैधानिक अंगहरु हुन तर ती अंगहरु जुनसुकै पनि संविधानको आधारभूत तत्व मानिने हुनाले यिनिहरुलाई साधारण तथा संवैधानिक अंग शीर्षक अर्न्तगत अध्ययन गरिदैंन । उपर्युक्त ३ अंगहरुका साथै संविधानमा अन्य विभिन्न संवैधानिक अंगहरुको पनि व्यवस्था गरिएको हुन्छ । संवैधानिक अंगहरुको संरचनाको सम्बन्धमा कुनै निश्चित नियम छैन । संविधानका निर्माताहरुले आ-आफ्नो राज्यको परिस्थिती अनुसार जतिसुकै पनि संवैधानिक अंगहरुको व्यवस्था गर्न सक्दछन् । तर साधारणतया महत्वपूर्ण सरकारी अंगहरुलाई मात्र संवैधानिक अंगको रुपमा संविधानमा समावेश गरिन्छ र कम महत्वपूर्ण सरकारी अंगहरुलाई संवैधानिक अंगको दर्जा नदिने गरी अन्य प्रचलित कानुनको आधारमा स्थापना गरिन्छ । साधारणतया संवैधानिक अंगहरुलाई संविधानको बेग्ला बेग्लै भागमा स्थान दिने चलन छ ।

प्रत्येक संविधानमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका अतिरिक्त विभिन्न कार्यसम्पादन गर्न संवैधानिक निकायको व्यवस्था संविधानमा गरिएको पाइन्छ । त्यस्ता संवैधानिक निकायको गठन संविधानले अवलम्बन गरेको राजनीतिक प्रणाली र त्यसको कार्यान्वयनसँग सम्बन्धित हुन्छन् । राज्यको शासन संचालन गर्नका लागि सरकारको महत्वपूर्ण भूमिका हुने भएता पनि संविधानद्वारा प्रस्तावित अन्य निकायहरुको पनि कम महत्व हुँदैन । त्यसैले संविधानद्वारा शक्तिको बाँडफाँड एवं सन्तुलन र नियन्त्रण गर्न संवैधानिक संयन्त्र निर्माण गरिएको हुन्छ ।

सरकार शक्तिको प्रतिविम्व हो । सरकारले आफूमा रहेको शक्तिको दुरुपयोग गरी मानव अधिकारको उल्लंघन गर्न सक्ने प्रबल सम्भावना भएकोले संविधानमा न्यायपालिकाको अलावा विभिन्न संवैधानिक निकायको व्यवस्था गरिएको हुन्छ ।

संविधानले व्यवस्था गरेका आयोग वा निकायहरुको काम, कर्तव्य र अधिकार संविधानमा उल्लेख भए बमोजिम हुन्छ । यस्ता निकायले अन्य निकायले जस्तै संविधानद्वारा सुम्पिएको जिम्मेवारी निष्पक्षता एवं प्रभावकारी रुपमा सम्पादन गर्नुपर्छ ।

## आवश्यकता र औचित्य

शास्त्रीय राजनीतिशास्त्रीहरु राज्यलाई एउटा नभई नहुने खराबी (necessary evil) मान्दछन् । राज्यको स्वभाव दमनकारी प्रकृतिको हन्छ तथापी राज्य एउटा नभई नहुने कुरा हो । राज्य अत्यावश्यक मानिन्छ किनभने मानवजाति सामाजिक प्राणी भएकोले सबै मानिस समाजमा नै बस्दछन् । मानिस चेतनशील प्राणी भएकोले हरेक मानिसका आ-आफ्नै स्वार्थहरु हुन्छन् र ती स्वार्थहरु परस्पर प्रतिस्पर्धी प्रकृतिका हुन्छन् । व्यक्ति व्यक्तिका यस्ता प्रतिस्पर्धी स्वार्थहरु नै समनामूलक, सुसंगठित र न्यायपूर्ण सामाजिक जीवनको स्थापना र विकासका लागि चुनौतीको रुपमा रहने गर्दछन् । तसर्थ मानिसहरुका त्यस्ता प्रतिस्पर्धी स्वार्थहरुका बीच उपयुक्त सन्तुलन कायम गर्दै मानव सभ्यतालाई जोगाइराख्न अर्को संगठित एवं संस्थागत स्थायी प्रयत्नको आवश्यकता पर्दछ जुन अन्ततः राज्य हो ।

राज्यलाई एउटा खराब वस्तुको रुपमा पनि लिइन्छ किनभने नागरिकहरुको वैयक्तिक स्वतन्त्रता उपर आक्रमण गर्ने यसको प्रवृत्ति हुन्छ । मानव अधिकारहरु मध्येको आधारभूत अधिकार र व्यक्तिको सबैभन्दा प्रिय वस्तु उसको वैयक्तिक स्वतन्त्रता हो । त्यसैले राजनीतिशास्त्री र संविधानविद्हरुको प्रयत्न राज्यको आवश्यक तत्वलाई अभिवृद्धि गर्ने र खराब तत्वलाई कम गर्ने तर्फ नै केन्द्रित रहँदै आएको छ । आधुनिक समयमा प्रहरी राज्य (police state) बाट गुणात्मक र मात्रात्मक रुपमा लोककल्याणकारी राज्य (welfare state) मा भइरहेको रुपान्तरणले राज्यको आवश्यक तत्वको अभिवृद्धि र संविधानवाद तथा प्रशासकीय कानुनको समानान्तर विकासले राज्यको खराब तत्वको न्यूनीकरणको प्रक्रियालाई इंगित गर्दछन् ।

विधिशास्त्री Charles H. Mcllwain ले संविधानवादको सटिक परिभाषा गर्दै Constitutionalism recognizes the necessity for the government but insists upon limitation being placed upon its powers. It connotes in essence, therefore, a limitation on government; it is antithesis of arbitrary rule. Its opposite is despotic government, the govermnent of will instead of government of law भनेका छन् ।

यसरी संविधानवाद आफैमा एउटा त्यस्तो मूल्य वा मान्यता (value) हो जसले शासन वा सरकारको अपरिहार्यतालाई अस्वीकार गर्दैन तर त्यस्तो शासन स्वेच्छाचारी, निरंकुश वा अतिवादी हुन नहुने कुरामा सर्वाधिक जोड दिन्छ । अर्को शब्दमा, संविधानवादले सीमित सरकार (limited government) को अवधारणालाई जनाउँदछ । सीमित सरकार भन्नाले कमजोर सरकार भनिएको होइन । यो त्यस्तो सरकार हो जसका उद्देश्य र अधिकारहरु परिभाषित हुन्छन् र त्यस्तो अधिकार वा शक्तिको प्रयोगका सीमाहरु तोकिएका हुन्छन् । अर्थात् सारतः यो असल सरकार (good governance) हो । यदि कुनै सरकारमा निम्न पूर्वशर्तहरु विद्यमान छन् भने त्यस्तो सरकारलाई असल सरकार भन्न सकिन्छ :-

- नागरिकहरुको वैयक्तिक क्षमता र सम्भावनाहरुको अधिकतम विकासका लागि पर्याप्त सेवा सुविधा उपलब्ध गराउने दिशामा राज्य शक्तिको प्रयोग निर्देशित हुन्छ ।
- कानुनको शासनको अवधारणाको पूर्ण सम्मान गरिन्छ ।
- नागरिकका आधारभूत मानव अधिकार तथा स्वतन्त्रताहरुको पूर्ण प्रत्याभूति हुन्छ ।
- राज्य शक्ति र राज्यका उपलब्ध स्रोत साधनहरु परिचालन वृहत्तर राष्ट्रिय हितको लागि गरिन्छ ।
- सार्वभौम जनता प्रति जवाफदेहिता सुनिश्चित गर्ने प्रभावकारी प्रवन्धको व्यवस्था मिलाइएको हुन्छ ।

असल सरकारको स्थापनाको लागि संसारका विभिन्न स्वरुपका शासन प्रणालीहरु र तीनिहरु अन्तर्गत शासकीय शक्तिको दुरुपयोग नियन्त्रण गर्ने अर्थात् सरकारलाई असिमित हुनबाट रोक्ने प्रयोजनका लागि विभिन्न संयन्त्रहरुको अवलम्बन गरिएको हुन्छ । संविधानवादको सुनिश्चितताको लागि अपनाईने त्यस्ता उपायहरुमा विभिन्न संवैधानिक निकायहरुको व्यवस्था गरिनु पनि पर्दछ । ती संवैधानिक निकायहरुले सुशासन र सरकारको जन उत्तरदायित्वलाई सुनिश्चित गर्दछन् र तीनिहरुको

प्रभावकारितामा नै कुनैपनि देशमा संविधानवादको व्यवहारिक अवलम्बनलाई मापन गर्ने मापदण्ड हुन्छ ।

सवैधानिक निकायको प्रमुख उद्देश्य नै सरकारको काम कारवाही कानुनी शासनको मर्म अनुसार संचालन गर्न लगाई स्वच्छता कायम गर्नु रहेकोले संविधानले यस्ता निकायहरुको गठन र काम कारवाहीमा सरकारको हस्तक्षेप नहुने व्यवस्था गर्नु अनिवार्य हुन्छ । संसारका विभिन्न स्वरुपका शासन प्रणालीहरुमा संविधान बनाउँदा व्यक्तिको मौलिक अधिकारको संरक्षण गरी कानुनी राज्यको प्रत्याभूति दिने र न्यायपूर्ण समाजको स्थापना गर्ने सेरोफेरोमा आज विश्वका प्रजातान्त्रिक संविधानहरु केन्द्रित भएका छन् ।

सरकारलाई सिमित सरकार बनाउन कुनै न कुनै किसिमले यसलाई जनताको विश्वासमा आधारित हुने संयन्त्रको व्यवस्था संविधानमा गरिएको हुन्छ । संविधानले तोकेको अधिकार भन्दा बढी अधिकार सरकारका कुनैपनि शक्ति, अंग, निकाय वा विभागले प्राप्त गर्न सक्दैनन् ।

नियन्त्रण विहिन र असिमित अधिकार उपयोग गरिरहेका १८ औं शताब्दि अगाडिका युरोपका राजतन्त्रहरुको शासनको विरोधमा सिमित सरकारको अवधारणा विकास भएको हो । भगवानबाट शक्ति प्राप्त गरेको दावी गर्ने ती राजतन्त्र विरुद्ध जनता सार्वभौम रहेको घोषणा सहित संविधानबाट प्राप्त अधिकार मात्र सरकारले पाउने सिद्धान्तको विकास भएको हो । त्यसैले आज लोकतन्त्र भन्ने शासनमा सरकारले संविधान, कानुन मान्नै पर्छ र हरेक काम सोही बमोजिम गर्नुपर्छ ।

सरकार राज्यको सबैभन्दा शक्तिशाली निकाय हो । सरकारसँग कुनै व्यक्ति वा संस्थासँग भन्दा बढी स्रोत साधन शक्ति र क्षमता हुन्छ । उ सँग सेना, प्रहरी, प्रशासन, रुपैयाँ, पैसा, कानुन सबै हुने हुँदा सरकारमा बस्नेहरु ठूला तानाशाह हुन सक्छन् । त्यसैले उनीहरुले संविधान र कानुनले तोकेको भन्दा बढी अधिकार प्राप्त गर्न नसक्ने व्यवस्था गर्नु पर्दछ ।

सिमित सरकारको अवधारणाले उत्तरदायी र जवाफदेही सरकार निर्माण गरी सरकारलाई अलोकतान्त्रिक र तानाशाही हुनबाट रोक्दछ । जनउत्तरदायी शासन व्यवस्थामा संविधानको परिधि स्वीकार गर्ने सिमित सरकार हुन्छ । तर त्यसको विपरित जहाँ स्वेच्छाचारीता र जोर जर्वजस्ती हुन्छ त्यहाँ निरंकुश र जनविरोधी शासन व्यवस्था हुन्छ ।

संविधानवादले सिमित सरकारको महत्वलाई जोड दिन्छ । सिमित सरकार भनेको कमजोर सरकार होइन । यसको उद्देश्य, काम कर्तव्य र अधिकार संविधानले नै परिभाषित गरेको हुन्छ एवं अधिकार र शक्तिको सीमाहरु पनि संविधानले तोकिदिएको हुन्छ । अर्थात् यसलाई अर्को अर्थमा असल शासन (Good Governance) पनि भनिन्छ । सिमित सरकार र असल शासन संविधानवादका महत्वपूर्ण पूर्व शर्तहरु हुन । उत्तरदायी, स्वच्छ र सक्षम सरकारका लागि सरकारका काम कारवाहीहरु वैधानिक प्रभावकारिता स्वच्छताको परीक्षण गर्ने संवैधानिक व्यवस्था नगरी सिमित र असल सरकर दिन सकिंदैन । सरकारका काम कारवाहीको वैधानिकता परीक्षण गर्ने स्वतन्त्र न्यायपालिकाको स्थापना गर्न जति आवश्यक छ त्यति नै सरकारका काम कारवाहीहरुको स्वच्छता र प्रभावकारिताको लागि स्वतन्त्र संवैधानिक अंगहरुको व्यवस्था गर्नु अति नै आवश्यक छ । सरकारको काम कारवाहीको स्वच्छता, पारदर्शीता, जवाफदेहिता र प्रभावकारिताको व्यवस्था गर्न संवैधानिक अंगहरुको व्यवस्था पनि संविधानद्वारा नै गरिन्छ । ती अंगहरुको व्यवस्था गर्दा गठन विधि, पदाधिकारीहरुको नियुक्ति प्रक्रिया, सेवा शर्त र सुविधा जस्ता मुलभूत पक्षहरुमा समेत ध्यान दिनु आवश्यक हुन्छ । यी संवैधानिक अंगहरुको गठन र काम कारवाहीमा सरकारको हस्तक्षेप भयो भने ती अंगहरुको निष्पक्षता कायम रहन सक्दैन ।

सरकारद्वारा संचालित गतिविधिहरुको पहरेदारको रुपमा स्थापित हुने संवैधानिक निकायहरुको स्थापना लोकतान्त्रिक संविधानमा व्यवस्था गरिएको हुन्छ । वर्तमान सुशासन तथा लोककल्याणकारी राज्य सम्बन्धी अवधारणाको विकास हुने क्रममा आम नागरिहरुलाई सेवा तथा सुविधाहरु प्रदान गर्नको लागि राज्यको भूमिका पनि विशिष्टकृत हुँदै गइरहेको छ । विधिको शासन जवाफदेही एवं पारदर्शी सरकार तथा राज्यका अंगहरुबीचको शक्ति पृथकीकरण र सन्तुलन सम्बन्धी अवधारणाले राज्यको भूमिकालाई पुनः परिभाषित गर्नुपर्ने स्थिति सृजना गरेको छ । राज्यको स्वरुप, आम नागरिकहरुको इच्छा र आकांक्षाको विशिष्टता आदि कारणले सरकार आफैले आम नागरिकहरुका

चाहनाहरु निष्पक्ष रुपमा पूरा गर्न सक्दैन भन्ने मान्यता समेत स्थापित हुन पुगेको छ । राज्यसँग शक्ति छ र राज्यले ती शक्तिहरु विभिन्न निकायहरु मार्फत प्रयोग गर्दछ, यद्यपी त्यस्ता शक्तिहरुको समान वितरण सम्भव देखिँदैन । अर्कोतिर शक्तिको भ्रष्ट हुने चरित्र हुन्छ । तसर्थ राज्यका अंगहरुबीच शक्तिको असमान वितरण समेतका कारण हुने अस्वस्थ शक्तिको प्रयोगलाई रोक्नका लागि राज्यको मूल कानुन संविधानले नै राज्यका प्रमुख अंगहरु (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका) का अतिरिक्त विभिन्न स्वतन्त्र संयन्त्रहरुको व्यवस्था गरेको हुन्छ, जसलाई संवैधानिक निकाय भनिन्छ । यसले राज्यको नीति निर्देशिका कार्यान्वयन मात्र गर्दैन राज्यको शासन व्यवस्था हातमा लिएर बसेको सरकारले आम नागरिकहरुको हितमा काम गरेको छ वा छैन सो समेतलाई स्वतन्त्र निकायको हैसियतमा पहरेदार (watch dog) को रुपमा काम गर्दछ र सरकारलाई नागरिकप्रति आफ्नो जवाफदेहिता वहन गर्नको लागि वाध्य बनाउँछ ।

यसप्रकार संविधानतः राज्यका प्रमुख अंगहरु कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका लगायत सरकार तथा त्यसका प्रमुखहरुको प्रत्यक्ष नियन्त्रणमा नरहने, त्यसका पदाधिकारीहरुको नियुक्ति संविधानतः व्यवस्था गरिएका निकायको सिफारिशबाट हुने तथा संविधानले नै काम, कर्तव्य तथा अधिकार सुनिश्चित गरी व्यवस्था गरेका निकायहरुलाई संवैधानिक आयोग भन्न सकिन्छ । मुलुकमा प्रजातान्त्रिक मूल्य, मान्यता एवं त्यसको अभ्यासको सुनिश्चितता, राज्य संयन्त्रमा समान सहभागिताको अवसर, नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक न्यायको सुनिश्चितता, जनताप्रति सरकारको सार्वजनिक जवाफदेहिता आदि कायम गर्नको लागि यस्ता निकायहरुको आवश्यकता महशुस गरिन्छ ।

विश्वका विभिन्न मुलुकहरुमा सरकारलाई सहयोग प्रदान गर्न विभिन्न खालका संवैधानिक निकायहरुको व्यवस्था गरेको पाइन्छ । नेपालमा पनि विगतदेखि नै निर्वाचन कार्य सम्पादन गर्ने, लेखापरीक्षण गर्ने, सरकारी सेवामा छनौट गर्दा उम्मेदवारको उपयुक्तताको परिक्षण गर्ने, अख्तियार दुरुपयोग गरेको पाइएमा अनुसन्धान गर्ने, मानवअधिकार उल्लघंन गरेमा सो उपर नियन्त्रण गर्न सरकारलाई शिफरिश गर्ने आदि जस्ता कार्यहरुका लागि स्वतन्त्र संवैधानिक अंगहरुको व्यवस्था हुँदै आएको छ ।

## संविधान तथा कानुन अन्तर्गतका आयोगहरुको कार्यप्रकृति

(क) **संवैधानिक निकायका कार्यप्रकृति** : संवैधानिक आयोगले विशेषतः संविधान बमोजिम आफूलाई प्राप्त अधिकारको प्रयोग गर्दछ । यस्तो आयोगको काम, कर्तव्य र अधिकार एवं गठन प्रक्रिया समेत संविधानले नै निर्धारण गरेको हुन्छ । यस्ता आयोगहरुले सरकारको काम कारवाही माथि नै पहरेदारको रुपमा काम गरी आफ्नो काम कारवाहीमा निष्पक्षता कायम गर्दछ । कामको प्रकृति, जिम्मेवारी, त्यसको विस्तृतपना, क्षेत्र र प्रभावकारिता एवं आवश्यकताका आधारमा यस्ता निकायहरु संविधानमा नै समावेश गरी स्वायत्तता प्रदान गर्नुपर्ने हुन्छ । अन्यथा यसले आफूलाई प्राप्त अख्तियारी एवं जनआकांक्षा अनुसार काम गर्न सक्दैनन् । यस्ता संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोगलाई लिन सकिन्छ भने नेपालको अन्तरिम संविधान, २०६३ जारी भएपछि कानुनी आयोगको रुपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले पनि संवैधानिक निकायको रुपमा स्थापित हुने अवसर प्राप्त गरेको छ ।

(ख) **कानुनी आयोगको कार्यप्रकृतिः** राज्यले सेवा प्रदान गर्ने सम्बन्धमा आफ्नो काम कारवाही प्रभावकारी एवं विशिष्टिकृत रुपमा प्रदान गर्नको लागि आयोगहरुको गठन गर्न सक्छ । यस्ता आयोगहरु स्थापना गर्नको लागि विशेष कानुन तर्जुमा गरिन्छ र सोही बमोजिम आयोगका पदाधिकारीहरुको नियुक्ति तथा काम, कर्तव्य एवं अधिकारको निर्धारण गर्ने कार्य हुन्छ । कानुनी आयोग स्थापनाको मुख्य उद्देश्य नै विशेष क्षेत्रमा राज्यका नीति तथा कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि विशेषज्ञ एवं महत्वपूर्ण भूमिका निर्वाह गर्नु हो । यस्तो आयोगको रुपमा हाल राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोगलाई लिन सकिन्छ

भने संवैधानिक आयोगको रुपमा स्थापित हुनु अघिसम्म राष्ट्रिय मानव अधिकार आयोगको हैसियत पनि कानुनी आयोगको रुपमा रहेको थियो । कानुनी हैसियत कायम भएका ती आयोगहरुको काम कारवाही प्रभावकारी नभएकोले ती निकायहरुलाई समेत संवैधानिक आयोग बनाउनु पर्ने भन्ने सम्बन्धमा सम्बन्धित सरोकारवालाहरुको माग छ ।

(ग) **तदर्थ आयोगका कार्यप्रकृति :** विशेष कार्य सम्पन्न गर्नको लागि कानुन बमोजिम आयोग गठन गरिन्छ भने त्यस्तो आयोगलाई तदर्थ आयोग भनिन्छ । यस्तो आयोग पनि विशेष उद्देश्य या कार्यको लागि कानुन बमोजिम नै गठन गरिन्छ र उद्देश्य पूरा भएपछि विघटन हुन्छ । नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम गठन हुने राज्य पुनर्सरचना आयोग, वेपत्ता छानविन आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग आदि यस प्रकारको आयोगको उदाहरणको रुपमा लिन सकिन्छ ।

## आयोगको संवैधानिक हैसियत निर्धारण गर्ने तत्वहरु

संविधान निर्माणका सन्दर्भमा देखिएका महत्वपूर्ण वहसहरुमध्ये विभिन्न आयोगहरुको गठन र तिनीहरुको संवैधानिक हैसियत समेत महत्वपूर्ण देखिएका छन् । तसर्थ यहाँ संवैधानिक आयोगको उपादेयताका कारण तथा अवस्थाहरुको बारेमा चर्चा गर्ने प्रयत्न गरिएको छ ।

(क) **संवैधानिक व्यवस्था अन्तर्गत हैसियत :** नेपालको अन्तरिम संविधान, २०६३ ले संवैधानिक आयोगका रुपमा विभिन्न निकायहरुलाई स्वीकार गरेका छन् । त्यस्तै हित तथा दवाव समूहरुले राष्ट्रिय महिला आयोग र दलित अयोग लगायतका अन्य आयोगहरुलाई संवैधानिक आयोगको रुपमा स्थापित गर्न दवाव सृजना गरिरहेका अवस्था छ भने सरकारको नीति तथा कार्यक्रममा महिला सशक्तिकरणका लागि राष्ट्रिय महिला आयोगको भूमिकालाई प्रभावकारी बनाई सो आयोगलाई संवैधानिक आयोगको रुपमा विकास गर्न आवश्यक पहल गरिने उल्लेख छ । आम नागरिकहरुलाई सेवा प्रदान गर्ने क्रममा सरकारबाट हुने अनियमितता रोक्नको लागि स्थापित हुने कुनैपनि आयोग संवैधानिक हुन आवश्यक मानिन्छ । तर पनि कुनैपनि आयोगलाई संवैधानिक बनाउनुको अर्थ यसले सरकारमाथि गरिने खबरदारीलाई सरकारले आफ्नो स्वार्थ अनुसार परिवर्तन गर्न नसकोस् भन्ने नै हो । किनकि सरकारले संवैधानिक आयोगमा आफ्नो स्वार्थ अनुरुप परिवर्तन गर्न सक्दैन भन्ने ठानिन्छ ।

(ख) **अधिकार, कर्तव्य र जिम्मेवारी :** राज्यले आम नागरिकहरुलाई उपलब्ध गराउने सेवा सुविधाहरुलाई सहजतापूर्वक उपलब्ध गराउन तथा राज्यका गतिविधिहरुलाई प्रभावकारी एवं निष्पक्ष बनाउनको लागि राज्यले विभिन्न प्रकृतिका आयोगहरको गठन गर्ने प्रचलन विश्वमा बढ्दो अवस्थामा रहेको छ । आयोगको हैसियत उसलाई प्राप्त जिम्मेवारी तथा कर्तव्यहरु, उसले प्रयोग गर्ने अधिकार समेतको आधारमा निर्धारण हुन्छ । कुनैपनि आयोगले सरकारको गतिविधिमा नै प्रश्न उठाउने हैसियत राख्छ भने उसको काम, कर्तव्य तथा अधिकारहरु संवैधानिक रुपमा नै सुनिश्चित गर्न आवश्यक हुन्छ । यद्यपी त्यस्ता आयोगहरुको काम कारवाही सरकारको काम कारवाहीमा पहरेदारको रुपमा काम गर्ने नभई सरकारको नीति तथा कार्यक्रमहरु कार्यान्वयनमा निर्णायक भूमिका निर्वाह गर्ने हो भने त्यस्तो आयोग संवैधानिक हुन आवश्यक हुँदैन । संवैधानिक आयोगको क्षेत्राधिकार निर्धारण गर्दा क्षेत्राधिकारको द्वन्द्व तथा दोहोरोपना नहुने अवस्था सुनिश्चित हुनुपर्छ भने निर्णयहरु कार्यान्वयन गर्न राज्य कानुनी रुपमा जिम्मेवार हुने स्थिति सुनिश्चित हुनुपर्दछ ।

(ग) **स्वतन्त्रता र स्वायत्तता एवं यसको औचित्य :** संवैधानिक आयोगको अर्को मापदण्ड भनेको त्यसको स्वतन्त्रता, स्वायत्तता र औचित्यता नै हो । अर्थात् त्यस्तो आयोगको हैसियत उसको स्वतन्त्रता, स्वायत्तता एवं औचित्यले नै निर्धारण गर्दछ । राज्यको अंगको रुपमा समग्रमा काम गर्ने परिस्थितिमा वर्गीय हितको लागि स्थापित हुने आयोगले समग्र जनताको हितमा ध्यान दिने हैसियत राख्दैन । मुख्य विषय 'के हो भने आयोगले सरकारको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्दै छ कि सरकार माथि आफ्नो पहरेदारको स्थिति प्रस्तुत गर्दैछ साथै अधिकार क्षेत्र बाझिएको छ कि एकमना क्षेत्राधिकार प्राप्त गरेको छ वा आम नागरिकहरुसँग सरोकार

राख्छ कि विशेष वर्ग वा समुदायसँग सम्बन्ध राख्छ भन्ने कुराले पनि संवैधानिक आयोगको स्वतन्त्रता, स्वायत्तता र त्यसको औचित्यता सावित गर्दछ ।

(घ) **जनताप्रतिको जवाफदेहिता** : कुनै आयोग सीधा रुपमा कसप्रति जवाफदेहि छ भन्ने कुराले पनि त्यसको हैसियत निर्धारण गर्दछ । संवैधानिक आयोगहरु आफ्नो काम कारवाहीको लागि सिधै जनप्रतिनिधिहरु मार्फत जनताप्रति उत्तरदायी रहन्छ । साथै त्यस्ता अंगहरुले आफ्नो खर्च सिधै सञ्चित कोषबाट व्यहोर्ने गरी प्राप्त गर्दछ । यसको मतलब त्यस्तो आयोग वा निकायहरु माथि सरकारले आफ्नो नियन्त्रण कायम गर्न नसकोस् र ती निकायहरुले आफ्नो काम कारवाही स्वतन्त्रतापूर्वक सम्पन्न गर्ने सम्बन्धमा जनताप्रति उत्तरदायी हुने अवस्था सृजना होस् भन्ने नै हो ।

(ङ) **सरकारी संयन्त्रबाट स्वतन्त्रता र स्वच्छता** : सामान्यतः संवैधानिक आयोगहरुले राज्यको अंगको हैसियतमा सरकारका गतिविधिहरुमा नै ध्यान दिने भएकोले त्यस्ता अंगहरु राज्यका अन्य अंगहरुबाट स्वतन्त्र तथा स्वच्छ हुनुपर्दछ । अन्यथा त्यस्ता आयोगहरुले आफ्नो जिम्मेवारीहरु जवाफदेहीपूर्ण किसिमले पूरा गर्न सक्दैन । तसर्थ त्यस्ता केही आयोगहरु, जसले राज्यका गतिविधिहरु उपर पहरेदारको रुपमा काम गर्छ, ती आयोगहरुको हैसियत संवैधानिक रुपमा नै सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

(च) **नियुक्तिका आधारहरु** : संवैधानिक हैसियत प्राप्त आयोग र अन्य आयोगका पदाधिकारीहरुको नियुक्तिका आधार तथा सेवा शर्त सम्बन्धी सुविधा नै फरक फरक हुन्छ । संवैधानिक आयोगका पदाधिकारीहरुको नियुक्तिका आधारहरु संविधानमा नै उल्लेख गरिएको हुन्छ भने त्यसको लागि आवश्यक व्ययभार पनि संविधानमा नै सुनिश्चित गरिएको हुन्छ । अर्कोतिर कानुनी आयोग तथा तदर्थ प्रकृतिका आयोगहरुको पदाधिकारी तथा त्यसको लागि आवश्यक व्ययभार कानुनमा तोकिए बमोजिम हुने गरी व्यवस्था मिलाइएको हुन्छ । यसर्थ कुन प्रकृतिका आयोगहरु गठन गर्ने वा विद्यमान आयोगहरुलाई के कस्तो किसिमको हैसियत दिने भन्ने कुरा उसले सम्पादन गर्ने कामहरुमा निर्भर हुन्छ ।

**संवैधानिक आयोग स्थापनाका आधारहरु**

संविधान अन्तर्गत नै संवैधानिक निकायहरुको स्थापना र नियमितताका सम्बन्धमा व्यवस्था गर्दा देहायका विषयहरुमा विचार पुऱ्याउनु पर्दछ :

(क) **आवश्यकता पहिचान** : संवैधानिक निकायको बारेमा व्यवस्था गर्नु अघि उक्त निकायको औचित्य स्पष्ट हुनु पर्दछ । संवैधानिक आयोगको स्थापना कुनै अल्पकालिन विषय नभएर यसको प्रभाव र आवश्यकता दिर्घकालिन हुनु पर्दछ । अल्पकालिन आवश्यकता पूरा गर्नको लागि कानुनी वा तदर्थ आयोगहरुको स्थापना गरी कार्यसम्पन्न गर्न सकिन्छ । तसर्थ संवैधानिक आयोगको बारेमा छलफल गर्दा त्यसको आवश्यकता र औचित्य स्पष्ट हुनु अत्यन्तै आवश्यक हुन्छ । जस्तो मानव अधिकार, सामाजिक न्याय आदिका क्षेत्रमा काम गर्ने सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोग, महिला आयोग, राष्ट्रिय दलित आयोग समेत कार्यरत रहेको अवस्थामा कुन संवैधानिक आयोग हुने र कुन कानुनी आयोग हुने भन्ने सम्बन्धमा निर्णय गर्दा आवश्यकता र भूमिका बारे स्पष्ट हुन अत्यन्तै आवश्यक देखिन्छ ।

(ख) **निष्पक्षताको लागि आवश्यकता** : कुनै आयोग आवश्यकताले मात्र संवैधानिक बन्न सक्दैन, त्यसको लागि त्यस्ता आयोगहरुले गर्ने कार्यहरु अन्य निकायले गर्दा निष्पक्ष तथा जनउत्तरदायी नहुने सम्भावना समेत रहनु पर्दछ । पहिचान गरिएका विषयवस्तुहरु राज्यको नियमित निकायहरुबाट नै प्रभावकारी रुपमा सम्पादन गर्न सम्भव देखिन्छ भने त्यसको लागि छुट्टै संवैधानिक आयोग आवश्यक नहुन सक्छ । तसर्थ यसको लागि आवश्यकता कुन हदसम्म गम्भीर छ भन्ने भन्दा पनि उक्त विषय सम्पादन गर्न कुन हदसम्म निष्पक्षता र स्वायत्तताको आवश्यकता पर्दछ भन्ने कुराले पनि महत्वपूर्ण भूमिका खेलेको हुन्छ ।

(ग) **संवैधानिक आयोगहरु बीचको क्षेत्राधिकारको सामञ्जस्य र स्वायत्तताको सुनिश्चितता** : संविधान अन्तर्गत संवैधानिक आयोगको रुपमा स्थापना हुने आयोगहरुका बीचमा क्षेत्राधिकार ग्रहण गर्ने

विषयमा कुनै द्विविधा हुन्छ वा हुँदैन एउटाको क्षेत्राधिकारलाई अर्को संवैधानिक निकाय एवं सरकार स्वयंले सम्मान गर्ने अवस्था रहन्छ कि रहँदैन, दोहोरो क्षेत्राधिकार हुन्छ कि हुँदैन भन्ने कुराले महत्वपूर्ण अर्थ राखेको हुन्छ ।

(घ) **समग्रता :** संविधान वर्ग विशेष, घटना विशेष नभएर समग्रतामा निर्माण भएको हुन्छ । तसर्थ जुन विषयमा संवैधानिक निकाय स्थापित हुन लागेको हो, त्यसले कुन हदसम्म समग्रतालाई समेटेको हुन्छ भन्ने कुराले महत्वपूर्ण अर्थ राखेको हुन्छ । कुनै वर्ग वा समुदाय त्यस्तो आयोगको क्षेत्राधिकार वा चासोभन्दा बाहिर परेमा त्यस्तो वर्ग वा समुदायबाट पर्याप्त सहयोग नहुनसक्छ । तसर्थ यस्तो आयोग गठन गर्ने व्यवस्था गर्दा त्यसको विस्तार तथा समग्र पक्षलाई पनि विचार गर्नुपर्ने हुन्छ ।

## अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**तथ्यगत विश्लेषण**

**पृष्ठभूमि**

सार्वजनिक क्षेत्रमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व र कानुनी शासनका मान्यतालाई लागू गराउने र असल शासन वा सुशासनको माध्यमबाट जनताको हित र कल्याण गर्नु र सदाचार कायम गर्नु आधुनिक राज्यको प्राथमिक कर्तव्य हो । असल शासन आधुनिक लोकतान्त्रिक राज्यको आधारशिला हो । शिघ्र र गुणस्तरीय सेवा जनतालाई उपलब्ध गराउन साधन स्रोतको समुचित व्यवस्थापन, स्थान, अवसर, पारदर्शिता, भ्रष्टाचारमुक्त समाजको निर्माण जस्ता व्यवस्था असल शासनका निम्ति आवश्यक छन् । कुनैपनि मुलुकले अपनाएको शासन पद्दती त्यो देशको एउटा साधन हो, साध्य त जनताको सुख समृद्धि र मुलुकको हितको रक्षा गर्नु हो । राज्यले सदाचारयुक्त सँस्कृतिको निर्माण गर्न सक्नु पर्दछ । भ्रष्टाचारको विद्यमानताले गरीबि निवारणमा असर पुऱ्याउने, कालाबजारियाले प्रोत्साहन पाउने, वैदेशिक लगानी निरुत्साहित हुने र कानुन नमान्ने प्रवृत्ति वा साथै नैतिक मूल्य र मान्यतामा समेत आघात पुऱ्याउने गर्दछ । भ्रष्टाचारको कसुरमा दण्डहिनताको स्थिति भएमा राज्य व्यवस्था र कानुनी प्रणालीप्रति नै जनताको विश्वास डगमगाउँछ । भ्रष्टाचारलाई नियन्त्रण गर्न राजनीतिक इच्छाशक्ति, जनतामा चेतना र शिक्षाको विकास एवं कानुनको प्रभावकारी कार्यान्वयन त्यत्तिकै आवश्यक छ ।

सुशासन, पारदर्शीता, विधिको शासन र कानुनी राज्य, भ्रष्टाचार नियन्त्रण लोकतन्त्रलाई प्रभावकारी तुल्याउने पूर्व शर्तको रुपमा रहेको हुन्छ । भ्रष्टाचारले विभिन्न क्षेत्रमा प्रभाव पार्ने हुँदा यसलाई समुल नष्ट नगरिएसम्म देशको आर्थिक सामाजिक विकास हुन सक्दैन ।

जनताका आकांक्षा र आवश्यकता अनुरुप राष्ट्रको कार्ययोजना कार्यान्वयन हुँदै जाँदा सरकारी संस्थाहरुमा कार्यरत पदाधिकारीहरुद्वारा अख्तियारको दुरुपयोग गरी अनुचित कार्य तथा भ्रष्टाचार हुनसक्ने सम्भावनाका क्षेत्रहरु व्यापक बन्न सक्दछन् । सार्वजनिक पद धारण गरेका पदाधिकारीहरुलाई जनताप्रति उत्तरदायी बनाउन र उनीहरुका क्रियाकलाप जनताको हितमा लगाउन सचेतकका रुपमा कार्य गर्ने संस्थाको राज्यलाई आवश्यकता पर्दछ । संविधान र कानुन अर्न्तगत पदाधिकारीहरुले आफ्ना अर्न्तनिहित अधिकारको प्रयोग गर्दा अख्तियारको दुरुपयोग गरी जनतालाई पिर मर्का पुऱ्याएका छन् वा छैन सो सम्बन्धमा छानविन गरी समयमा नै उपचारको व्यवस्था मिलाउने उद्देश्यले स्वतन्त्र र निष्पक्ष रुपमा कार्य गर्ने संस्थाको विकास स्क्यानेडिभिएन मुलुकहरुबाट प्रारम्भ भएको हो । यस व्यवस्थाका अनुभव र प्रयोगको सफलताको कारणले अन्य प्रजातान्त्रिक मुलुकहरुले पनि यस व्यवस्थालाई कुनै रुपमा अंगिकार गर्दै आइरहेका छन् । कुनैपनि राष्ट्रसेवकले आफ्नो ओहोदाको आडमा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गर्न नपाओस् भन्ने अभिप्रायले नेपालमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई संवैधानिक निकायको रुपमा राखिएको छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरुबाट हुन सक्ने अख्तियारको दुरुपयोगका सम्बन्धमा छानविन गर्न नियुक्त भएको व्यक्ति अख्तियारको दुरुपयोग गर्ने व्यक्तिको प्रभावबाट मुक्त रही स्वतन्त्र, निष्पक्ष र प्रभावकारी रुपमा

कार्य गर्न यसलाई संवैधानिक निकायको रुपमा राखिएको हो । यसको लागि मुख्यतः आयुक्तको सेवा शर्तको सुरक्षा र योग्य व्यक्तिको चयनको व्यवस्था संविधानले सुनिश्चित गर्नुपर्दछ ।

**विदेशी मुलुकको अभ्यास**

अख्तियार दुरुपयोग सम्बन्धी निकायको अवधारणको इतिहास हेर्दा फ्रान्समा नेपोलियनका समयदेखि नै प्रशासकिय अदालतद्वारा यस प्रकारको कार्य गर्दै आएको र पछि १९७३ मा mediator नामक अतिरिक्त पदाधिकारीको व्यवस्था गरेको पाइन्छ भने स्वीडेनमा १८०९ देखि, फिनल्याण्डमा १९१९ देखि यस किसिमको संस्था रहेको र त्यसमा समयानुकुल विकास हुँदै आएको पाइन्छ । सन् १९५४ देखि डेनमार्कमा र सन् १९६२ देखि नर्वेमा Ombudsman नामक संस्था स्थापना भएको तथा सन् १९६२ मा न्युजिल्याण्डमा र सन् १९६७ मा संयुक्त अधिराज्यमा Parliamentary Commissioner नामक संस्थाको स्थापना भएको पाइन्छ । सोभियत रुस एवं पूर्वी युरोपका मुलुकमा Prosecuter General को व्यवस्था रहेको तथा भारतका कतिपय राज्यमा लोकपालको व्यवस्था भएपनि संघीय स्तरमा त्यस्तो कुनै संस्था भएको पाइदैन ।

**ऐतिहासिक पृष्ठभूमि**

**नेपालको संविधान, २०१९**

**नेपालको संविधान, २०१९** को दोस्रो संशोधन पश्चात मिति २०३४।८।१ देखि अख्तियार दुरुपयोग निवारण आयोगले संवैधानिक निकायको रुपमा मान्यता पाएको देखिन्छ । यस संविधानको भाग १० (ग) धारा ६७ (ग) मा भएको व्यवस्था अनुसार अख्तियारको दुरुपयोग हटाउन एक अख्तियार दुरुपयोग निवारण आयोग रहने जसमा प्रमुख आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य आयुक्त रहने व्यवस्था थियो । प्रमुख आयुक्त र अन्य आयुक्तको नियुक्ति श्री ५ बाट चाहिबक्सेमा राजसभासँग परामर्श लिई गरिबक्सने र प्रमुख आयुक्त र अन्य आयुक्तको पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त तथा आयोगको काम, कर्तव्य, अधिकार तथा कार्यविधि श्री ५ बाट नियम बनाइ तोकिबक्से बमोजिम हुने र सो नियमको अधिनमा रही आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये सबै वा केही कुनै व्यक्ति वा कार्यालयलाई सुम्पन्न सक्ने र आयोगले प्रत्येक वर्ष आफूले गरेको कामको प्रतिवेदन श्री ५ मा चढाउने व्यवस्था गरेको थियो ।

उक्त संविधानको धारा ६७ (घ) मा अख्तियार दुरुपयोग सम्बन्धी मुद्दा आयेगका प्रमुख आयुक्त वा आयुक्तद्वारा वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकेको सरकारी सेवामा रहेको पदाधिकारीद्वारा हेरी कारवाही र किनारा हुने, उक्त निर्णय उपर प्रधान न्यायाधीशको परामर्शमा श्री ५ बाट गठन भएको अदालतमा पुनरावेदन लाग्ने व्यवस्था थियो । उपरोक्त बमोजिम मुद्दा र पुनरावेदन हेर्दाको कार्यविधि श्री ५ बाट बनाइबक्सेको नियमद्वारा व्यवस्थित हुने र यस संविधानको अन्य धारा वा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सो नियममा लेखिएको कुरामा सोही बमोजिम हुने व्यवस्था थियो । तत्कालिन संविधानमा सो आयोगलाई तहकिकात गर्ने र मुद्दा हेर्ने दुवै अधिकार दिइएको भएता पनि आयुक्तहरुको योग्यता निर्धारण गरिएको थिएन जसले गर्दा आयोगको निष्पक्षतामा नै विवाद र प्रश्न चिन्हहरु देखा परेका थिए ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

यस संविधानको धारा ९४ र ९५ मा यस सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जसअनुसार श्री ५ बाट यस संविधान बमोजिम संवैधानिक परिषद्को परामर्शमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन हुने, सो आयोगमा प्रमुख आयुक्त र आवश्यक संख्यामा थप आयुक्तहरु रहने, सो बमोजिम प्रमुख आयुक्तका अतिरिक्त अन्य आयुक्त नियुक्त भएमा प्रमुख आयुक्तले आयोगको अध्यक्ष भई काम गर्नुपर्नेछ ।

**नियुक्ति** : श्री ५ बाट प्रमुख आयुक्त र अन्य आयुक्तको नियुक्ति संवैधानिक परिषद्को सिफारिशमा गरिने, पदावधि नियुक्ति भएको मितिले ६ वर्षको हुने, सो पदावधि पूरा हुनु अगावै प्रमुख

आयुक्त वा आयुक्तको उमेर ६५ वर्ष पूरा भएमा आफ्नो पदमा वहाल नरहने वा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले निजहरुलाई सो पदबाट हटाउन सकिने व्यवस्था थियो ।

प्रमुख आयुक्त वा आयुक्तहरुको पदरिक्त हुने अवस्थाहरुमा निजको मृत्यु भएमा, श्री ५ बाट राजीनामा स्वीकृत भएमा, पदावधि पूरा भएमा, निज आफ्नो पदमा नरहेमा पदरिक्त हुने व्यवस्था थियो ।

**योग्यता :** स्नातकोपाधि प्राप्त गरेको, नियुक्त हुनु भन्दा ठीक अगाडि कुनै राजनैतिक दलको सदस्य नरहेको, कानुन, लेखा, राजस्व, निर्माण, विकास वा अनुसन्धानको क्षेत्रमा कम्तीमा १० वर्ष काम गरी अनुभव र ख्याती प्राप्त गरेको र ४५ वर्ष उमेर पूरा भएको हुनुपर्ने र निजहरु सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य हुने छैन ।

प्रमुख आयुक्त र आयुक्तको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारित भए बमोजिम हुने, पदमा वहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु बदलिने छैनन् ।

**काम, कर्तव्य र अधिकार :** कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ ।

तर देहायका पदाधिकारीका सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कारवाही गर्ने छैन :-

(क) त्यस्ता कारवाहीको सम्बन्धमा यस संविधानद्वारा छुट्टै व्यवस्था गरिएको पदाधिकारी, र

(ख) सैनिक ऐन बमोजिम कारवाहीको पदाधिकारी ।

अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्ने व्यवस्था गरेको थियो ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले जानीजानी वा लापरवाही साथ देहायको कुनै कार्य गरेमा अनुचित कार्य गरेको मानिने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३ मा गरिएको पाइन्छ जस अनुसार :

(क) आफ्नो अधिकार क्षेत्रभित्रको कुनै काम गर्न इन्कार गरेको वा आफ्नो अधिकार नभएको कुनै काम गरेको,

(ख) कुनै निर्णय वा आदेश गर्दा वाध्यात्मक रुपले अपनाउनु पर्ने कार्यविधिको पालना नगरेको,

(ग) आफूलाई प्राप्त अधिकार सम्बन्धित कानुन, निर्णय वा आदेश विपरित अर्कै उद्देश्य वा कार्यमा प्रयोग गरेको,

(घ) आफ्नो तजविज अधिकार वदनियत साथ वा स्वेच्छाचारी रुपमा प्रयोग गरेको,

(ङ) अन्य कार्यालय, अधिकारी वा कर्मचारीको कार्यमा अनाधिकार वाधा उत्पन्न गरेको वा त्यस्तो कार्यालय, अधिकारी वा कर्मचारीलाई दबाव दिई कुनै अनधिकृत कार्य गरेको,

(च) आफूले गर्नुपर्ने कुनै काम नगरी अन्य कार्यालय वा अन्य अधिकारी कहाँ पठाई आफ्नो उत्तरदायित्व पन्छाएको,

(छ) आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदिय कर्तव्य पालना नगरेको,

(ज) आफ्नो मातहतमा रहेको कर्मचारी वा आफ्नो प्रभावमा रहेको व्यक्तिलाई अनुचित दबाव दिई वा प्रलोभनमा पारी आफ्नो अनुकुलको काम गराएको,

(झ) आफूलाई पदिय हैसियतले प्राप्त सेवा सुविधा वा सहुलियतको दुरुपयोग गरेको ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेको अनुसन्धान वा तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरु उपर

कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्दछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य, अधिकार तथा कार्यविधि कानुनद्वारा व्यवस्था भए बमोजिम हुने, आयोगले आफ्नो अधिकार प्रमुख आयुक्त, आयुक्त तथा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन्न सक्ने व्यवस्था थियो । आयोगको वार्षिक प्रतिवेदन श्री ५ मार्फत संसद समक्ष पेश हुने व्यवस्था गरेको थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

यस संविधानको धारा ११९ र १२० मा यस सम्बन्धी व्यवस्था भएको पाइन्छ । यस सम्बन्धमा नेपाल अधिराज्यको संविधान, २०४७ को संविधानले गरेको अधिकाँश व्यवस्था यसमा समान भएता पनि आयुक्तहरुको लागि चाहिने आवश्यक योग्यतामा लेखा, कानुन, इन्जिनियरिङ, राजस्वको क्षेत्रमा कम्तीमा २० वर्ष कामको अनुभव भएको र उच्च नैतिक चरित्र कायम भएको हुनु पर्ने भनी थप व्यवस्था गरेको पाइन्छ । त्यस्तै धारा १२० मा काम, कर्तव्य र अधिकारमा खराब आचरणको आधारमा महाभियोग प्रस्ताव पारित भइ पदमुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइ सकेपछि कानुन बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सक्ने व्यवस्था छ । त्यस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारवाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अर्न्तगत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आवश्यक कारवाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ भन्ने व्यवस्था थप भएको देखिन्छ । अरु व्यवस्था नेपाल अधिराज्यको संविधान, २०४७ को समान देखिन्छ ।

## महालेखा परीक्षक

**तथ्यगत विश्लेषण**

सरकारद्वारा संचालित क्रियाकलाप तथा त्यसको नतिजाको मूल्याङ्कन गर्न जनताको चाहना विपरितको कार्यमा अग्रसर भएमा खबरदारी गर्न, पहरेदार भई सतर्कताको लागि सरकारलाई सचेत गराई राख्ने शक्ति समेतलाई सन्तुलित ढंगबाट परिचालन गराउन संवैधानिक निकायको ठूलो भूमिका हुन्छ ।

सबै देशहरुले आर्थिक क्रियाकलापको पारदर्शिताको लागि लेखा परीक्षण गराउने र सो कार्यको लागि संस्थागत रुपमा एक सर्वोच्च लेखा परीक्षण संस्था स्थापना गरेको पाइन्छ । यसको काम कर्तव्य सरकारले नागरिकको हितमा सहि तरिकाले गरेको छ छैन, स्रोत साधनको प्रयोग भएको छ छैन, आदि लेखा जोखा गरी आर्थिक पहरेदारको रुपमा काम गर्ने र सरकारलाई नागरिक प्रति जवाफदेहि बहन गराउन अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ । यसलाई शक्ति सन्तुलन र पृथकीकरणको आधारमा अध्ययन गर्दा यो स्वतन्त्र निकायको रुपमा रही आफ्नो कार्य स्वतन्त्रतापूर्वक गर्न पाउने व्यवस्था मिलाउन पर्ने आजको आवश्यकता ठानिएको छ ।

देशको चौतर्फी विकासको लागि आवश्यक साधन जुटाउन जति कठिन छ त्यति नै जुटाइएको साधनको बढी से बढी सदुपयोग गर्नु गराउनुमा छ । अमूल्य साधनहरुको अधिकतम सदुपयोग र कमसेकम क्षति तथा नोक्सानी व्यहोरी बढीसेबढी विकास कार्य संचालन गर्ने र उत्पादकत्व वृद्धि गर्ने क्रममा आर्थिक प्रशासनको सुसंचालन एक आवश्यक पूर्वाधार हो । आर्थिक प्रशासन र यसको नियन्त्रणमा सरकारी लेखापरीक्षण एक महत्वपूर्ण अंग हो र यसले उक्त क्षेत्रको संचालनमा अति विशिष्ट स्थान ओगटेको छ ।

जनताको जीवनस्तर उकास्ने सिलसिलामा सरकारले विभिन्न विकास कार्यक्रमहरु संचालन गर्ने हुँदा यसको लागि विभिन्न इकाईहरु मार्फत राजश्वको उठ्ती पुठ्ती गर्ने व्यवस्था गर्नलाई आफ्ना आर्थिक क्रियाकलापहरु बुद्धिमतापूर्ण तरिकाले संचालन गर्न अति आवश्यक छ । कुनै अधिकारीले सार्वजनिक जवाफदेही पालना गर्न नितान्त आवश्यक छ र यस्तो जवाफदेहि कतिहदसम्म

पूरा गरिएको छ भन्ने कुरा एक स्वतन्त्र एवं निष्पक्ष संस्थाद्वारा परीक्षण तथा निरिक्षण गर्नु नै सरकारी लेखापरीक्षणको प्रमुख उद्देश्य हो ।

सरकारले देशका जनताहरुको आर्थिक, सामाजिक, राजनैतिक, शैक्षिक, साँस्कृतिक अवस्थामा सुधार गरी विद्यमान विभेदहरु अन्त्य गर्न सबैको समान सहभागिता हुने व्यवस्था मिलाउनु पर्ने हुन्छ। त्यस्तै अन्तर्राष्ट्रिय स्तरमा रहेका असल अभ्यासलाई आत्मसात गरी देशको समग्र अवस्थालाई अन्तर्राष्ट्रिय स्तरसँग तुलना योग्य बनाउनु पर्ने हुन्छ । यसका लागि वित्तिय, मानवीय, भौतिक, सूचना जस्ता श्रोत साधनहरुको उपयोग गर्नु पर्दछ । सरकारले गर्ने सबै काम कारवाहीहरु आर्थिक स्रोतमा निर्भर भएका हुन्छन् । संसारका जस्तोसुकै प्रकारका देशको आर्थिक स्रोत सिमित रहेको हुन्छ जसले गर्दा सिमित स्रोत र साधनबाट अधिकतम उपलब्धि प्राप्त गर्नुपर्ने हुन्छ । यस्ता सार्वजनिक स्रोत साधनको उचित रुपमा उपयोग भए नभएको, स्रोतको उपयोगबाट अधिकतम प्रतिफल प्राप्त गरी सबै लाभग्राही कार्यमा समानुपातिक भए नभएको मूल्याङ्कन गर्नु पर्दछ । यसका लागि राज्य व्यवस्थामा विभिन्न निकायहरुको व्यवस्था गरिएको हुन्छ । यस्ता निकायहरु मध्ये स्वतन्त्र लेखापरीक्षण संस्था एक हो । यसले सार्वजनिक कोष वा सम्पत्तिको प्राप्ति र उपयोगका सम्बन्धमा अनुसन्धान, मूल्याङ्कन, लेखापरीक्षण गरी प्रतिवेदन दिने कार्य गर्दछ । संसारका सबै देशहरुले यस्तो संस्थाको व्यवस्था गरेका छन् । विभिन्न देशमा लेखापरीक्षण वा लेखा अदालत/वोर्ड, लेखापरीक्षण नियन्त्रण वोर्ड, लेखापरीक्षण आयोग, लेखापरीक्षण व्युरो, उत्तरदायित्व कार्यालय जस्ता नाम दिई यस्तो निकायको व्यवस्था गरेका छन् ।

सार्वजनिक कोषको उचित र प्रभावकारी उपयोग, स्वस्थ वित्तीय व्यवस्थापनको विकास, प्रशासनिक क्रियाकलापहरुको उचित कार्यान्वयन र प्रतिवेदनको माध्यमवाट सार्वजनिक निकाय तथा सर्वसाधारणलाई सूचना प्रदान गर्न स्वतन्त्र लेखापरीक्षण हुनु पर्ने र लेखापरीक्षणलाई यस्तो स्वतन्त्रता संविधानले दिनु पर्ने भन्ने मान्यता रहेको पाइन्छ । वस्तुगत तथा प्रभावकारी रुपमा काम गर्न सर्वोच्च लेखा परीक्षण संस्था लेखापरीक्षण गराउने निकाय भन्दा स्वतन्त्र र वाह्य हस्तक्षेपवाट मुक्त हुनु पर्दछ । संस्था राज्यको एक भाग भई पूर्ण रुपमा स्वतन्त्र हुन नसके पनि कार्यात्मक (Functional) र संगठनात्मक (Organisational) स्वतन्त्र हुनु पर्छ । स्वतन्त्र हुन देशको संविधान वा कानूनले संरक्षण गर्नु पर्दछ । कानूनी आधार (Mandate) को प्रत्याभूति हुनु पर्दछ । लेखापरीक्षण संस्था स्वतन्त्र भएर मात्र हुन्न यसका सदस्य र कर्मचारी समेत स्वतन्त्र हुनु पर्दछ । लेखापरीक्षण सदस्य जसले संस्थाको निर्णय गर्दछन र तेस्रो पक्षसंग उत्तरदायी हुन्छन उनीहरु संविधानवाट नै स्वतन्त्र हुनु पर्दछ । संस्थाका कर्मचारी र विशेषज्ञ लेखापरीक्षण गराउने निकायवाट प्रभावित नहुने र त्यस्ता निकायसँग निर्भर रहनु हुन्न । लेखापरीक्षण संस्थालाई आफ्नो कार्य पुरा गर्न वित्तीय साधन उपलब्ध गराउनु पर्दछ ।

नेपालमा राष्ट्रिय आय व्ययको विवरण नियमित रुपमा राख्न लगाउने उद्देश्यले संस्थापित भएको संवैधानिक निकाय महालेखा परीक्षक हो । सार्वजनिक सम्पत्तिको हिसाबको परीक्षण गर्ने र अनुचित व्यय भएको देखेमा त्यसतर्फ संसदको समेत ध्यानाकर्षण गराउन सकियोस् भन्ने उद्देश्यले महालेखा परीक्षकलाई स्वतन्त्र रुपमा राख्न संवैधानिक संरक्षण प्रदान गरिएको हुन्छ ।

हाम्रो देशमा राणा शासन कालमा पनि राष्ट्रिय आय व्ययको जाँच गर्न निमित्त कुमारी चोकको व्यवस्था भएको र त्यसले हिसाब जाँचमा महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो । वि.सं. २०१६ सालमा महालेखा परीक्षकको विभाग स्थापना भई स्वतन्त्र लेखा परीक्षकको रुपमा कार्य गरिरहेको छ । यसरी नेपालको संवैधानिक विकासको शुरुवात देखि नै सरकारी विभाग र अड्डा अदालतहरुको स्याहा श्रेस्ता र हिसाबको लेखापरीक्षण गराउन स्वतन्त्र निकायका रुपमा महालेखा परीक्षकको व्यवस्थालाई संवैधानिक मान्यता दिइएको पाइन्छ । यसको काम सरकारले नागरिकको हितमा काम गरेको छ छैन, स्रोत साधनको सदुपयोग भएको छ छैन आदि लेखाजोखा गरी आर्थिक पहरेदारको रुपमा काम गर्ने र सरकारलाई नागरिकप्रति जवाफदेही, आर्थिक जिम्मेवारी र उत्तरदायित्व वहन गराउन अत्यन्त महत्वपूर्ण भूमिका रहेको छ । यसलाई शक्ति सन्तुलन र पृथकीकरणको

आधारमा अध्ययन गर्दा यो स्वतन्त्र निकायको रुपमा रही आफ्नो कार्य स्वतन्त्रतापूर्वक गर्न पाउने व्यवस्था मिलाउने आजको आवश्यकता ठानिएको छ ।

संयुक्त राष्ट्र संघको स्थापना पछि विभिन्न देशहरुका राज्यका विभिन्न अंगहरु र निकायहरुले अन्तर्राष्ट्रिय संगठन स्थापना गरी एक अर्का विचमा काम कारवाहीको विषयमा सूचना आदान प्रदान गर्ने एक अर्काको कार्य संचालन प्रक्रियाको राम्रो पक्षहरु अवलम्बन गर्न थाले । यसै क्रममा विश्वका सर्वोच्च लेखापरीक्षण संस्थाहरुले आफ्नो अलग संगठन (International Organisation of Supreme Audit Institution, INTOSAI) स्थापना गरी आफ्नो सिद्धान्तमा आपसी अनुभववाट सवैलाई फाइदा (Mutual Experience Benefits All) राखेको छ । संगठनले लेखापरीक्षण संस्थाहरुलाई स्वतन्त्र पूर्वक काम गर्ने वातावरण बनाउन दुइ वटा घोषणा पत्र (The Lima Declaration of Guidelines on Auditing Precepts) र मेक्सिको घोषणापत्र (Mexico Declaration on SAI Independence) पारित गरी कार्यान्वयनमा ल्याएको छ ।

## स्वतन्त्र महालेखा सम्वन्धी अन्तर्राष्ट्रिय व्यवस्था :

### लिमा घोषणापत्र

लिमा घोषणापत्रले सार्वजनिक कोषको उचित र प्रभावकारी उपयोग, स्वस्थ वित्तीय व्यवस्थापनको विकास, प्रशासनिक क्रियाकलापहरुको उचित कार्यान्वयन र प्रतिवेदनको माध्यमवाट सार्वजनिक निकाय तथा सर्वसाधारणलाई सूचना प्रदान गर्न स्वतन्त्र लेखापरीक्षण हुनु पर्छ र लेखापरीक्षणलाई यस्तो स्वतन्त्रता कानूनले दिनु पर्छ भन्ने मान्यता राखेको छ । वस्तुगत तथा प्रभावकारी रुपमा काम गर्न सर्वोच लेखा परीक्षण संस्था लेखापरीक्षण गराउने निकाय भन्दा स्वतन्त्र र वाह्य हस्तक्षेपवाट मुक्त हुनु पर्दछ । संस्था राज्यको एक भाग भई पूर्ण रुपमा स्वतन्त्र हुन नसके पनि कार्यात्मक (Functional) र संगठनात्मक (Organisational) स्वतन्त्र हुनु पर्छ । स्वतन्त्र हुन देशको संविधान वा कानूनले संरक्षण गर्नु पर्दछ । कानूनी आधार (Mandate) को प्रत्याभूति हुनु पर्दछ । लेखापरीक्षण संस्था स्वतन्त्र भएर मात्र हुन्न यस्का सदस्य र कर्मचारी समेत स्वतन्त्र हुनु पर्दछ । सदस्य जस्ले संस्थाको निर्णय गर्दछन र तेस्रो पक्षसंग उत्तरदायी हुन्छन उनीहरु संविधानवाट नै स्वतन्त्र हुनु पर्दछ भने संस्थाका कर्मचारी वा विशेषज्ञ लेखापरीक्षण गराउने निकायवाट प्रभावित नहुने र त्यस्ता निकायसंग निर्भर हुनुहुन्न । सर्वोच्च लेखापरीक्षण संस्थालाई आफ्नो कार्य पुरा गर्न पर्याप्त वित्तीय साधन उपलब्ध गराउनु पर्दछ । राष्ट्रिय बजेटमा संस्थाको लागि स्पष्ट रुपमा देखिने गरी बजेटको व्यवस्था हुनु पर्दछ ।

लेखापरीक्षण संस्थाले देशको विधायिकाको एजेन्टको रुपमा र विधायिकाको निर्देशनमा लेखापरीक्षण गर्ने भएकाले विधायिका र संस्थाको सम्वन्ध कानूनमा उल्लेख हुनु पर्दछ । संस्थाले कार्यपालिकाका निकायहरुको क्रियाकलाप परीक्षण गर्ने भएता पनि संस्था कार्यपालिका भन्दा माथि हुन्न र संस्थाले उपलब्ध गराएका मन्तव्य वा निष्कर्षमा कार्यपालिकाका निकायले जवाफदेहिता जनाउनु पर्दछ । वित्तीय कारोवारसंग सम्वन्धित सवै अभिलेख र कागजातमा संस्थाको पहुँच हुनु पर्ने, लिखित वा मौखिक रुपमा माग गरेमा उपलब्ध गराउनु पर्ने, संस्थालाई वित्तीय विवरण लगायतका कागजात वा अभिलेख जस्ता सूचना उपलब्ध गराउने समय सीमा तोकिनु पर्दछ । लेखापरीक्षण गर्ने स्थान तोक्ने अधिकार संस्थालाई हुनु पर्दछ । संस्थाले उपलब्ध गराएको व्यहोरा (बेरुजु) मा सम्वन्धित कार्यालयले प्रतिकृया दिनुपर्ने, संस्थाले विधायिका वा सम्वन्धित निकायलाई कानून वा नियम तर्जुमा गर्न विशेषज्ञको रुपमा सुझाव दिन सक्ने तर विधायिका वा सम्वन्धित निकायले यो सुझाव स्वीकार वा अस्वीकार गर्न सक्ने र यस्ता सुझावले लेखा परीक्षण बेरुजुलाई असर नगर्ने, बजेट सम्वन्धी नियम वा लेखाङकन प्रकृया कार्यान्वयन गर्नु अधि संस्थाको स्वीकृति लिनु पर्दछ ।

लेखा परीक्षण कार्यक्रम संस्थाले तोक्न पाउने, नमूना छनौटद्वारा लेखा परीक्षण गर्न पाउने,

लेखापरीक्षण विधि वित्तीय व्यवस्थापनका सिद्धान्तको आधारमा प्रयोग गर्ने, लेखापरीक्षण गर्न निर्देशिका संस्थाले बनाउनु पर्ने, लेखापरीक्षणमा संलग्न कर्मचारी योग्य र इमान्दार हुनु पर्ने, कर्मचारीको पेशागत विकासमा जोड दिनुपर्ने, कामको विशिष्टता अनुसार पारिश्रमिक दिनुपर्ने दक्ष कर्मचारी नभएमा वाह्य बिशेषज्ञ लिन पाउनु पर्ने, संस्थाले वार्षिक रुपमा प्रतिवेदन विधायिका तथा सम्वन्धित निकायमा दिनुपर्ने र सो प्रतिवेदन प्रकाशन गर्नु पर्ने, कुनै खास महत्वको विषयमा जुनसुकै बेला प्रतिवेदन दिन पाउने, प्रतिवेदनमा संस्थाका सवै क्रियाकलाप समेटिनु पर्ने र प्रतिवेदन तथ्यमा आधारित वस्तुगत, स्पष्ट हुनु पर्दछ ।

संस्थाको अधिकार संविधानमा तोकिनु पर्ने, सवै सार्वजनिक वित्तीय क्रियाकलाप माथि अधिकार हुनु पर्ने, कर संकलन सम्वन्धी सवै पक्ष हेर्न पाउने, सार्वजनिक कोष प्रयोग हुने गरी भएका सवै ठेक्का पट्टाको लेखापरीक्षण गर्ने, विद्युतीय तथ्यांक प्रशोधन (EDP) को परीक्षण गर्ने, सार्वजनिक रुपमा स्थापित कम्पनीको लेखापरीक्षण गर्ने, सार्वजनिक कोषवाट अनुदान दिइएका निकाय वा कार्यक्रमको लेखापरीक्षण गर्ने र सार्वजनिक कोषवाट स्थापित अन्तर्राष्ट्रिय संस्थाको समेत लेखापरीक्षण गर्न पाउनु पर्ने व्यवस्था गरिएको छ ।

**मेक्सिको घोषणापत्र**

लिमा घोषणापत्र पछि इन्टोसाईका विभिन्न महाअधिवेशनमा सर्वोच्च लेखापरीक्षण संस्थालाई स्वतन्त्र बनाउने सम्वन्धमा विभिन्न निर्णय हुँदै गएकोमा मेक्सिकोमा भएको उन्नाइसौं अधिवेशनले मेक्सिको घोषणापत्र जारी गरेको हो । यस घोषणापत्रमा आठ वटा सिद्धान्त (Core Principles) उल्लेख छन जसलाई सार्वजनिक क्षेत्रको लेखापरीक्षणका आधारभूत आवश्यकता मानिएको छ ।

१. उचित र प्रभावकारी संवैधानिक/वैधानिक/कानूनी संरचना हुनु पर्दछ (The existence of an appropriate and effective constitutional/ statutory/legal framework and of de facto application provisions of this framework)।

२. आफ्नो कर्तव्य पालना गर्न पदावधिको सुरक्षा र कानूनी उन्मूक्ति जस्ता स्वतन्त्रता प्रमुख र सदस्यलाई हुनु पर्दछ (The independence of SAI heads and members, including security of tenure and legal immunity in the normal discharge of their duties)। कानूनमा नियुक्ति, पुनः नियुक्ति, रोजगारी, निष्काशन र अवकाशका शर्तहरु उल्लेख हुनु पर्छ ।

३. काम कारवाहीमा विस्तृत कार्यदेश र पूर्ण स्वविवेकियता पर्याप्त मात्रामा हुनु पर्दछ (A sufficiently broad mandate and full discretion in the discharge of SAI functions)।

४. सूचनामा अवरोध रहित पँहुच (unrestricted access to information) प्राप्त हुनु पर्दछ ।

५. आफ्नो कार्यको प्रतिवेदन गर्ने अधिकार र दायित्व (The right and obligation to report on their work) हुनु पर्दछ ।

६. प्रतिवेदनको विषयवस्तु र समय सीमा निर्धारण गर्न तथा प्रतिवेदन प्रकाशन गर्न स्वतन्त्र हुनुपर्छ (The freedom to decide the content and timing of audit reports and to publish and disseminate them)।

७. संस्थाको सुझाव कार्यान्वयनको अनुगमन गर्ने सक्षम संयन्त्र हुनु पर्दछ (The existence of effective follow-up mechanism on SAI recommendations)।

८. उपयुक्त मानवीय, सामग्री र वित्तीय साधन उपलब्ध गराई वित्तीय र व्यवस्थापकीय एवम् प्रशासनिक स्वायतता हुनु पर्दछ (Financial and managerial/administrative autonomy and the availability of appropriate human, material and monetary resources)।

**विदेशी मुलुकको अभ्यास**

*संघीय शासन व्यवस्था भएको मुलुकमा लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय अभ्यास :-*

१. **अष्ट्रेलिया :** संस्थालाई कमनवेथ महालेखा परीक्षकको कार्यालय र राष्ट्रिय लेखा परीक्षण कार्यालयका रुपमा राखिएको छ। जसको प्रमुख महालेखा परीक्षक रहन्छन जसलाई संसदको स्वतन्त्र अधिकारीको रुपमा मानिएको छ। महालेखा परीक्षकलाई आफ्नो काम गर्न वा अधिकार प्रयोग गर्न पूर्ण स्वविवेकीय अधिकार रहन्छ। महालेखा परीक्षकले एजेन्सीहरुको, कमनवेयल्थ प्राधिकरण र यस्का सहायकको, कमनवेयल्थ कम्पनी र यसका सहायकको वित्तीय विवरणको लेखा परीक्षण गर्दछ।

२. **क्यानाडा :** महालेखा परीक्षकले क्यानाडाको वित्तीय प्रशासन कानून अनुसारका वित्तीय विवरणको लेखापरीक्षण गरी लेखापरीक्षण मन्तव्य दिन्छ। महालेखा परीक्षकले आफ्नो कार्यालयको काम गर्दा सवै सूचना र व्याख्याहरु प्राप्त भए नभएको खुलाई प्रतिवेदन संसदमा पेश गर्दछ।

३. **जर्मनी :** फेडरल लेखापरीक्षण अदालतले अर्थ मन्त्रालयले तयार गरेको लेखाको लेखा परीक्षण गर्ने तथा वित्तीय व्यवस्थापनको कार्य सम्पादन, नियमितता र परिपालनाको परीक्षण गर्दछ। लेखापरीक्षणवाट प्राप्त नतिजाको विषयमा फेडरल संसद, सरकार र मन्त्रालयलाई सुझाव दिने गर्दछ। फेडरल बजेटको कार्यान्वयन सम्वन्धी नियम बनाउँदा अदालतको पूर्व स्वीकृति लिनु पर्ने व्यवस्था छ। फेडरल सार्वजनिक कानूनवाट स्थापित निकायको परीक्षण गर्ने व्यवस्था समेत रहेको छ।

४. **भारत :** नियन्त्रक र महालेख परीक्षकले युनियन र राज्यले राख्ने लेखाको ढाँचा स्वीकृत गर्न राष्ट्रपतिलाई सिफारिश गर्ने, युनियन र राज्यको शुरु र सहायक खातावाट लेखा एकीकरण (Compile) गरी राष्ट्रपति, गर्भनर वा प्रशासक समक्ष पेश गर्दछ तर राष्ट्रपति वा गर्भनरले नियन्त्रक र महालेखा परीक्षकसंग परामर्श गरी एकीकरण गर्ने जिम्मेवारीवाट मुक्त गर्न सक्ने व्यवस्था रहेको छ।

५. **पाकिस्तान :** महालेखा परीक्षकलाई महालेखा नियन्त्रकले तयार गरी पेश गरेको संघ वा प्रान्त र जिल्लाको लेखा प्रमाणित गरी कैफियत एवं सुझाव उल्लेख गरी राष्ट्रपति वा गर्भनर वा जिल्ला अधिकारी समक्ष पेश गर्दछ।

६. **स्वीटजरल्याण्ड :** फेडर लेखापरीक्षण कार्यालय वित्तीय नियन्त्रण गर्ने सर्वोच्च अंग रहेको छ। यसले फेडरल विधान सभा र परिषदलाई उनीहरुका वित्तीय अधिकार र प्रशासनका सुपरीवेक्षण कार्य गर्न सहयोग पुऱ्याउँदछ। आफ्ना वार्षिक कार्यक्रम तयार गरी संसद र परिषदका संयुक्त समितिलाई जानकारी दिनु पर्छ। लेखापालन सम्वन्धी नियम तर्जुमा तथा बजेट र राष्ट्रिय लेखा तयारी कार्यमा सहभागी भई विशेषज्ञको रुपमा राय दिने काम पनि गर्दछ। आन्तरिक नियन्त्रण इकाईका नियम वा विनियम कार्यालयवाट स्वीकृत हुनु पर्दछ। कार्यालयले आफ्नो प्रतिवेदन संसद र परिषदको संयुक्त समितिमा वार्षिक रुपमा पेश गर्दछ।

७. **संयुक्त राज्य अमेरिका :** महालेखा नियन्त्रक जसले सामान्य उत्तरदायित्व कार्यालयको प्रमुखको रुपमा काम गर्छ र कार्यकारी विभाग भन्दा स्वतन्त्र हुन्छ। उसले सार्वजनिक कोषको आय, निकाशा र उपयोग सम्वन्धी सवै विषयको अनुसन्धान गर्ने, संसद व संसदको

समितिले अनुरोध गरेका विषयमा अनुसन्धान र प्रतिवेदन पेश गर्ने, कुनै विभाग वा संस्थापनले कुनै वर्ष कानूनको अवज्ञा गरी खर्च वा संझौताको विषयमा प्रतिवेदन पेश गर्ने, विभाग वा संस्थापनको प्रशासकीय परीक्षणको पर्याप्तता र प्रभावकारिताको प्रतिवेदन दिने, बजेट सम्वन्धी व्यूरोलाई खर्च र लेखापालन सम्वन्धमा सुचनाहरु दिन्छ । सरकारको पूर्ण स्वामित्व भएका निगमहरु र अर्ध स्वामित्व भएका निगमको सरकारले लगानी गरेको अवधिको वित्तीय कारोवारको लेखापरीषण गरी वाणिज्य सम्वन्धी सिद्धान्त र प्रकृया अनुसार काम गरे नगरेको मूल्यांकन गरी प्रतिवेदन संसदमा पेश हुन्छ । सरकारी कार्य सम्पादन र नतिजा कानूनको कार्यान्वयन सम्वन्धी प्रतिवेदन समेत संसदमा पेश गर्दछ ।

८. **दक्षिण अफ्रिका :** महालेखा परीक्षकले सवै राष्ट्रिय र प्रान्तीय राज्यका विभाग र संगठन, संवैधानिक संस्था, संसद र प्रान्तीय विधायिकाको व्यवस्थापन, नगरपालिका, नगरपालिका निकाय, राष्ट्रिय र प्रान्तीय विधायिका वा कानून अनुसार महालेखा परीक्षकले लेखा परीक्षण गर्ने अन्य संस्था वा लेखा परीक्षण गरी प्रतिवेदन गर्नु पर्ने कर्तव्य तोकिएको छ । त्यस्तै सार्वजनिक वित्त व्यवस्थापन कानून अनुसार राष्ट्रिय र प्रान्तीय सरकार र नगरपालिका वित्त व्यवस्थापन अन्तरगतका नगरपालिकाको एकीकृत वित्तीय विवरणको लेखा परीक्षण र प्रतिवेदन दिने, सार्वजनिक वित्त व्यवस्थापनमा सूचिकृत भएका सार्वजनिक निकाय, राष्ट्रिय वा प्रान्तीय राजस्व कोष वा नगरपालिकाबाट रकम व्यवस्था गरिएका निकाय, सार्वजनिक प्रयोजनलाई रकम पाएका संस्थाको लेखा, वित्तीय विवरण र वित्तीय व्यवस्थापनको लेखापरीक्षण र प्रतिवेदन दिने काम समेत तोकिएको छ । महालेखा परीक्षकले लेखापरीक्षणमा उपयोग गरिएका मापदण्ड, उपलब्ध गराइएका सेवा, सेवा प्राप्त गर्ने निकायहरु जस्ता आफ्ना क्रियाकलाप र कार्य सम्पादन खुलाई वार्षिक रुपमा प्रतिवेदन संसदमा पेश गर्नु पर्दछ । लेखापरीक्षण सम्वन्धी नियम ओचरसाइट संयन्त्रको परामर्श लिई व्यवस्थापिका-संसदमा पठाउनु पर्दछ ।

९. **वेलायत :-** वेलायतमा यसलाई Comptroller and Auditor General भनिन्छ र यसले राष्ट्रिय धनको विनियोजनमाथि सरकारी नियन्त्रण प्रणालीमा अत्याधिक महत्वपूर्ण स्थान राखेको हुन्छ । निज क्याविनेट देखि स्वतन्त्र रहेको हुन्छन् । निजलाई राजनीतिमा भाग लिन छुट हुँदैन । निजको नियुक्ति राजाबाट ग्रेटशील अर्न्तगत गरिन्छ । असल आचरण रहेसम्म निज आफ्नो पदमा बहाल रहन्छन् र बर्खास्त गर्नुपरेमा संसदको दुवै सदनले प्रस्ताव पारित गर्नु पर्दछ ।

वेलायतमा महालेखा परीक्षकले संसदले जुन उद्देश्यका लागि रकम स्वीकृत गरेको हो सो उद्देश्यका लागि रकम खर्च गरियो गरिएन सो रकम खर्च गर्नका लागि कानुनी अख्तियारी छ छैन सो रकम खर्च गर्नका लागि ट्रेजरीको मान्यता प्राप्त गरियो गरिएन र जुन जुन कुरामा भुक्तानी भएको छ सो सबैको भौचर वा भुक्तानीको प्रमाण छ छैन भन्ने कुरा हेर्दछन् ।

## ऐतिहासिक पृष्ठभूमि

### नेपाल सरकार वैधानिक कानुन, २००४

यस संविधानमा सरकारबाट बनेको नियम बमोजिम मुलुकको आम्दानी खर्चको हिसाब जाँच्नलाई एक प्रधान जाँचकी श्री ३ महाराजबाट चयन गरिबक्सने, निजले सरकारबाट तोकिबक्से बमोजिम तलब खाई काम गर्ने, निजको वहाली बर्खास्ती प्रधान न्यायालयको न्यायाधीश सरह हुने, मुलुकको आम्दानी खर्चको तेरिज बनाई हरेक साल समाप्तपछि निज प्रधान जाँचकीले सो फेहरिस्त विषय रिपोर्ट व्यवस्थापक सभाको दुवै सभामा पेश गर्नका निमित्त श्री ३ महाराजमा चढाउने व्यवस्था थियो ।

**नेपाल अन्तरिम शासन विधान, २००७**

यस संविधानमा नेपालमा एक नियन्त्रक महालेखा परीक्षक रहने, जसलाई श्री ५ महाराजाधिराजबाट मन्त्रिपरिषद्को सल्लाह अनुसार भर्ना गरिबक्सने, नियन्त्रक महालेखा परीक्षकको तलब र नोकरीको अन्य शर्त प्रधान न्यायालयको न्यायाधीश सरह हुने, नेपाल सरकारको हरहिसाब श्री ५ महाराजाधिराजको स्वीकृती सहित नियन्त्रक परीक्षकले तोकेको रुपमा राखिने, नेपाल सरकारको स्याहा श्रेस्ता हरहिसाब सम्बन्धित नियन्त्रक महालेखा परीक्षकको रिपोर्ट श्री ५ महाराजाधिराजका हजुरमा पेश गर्नुपर्ने व्यवस्था थियो ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

नेपाल अधिराज्यको संविधान, २०१५ को भाग ८ धारा ६१ र धारा ६२ मा महालेखा परीक्षक सम्बन्धी व्यवस्था गरिएको पाइन्छ । जस अनुसार श्री ५ बाट एक महालेखा परीक्षक नियुक्त गरिबक्सने, महालेखा परीक्षकको पारिश्रमिक र सेवाका शर्त तथा पदावधि ऐनद्वारा निर्धारित हुने, त्यसको अलावा श्री ५ बाट बक्सेको नियमावलीद्वारा नियमित हुने, महालेखा परीक्षक भइसकेको व्यक्ति सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य नहुने, महालेखा परीक्षक पदमा रहुन्जेलसम्म निजको पारिश्रमिक निजलाई मर्का पर्ने गरी परिवर्तन नगरिने, र संचित कोषप्रति व्ययभार हुने, सर्वोच्च अदालतका न्यायाधीश सरह समान आधार र समान तरिकाले वाहेक महालेखा परीक्षकलाई निजको पदावधि खतम नहुँदै सो पदबाट नहटाइने व्यवस्था थियो । सो संविधानको  धारा ६२ मा हिसाब जाँच र रिर्पोटको बारेमा भनिएको छ : जस अनुसार मन्त्रिमण्डल, महासभाका सचिव, प्रतिनिधिसभाको सचिव, सर्वोच्च अदालत, लोकसेवा आयोग समेतको अफिस लगायत सरकारी सबै विभाग तथा अड्डा अदालतको स्याहा श्रेस्ता हिसाब श्री ५ को स्वीकृतीबाट बनेको ढाँचा र तरिकामा महालेखा परीक्षकले निर्धारण गरे अनुसार राखिने र महालेखा परीक्षकबाट जाँचिने व्यवस्था थियो । महालेखा परीक्षक र निजको सहायकहरुलाई यस्तो हरहिसाब सम्बन्धी सबै कागजात जुनसुकै बखत हेर्न पाउने अधिकार रहने, महालेखा परीक्षकले ऐन बमोजिम हिसाबसँग सम्बन्धित यस्तै अरु काम गर्नेछ र यस्तोमा चाहिने अधिकार समेत प्रयोग गर्ने, महालेखा परीक्षकले आफूले गरेको कामको वार्षिक रिर्पोट महालेखा परीक्षकले श्री ५ मा चढाउने र मौसुफबाट यस्ता रिर्पोटहरु संसद समक्ष राख्न लगाइ बक्सने व्यवस्था थियो ।

**नेपालको संविधान, २०१९**

नेपालको संविधान, २०१९ को भाग १२ धारा ७५ र ७६ मा महालेखा परीक्षक सम्बन्धी व्यवस्था भएको पाइन्छ । जस अनुसार नेपालमा एक महालेखा परीक्षक हुने जसलाई श्री ५ बाट राजसभासँग चाहिबक्सेमा परामर्श गरी नियुक्त गरिबक्सने, महालेखा परीक्षक नियुक्त भएको मितिले ६ वर्षसम्म आफ्नो पदमा बहाल रहने तर श्री ५ समक्ष पेश गरेको लिखित राजीनामा मौसुफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुने वा सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले निजलाई सो पदबाट हटाउन सकिने, महालेखा परीक्षकको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुने र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुने, महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्त नबदलिने, महालेखा परीक्षक भइसकेको व्यक्ति श्री ५ बाट नियुक्त गरिबक्सने पदमा बाहेक अन्य सरकारी सेवामा नियुक्त हुनको निमित्त ग्राह्य नहुने व्यवस्था थियो ।

सो संविधानको धारा ७६ मा महालेखा परीक्षकको काम र अधिकारको बारेमा व्यवस्था गरिएको पाइन्छ, जस अनुसार सर्वोच्च अदालत, राष्ट्रिय पन्चायत, राजसभा, अख्तियार दुरुपयोग निवारण आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, महान्यायाधिवक्ता तथा अन्य संवैधानिक अंगको कार्यालय र सबै सरकारी कार्यालय, अदालत एवं श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा कानुनद्वारा निर्धारित तरिका बमोजिम महालेखा परीक्षकबाट नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी लेखा परीक्षण हुने, महालेखा परीक्षक र निजका सहायकहरुलाई त्यस्तो लेखा सम्बन्धी सबै कागज पत्र जुनसुकै बखत

हेर्न पाउन अधिकार हुने, महालेखा परीक्षकले लेखा परीक्षण गर्ने लेखा सम्बन्धी कानुनका अधिनमा रही तोकिएको ढाँचामा राखिने, त्यसरी ढाँचा नतोकिएसम्म साविक बमोजिम ढाँचा नै कायम रहने, महालेखा परीक्षकले गर्ने लेखासँग सम्बन्धित अरु काम कानुनद्वारा निर्धारित भए बमोजिम हुने र त्यस्तो निजले सम्बन्धित कानुनद्वारा प्राप्त अधिकार प्रयोग गर्न सक्ने, महालेखा परीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ मा चढाउने र मौसुफबाट त्यस्तो प्रतिवेदन राष्ट्रिय पञ्चायत समक्ष राख्न लगाइबक्सने थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १३ धारा ९६ र ९७ मा महालेखा परीक्षक बारेमा उल्लेख छ । जस अनुसार श्री ५ बाट संवैधानिक परिषद्को परामर्शमा एक महालेखा परीक्षक नियुक्त गरिबक्सने, महालेखा परीक्षक नियुक्त भएको मितिले ६ वर्षसम्म आफ्नो पदमा वहाल रहने, निजको पुर्ननियुक्ति हुन सक्ने तर सो पदावधि पूरा हुनु अगावै महालेखा परीक्षकको उमेर ६५ वर्ष पूरा भएमा निज आफ्नो पदमा वहाल नरहने, महालेखा परीक्षकलाई सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधार र समान तरिकाले पदबाट हटाउन सकिने व्यवस्था थियो ।

मृत्यु भएमा, श्री ५ समक्ष निजले चढाएको लिखित राजीनामा मौसुफबाट स्वीकृत भएमा वा ६ वर्षको पदावधि पूरा भएमा निज आफ्नो पदमा नरहेमा महालेखा परीक्षकको पद रिक्त भएको मानिने व्यवस्था थियो ।

**योग्यता :**

- श्री ५ को सरकारबाट मान्यता प्राप्त विश्वविद्यालयमा स्नातकोपाधि प्राप्त गरेको, श्री ५ को सरकारको विशिष्ट श्रेणीमा कम्तीमा ५ वर्ष काम गरेको वा लेखा सम्बन्धी काममा कम्तीमा १५ वर्षको अनुभव प्राप्त भएको, नियुक्त हुनुभन्दा ठीक अगाडि कुनै राजनैतिक दलको सदस्य नरहेको, र ४५ वर्ष उमेर पूरा भएको नभई महालेखा परीक्षकको पदमा नियुक्तिको लागि योग्य नहुने व्यवस्था थियो ।

महालेखा परीक्षकको पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनद्वारा निर्धारित भए बमोजिम हुने, महालेखा परीक्षक आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पारिश्रमिक र सेवाका अन्य शर्तहरु नबदलिने, महालेखा परीक्षक भइसकेको व्यक्ति कुनै राजनैतिक पदमा वा कुनै विषयको अनुसन्धान, जाँचबुझ वा छानविन गर्ने वा कुनै विषयको अध्ययन वा अन्वेषण गरी राय, मन्तव्य वा सिफारिश पेश गर्ने कुनै पदमा नियुक्त भई काम गर्न वाहेक अन्य सरकारी सेवामा नियुक्त हुनको लागि ग्राह्य नहुने व्यवस्था थियो ।

यस संविधानको धारा ९७ मा महालेखा परीक्षकको काम, कर्तव्य र अधिकारको बारेमा उल्लेख भएको छ, जस अनुसार

१. सर्वोच्च अदालत, संसद, राजपरिषद्, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग तथा अन्य संवैधानिक निकायको कार्यालय र शाही नेपाली सेना एवं नेपाल प्रहरी लगायतका सबै सरकारी कार्यालय र अदालतको लेखा कानुनद्वारा निर्धारित तरिका बमोजिम नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी महालेखा परीक्षकबाट लेखा परीक्षण हुने,
२. पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा श्री ५ को सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा परीक्षणको लागि लेखा परीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गरिनेछ । त्यस्तो संगठित संस्थाको लेखा परीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्ने,
३. महालेखा परीक्षक र निजका सहायकहरुलाई लेखा परीक्षणको कामको लागि लेखा सम्बन्धी कागज पत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुनेछ । सो अनुसार महालेखा परीक्षक वा निजको सहायकले माग गरेका जुनसुकै कागन पत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालयको कर्तव्य हुने,

४. महालेखा परीक्षकले लेखा परीक्षण गर्ने लेखा सम्बन्धी कानुनका अधिनमा रही महालेखा परीक्षकद्वारा तोकिएको ढाँचामा राखिने,
५. अन्य कुनै कार्यालय वा संस्थाको लेखा महालेखा परीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा व्यवस्था गर्न सकिने,
६. श्री ५ समक्ष महालेखा परीक्षकले आफूले गरेका कामको वार्षिक प्रतिवेदन चढाउने, मौसुफबाट त्यस्तो प्रतिवेदन संसद समक्ष राख्न लगाइबक्सने व्यवस्था थियो ।

**नेपालको अन्तरिम संविधान, २०६३**

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १२ को धारा १२२ देखि १२४ सम्म महालेखा परीक्षकको व्यवस्था गरिएको छ । नेपालमा एक महालेखा परीक्षक हुने जसको नियुक्ति संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले गर्ने र नियुक्ति अगाडि संसदीय सुनवाई हुने व्यवस्था छ । महालेखा परीक्षकको पदावधि ६ वर्षको हुने, ६५ वर्ष पूरा भएमा पदमा बहाल नरहने, सर्वोच्च अदालतका न्यायाधीश सरह कार्यक्षमताको अभाव, खराब आचारण, इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको, शारिरीक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भन्ने आधारमा व्यवस्थापिका-संसदमा महाभियोग प्रस्ताव पारित भएका पदबाट हटाउन सकिने व्यवस्था छ भने राष्ट्रपति समक्ष राजीनामा दिएमा तथा मृत्यु भएमा पद रिक्त हुने व्यवस्था रहेको छ । महालेखा परीक्षक हुन व्यवस्थापन, वाणिज्यशास्त्र वा लेखामा स्नातक वा चार्टड एकाउन्टेन्सी परीक्षा उतीर्ण गरेको, सरकारको विशिष्ट श्रेणीमा काम गरेको वा लेखा परीक्षणमा २० वर्षको अनुभव हुनु पर्ने, राजनैतिक दलको सदस्य नभएको, ४५ वर्ष पुरा भएको र उच्च नैतिक चरित्र भएको हुनु पर्दछ । पारिश्रमिक र सेवाका अन्य शर्त कानुनले तोक्ने र महालेखा परीक्षक भइसकेपछि अन्य सरकारी सेवामा नियुक्त हुन नपाउने व्यवस्था छ । महालेखा परीक्षकको पारिश्रमिक र सुविधा तथा प्रशासनिक व्ययहरु संचित कोषमाथि व्ययभार हुने जसलाई व्यवस्थापिका-संसदको स्वीकृती आवश्यक पर्दैन ।

महालेखा परीक्षकले सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संविधानसभा, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय, संवैधानिक निकायका कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, सबै सरकारी कार्यालय र अदालतको लेखा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य विचार गरी लेखापरीक्षण गर्ने, पचास प्रतिशत भन्दा बढी शेयर वा जायजेथामा सरकारको स्वामित्व भएमा संगठित संस्थाको लेखापरीक्षक नियुक्ति गर्न परामर्श दिने र लेखापरीक्षण गर्दा अपनाउनु पर्ने सिद्धान्तको बारेमा निर्देशन दिने काम तोकिएको छ । त्यस्तै लेखापरीक्षणको काममा लेखा सम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने र उपलब्ध गराउनु पर्ने, लेखा राख्ने ढाँचा तोक्ने व्यवस्था पनि गरिएको छ ।

महालेखा परीक्षकले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने, राष्ट्रपतिले व्यवस्थापिका-संसदमा पठाउने, प्रतिवेदनमा लेखापरीक्षण गरेको निकायको विवरण, बेरुजुको स्थिति, बेरुजु फछ्र्यौट गर्न गरेका प्रयास, बेरुजु फछ्र्यौट सम्बन्धमा प्राप्त उपलब्धी तथा लेखा परीक्षण सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधार समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ ।

## लोक सेवा आयोग

**तथ्यगत विश्लेषण**

मुलुकको शासन व्यवस्था र संचालनमा सरकारलाई नीति निर्माणमा सहयोग पुऱ्याउने, सरकारद्वारा घोषित नीति तथा कार्यक्रमहरुको निष्पक्ष र निस्वार्थ तवरले कार्यान्वयन गर्ने, राज्यको राजश्व असुली, सामान्य प्रशासनको संचालन, सार्वजनिक सेवा वितरण र विकास निर्माणका कार्यहरु गर्ने जस्ता कार्य र क्रियाकलापले स्थायी सरकारको रुपमा यसले आफ्नो भूमिका निर्वाह गरेको हुन्छ ।

लोक सेवा आयोगको स्थापनाको मूख्य उद्देश्य निजामति (सरकारी) कर्मचारीहरुको छनोट गर्नु र निजामति कर्मचारीहरुको सामान्य प्रशासन संचालन गर्नु रहेको छ । सरकारको दैनिक सार्वजनिक प्रशासन संचालन गर्नको लागि नविनतम कर्मचारीहरुको आवश्यकता पर्दछ । यस्ता निजामति कर्मचारीहरु राज्य व्यवस्थाको संचालन सम्बन्धी कार्यमा संलग्न रहने हुनाले यस्ता कर्मचारीहरुको नियुक्ति र सेवाका अन्य शर्तहरु पनि विशेष रुपले तोक्नुपर्ने आवश्यकता हुन्छ । यी कर्मचारीहरुमा देशभक्ति, जन उत्तरदायित्वको बोध, गोपनियता सम्बन्धी क्षमता र कार्यदक्षता जस्ता गुणहरु हुनु आवश्यक मानिन्छ । यसै कारण निजामति कर्मचारीहरुको छनौट गर्ने विशेष मापदण्डहरु निर्धारित गर्नुपर्ने आवश्यकता हुन्छ र यी मापदण्डहरु अनुरुप निजामति कर्मचारीहरुको नियुक्ति, सरुवा, बढुवा, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरु पनि निर्धारित गर्ने व्यवस्था मिलाउनु पर्ने हुन्छ । निजामति कर्मचारीहरुको नियुक्ति सम्बन्धी मापदण्ड निर्धारित गरेर सो मापदण्ड अनुरुप योग्य र दक्ष जनशक्तिलाई निष्पक्ष रुपमा निजामति सेवामा नियुक्तिको लागि सिफारिश गर्न एक निष्पक्ष निकायको परिकल्पना गरिएको हुन्छ । यसै परिकल्पना अनुरुप लोक सेवा आयोगको स्थापनाको व्यवस्था गरिएको छ । सरकारले अपनाएको राष्ट्रिय नीतिको कार्यान्वयन उचित रुपले गर्न सक्ने व्यक्तिहरुको लागि चाहिने योग्यता सम्बन्धी मापदण्डको निर्धारण गर्नु र सो मापदण्ड अनुरुप निष्पक्ष रुपमा नियुक्त भएका निजामति कर्मचारीहरुको प्रशासन निष्पक्ष रुपले संचालित गर्नु लोक सेवा आयोगको स्थापनाको मूख्य उद्देश्य हो । आयोगको भूमिका मुलतः प्रतियोगितात्मक परिक्षाको माध्यमबाट कर्मचारी छनौट गरी भर्नाका लागि सिफारिश गर्ने, भर्ना पदोन्नती लगायत कर्मचारी प्रशासनका विविध पक्षमा नीति कानुन आदि निर्माण गर्ने काममा सरकारलाई सुझाव दिने रही आएको छ । सरकारको नियन्त्रणमा रहन सक्ने कर्मचारीहरुको निष्पक्ष रुपले नियुक्ति भएमा मात्र सरकारी नीतिहरुको उचित कार्यान्वयन हुन सक्ने अवधारणा अनुरुप निजामति कर्मचारीहरुको व्यवस्थापन सम्बन्धी कार्यका लागि संवैधानिक अंगको रुपमा लोक सेवा आयोगको स्थापना गर्नु आवश्यक देखिएको हो भन्ने मान्यता छ ।

प्रजातान्त्रिक समाजमा जनताका प्रतिनिधिहरुले बनाएको कानुन र कार्यकारिणीको नीतिलाई लागू गराउने महत्वपूर्ण माध्यम जनप्रशासन नै हो । जन प्रशासनमा दक्ष, योग्य र अनुभवी व्यक्तिहरुको छनौट गर्न सकिएमा नै प्रजातान्त्रिक मान्यता अनुरुपको शासन संचालन हुन सक्छ । यसैले कानुन र कार्यकारिणीका नीतिलाई सफल रुपमा कार्यान्वयन गराउन निष्पक्ष तथा स्वतन्त्र निजामती सेंवाको आवश्यकता पर्दछ । यसै अनुरुप नेपाल सरकार वैधानिक कानुन, २००४ ले मुलुकभर सबै ठाउँमा योग्य कर्मचारीहरु छनौट गर्ने उद्देश्यले दर्खास्त परिषद्को व्यवस्था गरेको थियो र २००७ सालको जनक्रान्तिपछि निर्माण संविधानहरुमा स्वतन्त्र निकायको रुपमा लोक सेवा आयोगको व्यवस्था गरिएको देखिन्छ ।

निजामति सेवामा योग्य व्यक्तिको छनौट गर्ने अभिभारा बोकेका व्यक्तिहरु स्वतन्त्र र निष्पक्ष हुनु आवश्यक हुन्छ । यसको लागि आयोगका अध्यक्ष तथा सदस्यहरुको सेवा र शर्तहरुको सुरक्षा तथा आयोगमा योग्य व्यक्तिहरुको नियुक्ति हुने व्यवस्था संविधानले सुनिश्चित गर्नु आवश्यक हुन्छ ।

**विदेशी मुलुकको अभ्यास**

*भारत*

अंग्रेज शासनकालमा भएको राजनीतिक आन्दोलनले भारतीय भूमिको सरकारी सेवामा स्थानीय नागरिक भर्ना गर्नुपर्ने बाध्यता तत्कालीन सरकारउपर आइपरेपछि एउटा दह्रो लोकसेवा आयोगको स्थापना गर्न बेलायती भारतीय सरकारलाई बाध्य तुल्याएको परिणामस्वरूप सन् १९२६ को १ अक्टुबरमा सर्वप्रथम सीमित अधिकार प्राप्त भारतीय Publice Service Commission को स्थापना भएको पाइन्छ । तर उक्त सल्लाहकारी भूमिकायुक्त आयोगले जनताको चाहनाअनुरूप काम गर्न नसकेकाले सन् १९३५ मा Government of India Act ले सर्वाधिकार सम्पन्न Federal Public Service Commission स्थापना हुनुको साथसाथै राज्य तहमा समेत लोकसेवा आयोगहरूको स्थापना हुन पुगेको पाइन्छ। भारतीय स्वतन्त्रतापश्चात् गठित

संविधानसभाले उक्त संघीय एवं प्रान्तीय आयोगहरूलाई स्वायत्त संस्थाको हैसियत प्रदान गरी निजामती प्रशासनको स्वार्थ तथा हितको प्रबर्द्धन गर्न स्वच्छ भर्ना प्रणालीको परिकल्पना गरेको पाइन्छ । सन् १९५० को जनवरी २६ मा जारी भएको भारतीय संविधानले अझ फड्को मार्दै धारा ३१५ मा आयोगको संविधानमा नै उल्लेख गरी स्वतन्त्र संवैधानिक निकायको दर्जा प्रदान गर्दै यसको नाम Union Public Service Commission राख्न पुगेको पाइन्छ । संविधानले आयोगमा एक अध्यक्षसहित १० पदाधिकारीहरूको व्यवस्था गर्दै उनीहरूको सेवा एवं सर्तका सम्बन्धमा Union Public Service Commission (Members) Regulation,1969 ले व्यवस्था गरेको पाइन्छ । यसका अध्यक्ष एवं सदस्यहरु राष्ट्रपतिद्वारा नियुक्ति हुनेछन् । यस कमिशनका सदस्यहरु सकभर आधा संख्याले सदस्य पदमा नियुक्ति हुनु भन्दा अघि कम्तीमा १० वर्षका लागि केन्द्र वा राज्य सरकार अर्न्तगतको पदमा सेवा गरेको हुनु पर्दछ । सदस्यहरु ६ वर्षको अवधिका लागि नियुक्ति हुन्छन् र ६५ वर्ष उमेर पुरा गरेमा आफ्नो पदावधि पुरा गर्नु अघि नै अवकास लिनु पर्दछ । आयोगको प्रमुख काम, कर्तव्य एवं अधिकारको रूपमा (क) प्रतिस्पर्धात्मक परीक्षाको माध्यमद्वारा संघीय इकाईहरूका सेवा तथा पदहरूमा कर्मचारी भर्ना गर्ने । (ख) केन्द्रीय सरकारको सेवा तथा पदहरूमा अन्तर्वार्ताको माध्यमबाट कर्मचारी भर्ना गर्ने । (ग) सेवारत कर्मचारीहरूको सरुवा तथा बढुवाको विषयमा सल्लाहकारी भूमिका निर्वाह गर्ने । (घ) सरकारको विभिन्न सेवा एवं पदहरूमा भर्नासम्बन्धी प्रक्रियाको सम्बन्धमा सल्लाह दिने । (ङ) विभिन्न सेवाहरूका सम्बन्धमा चालिने अनुशासनात्मक कारबाही तथा विविध विषयहरू (जस्तैः उपदान, पेन्सन, कानुनी खर्चको पुनःप्राप्ति) सम्बन्धी विषयहरूमा कार्य गर्ने । (च) कुनै राज्य वा प्रान्तीय सरकारले समेत पदपूर्ति सम्बन्धमा अनुरोध गरेमा सोको लागि योजना निर्माण एवं कार्यान्वयन गर्ने । संघीय लोकसेवा आयोगलाई प्राप्त अधिकारहरू जस्तै अधिकारहरू राज्यस्तरीय आयोगलाई प्राप्त भएको हुँदा क्षेत्राधिकारमा भएको स्पष्टताको कारणले दुवै तहका आयोगहरूको कार्यसम्पादन सुचारुरूपमा भइरहेको पाइन्छ ।

*पाकिस्तान*

भारतबाट छुट्टिएपश्चात् सन् १९३५ मा जारी भएको Government of India Act को प्रावधानअनुसार पाकिस्तानमा लोकसेवा आयोगको स्थापना सन् १९४७ मा भएको पाइन्छ । वर्तमान अवस्थामा पाकिस्तानी लोकसेवा आयोग इस्लामिक गणतान्त्रिक संविधानको धारा २४२ अनुसार स्थापित भएको पाइन्छ । तर यसको स्वतन्त्रता एवं स्वायत्तता भने The Rules of Business,1973 तथा Federal Public Service Commission Regulation,1978 द्वारा संरक्षित रहेको छ । आयोगलाई आफ्नो कार्य सुचारुरूपमा सम्पन्न गर्न केही मात्रामा प्रशासकीय एवं आर्थिक स्वायत्ततासमेत प्रदान गरिएको छ । उक्त Regulation, 1978 मा नै आयोगको कार्य उल्लेख गरिएको छ । जसअनुसार आयोगको मुख्य कार्य सम्पूर्ण पाकिस्तानी सरकारी सेवाको पदहरूमा कर्मचारी भर्नाको लागि प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गर्नु रहेको छ भने राष्ट्रपतिद्वारा सल्लाह माग गरिएमा निजलाई सरकारी सेवामा भर्ना गर्दा अपनाउनुपर्ने पद्धतिलगायतका विषय, एक सेवाबाट अर्को सेवामा सरुवा, बढुवालगायत सरकारी सेवासम्बन्धी अन्य विविध विषयमा परामर्श दिनु आयोगको कर्तव्य तोकिएको देखिन्छ ।

तर पाकिस्तानी लोकसेवा आयोगको क्षेत्राधिकार भन्दा बाहिर पनि केही पदहरूलाई राखिएको छ । ती पदहरूमा राष्ट्रपतिको सचिवालयमा भर्ना हुने कर्मचारी, पाकिस्तानी गुप्तचर संस्था (ISI) मा भर्ना हुने कर्मचारी, करारमा निश्चित समयको लागि भर्ना गरिने कर्मचारी, ६ महिनाभन्दा कम समयका लागि अस्थायी रूपमा नियुक्त हुने कर्मचारी (तर यस्ता कर्मचारी नियुक्त गर्नुपूर्व आयोगको पूर्वस्वीकृति लिनु अनिवार्य मानिन्छ), सेवानिवृत्त कर्मचारीलाई उसले गरेको पूर्वसेवाभन्दा उच्च पदमा नियुक्त नगर्ने गरी आयोगको स्वीकृतिबेगर भर्ना गर्न सकिने देखिन्छ ।

*बंगलादेश*

बंगलादेशको लोकसेवा आयोग पनि संवैधानिक अंगको रूपमा रहेको देखिन्छ। बंगलादेशमा लोक सेवा आयोगको स्थापना सन् १९७२ मे ९ मा भएको हो। आयोगको स्वरूप, हैसियत एवं कार्यक्षेत्र बंगलादेशको संविधानको धारा १३७-१३९ मा व्यवस्थित गरिएको छ। आयोगको मुख्य कार्यमा गणतन्त्रको सरकारी सेवाहरूमा आवश्यक दक्ष जनशक्ति पूर्ति गर्न प्रतिस्पर्धात्मक परीक्षाको सञ्चालन गर्नु नै हो। त्यसैगरी सरकारी प्रशासनसँग सम्बन्धित विषयमा राष्ट्रपतिद्वारा माग गरिएका बुदाहरूमा उचित राय सल्लाह दिनु पनि आयोगको काम कर्तव्यभित्रै पर्न आउँछ।

*श्रीलंका*

श्रीलंकन लोकसेवा आयोगको स्थापना सर्वप्रथम सन् १९४६ मा भएको पाइए तापनि सन् १९७२ मा यसलाई खारेज गर्दै यसले गर्ने सम्पूर्ण अधिकार तत्कालीन मन्त्रिपरिषद्लाई प्रदान गरेको पाइन्छ। तर सन् १९७८ मा दोस्रो गणतान्त्रिक संविधानद्वारा पुनः स्थापना गरी संवैधानिक अंगको रूपमा स्थापित गरे तापनि स्वतन्त्र निकायको रूपमा भने नभएको पाइन्छ। सन् २००१ मा भएको संविधानको सत्रौं संशोधनले मात्र यसको हैसियतलाई स्वतन्त्र संवैधानिक निकायको रूपमा स्थापित गर्दै संसद्प्रति उत्तरदायी हुने निकायको रूपमा प्रतिस्थापित गरेको देखिन्छ। आयोगको मुख्य कार्यका सम्बन्धमा संविधानको धारा ५५(१) मा उल्लेख गरेको पाइन्छ। त्यस्ता कार्यहरूको सूची हेर्दा भारत, पाकिस्तान, बंगलादेशको लोकसेवा आयोगलाई भएजस्तै प्रकृतिका कार्यहरू यसलाई पनि सुम्पिएको पाइन्छ।

*भुटान*

सन् १९७३ मा जनशक्ति विभागको रूपमा (लोकसेवा आयोगको कार्यप्रकृति बोकेको) स्थापित निकायलाई ज्यादै कार्यबोझ भएको ठानी सन् १९८२ को जुन महिनामा रोयल सिभिल सर्भिस कमिसनको रूपमा स्थापना भएको यस संस्थाको कार्य पनि भुटानी सरकारी सेवामा प्रवेश गर्न चाहने व्यक्तिहरूको प्रतिस्पर्धात्मक परीक्षा सञ्चालन गरी उत्तीर्ण उम्मेदवारलाई सिफारिस गर्नु रहेको देखिन्छ। यसको स्थापना राजाको आदेश (Royal Charter) बाट भएको हुँदा यसको हैसियत भने अन्य देशको जस्तो स्वतन्त्र भएको पाइँदैन।

यसरी विश्वका अधिकांश मुलुकमा शासन सञ्चालन गर्ने स्थायी संयन्त्र सरकारी प्रशासनलाई गतिशील, ऊर्जावान तुल्याउन आवश्यक जनशक्ति आपूर्ति गर्ने कार्य एउटा स्वतन्त्र निष्पक्ष स्वरूपको संस्थाद्वारा गरिआएको सन्दर्भबाट हेर्दा लोकसेवा आयोगजस्तो संस्थाको औचित्य स्वतः स्पष्ट हुन आएको छ। रूपमा त्यस्ता संस्थाहरूको नामकरण जेसुकै भए तापनि सारमा उनीहरूको कार्यप्रकृति एकैरूपको पाइन्छ। तर क्षेत्राधिकार, काम, कर्तव्य र अधिकारको सन्दर्भमा भने मात्रात्मक रूपमा केही घटीबढी रहेको देखिन्छ।

यसरी अधिकांश राष्ट्रहरूमा एकै प्रकृतिको लोकसेवा आयोगको गठन भएको परिप्रेक्ष्यमा नेपाल पनि सोही प्रकृतिको संस्था स्थापना गर्ने कार्यमा पछि परेको देखिँदैन। वि.सं. २००४ सालमा जारी भएको नेपाल सरकार वैधानिक कानुनले योग्य कर्मचारी छनोट गर्ने प्रयोजनका लागि सिफारिस गर्न दरखास्त परिषद्को स्थापना गर्ने भन्ने उल्लेख गरेको देखिन्थ्यो भने नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ५ मा अंग्रेजी नामकरणको पब्लिक सर्भिस कमिसनको प्रावधान राखेअनुरूप वि.सं. २००८ असार १ गते लोकसेवा आयोगको स्थापना भई भदौ महिनादेखि कर्मचारी पदपूर्तिको प्रक्रियाको सुरुवात भएको हो। वि.सं. २०१३ सालमा निजामती सेवा ऐनको तर्जुमापश्चात् नेपालको निजामती प्रशासनले एउटा पद्धति पाएको देखिन्छ। त्यसपछि जारी भएको नेपाल अधिराज्यको संविधान, २०१५, नेपालको संविधान, २०१९ ले पनि लोकसेवा आयोगलाई संवैधानिक मान्यता प्रदान गरेको पाइन्छ। तर नेपालको संवैधानिक इतिहासमै २०१५ सालको संविधानमा प्रदान गरिएको

लोकसेवा आयोगको अधिकार त्यसपछि जारी भएका नेपाल अधिराज्यको संविधान, २०४७ र हालको अन्तरिम संविधान, २०६३ समेतले सो हदसम्म प्रदान गर्न सकेको देखिँदैन ।

**ऐतिहासिक पृष्ठभूमि**

चीनमा ईसापूर्व दुई सय वर्षदेखि नै सरकारी सेवामा प्रवेश गर्न चाहनेहरुले वर्षौंसम्म विभिन्न शास्त्रहरुको अध्ययन गर्नुपर्ने र अन्त्यमा जाँच दिएर पास भएपछि मात्रै सरकारी सेवामा प्रवेश गर्न पाइने प्रचलन थियो । अमेरिकामा चलेको लुट प्रणाली (Spoil System) कै कारणले तत्कालीन राष्ट्रपति गारफिल्डको हत्या भएको हुँदा यसको लगत्तै कर्मचारी निष्पक्ष ढंगले नियुक्ति गरी तिनीहरुलाई स्थायी र राजनीतिक रुपमा तटस्थ बनाउनु पर्ने सोचको विकास भयो । नेपालमा पृथ्वीनारायण शाहकालदेखि राणाशासनकालसम्ममा पनि कर्मचारी नियुक्तिको लागि लोक सेवा आयोग जस्तो निष्पक्ष निकायको आवश्यकता महसुस गरिएको थिएन । पृथ्वीनारायण शाहकालीन पजनी प्रथा राणाकालमा आएर झन् घनीभूत भएको पाउन सकिन्छ । कर्मचारीहरुलाई सधैंभरि तर्साएर राख्ने यो अचुक अस्त्र थियो । राणाहरु कर्मचारीहरुलाई तर्साएर र थर्काएर काममा लगाउनु पर्दछ भन्ने मान्यतामा विश्वास गर्दथे । त्यतिबेला निजामती सेवामा भाइभारदारको नै बोलवाला रहन्थ्यो । तिनताका खरिदार, डिट्ठा, नौसिन्दा, मुखिया जस्ता पदमा मात्र जनताका छोराले सेवा प्रवेश गर्ने मौका पाउँदथे । ती पदहरुमा पनि बाबु बाजेदेखिकै चिनजानी र सेवामा रहेका व्यक्तिहरुका छोरा, नाति वा चाकडीले प्रफुल्ल बनाउन सक्नेमात्र सेवामा प्रवेश पाउने संभावना हुन्थ्यो । शैक्षिक योग्यताको हकमा नौसिन्दा वा सोभन्दा माथिका पदमा एघार पास र सोभन्दा मुनिका पदमा भने चार पास (ऐन, श्रेस्ता, हिसाव, लेखा) अनिवार्य गरिएको थियो तर पास हुदैमा नोकरीको निश्चितता भने थिएन । श्री ३ चन्द्रशमशेरले निजामती सेवामा प्रवेश गर्न ऐन, श्रेस्ता, हिसाव र भूगोल जस्ता चार विषयको चारपासे परीक्षा दिनुपर्ने व्यवस्था भने गरेको पाइन्छ । श्री ३ जुद्धशमशेरका पालामा अंग्रेजीवाजलाई चारपासे परीक्षा दिनु नपर्ने नियम बसालियो ।

राणा प्रधानमन्त्रीले कुनै पदमा भर्नाको लागि दरखास्त आव्हान गर्न चाहेमा बिचारी वा सोभन्दा माथिल्लो पदको लागि कमाण्डरी कितावखानाबाट केही दिनको समय दिई सूचना टाँस गरिन्थ्यो । प्राप्त दरखास्त मुलुकी अड्डामा पठाई सकेपछि मुलुकी अड्डाले जाँच लिन सदस्यहरु मनोनित गर्दथ्यो । त्यसरी मनोनीत भएका सदस्यहरुले दरखास्तवालालाई जाँची फेल पासको नामावली कितावखानामा पठाउँथ्यो । सफल भएकालाई कितावी सुब्बाले १० दिनभित्र चिफ साहेब र श्री ३ कहाँ दर्शन र सदर गराउन लैजानुपर्दथ्यो । राणा परिवार तथा भाइ भारदारको मनग्ये चाकडी, नातासम्बन्ध, चिनापर्ची, हाकिमले पत्याएको मानिस नभै जागीर पाइने कुनै गुन्जाइस थिएन । विदेशीलाई नोकरीमा भर्ना गर्नुभन्दा पहिला श्री ३ महाराजलाई जाहेरी गर्नुपर्दथ्यो ।

राणाकालमा पहिले पहिले बालीमा पनि तलव दिने प्रचलन थियो । पच्चीस वर्ष सेवा अवधि पुगेपछि छ भागको एक भाग पेन्सन पाउने चलन थियो । त्यतिबेला उपदानको व्यवस्था गरिएको थिएन ।

लोक सेवा आयोग एउटा पवित्र संस्था हो । प्रजातन्त्रको उदयसंगै जन्मेको यो संस्थाले एउटा लामो कालखण्डका आरोह अवरोहहरु पार गरिसकेको छ । नेपालको इतिहासमा यति लामो अवधिसम्म पनि निर्विवाद, स्वच्छ र पवित्र संस्थाको रुपमा आफ्नो छवि कायम राख्न सफल यो संस्थाको गरिमा विशिष्ट किसिमको छ ।

**संविधान तथा कानूनमा लोक सेवा आयोग**

निजामती सेवामा सक्षम र योग्य कर्मचारी भर्ना गर्ने प्रयोजनको लागि राणाशासनकालको अन्तिम समयदेखि नै विभिन्न प्रयासहरु भएको पाउन सकिन्छ । यस्ता संवैधानिक तथा कानूनी प्रयासहरुलाई निम्नानुसार उल्लेख गरिएको छ :-

(१) **नेपाल सरकार वैधानिक कानून, २००४ :** श्री ३ पद्मशमशेरबाट २००५ साल वैशाख १ गतेदेखि लागू हुने गरी जारी भएको नेपाल सरकार वैधानिक कानून, २००४ को धारा ६५ मा लोक सेवा आयोग सम्बन्धी यस्तो प्रावधान थियो :-

(क) मुलुकभर सबै ठाउँमा योग्य कर्मचारीहरु भर्ना हुन् भनी श्री ३ महाराजबाट एक दरखास्त परिषद् खडा गरिबक्सने ।

(ख) यसमा श्री ३ महाराजका तजबिजबाट खटिएका सदस्यहरु र जुन विभागमा भर्ना गर्नुछ सोही विभागको एक प्रतिनिधि समेत रहने ।

(ग) यस विषयमा बन्ने नियम बमोजिम सरकारी नोकरीका उम्मेदवारहरुको दरखास्त आएमा यस परिषद्ले योग्यता र ल्याकत जाँचबुझ गरी सरकारमा सिफारिश पेश गर्ने व्यवस्था थियो ।

यसबाट के प्रष्ट हुन्छ भने २००४ सालमा नै राणाशासकहरुबाटै मुलुकको सरकारी सेवाको लागि योग्य मानिस भर्ना गर्नुपर्छ भन्ने सोचको विकास भैसकेको थियो, चाहे त्यो बाध्यता नै किन नहोस् । यो संविधान लागू हुन सकेन । संविधाननै लागू नभएको अवस्थामा यसको कार्यान्वयनको सवाल उठ्ने कुरै भएन ।

(२) **नेपाल अन्तरिम शासन विधान, २००७ :** राणाशासनको अन्त्यसगै नेपालमा प्रजातन्त्रको बहाली भयो । एकतन्त्रीय जहानिँया शासनबाट देश प्रजातान्त्रिक शासन व्यवस्थाको युगमा फर्कियो । देशमा प्रजातान्त्रिक ढंगले शासन संचालन गर्न एउटा प्रजातान्त्रिक संविधानको जरुरत पऱ्यो । पद्मशमशेरद्धारा जारी भएको संविधान २००५ साल वैशाख १ गतेदेखि लागू हुने भनिए पनि लागू हुन सकेको थिएन । फलस्वरुप नेपाल अन्तरिम शासन विधान, २००७ जारी भयो । यो संविधानको भाग ५ मा लोक सेवा आयोग सम्बन्धी यस्तो प्रावधान राखिएको थियो:–

(क) लोक सेवा आयोग:- नेपालको निमित्त एक लोक सेवा आयोग (पव्लिक सर्भिस कमिशन) रहनेछ । त्यसमा एक सभापति र श्री ५ महाराजाधिराजबाट तोकिबक्से बमोजिम अरु सदस्य
रहनेछन् (धारा ६४) ।

(ख) नियुक्ति :- सरकारबाट पव्लिक सर्भिस कमिशनका सभापति र अरु सदस्यहरु भर्ना गर्नेछ । (धारा ६६)

(ग) तलव र नोकरीका शर्तहरु:- पव्लिक सर्भिस कमिशनका सभापति र सदस्यहरुको तलव र नोकरीका शर्तहरु प्रधान न्यायालयका न्यायाधीशहरु सरह हुनेछ ।

(घ) कर्तव्य :- १. नेपाल सरकारका सबै जागीरदारमा भर्नाका निमित्त जाँच गर्नु पव्लिक सर्भिस कमिशनको कर्तव्य हुनेछ ।

२. देहायका विषयमा पव्लिक सर्भिस कमिशनको सल्लाह लिनुपर्छ :-

(क) निजामती दर्जा र नोकरीमा भर्ना गर्ने तरिका सम्बन्धी सबै विषयहरुमा ।

(ख) निजामती नोकरी र पदहरुमा नियुक्ति गर्ने र सरुवा बढुवा गर्ने सिद्धान्तमा र उक्त नियुक्ति र सरुवा बढुवा सम्बन्धी उम्मेदवारको योग्यताको विषयमा ।

(ग) नेपाल सरकारको निजामती जागीरदारको अनुशासन सम्बन्धी सबै विषय र यस सम्बन्धी स्मृतिपत्र, विन्तीपत्र, उजुरी वा निवेदनपत्र समेत सबै विषयमा ।

र सरसल्लाहको निमित्त पेश गरिएको र श्री ५ महाराजाधिराजबाट सल्लाह मागिबक्सेको जुनसुकै विषयमा सल्लाह दिने काम पव्लिक सर्भिस कमिशनको हुनेछ ।

तर श्री ५ महाराजाधिराजबाट यस विषयमा साधारण तवरसँग वा विशेषतः अमुक विषयहरु वा अमुक परिस्थितिमा पव्लिक सर्भिस कमिशनसँग सल्लाह लिन आवश्यक छैन भनी नियमद्धारा तोकिबक्सेमा सो बमोजिम हुनेछ । (धारा ६७)

नेपाल अन्तरिम शासन विधान, २००७ को भाग ५ धारा ६४ मा पव्लिक सर्भिस कमिशन (लोक सेवा आयोग) को व्यवस्था गरेको देखिन्छ । यसै अनुरुप वि. सं. २००८ साल असार १ गते लोक सेवा आयोगको गठन भयो । आयोगको गठनसँगै लोक सेवा आयोग सम्बन्धी निम्न कानूनहरु बने :-

(क) नेपाल पव्लिक सर्भिस कमिशन नियम ऐन, २००९:- आयोगका सदस्यहरु तथा कर्मचारीहरुको नोकरीको शर्त सम्वन्धी यो नियममा व्यवस्था गरिएको थियो ।

(ख) नेपाल पव्लिक सर्भिस कमिशनको निर्देशन ऐन, २००९:- यसमा आयोगको कार्यपद्धतिको बारेमा उल्लेख गरिएको थियो ।

(ग) नेपाल पव्लिक सर्भिस कमिशनको कार्यविधि ऐन, २००९:- यसमा आयोगसंग परामर्श लिनुपर्दा पालना गर्नुपर्ने कार्यविधि सम्बन्धी कुराहरु उल्लेख गरिएको थियो ।

(घ) नेपाल पव्लिक सर्भिस कमिशनको कारबाही वन्देज ऐन, २००९ पनि यसै अवधिमा बनेको थियो ।

तत्पश्चात् २०१३ सालमा निजामती सेवा ऐन, २०१३ तथा निजामती सेवा नियमावली, २०१३ जारी भयो । यस नियमावलीको नियम २.१ मा सरकारी नोकरीमा बहाल नभएका कुनै व्यक्तिलाई कुनै निजामती सेवा अथवा पदमा नियुक्त गर्दा पव्लिक सर्भिस कमिशनको सिफारिश बेगर गर्नु हुदैन भन्ने व्यवस्था गरेको थियो । तर अस्थायी नियुक्ति हुने पदमा नियुक्ति गर्दा र एक सालमा रु. चारसय भन्दा कम तलव खाने निजामती कर्मचारीको नियुक्तिमा पव्लिक सर्भिस कमिशनको सिफारिश नचाहिने व्यवस्था गरिएको थियो ।

(३) **नेपाल अधिराज्यको संविधान, २०१५** : यो संविधानको भाग ७ को धारा ५९ मा लोक सेवा आयोगको प्रावधान गरिएको थियो । यो आयोगमा श्री ५ बाट तोकिबक्सेजतिको संख्यामा सदस्यहरु रहने र श्री ५ बाट तोकेको एक सदस्य आयोगको अध्यक्ष हुने प्रावधान थियो । एकतिहाई सदस्यहरु बहाल हुनुभन्दा ठीक पाँच वर्ष अघिसम्म सरकारी नोकरीमा नरहेको व्यक्ति हुने व्यवस्था गरिएको थियो । पदावधिको हकमा नियुक्ति पाएको मितिले ५ वर्षसम्म बहाल रहने र पुनर्नियुक्ति हुनसक्ने समेत प्रावधान थियो । पारिश्रमिक र सेवाका अन्य शर्तका हकमा सर्वोच्च अदालतका न्यायाधीशसरह हुने व्यवस्था गरिएको थियो । उक्त संविधानमा श्री ५ को सरकारका सबै पद वा सेवामा भर्नाको निमित्त जाँच गर्ने लोक सेवा आयोगको कर्तव्य हुने कुरा उल्लेख गरिएको छ । देहायका विषयमा आयोगको परामर्श लिनुपर्ने गरी स्पष्ट व्यवस्था गरिएको थियो :-

(क) निजामती सेवा तथा पदमा भर्ना गर्ने तरिका सम्बन्धी विषयहरुमा,

(ख) निजामती सेवा वा पदमा नियुक्त गर्ने, सरुवा, बढुवा गर्ने तथा नियुक्ति, सरुवा र बढुवा गर्दा उम्मेदवारहरुको विषयमा विचार गर्ने सिद्धान्तको विषयमा,

(ग) निजामती कर्मचारीको अनुशासन सम्बन्धी सबै विषय र यस सम्बन्धी स्मृतिपत्र, बिन्तीपत्र, उजुरी समेत सबै विषयमा,

(घ) निजामती कर्मचारी वा निजामती कर्मचारी रहेको व्यक्तिले आफ्नो पदको कर्तव्य पालन गर्दा सो सम्बन्धमा निजको विरुद्ध भएको कुनै कानूनी कारबाईमा संरक्षणका लागि गरेको खर्च संचित कोषबाट भराई दिनुपर्ने विषयको दावा गरे दिनुपर्ने वा नपर्ने भन्ने निर्णय गर्नुपर्ने विषयमा,

(ङ) निजामती कर्मचारीले आफ्नु कर्तव्य पालन गर्दा हुन गएको नोक्सानीको वा जोखिमीमा पेन्सन वा उपदानको दावा गरेको विषय र कति दिनुपर्ने हो भनी अंक निर्धारण गर्ने विषयमा,

(च) श्री ५ को सरकारको जुनसुकै सेवा वा पदको विषयमा श्री ५ बाट परामर्श मागिबक्सेको जुनसुकै विषयमा,

*यो संविधान जारी भैसके पछि लोक सेवा आयोग कारबाई बन्देज नियमहरु, २०१७ जारी भएको थियो ।*

(४) **नेपालको संविधान, २०१९** : यो संविधानको भाग १३ धारा ७७ मा लोक सेवा आयोगको व्यवस्था गरिएको पाइन्छ । आयोगमा श्री ५ बाट तोकिबक्सेका आयोगका एक सदस्य अध्यक्ष हुने, तीन खण्डको एकखण्ड सदस्य बहाल हुनुभन्दा ठीक पाँच वर्षसम्म सरकारी सेवामा नरहेको हुनुपर्ने, नियुक्ति गर्दा आवश्यकतानुसार श्री ५ बाट राजसभाको परामर्श लिन सकिबक्सने, सदस्यहरु नियुक्तिको मितिले छ वर्षसम्म बहाल रहने, श्री ५ समक्ष पेश गरेको लिखित राजिनामा स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुने र सर्वोच्च अदालतका न्यायाधीश सरह समान आधारमा र समान तरिकाले निजलाई सो पदबाट हटाउन सकिने प्रावधान थियो । लोकसेवा आयोगका सदस्यहरुको पारिश्रमिक र सेवाका अन्य शर्तहरु ऐनद्धारा निर्धारित हुने र त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाई तोकिबक्से बमोजिम हुने व्यवस्था थियो । उक्त संविधानमा देहायका विषयमा परामर्श लिनुपर्ने व्यवस्था गरिएको थियो :-

(क) निजामती सेवाका शर्त सम्बन्धी कानूनको विषयमा,

(ख) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाई गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा,

(ग) निजामती पदमा छ महीनाभन्दा बढी समयका लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(घ) कुनै एक प्रकारको निजामती सेवाबाट अर्को प्रकारको निजामती सेवामा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा; र

(ङ) राजपत्रांकित निजामती कर्मचारीलाई दिइने विभागीय सजायँको विषयमा निजामती पदमा आयोगको परामर्श बिना अब उप्रान्त नयाँ भर्नाद्धारा स्थायी नियुक्ति भएको कुनै पनि व्यक्तिले निवृतभरण नपाउने समेत किटानी व्यवस्था गरिएको थियो ।

(५) **नेपाल अधिराज्यको संविधान, २०४७** : नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १४ को धारा १०१ मा लोक सेवा आयोगको व्यवस्था गरिएको पाइन्छ । श्री ५ बाट संवैधानिक परिषद्को सिफारिशमा आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गरिबक्सने, सदस्यहरुमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरु दश वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरुमध्येबाट र बाँकी सदस्यहरु विज्ञान, कला, साहित्य, कानून वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा कुनै महत्वपूर्ण कार्य गरी ख्याती प्राप्त गरेका व्यक्तिहरु मध्येबाट नियुक्त हुने, पदावधि छ वर्षको हुने र पुर्ननियुक्ति हुनसक्ने, ६५ वर्ष उमेर पूरा भएपछि सेवामा बहाल रहन नसक्ने, नियुक्ति हुन ४५ वर्ष उमेर पूरा भएको, मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर उपाधि प्राप्त गरेको र कुनै राजनीतिक दलको सदस्य नरहेको हुनुपर्ने व्यवस्था गरिएको थियो । निजामती सेवाका पदहरुमा नियुक्तिको निमित्ति उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षाहरु संचालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने उल्लेख गरिएको छ । निजामती सेवाको निवृतभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति नगरिने र देहायको विषयमा आयोगको परामर्श बिना स्थायी नियुक्ति नगरिने व्यवस्था भएको छ :-

(१) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(२) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाई गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(३) निजामती पदमा छ महीनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(४) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(५) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(६) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायँको विषयमा ।

(६) **नेपालको अन्तरिम संविधान, २०६३ :** नेपालको अन्तिरिम संविधान, २०६३ को भाग १३, धारा १२५ मा लोक सेवा आयोगको व्यवस्था गरिएको छ, जस अनुसार नेपालमा एक लोक सेवा आयोग हुने र उक्त आयोगमा एकजना अध्यक्ष र आवश्यकतानुसार अन्य सदस्य रहने व्यवस्था रहेको छ । आयोगमा सदस्यहरुमध्ये कम्तीमा पचास प्रतिशत सदस्यहरुमध्ये वीस वर्ष वा सो भन्दा बढी अवधिसम्म कुनै सरकारी सेवामा रहेका व्यक्तिहरुमध्येबाट र बाँकी सदस्यहरु विज्ञान, प्रविधि, कला, साहित्य कानून जनप्रशासन, समाजशास्त्र वा राष्ट्रिय जीवनका अन्य क्षेत्रमा शोध, अनुसन्धान, अध्यापन वा अन्य कुनै महत्वपूर्ण कार्य गरी ख्यातीप्राप्त गरेका व्यक्तिहरुमध्येबाट नियुक्त हुने प्रावधान अन्तरिम संविधानले गरेको छ ।

लोक सेवा आयोगका अध्यक्ष र सदस्यहरुको पदावधि नियुक्तिको मितिले छ वर्षको हुने, ६५ वर्षको उमेरसम्म बहाल हुन सक्ने, सर्वोच्च अदालतका न्यायाधीशसरह समान आधारमा र समान तरिकाले सो पदबाट हटाउन सकिने व्यवस्था पनि अन्तरिम संविधानले गरेको छ । साथै लोक सेवा आयोगको अध्यक्ष वा सदस्य हुन स्नातकोत्तर उपाधि प्राप्त गरेको हुनुपर्ने, ४५ वर्ष पूरा भएको, नियुक्ति हुँदाका बखत कुनै राजनीतिक दलको सदस्य नरहेको र उच्च नैतिक कायम भएको हुनेपर्ने प्रावधान समेत उक्त संविधानमा राखिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ ले निजामती सेवाको पदमा नियुक्तिको निमित्त उपयुक्त उम्मेदवार छनौट गर्न परीक्षा सञ्चालन गर्नु लोक सेवा आयोगको कर्तव्य हुने, निजामती सेवाको निवृत्तीभरण पाउने पदमा लोक सेवा आयोगको परामर्श बिना स्थायी नियुक्ति नगरिने प्रावधान समेत राखिएको छ । देहायको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने प्रावधान समेत उक्त संविधानले राखेको छ :-

(१) निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा,

(२) निजामती सेवा वा पदमा नियुक्ति, बढुवा र विभागीय कारबाई गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा,

(३) निजामती पदमा छ महीनाभन्दा बढी समयको लागि नियुक्ति गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(४) कुनै एक प्रकारको निजामती सेवाको पदबाट अर्को प्रकारको निजामती सेवाको पदमा वा अन्य सरकारी सेवाबाट निजामती सेवामा सरुवा वा बढुवा गर्दा उम्मेदवारको उपयुक्तताको विषयमा,

(५) लोक सेवा आयोगको परामर्श लिनु नपर्ने अवस्थाको पदमा बहाल रहेको कर्मचारीलाई लोक सेवा आयोगको परामर्श लिनु पर्ने अवस्थाको पदमा स्थायी सरुवा वा बढुवा गर्ने विषयमा, र

(६) कुनै पनि निजामती कर्मचारीलाई दिइने विभागीय सजायँको विषयमा ।

यसको अलावा सैनिक सेवा, सशस्त्र प्रहरी सेवा वा प्रहरी सेवा वा अन्य सरकारी सेवाको पदमा नियुक्ति र बढुवा गर्दा अपनाउनु पर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनु पर्ने प्रावधान समेत यो अन्तरिम संविधानमा राखिएको छ । साथै कुनै सार्वजनिक संस्थाको सेवाका कर्मचारीको सेवाका शर्त सम्बन्धी प्रचिलित कानून र त्यस्तो सेवाका पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगसंग त्यस्तो संस्थाले परामर्श लिन चाहेमा लोकसेवा आयोगले परामर्श दिन सक्ने भनी आयोगको जिम्मेवारी बढाइएको छ ।

अन्तरिम संविधानको धारा १२७ (१) अनुसार आयोगले आफ्नो वार्षिक प्रतिवेदन प्रधानमन्त्रीसमक्ष पेस गर्नुपर्नेछ भने सो प्रतिवेदनमा धारा १२७ कै उपधारा २ अनुसार आफ्ना उपलब्धिहरूलगायत सुधार र सुझावसम्बन्धी विषयहरूसमेत उल्लेख गर्नुपर्ने बाध्यात्मक व्यवस्था गरिएको देखिन्छ । यस्ता विषयहरूमा वर्षभरिमा उम्मेदवार छनोट गर्न लिएको परीक्षाको विवरण, सो परीक्षामा उत्तीर्ण परीक्षार्थीसम्बन्धी विवरण, विभिन्न निकायलाई परामर्श दिएको विवरण, निजामती कर्मचारीलाई विभागीय कारबाही र सजाय गर्दा दिएको परामर्शको विवरण, परामर्शबमोजिम काम भए नभएको विवरण, कुनै सरकारी सेवाको पदको नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको बारेमा परामर्श दिएको भए सोको विवरण र भविष्यमा निजामती सेवाको सुधारको विवरणसमेत उल्लेख गर्नुपर्नेछ ।

## निर्वाचन आयोग

### तथ्यगत विश्लेषण

लोकतन्त्रको आधार स्वच्छ, स्वतन्त्र एवं निष्पक्ष निर्वाचन हुने भएकोले यस्तो कार्य संचालन गर्ने निकाय पनि स्वतन्त्र र निष्पक्ष हुनु पर्दछ । जति बढी मात्रामा निर्वाचन स्वच्छ र निष्पक्ष हुन्छ त्यति नै मात्रामा प्रजातान्त्रिक संस्थाहरु सबल हुन्छ । प्रजातन्त्रका आधारभूत आवश्यकताहरु मध्ये स्वच्छ निर्वाचन एक महत्वपूर्ण पक्ष हो । प्रजातन्त्रमा निर्वाचनको सर्वाधिक महत्व रहेको तथ्यलाई हृदयगंग गरी नेपालको संवैधानिक इतिहासको शुरुवातदेखि निर्वाचनको लागि मतदाताहरुको नामावली तयार गर्ने र निर्वाचनको संचालन, रेखदेख, निर्देशन तथा नियन्त्रणका लागि स्वतन्त्र निर्वाचन आयोगको संवैधानिक व्यवस्थालाई स्वीकारी आएको पाइन्छ । त्यसैले लोकतन्त्रको आधारको रुपमा रहेको निर्वाचन आयोगलाई भावी संविधानमा राष्ट्रिय आवश्यकता र जनचाहना अनुरुप व्यवस्था गर्नु आवश्यक देखिन्छ ।

निर्वाचन व्यवस्थापन गर्ने निकाय निर्माण सम्बन्धी संसारमा विभिन्न स्वरुपहरु प्रचलनमा छन् । स्वतन्त्र संवैधानिक निकाय, संवैधानिक परिषद्, स्वतन्त्र विधायिकी निकाय, न्यायिक निकाय र सरकारी निकाय जस्ता विभिन्न संरचनागत स्वरुपहरुमा निर्वाचन आयोग रहन सक्छ । विकसित मुलुकहरुमा निर्वाचित प्रतिनिधिहरुले नै निर्वाचन संचालन गर्ने र नीतिगत व्यवस्थाका लागि सरकारको कुनै निकायले काम गर्ने गरी तोकेको पाइन्छ । त्यस्तै निर्वाचन व्यवस्थापन निकायहरुमा तहगत संयन्त्रहरु पनि फरक फरक प्रकृतिका रहेको पाइन्छ । चिनमा खासगरी राष्ट्रिय निर्वाचन आयोगको विस्तारित रुप वा राष्ट्रिय निर्वाचन आयोग र राज्य वा स्थानीय तहका निर्वाचन आयोग बीच स्वतन्त्र जिम्मेवारी बाँडफाँडको स्वरुपहरु बढी प्रचलनमा रहेको पाइन्छ । निर्वाचन आयोगले आफ्नो सर्वोपरी रेखदेख, निर्देशन र नियन्त्रणको सिद्धान्त भित्र रही संघीय संरचनामा राज्य तहमा निर्वाचन व्यवस्थापन गर्न सरकारी पदाधिकारीहरुलाई निर्वाचन आयुक्तको रुपमा नियुक्ति गर्ने गरेको वा राज्य सरकारले छुट्टै निर्वाचन आयोग गठन गरेको वा राजनैतिक दलहरुको समितिलाई निर्वाचनको समयमा निर्वाचन संचालनको जिम्मेवारी दिने गरेको पनि पाइन्छ ।

### विदेशी मुलुकको अभ्यास

अन्य धेरै देशको संविधान हेर्दा निर्वाचन आयोगको संवैधानिक मान्याता देखिंदैन । भारतको संविधानको धारा ३२४ मा निर्वाचन आयोगको बारेमा व्यवस्था गरिएको पाइन्छ । जस अनुसार भारतमा निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त र अन्य निर्वाचन आयुक्तहरु राष्ट्रपतिले तोकेको संख्यामा राष्ट्रपतिद्वारा नियुक्त हुन्छन् । प्रमुख निर्वाचन आयुक्त सो आयोगको अध्यक्ष हुने छन् । निर्वाचन आयोगसँग परामर्श गरी राष्ट्रपतिले आवश्यक सम्झेका अन्य क्षेत्रीय आयुक्तहरु निर्वाचन आयोगको काममा सहायता गर्नका लागि नियुक्त गर्नेछन् । निर्वाचन आयुक्त र क्षेत्रीय निर्वाचन आयुक्तको सेवाको शर्त र पदावधि राष्ट्रपतिले नियम बनाई तोके बमोजिम हुनेछ । निर्वाचन आयुक्त भइ सकेपछि निजलाई मर्का पर्ने गरी निजको सेवाका शर्त बदलिने छैनन् । प्रमुख निर्वाचन आयुक्त

सुप्रिम कोर्टको न्यायाधीश सरह समान आधार र अवस्थामा हटाइने छन् र अन्य निर्वाचन आयुक्त वा क्षेत्रीय आयुक्तहरु प्रमुख निर्वाचन आयुक्तको सिफारिशमा हटाइने छन् । भारतको निर्वाचन आयोगले निर्वाचनको निम्ति मतदाता नामावली तयार गर्ने तथा राष्ट्रपति, उपराष्ट्रपति, संसद र राज्यका व्यवस्थापिका सभाको निम्ति गरिने सबै निर्वाचनहरुको संचालन गर्ने तथा संसद वा राज्यका व्यवस्थापिकाका कुनै सदस्यको अयोग्यता सम्बन्धमा विवाद उठेमा सो विषयमा राष्ट्रपतिलाई सल्लाह दिने कार्य गर्दछ ।

**ऐतिहासिक पृष्ठभूमि**

**नेपालको अन्तरिम शासन विधान, २००७**

नेपालको अन्तरिम शासन विधान, २००७ को भाग ६ धारा ६८ मा नेपालको निमित्त एक विधान बनाउन विधान परिषद्को निर्वाचन गर्नलाई सकेसम्म चाँडै उचित परिस्थिति सृजना गर्नु अन्तरिम सरकारको ध्येय हुनेछ । निर्वाचनका निमित्त मताधिकारीहरुको नामावली तयार गर्ने, निर्वाचन सम्बन्धी कामको रेखदेख, नियन्त्रण र निर्देशन गर्न निर्वाचन गराउन, निर्वाचन सम्बन्धी शंका र मुद्दा हेर्न, निर्वाचन अदालत नियुक्त गर्ने अधिकार दिई एक आयोग खडा गरिनेछ । जसलाई यस ऐनमा निर्वाचन आयोग भनिएको छ । निर्वाचन आयोगमा एक प्रधान निर्वाचन अफिसर र श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार समय समयमा तोकिबक्से बमोजिमको अरु निर्वाचन अफिसरहरु हुनेछन् । प्रधान निर्वाचन अफिसर र अरु निर्वाचन अफिसरहरु श्री ५ महाराजाधिराजबाट मन्त्रिमण्डलको सल्लाह अनुसार नियुक्त गरिबक्सनेछ । निर्वाचन अफिसरहरुको नोकरीको म्याद र शर्तहरु श्री ५ महाराजाधिराजबाट तयार गराईबक्सेको नियम बमोजिम हुनेछ । तर प्रधान निर्वाचन अफिसर र अरु निर्वाचन अफिसरहरु प्रधान न्यायालयका न्यायाधीश जुन अवस्थामा र जुन रीतले खारेज हुन्छन् सोही बमोजिम बाहेक खारेज हुने छैनन् । भर्ना भएपछि निजहरुलाई मर्का पर्ने गरी निजहरुको नोकरीका शर्तहरु बदलिने छैनन् । यस निर्वाचनको निमित्त हरेक निर्वाचन क्षेत्रलाई एक सामान्य मताधिकारीको नामावली हुनेछ र धर्म, जाति, जात (वर्ण), लिङ्ग इत्यादिको भेदभावमा कुनै मानिसको नाम उक्त नामावलीमा चढाउन नपाउने हुने छैन । निर्वाचन वयस्क (वालिग) मताधिकारीको आधारमा हुनेछ । अर्थात् श्री ५ महाराजाधिराज र मन्त्रिमण्डलबाट तोकिएको मितिमा कमसेकम २१ वर्ष उमेर पुगेका र निर्वाचन नियम मुताविक निर्वाचन क्षेत्रमा नबस्ने, मगज बिग्रेका, अपराधी वा गैर कानुनी अत्याचार गरे वापत अयोग्य ठहरिएका बाहेक सबै नेपालका नागरिकका नाम सो नामावलीमा दर्ता गर्न योग्य हुनेछ ।

यस ऐनको हदभित्र रही श्री ५ महाराजाधिराज र मन्त्रिमण्डलबाट निर्वाचन मताधिकारीको नामावली तयार गर्ने, निर्वाचन क्षेत्रको सिमाना तोक्ने र विधान परिषद् उचित तवरले खडा गर्ने समेत कामको निमित्त आवश्यक ऐन सवालहरु बनाइनेछन् । यस ऐन बमोजिम निर्वाचन क्षेत्रहरुको सिमाना तोक्ने, कुनै ऐन वा नियम न्यायपूर्ण हो होइन भन्ने कुराको सवाल कुनै अदालतमा गर्न पाइने छैन । श्री ५ महाराजाधिराज र मन्त्रिमण्डलले बनाएको नियममा लेखिएको रित बमोजिम र तोकिएको अफिसरले बाहेक निर्वाचन सम्बन्धी उजुर लाग्ने छैन ।

**नेपाल अधिराज्यको संविधान, २०१५**

प्रस्तुत संविधानले संवैधानिक निकायको रुपमा लोक सेवा आयोग र महालेखा परीक्षकलाई संविधानको छुट्टै भागहरुमा व्यवस्था गरेको पाइन्छ । संविधानको प्रस्तावनामा नेपालमा प्रजातन्त्र फलाउन प्रजालाई मौलिक हक प्रदान गर्ने श्री ५ को अभिलाषा रहेको भन्ने भनाइ र त्यही प्रजातन्त्रको स्थापना र विकासको लागि जननिर्वाचित सरकार र संसदको परिकल्पना त गरियो । तर निष्पक्ष निर्वाचन गराउने छुट्टै स्थायी रुपको स्वतन्त्र निकायको रुपमा अन्तरिम शासन विधानले समेत परिकल्पना गरेको निर्वाचन आयोगको व्यवस्था भने यो संविधानमा पाइदैन । प्रतिनिधि सभाको निर्वाचन गराउने सम्बन्धमा धारा २२ को उपधारा ५ ले श्री ५ बाट मौसुफको स्वविवेकमा नियुक्त निर्वाचन आयोगले प्रतिनिधिसभाको निर्वाचनको लागि मतदाताको नामावली तयार गर्ने, निर्वाचन कार्य संचालन, रेखदेख, निर्देशन र नियन्त्रण गर्ने काम गर्नुपर्ने गरी व्यवस्था गरेको पाइन्छ ।

**नेपालको संविधान, २०१९**

यस संविधानको भाग १३(क) धारा ७८ (क) मा निर्वाचन आयोग सम्बन्धी व्यवस्था छ । जस अनुसार नेपालको एक निर्वाचन आयोग हुनेछ जसमा प्रमुख निर्वाचन आयुक्त र आवश्यक भएमा श्री ५ बाट निर्धारित गरिबक्से जति संख्यामा अन्य निर्वाचन आयुक्त रहनेछन् ।

प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको नियुक्ति श्री ५ बाट चाहिबक्सेमा राजसभासँग परामर्श गरी गरिबक्सनेछ । निर्वाचन आयोगमा प्रमुख निर्वाचन आयुक्तको अतिरिक्त अन्य निर्वाचन आयुक्त नियुक्त भएमा प्रमुख निर्वाचन आयुक्तले निर्वाचन आयोगको अध्यक्ष भइ काम गर्नेछन् । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदावधि पूरा नभएसम्म बहाल रहनेछन् । तर श्री ५ समक्ष पेश गरको लिखित राजीनामा मौसुफबाट स्वीकृत भएमा आफ्नो पदबाट मुक्त हुनेछन् । सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले निजलाई सो पदबाट हटाउन सकिनेछ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्तको पदावधि ६ वर्षको हुनेछ र निजहरुको पारिश्रमिक र सेवाका अन्य शर्त ऐनद्वारा निर्धारित हुनेछन् । त्यसरी निर्धारित नभएसम्म श्री ५ बाट नियम बनाइ तोकिबक्से बमोजिम हुनेछ । प्रमुख निर्वाचन आयुक्त र निर्वाचन आयुक्त आफ्नो पदमा बहाल रहेसम्म निजलाई मर्का पर्ने गरी पदावधि, पारिश्रमिक र सेवाका अन्य शर्त बदलिने छैन ।

**निर्वाचन आयोगको काम र अधिकार**

यो संविधान र प्रचलित कानुन बमोजिम विभिन्न तहका पञ्चायतको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण निर्वाचन आयोगबाट हुनेछ । यो संविधानमा निर्वाचनको प्रयोजनको लागि मतदाता नामावली तयार पार्ने काम निर्वाचन आयोगलाई तोकिएको पाइदैन । यसका अतिरिक्त निर्वाचन गर्दा गराउँदा कुनै तल्लो तहका पञ्चायतको कुनै पदमा निर्वाचन नहुँदै कुनै माथिल्लो तहको पञ्चायतको निर्वाचन भएको कारणले मात्र सो निर्वाचन बदर नहुने, निर्वाचन विशेष अदालतको गठन र त्यसका सदस्यहरुको नियुक्ति वा मनोनयन गर्दा निर्वाचन आयोगको सिफारिश बमोजिम गरिने, निर्वाचन आयोगले आफ्नो अधिकार तथा कर्तव्य मध्ये कुनै अधिकार तथा कर्तव्य प्रमुख निर्वाचन आयुक्त, निर्वाचन आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन्न सक्ने तथा निर्वाचन आयोगका अरु अधिकार, कर्तव्य तथा कार्यविधि कानुनद्वारा निर्धारित भए बमोजिम हुने व्यवस्था गरिएको थियो ।

**नेपाल अधिराज्यको संविधान, २०४७**

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १५ धारा १०३ मा निर्वाचन आयोगको व्यवस्था गरिएको जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य आवश्यकता अनुसारका आयुक्तहरु रहने व्यवस्था थियो । साविक जस्तै नियुक्ति श्री ५ बाट गरिने प्रावधान भएपछि यस संविधानले परिकल्पना गरेको स्वतन्त्र रुपको संवैधानिक परिषद्को सिफारिश आवश्यक हुने व्यवस्था भयो र प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरुलाई हटाउन भने साविकै जस्तै सर्वोच्च अदालतको न्यायाधीश सरह समान आधारमा र समान तरिकाले हटाउन सकिने व्यवस्था नै रहे भएको देखियो । पारिश्रमिक लगायत अन्य सेवाका शर्तहरु कानुनद्वारा नै निर्धारण गर्ने व्यवस्था गरिएको थियो ।

काम कार्यका हकमा गाउँ नगर देखि व्यवस्थापिका-संसद सम्मको निर्वाचनको संचालन रेखदेख र नियन्त्रण एवं मतदाता नामावलीको तयारी जस्ता काम पनि निर्वाचन आयोगलाई नै दिएको पाइन्छ ।

**नेपालको अन्तरिम संविधान, २०६३**

संविधानको धारा १२८ मा निर्वाचन आयोग सम्बन्धी व्यवस्था भएको जसमा प्रमुख निर्वाचन आयुक्त र अन्य चार जनासम्म निर्वाचन आयुक्तहरु रहने व्यवस्था गरिएको र संवैधानिक परिषद्को सिफारिशमा राष्ट्रपतिले नियुक्ति गर्ने, निजहरुको पदावधि ६ वर्षको हुने र हटाउने व्यवस्थाका हकमा साविकको व्यवस्था कायम रहेको देखियो ।

खासगरी यस संविधानमा निर्वाचन आयोगलाई संविधानसभा, धारा १५७ बमोजिम हुने जनमत सँग्रह तथा स्थानीय निकायको निर्वाचनको संचालन, रेखदेख, निर्देशन र नियन्त्रण एवं मतदाता नामावली तयार गर्ने जिम्मेवारी दिएको पाइन्छ ।

प्रमुख निर्वाचन आयुक्त र अन्य आयुक्तहरुको पारिश्रमिक र सेवाका अन्य शर्तहरु पनि कानुनद्वारा निर्धारण भए बमोजिम हुने भन्ने जस्ता साविकका व्यवस्था यस संविधानमा कायमै राखिएको पाइन्छ ।

## राष्ट्रिय मानव अधिकार आयोग

**तथ्यगत विश्लेषण**

मानव भई जन्मेको नाताले मानिसलाई स्वतः प्राप्त हुने अधिकारलाई मानव अधिकार भनिन्छ । मानव प्राणीको नाताले व्यक्तिमा अन्तरनिहित आधारभूत अधिकार र स्वतन्त्रता (The Basic righs and freedom inherently belonging to a person as a human being) मानव अधिकार भित्र पर्दछन् । मानव अधिकारलाई विभिन्न नामाकरण गरिएको पाइन्छ । जस्तै : प्राकृतिक अधिकार, आधारभूत अधिकार, मौलिक अधिकार, नैसर्गिक अधिकार, अभेद्य अधिकार आदि । मानव इतिहासमा मानवको अधिकारलाई आन्तरिक तथा अन्तर्राष्ट्रिय मुद्दाको कारण आघात पर्न गएको ऐतिहासिक तथ्यको कारण मानव अधिकारलाई मानवतावादीले संरक्षणको परिधिभित्र राख्न अथक प्रयास गरेको तथ्य इतिहास साक्षी छ ।

मानव सभ्यता आज एक्काइसौं शताब्दिको मार्गबाट गुज्रिरहेको छ । मानव जातिको यहाँसम्मको यात्रा सुगम, सरल वा सहज नभइ संघर्ष द्वन्द्व वा युद्धहरु मार्फत गुज्रेको छ । अर्कोतर्फ मानव जातिको बुद्धि विवेक र सद्भावको परिणाम स्वरुप विचार र विज्ञानको विकास गर्दै जीवन खोज र प्राप्तीको अभियानसँगै निरन्तर र अथक ढंगले अगाडि बढिरहेको छ । मानव अधिकार पनि मानव जातिको यही संघर्षको परिणाम स्वरुप मानवीय जीवनको अधिकार अंगका रुपमा मानव जातिको सम्मान वा मर्यादाको जगेर्ना गर्दै निरन्तर विकास भइरहेको छ ।

विश्वमा मानिसहरुले विगतदेखि वर्तमानसम्म आफ्नो अधिकारका लागि थुप्रै आन्दोलन गर्दै आइरहेका छन् । संघर्ष र द्वन्द्वबाट मानविय बुद्धि विवेकका आधारमा यसको विकास भएकोले यसलाई आन्दोलनको नाम दिइएको छ । आज मानव जीवनसँग सम्बद्ध राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका सम्पूर्ण क्षेत्रको आधार विकास एवं परिमार्जन यसको राष्ट्रिय अन्तर्राष्ट्रिय मान्यता सिद्धान्त एवं कानुनका आधारमा गर्ने गरिन्छ । त्यसैले यो मानवद्वारा सिर्जना एवं विकास गरिएको मानविय हित र मर्यादासँग सम्बद्ध उत्कृष्ट उपलब्धी हो भन्नेमा विवाद छैन । त्यसैले एक्काइसौं शताब्दिसम्मको विविध सिद्धान्तमा आधारित राजनीति तथा कानुनी सिद्धान्तको निष्कर्ष पनि मानव अधिकार (The Final resort of politics is human right) हो भन्ने सहजै भन्न सकिन्छ । त्यसकारण मानव अधिकारको सिद्धान्त मानव जातिको कल्याणको सर्वोत्कृष्ट सिद्धान्त पनि भएकोले यो राजनीतिबाट पृथक छैन हुँदैन । बरु यो त एक्काइसौं शताब्दिको सर्वव्यापक अन्तर्राष्ट्रिय राजनीति हो ।

मानव समुदाय आदिम समाजमा स्वतन्त्र थियो । आदिम समाज विकासको नाममा अगाडि बढ्न थाल्यो । समाज विकासको नामसँगै मानिसद्वारा मानिसको शोषण, हिंसा, अपमान वा यातना जस्ता अमानविय व्यवहार बढ्न थाले । यस्ता अमानविय व्यवहारहरुको विकास क्रमले शोषणको सीमा यति माथि पुग्यो कि मानिसलाई मानिसको दास वा कमारोको स्थितिसम्म पुऱ्याइयो र ऊ वस्तु झै खरिद विक्रि हुन थाल्यो । यस्तो भय, सन्त्रासपूर्ण अमानवीय अवस्थाबाट मानिसलाई बचाउनका लागि मानव सभ्यताले कुनै न कुनै मार्गको अबलम्बन गर्न चाहन्थ्यो । सबै मानिसको जन्म समाज र स्वतन्त्र रुपमा हुने भए तापनि कोही मालिक र कोही दासका रुपमा किन अन्याय र असमानताको सिकार हुनु परेको होला भनी मानिसको चिन्तनको परिणाम स्वरुप न्याय, नैतिकता र मर्यादा (Justice, Morality and Dignity) का लागि शोषण विरुद्धको आन्दोलनको स्थापना भयो ।

वास्तवमा यही शोषण विरुद्धको आन्दोलनको जग नै मानव अधिकारको अवधारणात्मक जग हो भन्न सकिन्छ ।

वास्तवमा समाजको विकास क्रमले शोषणका पनि नयाँ नयाँ स्वरुपहरुको सिर्जना गर्दै आइरहेको छ । शोषणका त्यस्ता स्वरुपहरुको नियन्त्रण गर्न मानव अधिकार आन्दोलनले पनि नयाँ नयाँ अवधारणाहरुको विकास गरी शोषण नियन्त्रण गर्दै आइरहेको छ । त्यसकारण मानव अधिकारको अवधारणा यही हो भनेर कुनै विषयलाई स्थापित गर्नुभन्दा पनि यो मानव मर्यादा वा सम्मानका खिलाफमा हुने काम कारवाही वा शैलीमा निर्भर गर्दछ र शोषण विरुद्ध कानुन निर्माणको प्रक्रियासम्म पुगी शोषणलाई अपराधमा परिणत गरी सजायको व्यवस्था पछि त्यस विषयको अवधारणाले विसाएको पाइन्छ । जस्तो प्रारम्भमा प्राकृतिक अधिकारको सिद्धान्तले मानव अधिकारको अवधारणा स्थापित गर्न महत्वपूर्ण योगदान पुऱ्याएको थियो भने आजको अवस्थासम्म आइपुग्दा यो सिद्धान्तको भूमिका गौण हुँदै गएको छ । त्यसैले मानव अधिकारको अवधारणा निरन्तर निर्माण हुने प्रक्रिया हो भन्न सकिन्छ । नेपाली समाजमा रहेको छुवाछुत प्रथा कुनै समयमा सामाजिक वा कानुनी रुपले नै संरक्षित थियो भने आज यो अपराध भएको छ । यसलाई अपराधको चरणसम्म पुऱ्याउने मानव अधिकारको छुवाछुत विरुद्धको अवधारणाको स्थापना त्यसको विकास क्रमले निर्माण गरेको परिणाम हो ।

मानव अधिकारका सिद्धान्तहरुको सफलताले कानुनी रुप धारण गर्दछन् र त्यस्तो कानुनी रुप अन्तर्राष्ट्रिय कानुनमा देखा पर्ने हुनाले यसलाई अन्तर्राष्ट्रिय कानुनको नविनतम र अपरिहार्य शाखाका रुपमा सर्वत्र स्वीकारीएको छ । मानव अधिकारको कानुनी रुपको विकास संयुक्त राष्ट्र संघको स्थापना पछि मात्र भएको हो । संयुक्त राष्ट्र संघको वडा पत्रमा मानव अधिकारको संरक्षणको आवश्यकता महशुस गरी वडापत्रको अंगको रुपमा व्यवस्था गरे पश्चात राष्ट्र संघीय मूल सांगठनिक संयन्त्र तथा यसका तत्वावधानमा अन्तर्राष्ट्रिय रुपमा भइ रहेका विभिन्न मानव अधिकार सम्बन्धी सन्धि संझौताको माध्यमबाट यसले दिनानुदिन व्यापकता लिंदै गइरहेकोले यसले अन्तर्राष्ट्रिय कानुनको अत्यन्त महत्वपूर्ण विषयको रुपमा विकास भएकोले यसले विश्वभरिका मानिसहरुको गरिमा, मर्यादा, स्वाधिनता र समानताको सम्बर्द्धन गरेको छ । जसबाट शोषण विरुद्धको आन्दोलन अझ घनिभूत हुँदै अधिकारको रक्षा र सम्बर्द्धनको न्यायिक लडाईले व्यापक विद्रोह स्थापित हुँदै गइरहेको छ । यसले शोषण, अन्याय, अत्याचारको विरुद्ध मानिसहरुलाई विद्रोहको पाठ सिकाइरहेको हुनाले विद्रोहको अधिकारको अवधारणाको विकास समेत गर्दै गइरहेको छ ।

मानव अधिकार अन्तर्राष्ट्रिय कानुनबाट निःसृत हुने र कार्यान्वयन राष्ट्रिय स्तरमा हुने गर्दछ । हरेक राज्य अन्तर्राष्ट्रिय समुदायमा मानव अधिकार सम्बन्धी सन्धिहरुमा पक्ष राष्ट्रका रुपमा हस्ताक्षर गरिसकेपछि आफ्नो राज्यमा सन्धिले सिर्जना गरेका दायित्व वहन गर्नका लागि अन्तर्राष्ट्रिय मानव अधिकार कानुनका व्यवस्था स्थानीयकरण (Domestication) गरिन्छ र उपभोग योग्य बनाइन्छ । यसरी स्थानीयकरण गर्दा स्थानीय कानुन र अन्तर्राष्ट्रिय मानव अधिकार कानुन बाझियो भने अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्यवस्था लागू गर्नु पर्दछ । यसरी अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको कार्यान्वयन राष्ट्रिय रुपमा गरिन्छ । त्यसकारण मानव अधिकारको प्रकृति सर्वव्यापक देखिन्छ तापनि हरेक राष्ट्रले सरकारी तथा गैर सरकारी दुवै क्षेत्रबाट अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको पालना सम्बन्धमा नियमित प्रतिवेदन प्रस्तुत गर्नुपर्ने वाध्यकारी व्यवस्था समेत भएकोले यसको प्रकृति एवं क्षेत्र दुवै अन्तर्राष्ट्रिय स्तरको हुन्छ भन्न सकिन्छ ।

**मानव अधिकारका सिद्धान्तहरु**

- विश्वव्यापी र सर्वव्यापकता
- अविभाज्य अन्तरनिर्भर र अन्तरसम्बन्धित
- समानता र भेदभाव रहित
- सहभागिता र समावेशीकरण
- जवाफदेहिता र कानुनी शासन

**राज्य व्यवस्था अन्तर्गत मानव अधिकारको सैद्धान्तिक मान्यता**

- समानताका सिद्धान्तका आधारमा विभेद रहित शासन व्यवस्था

- सहभागिता र समावेशीकरण
- जवाफदेहिता र कानुनी शासन
- विद्रोहको अधिकार मानव अधिकार

अठारौं शताब्दिदेखि लिखित संविधानको प्रचलन विकास र विस्तारको क्रम अगाडि बढ्यो । यसै क्रममा मानिसका अधारभूत हक अधिकारलाई मुलुकको प्रमुख कानुनको रुपमा निर्माण गरिएको संविधान मार्फत सुनिश्चित र सुरक्षा गर्ने प्रचलन विभिन्न मुलुकहरुमा होडबाजी कै रुपमा विकसित हुन पुग्यो। क्रमागत रुपमा मानिसहरुलाई अत्याधिक हक अधिकार प्रत्याभूत गर्ने र त्यस्ता हक अधिकार संरक्षणका संयन्त्र संविधान मार्फत सुनिश्चित गर्न संविधानलाई उत्कृष्ट संविधान मान्ने प्रचलन विकसित हुन पुग्यो ।

बीसौं शताब्दीको मध्यकालदेखि इतिहासको लामो समयसम्म उपनिवेशमा रहेका रसिया, अफ्रिका तथा दक्षिण अमेरिका स्थित मुलुकहरुले आफ्नो सार्वभौमीकता, नागरिकका अधिकार, भौगोलिक अक्षुणता जस्ता विषयहरुको सुनिश्चितता लिखित संविधान मार्फत गर्न थाले ।

विगतका युद्ध र दमनलाई अन्त गर्दै अन्तर्राष्ट्रिय एक्यवद्धता (Solidarity) लाई वकालत र अनुशरण गर्न क्रममा जारी गरिएको संयुक्त राष्ट्र संघको वडापत्रले मानव अधिकारको रक्षा र प्रवर्द्धनलाई आफ्नो लक्ष्यका साथ उच्च प्राथमिकतामा राखेको थियो । यसको अलावा सो वडापत्रले मानव अधिकारको रक्षा र प्रवर्द्धन गर्नु सदस्य राज्यहरुको कर्तव्य हुने कुरा उल्लेख गर्दै मानव अधिकारको कुरालाई अन्तर्राष्ट्रियीकरण गर्न महत्वपूर्ण योगदान पुऱ्यायो । यसपछि क्रमिक रुपमा संयुक्त राष्ट्र संघको तत्वाधानमा मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८, राजनैतिक तथा नागरिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ लगायत मानव अधिकार सम्बन्धी दर्जनौं अनुबन्ध र घोषणा पत्र लगायतका पचासौं अन्तर्राष्ट्रिय दस्तावेजहरु जारी भइसकेका छन् । अन्तर्राष्ट्रिय समुदायको सदस्य राज्यको हैसियतले ती अन्तर्राष्ट्रिय दस्तावेज र अनुबन्धहरुको सम्मान र पालना गर्नु सबै राज्य व्यवस्थाको दायित्व भित्रको विषय मान्ने गरिन्छ ।

विकासको क्रममा व्यक्तिका स्वतन्त्रता र अधिकारहरु समय अनुकुल परिमार्जित र विस्तारित हुँदै आएका छन् । प्रारम्भमा व्यक्ति विशेषका नागरिक र राजनैतिक अधिकारलाई आधार मानी प्रारम्भ भएको मानव अधिकारको दर्शनले गरेको लामो यात्रा सँगै वर्तमान आर्थिक तथा सामाजिक अधिकारको अलावा समूहगत अधिकार, विकासको अधिकार तथा शान्तिको वातावरणमा बाँच्न पाउने अधिकारसम्म विस्तार भइसकेको अवस्था छ ।

**मानव अधिकार संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास**

अन्तर्राष्ट्रिय प्रचलनलाई आधार मानेर हेर्ने हो भने मानव अधिकारको संरक्षण र प्रवर्द्धनको जिम्मेवारी प्राप्त संयन्त्रका विकासको इतिहास धेरै लामो पाइदैंन । नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अनुबन्ध, १९६६ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार सम्बन्धी अनुबन्धमा उल्लेखित दायित्व स्वीकार गरेपछि पाश्चात्य संसारका थोरै राष्ट्रहरुमा अम्बुड्स्म्यानलाई उक्त अनुबन्धमा उल्लेखित अधिकारको पालना भए नभएको सम्बन्धमा अनुगमन र अध्ययन गर्ने काम सुम्पने प्रचलनको विकास गरियो । उक्त अनुबन्धहरुको पालना गर्ने राज्यको दायित्व सम्बन्धमा अनुगमन र निगरानी गर्न त्यस्ता संस्थाहरु आवश्यक पर्ने कुराहरु नागरिक समाज र मानव अधिकारकर्मीहरुको तर्फबाट पनि उठ्न थाले । परिणामतः अन्तर्राष्ट्रियस्तरबाटै राष्ट्रिय संयन्त्रको निर्माणको कामलाई अगाडि बढाइयो ।

सन् १९९३ मा मानव अधिकार सम्बन्धी विविध विषयमा छलफल गर्न संयुक्त राष्ट्र संघको तत्वाधानमा एउटा वृहत अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरिएको थियो । सो सम्मेलनलाई भियना घोषणा पत्र र कार्ययोजना (VIENA Declaration and Program of Action) जारी गरेको थियो । मानव अधिकारको क्षेत्रमा अत्यन्त महत्वपूर्ण दस्तावेज मानिने त्यस घोषणा पत्रमा

संयुक्त राष्ट्र संघमा सदस्य राज्यहरुले मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने प्रयोजनका लागि राष्ट्रिय संस्था अथवा मानव अधिकार आयोगको स्थापना गर्न सिफारिश गरिएको थियो ।

यसै क्रममा सन् १९९३ मा फ्रान्सको पेरीसमा मानव अधिकार सम्बन्धी राष्ट्रिय संगठनहरुको स्वरुप र अवस्था कस्तो हुने भन्ने सम्बन्धमा अन्तर्राष्ट्रिय बैठक आयोजना गरियो । सो बैठकले मूलतः मानव अधिकार सम्बन्धी राष्ट्रिय संस्थाहरुको स्वतन्त्रता र स्वायत्तता सम्बन्धमा केही सिद्धान्तहरु पारित गरेको थियो । पारित पेरीस सिद्धान्त अनुरुप त्यस्ता राष्ट्रिय संगठनहरु संवैधानिक वा ऐन अन्तर्गत गठन हुनुपर्ने, संगठनात्मक, कार्यगत र आर्थिक रुपमा पूर्णत स्वतन्त्र र स्वायत्त हुनुपर्ने, तीनिहरुको कामको लागि राज्यले पर्याप्त आर्थिक र अन्य स्रोत साधनको व्यवस्था मिलाउनु पर्ने र त्यस्ता संस्थामा कार्यरत जनशक्तिको प्रबन्ध र व्यवस्थापन उनीहरु आफैले गर्न सक्ने लगायतका व्यवस्था गरिएको पाइन्छ ।

उक्त अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा नेपालको सहभागिता रहेको थियो भने अन्तर्राष्ट्रिय समुदायको एक सदस्यको रुपमा नेपालले उक्त व्यवस्थाको अवलम्बन गर्न आवश्यक थियो । परिणामतः नेपालमा पनि राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाको सम्बन्धमा छलफल र कामहरु प्रारम्भ गरियो । अन्ततः राज्य र नागरिक समाजको प्रयासमा राष्ट्रिय मानव अधिकार आयोगको गठन भयो ।

**राष्ट्रिय मानव अधिकार आयोगको स्थापनाको ऐतिहासिक विकासक्रम**

राष्ट्रिय स्तरमा भएका विविध प्रयासको परिणामस्वरुप वि.सं. २०५३ साल पुस २४ गते राष्ट्रिय मानव अधिकार आयोग ऐन जारी गरियो । सो ऐन मार्फत आयोगलाई मानव अधिकारको संरक्षण, प्रवर्द्धन र सम्मान गर्ने सम्बन्धमा विविध अधिकारहरु प्रदान गरियो । राष्ट्रिय मानव अधिकार ऐन जारी भए पनि करिब चार वर्षसम्म मानव अधिकार आयोग गठन हुन सकेन । पछि वि.सं. २०५७ सालमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबावका बीच आयोगको गठन गरिएको थियो । उक्त ऐन अन्तर्गत आयोगलाई मानव अधिकार संरक्षणको सन्दर्भमा मानव अधिकार सम्बन्धी उजुरी लिने र त्यस उपर सुनवाई गरी आवश्यकता अनुसार क्षतिपूर्ति वा उल्लंघनकर्तालाई कारवाही गर्न सिफारिश गर्ने अधिकार प्रदान गरिएको छ । यसका अतिरिक्त आयोगलाई मानव अधिकार उल्लंघनको अवस्थाको अनुगमन तथा अनुसन्धान गर्ने लगायतका अधिकार प्रदान गरिएको छ । यसका अतिरिक्त आयोगलाई कारागार, बन्दीगृह लगायतका स्थानको निरीक्षण गरी त्यसमा आवश्यक सुधारको लागि सिफारिश गर्ने अधिकार प्रदान गरिएको छ । उक्त ऐनले मानव अधिकारको प्रवर्द्धनको लागि अध्ययन, अनुसन्धान तालिम, अन्तक्रिया गोष्ठी लगायतका काम गर्ने व्यवस्था गरिएको छ ।

नेपालको अन्तरिम संविधान, २०६३ अनुसार राष्ट्रिय मानव अधिकार आयोगलाई संवैधानिक अस्तित्व प्रदान गरियो । यसो हुनुमा मुलुकमा मानव अधिकारको रक्षा, प्रवर्द्धन र सम्मानको अवस्थालाई सुदृढ र सशक्त बनाउन एउटा स्वतन्त्र र शक्तिशाली मानव अधिकार संगठनको व्यवस्था गर्नु थियो । एक दशक भन्दा लामो द्वन्द्व र त्यसबीच भएका मानव अधिकारको उल्लंघनको अवस्थाको अनुभवले मानव अधिकार संरक्षणको क्षेत्रमा सशक्त र स्वतन्त्र निकायको आवश्यकता महशुस हुनु स्वाभाविकै थियो । सायद त्यसैले संविधानद्वारा मानव अधिकार आयोगलाई व्यापक कार्यादेश र अधिकार क्षेत्र प्रदान गरिएको पाइन्छ । उक्त संविधान अनुसार मानव अधिकारको संरक्षण, प्रवर्द्धन तथा सम्मानमा अभिवृद्धि गर्न आयोगलाई वृहत अधिकार प्रदान गरिएको पाइन्छ ।

**मानव अधिकार कार्यान्वयन, रक्षा र उपचार प्राप्त गर्ने संयन्त्रहरु**

जुनसुकै विषयले पनि पूर्णता प्राप्त गर्न त्यसको कार्यान्वयन पक्ष जिम्मेवार हुन्छ । कार्यान्वयन नहुने विषय कोरा सिद्धान्तमा सिमित रहेको हुन्छ । मानव अधिकार पनि धेरै वर्षसम्म कोरा सिद्धान्तमा सिमित रहेको थियो । मानव अधिकार कर्मीहरुको निकै लामो र अनवरत संघर्षको परिणाम स्वरुप यसको कार्यान्वयन पक्षको निर्माण भएको छ । सामान्यतया मानव अधिकारको विषय अन्तर्राष्ट्रिय रुपमा सिर्जना हुने र राष्ट्रिय स्तरमा लागू हुने गर्दछ तापनि यसको कार्यान्वयन, रक्षा र उपचारका क्षेत्रमा राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा विभिन्न संयन्त्रहरु क्रियाशिल रहेका छन् ।

मानव अधिकार रक्षा, सम्बर्द्धन र उल्लंघनमा उपचार प्राप्त गर्न राज्यले बजेट, जनशक्ति लगायतका मानव अधिकार कार्यान्वयन रक्षा र उपचार प्राप्त गर्ने संयन्त्रहरुको व्यवस्था गरेको हुन्छ। हाम्रो देशको सन्दर्भमा हेर्दा राष्ट्रिय मानव अधिकार आयोगको स्थापना भएको पाइन्छ।

यो आयोग संविधान तथा अन्य प्रचलित कानुनद्वारा प्रदत्त अधिकारको प्रभावकारी कार्यान्वयन संरक्षण र सम्वर्द्धन गर्नका लागि मानव अधिकार आयोग ऐन, २०५३ बमोजिम स्थापना भएको एक स्वतन्त्र र स्वायत्त संस्था हो। हाल यो संस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३१ बमोजिम संवैधानिक अंगको रुपमा रुपान्तरित भएकाले यसको हैसियत वा महत्वमा बढोत्तरी भएको छ र धारा १३२ बमोजिम यसलाई मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्न विभिन्न काम, कर्तव्य र अधिकारहरु प्रदान गरेको छ जो यसप्रकार छन् :-

**कर्तव्यहरु**

१. कुनै व्यक्ति वा समूहको मानव अधिकार उल्लंघन वा त्यसको दुरुत्साहन भएकोमा पीडित व्यक्ति आफै वा निजका तर्फबाट कसैले आयोग समक्ष प्रस्तुत वा प्रेषित गरेको निवेदन वा उजुरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त भएको जानकारी वा आयोगको आफ्नै स्वविवेकमा त्यसको छानविन तथा अनुसन्धान गरी दोषी उपर कारवाही गर्न सिफारिश गर्ने,

२. मानव अधिकारको उल्लंघन हुनबाट रोक्ने जिम्मेवारी वा कर्तव्य भएको पदाधिकारीले आफ्नो जिम्मेवारी पूरा नगरेमा वा कर्तव्यपालन नगरेमा वा जिम्मेवारी पूरा गर्न वा कर्तव्य पालना गर्नमा उदासिन देखाएमा त्यस्तो पदाधिकारी उपर विभागीय कारवाही गर्न सम्बन्धित अधिकारी समक्ष सिफारिश गर्ने,

३. मानव अधिकार उल्लंघन गर्ने व्यक्तिका विरुद्ध मुद्दा चलाउनु पर्ने आवश्यकता भएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने,

४. मानव अधिकारको सचेतना अभिवृद्धि गर्न नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने,

५. मानव अधिकारको उल्लंघनकर्तालाई विभागीय कारवाही तथा सजाय गर्न कारण र आधार खुलाई सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने,

६. मानव अधिकारसँग सम्बन्धित प्रचलित कानुनको आवधिक रुपमा पुनरावलोकन गर्ने तथा त्यसमा गर्नुपर्ने सुधार तथा संशोधन सम्बन्धका नेपाल सरकार समक्ष सिफारिश गर्ने,

७. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपाल पक्ष बन्नुपर्ने भएमा त्यसको कारण सहित नेपाल सरकारलाई सिफारिश गर्ने र पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए नभएको अनुगमन गरी कार्यान्वयन नभएको पाइएमा सोको कार्यान्वयन गर्न नेपाल सरकार समक्ष सिफारिश गर्ने,

८. मानव अधिकारको उल्लंघनका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश वा निर्देशन पालना वा कार्यान्वयन गर्ने पदाधिकारी व्यक्ति वा निकायको नाम कानुन बमोजिम सार्वजनिक गरी मानव अधिकार उल्लंघनकर्ताको रुपमा अभिलेख गर्ने।

**अधिकारहरु**

१. कुनै व्यक्तिलाई आयोग समक्ष उपस्थित गराई जानकारी वा बयान लिने, बयान गराउने, प्रमाण बुझ्ने, दसीप्रमाण दाखिला गर्न लगाउने सम्वन्धमा अदालतसरहको अधिकार प्रयोग गर्ने,

२. मानव अधिकारको गम्भीर उल्लंघन हुन लागेको वा भइसकेको सूचना आयोगले कुनै किसिमबाट प्राप्त गरेमा कुनै व्यक्ति वा निजको आवास वा कार्यालयमा बिना सूचना प्रवेश गर्ने, खानतलासी लिने तथा खानतलासी लिंदा मानव अधिकारको उल्लंघनसँग सम्बन्धित लिखत प्रमाण वा सबुत कब्जामा लिने,

३. कुनै व्यक्तिको मानव अधिकारको उल्लंघन भइरहेको जानकारी भई तत्काल कारवाही गर्नुपर्ने आवश्यकता देखिएमा बिना सूचना सरकारी कार्यालय वा अन्य ठाउँमा प्रवेश गर्ने र उद्धार गर्ने,

४. मानव अधिकारको उल्लंघनबाट पीडित भएको व्यक्तिलाई कानुन बमोजिम क्षतिपूर्ति दिन आदेश दिने,

५. कानुनमा व्यवस्था भए बमोजिम अन्य अधिकारको प्रयोग र कर्तव्य पालना गर्ने गराउने ।

**आयोगमा उजुरी गर्ने तरिका**

मानव अधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको उल्लंघन र त्यसको दुरुत्साहन तथा यसलाई रोक्न कुनै व्यक्ति संस्था वा निकायले गरेको लापरवाही तथा हेलचेक्र्याईका सम्बन्धमा उजुरी ग्रहण गर्ने तथा आयोगले स्वविवेकमा पनि अनुसन्धान तथा छानविन गर्दछ ।

मानव अधिकार तथा अन्तर्राष्ट्रिय कानुनको उल्लंघन तथा ज्यादतिका घटना सम्बन्धमा पीडित तथा जानकारी पाउने अन्य जोसुकैले पनि आयोगमा उजुरी दिन सक्नेछन् ।

यस्तो घटनामा उजुरी गर्दा उजुरीकर्ताको नाम आयोगले गोप्य राख्न सक्नेछ । आयोगमा उजुरी दिंदा कुनैपनि दस्तुर तथा शुल्क लाग्ने छैन । आयोगमा उजुरी दिनका लागि हदम्याद तोकिएको छैन ।

आयोगमा उजुरी दिनका लागि व्यक्ति स्वयं उपस्थित भएको लिखित निवेदन वा टेलिफोन, फ्याक्स, ईमेल, हुलाक आदि कुनै पनि माध्यमबाट जानकारी गराउन सकिनेछ । साथै कुनैपनि संघ संस्थाबाट पनि माथि लेखिए बमोजिमको तरिकाबाट उजुरी पठाउन सकिनेछ । उजुरी दिनका लागि आयोगले तोकेको ढाँचामा निवेदन दिनुपर्नेछ, तर सो ढाँचा उपलब्ध नभएमा अन्य कुनै पनि ढाँचामा उजुरी गर्न सकिनेछ ।

## अन्य आयोगहरु सम्बन्धी व्यवस्था

**महिला, दलित, आदिवासी/जनजाति, मधेशी समुदाय, मुस्लिम समुदाय र अपांगता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्रका समुदाय सम्बन्धी आयोग**

वि.सं.२००७ साल देखि गर्दै आएको संघर्ष, जनआन्दोलन र आ.व. २०६२/०६३ को दोस्रो संयुक्त जन आन्दोलन नेपालको इतिहासमा अविष्मरणिय हुन गयो । नेपाली समाजमा रहेको राजनैतिक, सामाजिक, साँस्कृतिक र आर्थिक विभेदको अन्त्य गर्ने, शोषित पीडित जनताको उत्कट अभिलाषा र जातजाति, भाषा, धर्म, सम्प्रदाय र क्षेत्रको आधारमा सामाजिक वहिष्करणमा परेका सिमान्तकृत समुदायले आफ्नो पहिचान र राज्य व्यवस्थाको हरेक पक्षमा आफ्नो समानुपातिक प्रतिनिधित्व खोजी गर्ने र राज्य व्यवस्थामा समावेश हुन चाहने सतत प्रयत्न नै उक्त जन आन्दोलन सफल हुनुको मूल कारण थियो । फलत जन आन्दोलनको मूल जनादेश नै विविधतायुक्त सामाजिक संरचना र राज्यको एकात्मक एवं केन्द्रीकृत ढाँचामा परिवर्तन गरी राज्यको अग्रगामी पुर्नसंरचना बन्न पुग्यो । दोस्रो जन आन्दोलनको जनादेश अनुसार निर्माण गरिएको नेपालको अन्तरिम संविधान, २०६३ ले नेपालमा राजनैतिक, सामाजिक, साँस्कृतिक, आीर्थक रुपले वहिष्करणमा परेका विभिन्न समुदायको आत्मसन्तुष्टिलाई सम्बोधन गर्ने प्रयास गरेको छ । नेपालको अन्तरिम संविधान, २०६३ ले नेपाललाई बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक, विशेषतायुक्त धर्म निरपेक्ष र समावेशी राष्ट्रको रुपमा घोषणा गरेको छ । संविधानले राज्यको वर्गिय, जातिय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक, क्षेत्रिय भेदभावको अन्त्य गर्दै महिला, दलित, जनजाति, मधेशी, उत्पिडित, उपेक्षित र अल्पसंख्यक समुदाय, पिछडिएको क्षेत्र लगायतको धोको सम्बोधन गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामि पुर्नसंरचना गर्ने मुलुकको राज्य संरचनाका सबै अंगमा महिला, मधेशी, दलित, आदिवासी/जनजाति, अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने कार्यलाई राज्यको दायित्वको रुपमा स्वीकार गरेको छ भने राज्यको

केन्द्रीकृत र एकात्मक ढाँचाको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक संघीय शासन प्रणाली सहितको अग्रगामी पुर्नसंरचना गरिने प्रतिवद्धता समेत उद्‌घोषित गरेको छ ।

लोकतान्त्रिक आन्दोलनले जनताको व्यापक सहभागितामा संविधान निर्माण गर्ने उत्कृष्ट विकल्पको रुपमा संविधानसभालाई आत्मसात गरेको छ । संविधानसभाबाट बन्ने संविधान जनताकै सहभागितामा जनताद्वारा नै निर्माण हुने कारण त्यस्तो संविधानमा जनताको इच्छाको अभिव्यक्ति प्रतिविम्वित हुने मात्र होइन सबैको सहभागिताबाट संविधान बन्ने हुँदा त्यसमा आफ्नो अपनत्व र स्वामित्व कायम हुन्छ । राज्य सम्पूर्ण रुपमा नयाँ संविधान बनाउने प्रक्रियामा छ । देशका विगतका संविधानहरु राज्यका सीमित वर्गले बनाए जनताको संविधान बनाउने प्रक्रियामा जनसहभागिता जस्तो लोकतान्त्रिक तथा नागरिक अधिकारको संरक्षणमा राज्य संयन्त्रले खासै ध्यान दिन सकेन । परिणामतः जनताले संविधानलाई आफ्नो कानुनको रुपमा कहिले स्वीकारेनन् । जनतामा संविधानप्रति आफ्नोपनको भावना विकास नभएको कारणले अहिलेसम्मका संविधानले प्रभावकारी तरिकाले काम गर्न सकेन ।

संविधान राज्य र राजनीति चलाउने संयन्त्र होइन, यो जनताको अधिकार किटान गर्ने तथा आशा अपेक्षा प्रतिविम्वित गर्ने संयन्त्र समेत भएकोले जनताको प्रत्यक्ष प्रतिनिधित्व र सार सहभागितबाट यसको निर्माण गरी राज्यको भावी दिशानिर्देश गर्नुपर्ने हुन्छ । सदियौंदेखि समाजमा व्याप्त रहेको असमावेशी चरित्रको अन्त्यको लागि राज्य संयन्त्र बढी चनाखो हुनुपर्ने देखिन्छ । यसका लागि पछाडि पारिएका समुदायको अर्थपूर्ण सहभागिता र सारभूत प्रतिनिधित्वको लागि राज्यले विशेष ध्यान दिनु आवश्यक छ ।

विकासोन्मुख गरिब मुलुकमा मात्र होइन, विकसित र धनी मुलुकमा समेत र एकाधिकारवादी शासन व्यवस्था भएको देशमा मात्र होइन प्रजातान्त्रिक शासन व्यवस्था भएको देशमा समेत राज्य व्यवस्थाको निर्णायक शक्ति केही व्यक्ति वा व्यक्तिहरुको समूहमा केन्द्रीकृत भएको पाइन्छ । प्रजातान्त्रिक देशहरुमा राजनैतिक रुपमा प्रजातन्त्रको आधार उत्साहजनक भएपनि उत्पादनका साधनहरु र आर्थिक वितरण प्रणालीमाथि केही सीमित व्यक्तिहरुको पकड रहन गएको तथा बजारमुखी सही समाधान अर्थ व्यवस्थाको संस्थागत विकासबाट पनि समाजमा विद्यमान रहेको विविध समस्याहरुको सही समाधान हुन नसकेको कारणले आर्थिक, सामाजिक लगायतका क्षेत्रमा सर्वसाधारण जनताहरुको बीचमा असमानता झन बढ्दै गएको देखिन्छ । राज्य व्यवस्थामा देखा परेका राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक क्षेत्रका समस्याहरुको समाधान गर्न तथा राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपले उत्पीडित विश्वभरिका बहुसंख्यक जनताहरुलाई राज्य व्यवस्थाको मूल धारमा समावेश गर्न समावेशीकरणको अवधारणा र त्यसलाई कार्यान्वयन गर्ने समावेशी लोकतन्त्रको अवधारणागत विकास भएको मानिन्छ ।

महिला, दलित, आदिवासी/जनजाति आदि वर्गको माग राजनैतिक र नागरिक अधिकारको प्रत्याभूतिका अलावा राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको प्रत्याभूतिको लागि समेत गरेको सन्दर्भमा नागरिक तथा राजनीतिक अधिकार मुलतः स्वतन्त्रताको हकबाट निसृत अधिकारहरु भएकोले यी अधिकारले मुलतः व्यक्तिको वैयक्तिक विकास एवं राजनीतिक प्रक्रियामा सहभागिताको वकालत गरेको हुन्छ । नागरिक तथा राजनीतिक अधिकारले व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा आँच आउने कार्य गर्न राज्यलाई निषेध गर्दछ । तर आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारले स्वतन्त्रताका साथ साथै समानता र समुन्नतीको समेत लक्ष्य लिएको हुन्छ । यी अधिकारले कुनै व्यक्तिको निजी हक हितको संरक्षणको प्रश्नभन्दा पनि सामुहिक हक अधिकारसँग सरोकार राख्छन् । खासगरी आर्थिक, सामाजिक र शैक्षिक दृष्टिकोणले पिछडिएको र सिमान्तकृत वर्गका समग्र हित एवं भिन्न साँस्कृतिक पहिचान बोकेको समुदायको साँस्कृतिक पहिचानको आधारहरुको संरक्षण गर्दछ ।

नागरिक तथा राजनीतिक अधिकारले सामान्यतया राज्यको उपस्थिति र हस्तक्षेपलाई इन्कार गर्दछ । त्यसकारण यी अधिकारलाई नकारात्मक अधिकार पनि भन्ने गरिन्छ । तर आर्थिक, सामाजिक अधिकारको कार्यान्वयनको लागि राज्यको सक्रिय उपस्थिती अनिवार्य छ । राज्यको उपस्थिति विना आर्थिक सामाजिक अधिकारहरुको स्वतन्त्रतापूर्वक उपभोग गर्न सक्ने वातावरण सिृजना हुन सक्दैन ।

यी अधिकारको सुनिश्चितताको लागि राज्यले सकारात्मक वातावरणको सृजना गर्नुपर्दछ । कतिपय अवस्थामा यी अधिकारहरुलाई व्यक्तिको दावीका रुपमा भन्दा पनि कानुनको निर्माण एवं राज्य संचालनका निर्देशक सिद्धान्तका रुपमा राखिएका हुन्छन् । तर नागरिक र राजनीतिक अधिकारलाई प्राथमिकता दिने र आर्थिक सामाजिक र साँस्कृतिक अधिकारलाई उच्च महत्व नदिने दृष्टिकोणले अन्यायपूर्ण आर्थिक सामाजिक संरचनालाई समर्थन गर्न जाने र कमजोर र सिमान्तकृत वर्गको न्यूनतम आवश्यकताप्रति उपेक्षा हुन पुग्छ ।

आर्थिक सामाजिक अधिकारको प्रत्याभूति सामाजिक न्यायको एउटा पाटो पनि हो । मानव अधिकार र मानवीय मूल्य र मर्यादाको संरक्षण एवं लोककल्याणका लागि विश्वमा आजसम्म भएका सबै साना ठूला आन्दोलन सामाजिक न्यायतर्फ नै लक्षित गराएका छन् । नेपाल अहिले संविधान निर्माण मार्फत स्थायी शान्ति निर्माण तर्फ उन्मुख भएको अवस्थामा स्थायी शान्तिका लागि पनि सामाजिक न्यायमा आधारित आर्थिक सामाजिक संरचना बनाउन आवश्यक छ । आर्थिक र सामाजिक अधिकारको सुनिश्चितता विना न त मानव अधिकारले पूर्णता प्राप्त गर्दछ न त सामाजिक न्याय नै सम्भव छ । सामाजिक न्याय र मानव अधिकार दुवैले राज्यबाट संरक्षण र सम्मान खोजेको हुन्छ । न्यायलाई समग्रतामा हेर्ने दृष्टिकोण सामाजिक न्याय हो । यसले व्यक्तिलाई अधिकतम वैयक्तिक स्वतन्त्रता प्रदान गर्नुका अतिरिक्त अवसरको पहुँचमा समानताको अवसर सृजना गर्दछ । John Rawls ले अवसरमा समान पहुँचको सृजनाको लागि आर्थिक सामाजिक अधिकारको सुनिश्चिततामा जोड दिएका छन् ।

सामान्यतया जनसंख्याको आधारमा राजनैतिक तथा प्रशासनिक संस्थाहरु तथा निर्णय प्रक्रियामा सर्वसाधारण जनताहरुको समान प्रतिनिधित्व, राजनैतिक, आर्थिक अवसरहरुको समान वितरण, शिक्षा, स्वास्थ्य जस्ता आधारभूत मानवीय सुविधाहरुमा सबैको समान पहुँच जस्ता परिसुचकहरुले राज्य व्यवस्था समावेशीकरणको अवधारणा अनुसार संचालन भएको छ छैन ? भन्ने एकीन गर्ने गरिन्छ । खासगरी एकभन्दा बढी जात, जाति, भाषा, धर्म, लिङ्ग, क्षेत्रका जनताहरु रहेको राज्यमा सबै जातजाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रका जनताहरु बीच राज्यले समान व्यवहार गर्नुपर्दछ । त्यस्तो समानताको स्थिति नभइ राज्यको शासन व्यवस्थाको हरेक क्षेत्रमा खास जातजाति, धर्म, भाषा र क्षेत्रको व्यक्तिहरुको मात्र प्रभूत्व रहन गएमा राज्य व्यवस्थामा समावेश भएका र राज्य व्यवस्थाबाट उपेक्षित भएका नागरिकहरु बीच द्वन्द्वको स्थिति उत्पन्न हुन्छ । परिणामतः राज्यमा राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायतका क्षेत्रमा शंकापूर्ण स्थिति आउन सक्छ । त्यस्तो शंकापूर्ण स्थिति सृजना हुन नदिने एकमात्र उपायको रुपमा राज्य व्यवस्थामा सर्वसाधारण सबै जनताको समानुपातिक रुपमा समावेश हुनुपर्ने मान्यता स्वरुप समावेशीकरणको अवधारणाले धेरै जातजाति, धर्म, भाषा, सँस्कृति भएको बहुलवादी समाजमा सिमान्तकृत जनसमुदायको पहिचान, पहुँच र प्रतिनिधित्वलाई सुनिश्चित गर्दछ ।

नेपाल विभिन्न जातजाति, भाषा भाषि, सँस्कृति र विविध मान्यता बोकेको देश हो । विविधताले नै राज्यलाई सौन्दर्य प्रदान गर्ने गर्दछ । मानव अधिकारको विश्वव्यापी सिद्धान्तले समानता, सबैको मौलिकता र पहिचानको रक्षा गर्नुपर्ने कुरालाई इगिंत गर्दछ । हुन पनि सबैलाई आफ्नो मातृभाषा, भेष र सँस्कृति आफू भन्दा बढी प्यारो लाग्ने गर्दछ । कसैको मौलिक सँस्कृतिमाथि राज्य अथवा अन्य कसैद्वारा अतिक्रमण गर्ने प्रयास मात्र पनि सह्य हुँदैन । यस्तो कार्यले द्वन्द्व निम्त्याउन समेत सक्दछ । तसर्थ सबै भाषा भाषि, धर्म र सँस्कृतिको मान्यताले नै वैयक्तिक विकासको मार्गलाई प्रशस्त गर्ने गर्दछ । त्यस्तै विकासको लागि अपरिहार्य सामाजिक समावेशीलाई संस्थापित गरिनु पर्दछ । यही तर्क र आधारका कारण यी सबै अधिकारलाई व्यक्तिको अधिकारसँग जोडेर हेर्ने गरिन्छ ।

समावेशी लोकतन्त्रको मुलभूत उद्देश्य जातजाति, भाषा, लिङ्ग, क्षेत्र वा अन्य कुनैपनि कुराको आधारमा गरिने भेदभावबाट नागरिकहरुलाई मुक्त गरी उनीहरुलाई राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रुपमा समानताको स्थितिमा पुऱ्याउनु हो । यथार्थमा त्यस्तो समान स्थितिको सृजना सबैले समान रुपमा मतदान गर्न पाउने अधिकारबाट मात्र हुन सक्दैन । अर्थात् राजनैतिक स्वतन्त्रता वा प्रजातान्त्रिक शासन प्रणालीबाट मात्र समावेशी तथा समतामूलक समाजको निर्णय हुन सक्दैन ।

त्यसको लागि समाजका प्रत्येक वर्गले राजनैतिक, आर्थिक, सामाजिक, साँस्कृतिक लोकतन्त्रका साथै शिक्षा, स्वास्थ्य, वासस्थान, रोजगारी जस्ता मानिसको लागि आवश्यक पर्ने आधारभूत सुविधाहरुमा सबै जनताको समान पहुँचको सुनिश्चितता आवश्यक पर्दछ । राजनैतिक निर्णयको हरेक अवसरहरुमा सम्भव भएसम्म सबै नागरिकहरुको प्रत्यक्ष सहभागिता, अधिकारको रुपमा सबै नागरिकहरुको लागि रोजगारीको प्रत्याभूति र त्यसको लागि निष्पक्ष पहुँच तथा विभेदमुक्त प्रतिस्पर्धा लगायत सबै किसिमका आर्थिक गतिविधिमा पूर्वाग्रह रहित वातावरण भाषा र सँस्कृतिको समान संरक्षण तथा विकासको लागि विभेद रहित तटस्थ नीति लगायत शिक्षा, स्वास्थ्य, खानेपानी, वासस्थान जस्ता मानवीय सुविधाको आधारभूत तत्वहरुमा सम्पूर्ण नागरिकहरुको पहुँच हुनु समावेशीकरण र समावेशी लोकतन्त्रको लागि अपरिहार्य मानिन्छ ।

मुलुकको जनआन्दोलनको भावना र दिशानिर्देशनलाई आत्मसात गर्दै विस्तृत शान्ति सम्झौता लगायत विगतमा नेपाल सरकार र विभिन्न राजनैतिक दल र संघसंस्थाहरुका बीचमा सम्झौता सहमतिहरुलाई हृदयंगम गर्दै जनभावना एवं राष्ट्रिय आवश्यकता अनुरुप न्यायपूर्ण, विभेदरहित सबल र समृद्ध नेपालको निर्माण गर्न आजको आवश्यकता हो । ऐतिहासिक जनआन्दोलनको भावना र निर्देशनलाई आत्मसात गर्दै अग्रगामी मान्यता र सामाजिक न्यायको सिद्धान्तको आधारमा राज्यका सबै अंग र तहहरुमा महिला, आदिवासी/जनजाति, मधेशी, दलित, थारु लगायतका तराईका मुस्लिम, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्र र पिछडिएका जनताको समानताको आधारमा समावेशीकरण प्रक्रियालाई अगाडि बढाउन र यसका लागि आवश्यक ऐन कानुनहरुको निर्माण र सुधार गरी कार्यान्वियन गर्न अधिकार सम्पन्न संवैधानिक अंगहरुको आवश्यकता परेको हो ।

**ऐतिहासिक परिवेश**

ऐतिहासिक तथ्यहरुको विश्लेषण गर्दा अँग्रेज साम्राज्यवादीहरुको विस्तारवादी कदमलाई परास्त गर्न र राष्ट्रिय अस्तित्वलाई संरक्षण गरी सबल नेपाल निर्माण गर्न साठी भन्दा बढी साना साना राज्यहरुमा विभाजित नेपालको एकीकरण अभियानको थालनी गोरखा राज्यका राजा पृथ्वीनारायण शाहबाट भएको थियो । उक्त अभियानमा गोरखा राज्यका सबै जातजाति, दलित लगायतका वर्गहरुको सक्रिय सहभागिता भएको कारणले नै एकीकरण अभियानले उत्साहजनक सफलता प्राप्त गरेको थियो । शक्तिको प्रयोग वा युद्धको माध्यमबाट एकीकरण अभियानको थालनी गरिएको र युद्धबाट पराजित राज्यहरुमा गोरखा राज्यका भाइ भारदारहरुबाट प्रशासकिय व्यवस्था संचालनका कारण युद्धबाट पराजित राज्यका जाति, जनजातिहरु राज्य व्यवस्थाको मुलधारबाट पाखा लाग्न पुगे । एकीकृत नेपालमा सबै जातजाति, जनजातिका वर्गहरुलाई समान व्यवहार गर्न र जातिय विखण्डन हुन नदिन राजा पृथ्वीनारायण शाहले नेपाललाई चार वर्ण र छत्तिस जातको साझा फुलबारी भएको घोषणा गरेका थिए । तर पनि व्यवहारमा त्यो भावना कार्यान्वयन हुन सकेन । सबै जातजाति, भाषा, धर्म र सँस्कृतिको विशिष्टतालाई राज्य व्यवस्थामा समुचित स्थान दिइएन । विभिन्न जातजातिका भाषा र सँस्कृतिलाई पूर्ण रुपमा उपेक्षित गरी नेपाली भाषाको विकासमा मात्र जोड दिइयो । नेपाललाई हिन्दु राष्ट्र घोषित गरिएको कारणबाट अन्य धर्मालम्बीहरु उपेक्षित हुन पुगे । काठमाडौंमा मात्र सुविधा सम्पन्न बनाइ राज्यलाई अति केन्द्रीकृत बनाइयो । यसबाट नेपालका विभिन्न जाति, जनजाति, भाषा, सँस्कृतिका समुदाय र क्षेत्र समेत राज्य व्यवस्थाको मूल प्रवाहमा समावेश हुन नसक्ने परिस्थितिको सृजना भयो ।

राजनैतिक लगायत आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा समेत जाति विशेषको प्रभूत्व भएको विधारधारा, नीति तथा व्यवहारका कारण सामाजिक न्याय र समावेशीकरणको दृष्टिले राज्य व्यवस्था एकांगि बन्न पुग्यो । जातिगत हिसाबले बाहुन, क्षेत्री र नेवारहरु, धर्मका हिसाबले हिन्दु धर्म, भाषाको हिसाबले नेपाली भाषा, साँस्कृतिक हिसाबले हिन्दु पहाडिया सँस्कृति, क्षेत्रगत हिसाबले काठमाडौं उपत्यका र लिङ्गको हिसाबले पुरुषहरुको समुह अन्य समूहको तुलनामा अत्यन्त असन्तुलित रुपमा प्रभावशाली हुन पुग्यो ।

हिन्दु धर्म शास्त्रमा आधारित मुलुक कै पहिलो कानुन मुलुकी ऐनले कानुनी रुपमा समेत हिन्दु धर्म अनुसारको चार वर्ण व्यवस्था अंगाली बाहुन, क्षेत्रीलाई उच्च जात र अन्य जातलाई तल्लो जात मानी भेदभावमूलक व्यवस्थाको शुरुवात भयो । वि.सं २००७ सालमा प्रजातन्त्रको प्रार्दुभाव भएपछि पनि परम्परागत रुपमा चलि आएको हिन्दु धर्म सँस्कृतिमा आधारित सामाजिक र राजनैतिक परिवेशमा कुनै अन्तर आएन । पञ्चायत व्यवस्था लागू भएपछि त जाति, धर्म, भाषा र सँस्कृति बीचको असमानता अझ घनीभूत हुँदै गयो । राज्य व्यवस्थामा स्थान नपाएका जाति, भाषा, धर्म र क्षेत्रका मानिसहरु पूर्ण रुपमा उपेक्षित अवस्थामा रहन पुगे । २०४६ सालको जन आन्दोलनले नेपालको बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक र बहुधार्मिक विशेषतालाई स्वीकार गरे तापनि राज्य व्यवस्थामा सदियौंदेखि रहेको जातिय, भाषिक, धार्मिक, साँस्कृतिक, लैङ्गिक तथा क्षेत्रीय विभेदको अन्त्य हुन सकेन । २०४७ सालको संविधानले नेपाललाई हिन्दु राष्ट्र र नेपाली भाषालाई राष्ट्र भाषा घोषणा गरेको कारणले देशमा रहेका सबै जाति, भाषा, धर्म, लिङ्ग र क्षेत्रका जनताहरु राज्य व्यवस्थामा समान स्थितिमा रहेको पाइएन ।

**विविधतायुत्त नेपाली समाजको वर्तमान अवस्था**

नेपाल एक बहुजात, जाति, भाषा, धर्म, सँस्कृतिका जनताहरु रहेको एउटा बहुजातिय, बहुसाँस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त देश भएको स्पष्ट हुन्छ । यहाँ आर्य, मंगोल, द्रविड लगायतका जातजाति र जनजातिहरुको बसोबास रहँदै आएको छ । तर पनि नेपालमा कुनै पनि जातजाति, धर्म, सम्प्रदाय वा व्यक्तिहरुको बहुमत नरहेकोले नेपाललाई अल्पसमुदायको देश पनि भन्न सकिन्छ ।

नेपाली समाजको यो विविधता वा बहुलपन राज्य व्यवस्थामा प्रतिविम्वित भएको छैन । राजनीतिक, प्रशासनिक लगायतका क्षेत्रमा कुनै खास धर्म, क्षेत्र, जाति, भाषा वा मानिसहरुको पकड रहेको छ भने अन्य समूहहरु वहिष्करणको शिकार भएका छन् । परिणाम स्वरुप विभिन्न जातजाति, धर्म, भाषा र क्षेत्रका बीच सामाजिक आर्थिक विषमता रहेको छ । त्यसको निराकरणको लागि राज्य व्यवस्थालाई समावेशी बनाउनु पर्ने अपरिहार्यता स्पष्ट रुपमा देखा परेको छ ।

मानव अधिकारको सिद्धान्तले सबै समान छन् । जातजाति, धर्म, भाषा, भाषी र भिन्न पहिचानका आधारमा मात्र कसैलाई भेदभाव गर्न हुन्न भन्ने मान्यताहरुलाई अगाडि ल्याएको छ । यस्तो कार्य मानवअधिकार विरोधी कार्य हो भन्ने कुरालाई उल्लेख गरेको छ । यही कुरालाई मनन गरी नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रको परिभाषा समेत जातिय र भाषीक अनि साँस्कृतिक विविधतालाई स्वीकार गर्दै मूलतः देहाय बमोजिमका अधिकारलाई मौलिक अधिकारको रुपमा उल्लेख गरेको छ :-

- मातृभाषाको अधिकार
- विशेष संरक्षणको अधिकार
- छुवाछुत तथा जातिय भेदभाव विरुद्धको अधिकार
- भाषा, सँस्कृति तथा साँस्कृतिक समानता र सम्पदा संरक्षणको अधिकार
- आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेको समुदाय तथा वर्गलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको पुर्नसंरचनामा सहभागि हुने अधिकार
- प्रचलित सामाजिक एवं साँस्कृतिक परम्पराको मर्यादा राखी परापूर्वकालदेखि चली आएको आफ्नो धर्मको अवलम्बन, अभ्यास र संरक्षणको हक
- प्रथा परम्परा र प्रचलनको नाममा हुने शोषण विरुद्धको अधिकार तथा
- अल्पसंख्यक अधिकार
- धर्म निरपेक्षता

अन्तरिम संविधानले सामाजिक न्यायको अधिकारलाई मौलिक अधिकारकै रुपमा लिएको छ । त्यस्तै राज्यको नीति निर्देशक सिद्धान्त मार्फत पनि देशका सबै जातजाति, वर्ग र समुदायको राज्यमा समान सहभागिता हुनुपर्ने, राज्यका स्रोत साधनमा सबैको समान पहुँच हुने तथा राज्य नीति निर्माण

तह र कार्यान्वयनका तहमा सबैको समान सहभागिता र प्रतिनिधित्वलाई जोड दिएको छ । अहिले जर्वजस्त सवालको रुपमा आएको सामाजिक समावेशी वास्तविक रुपमा अनुवाद गर्नका लागि संविधान निर्माणको प्रक्रियामा सबै मूलतः पछाडि परेका समुदायको सक्रिय, अर्थपूर्ण र सारभूत सहभागिताको अधिकारलाई संरक्षण गरिनु अति आवश्यक छ ।

यसका अतिरिक्त सारभूत रुपमा सामाजिक समावेशीका लागि राज्यको स्रोत साधनको समन्यायीक वितरण, शैक्षिक तथा आर्थिक हैसियतमा परिवर्तन, प्रतिनिधित्वको प्रत्याभूति, सहभागिताको अधिकार सम्वर्द्धन तथा कुनैपनि खालको भेदभावको अन्त्यको लागि सशक्त संवैधानिक प्रत्याभूति राज्यले जनतालाई दिन सक्नु पर्ने हुन्छ ।

जनसंख्याको आधा भन्दा बढी हिस्सा ओगट्ने आदिवासी/जनजाति, महिला देशको विभिन्न भागमा छरिएर रहेका दलित जस्ता सिमान्तकृत समुदाय, सामाजिक आर्थिक दृष्टिकोणले ज्यादै पछाडि परेका वर्ग, मुसलमान, इसाइ, बौध्द, किरात, बोन जस्ता धार्मिक अल्पसंख्यक समुदायका सबै व्यक्तिहरुलाई राज्य व्यवस्थामा समानुपातिक हिसाबले समावेश गराउने भन्ने विषय अत्यन्तै चुनौतिपूर्ण छ ।

**विभिन्न जनसमुदायका असन्तुष्टिहरु**

नेपालको राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक संरचनागत परिवेशलाई विश्लेषण गरी हेर्दा एकांकी राज्य संरचनाका कारण बहुसंख्यक जनताहरु राजनैतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक रुपले वहिष्करणको शिकार भएका छन् । ती समुदायहरुले गरेका पटक पटकको संघर्ष एवं आन्दोलनवाट त्यस्ता केही प्रमुख समुदायहरु र तीनका असन्तुष्टिहरु यस प्रकार रहन गयो :-

**महिला**

महिलाहरुले आफ्ना पहिचान, हक हितको संरक्षण, राज्यको नीति निर्माण गर्ने तहहरुमा समुचित प्रतिनिधित्व र समान अधिकारका लागि दशकौंदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् । लैङ्गिक समानतालाई प्रभावकारी रुपमा व्यवहारमा रुपमान्तरण गर्न, अधिकारको मान्यता दिलाउन, अधिकारको सुनिश्चितताको लागि न्यायिक संरचना तथा उपभोगको लागि अनुगमन प्रणाली समेतको आवश्यकता रहन्छ । लैङ्गिक समानता कुनै संविधान तथा कानुनमा लेखेर पनि हुँदैन, जबसम्म त्यसको प्रयोग, उपयोग र अभ्यासको सुनिश्चितता हुँदैन । मानव अधिकारको स्थापना अधिकारको मान्यता एवं संरक्षण र परिपूर्तिको माध्यमबाट मात्र हुने हुँदा मानव अधिकारको सिद्धान्तको दृष्टिकोणबाट पनि त्यस्तो अधिकारको कार्यान्वयन र अनुगमन गर्न छुट्टै संयन्त्रको आवश्यकता रहेको हुन्छ ।

आज महिला र पुरुष बीच भएको लैङ्गिक दुरीलाई हटाउनको लागि, महिलाको जैविक भिन्नतालाई मान्यता दिनको लागि, महिलामाथि वर्तमान तथा विगतमा भएको विभेदको क्षतिपूर्ति दिनको लागि तथा महिला अधिकारलाई व्यवहारमा रुपान्तरण गर्न, हिंसा विरुद्ध महिलालाई संरक्षण गर्न, न्यायमा सुनिश्चितता प्रदान गर्नका लागि राज्य अगाडि बढ्नु परेको छ । त्यसैले महिला अधिकारको व्यवहारमा अनुभुत गराउने संयन्त्र विकासको निमित्त कानुनी मान्यता हुनुपर्दछ । जसले राज्यलाई उत्तरदायी वहन गराउन मद्दत गर्दछ । तर महिला अधिकारको सुनिश्चितता कानुनी आधारबाट मात्र प्राप्त नहुने यसको निमित्त अनुगमन प्रणालीको समेत आवश्यकताको अनुभुति गर्दै निश्चित आयोगको स्थापना गर्नुपर्ने अवधारणा राख्दै महिला आयोगको स्थापना भइरहेको छ जसको मूल लक्ष्य नै महिलाको समग्र विकास र लैङ्गिक न्याय रहेको छ ।

लैङ्गिक समानताको लक्ष्य प्राप्ती गर्ने रणनीतिमूलक संस्थाको रुपमा विश्व समुदायले नै स्वतन्त्र महिला आयोगको आवश्यकताको अनुभुत गरिसकेको परिप्रेक्ष्यमा महिला सम्बन्धी महासन्धिले महिला अधिकार कार्यान्वयनको लागि राष्ट्रिय संयन्त्रको आवश्यकताको वोध गराइसकेको , पेरिस सिद्धान्त र वेइजिङ्ग घोषणापत्रले समेत तटस्थ र स्वतन्त्र राष्ट्रिय संरचनाको आवश्यकता देखाइसकेको परिप्रेक्ष्यमा महिलाको उन्नती र विकास तथा अधिकारको संरक्षणको लागि महिला आयोगलाई संवैधानिक निकायको रुपमा राख्न आवश्यक रहेको कुरामा विवाद छैन । नेपाल सरकारलाई पनि

महिला सम्बन्धी महासन्धि अन्तर्गत रहेको समितिले आफ्नो निष्कर्ष सुझावमा अधिकार र स्रोत साधन सहितको आयोगको स्थापनामा जोड दिइसकेको छ । सरकारको नीति तथा कार्यक्रमले महिला आयोगको प्रभावकारिताको लागि संविधान अन्तर्गत स्थापना गर्ने प्रतिवद्धता गरीसकेको छ । मानव अधिकार आयोगले राजनैतिक र नागरिक अधिकारमा केन्द्रित रहेको वर्तमान परिप्रेक्ष्यमा आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको लक्ष्यसहित महिला आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापना गर्न आवश्यक भएको छ । मानव अधिकार आयोगले महिला अधिकारलाई सोचेको तरिकाबाट संरक्षण गर्न र महिला सम्बन्धी मुद्दा उठाउन नसकेको वर्तमान परिवेशमा महिला आयोगको प्रभावकारिताको लागि यसलाई संवैधानिक निकायको रुपमा राख्न अपरिहार्य रहेको छ । स्वतन्त्र, स्वायत्तताको सुनिश्चितताको लागि राष्ट्रिय महिला आयोगलाई अन्य निकायमा भए जस्तै गठन प्रक्रिया, नियुक्ति, संविधानमा व्यवस्था गर्न उपयुक्त हुन्छ ।

महिलाहरु लिङ्गको आधारमा गरिने भेदभावबाट पीडित भएकाले उनीहरु लिङ्गको आधारमा गरिने सबै प्रकारको भेदभावको उन्मुलन चाहन्छन् । त्यस्तै पितृसत्तात्मक राज्य व्यवस्था भएकोमा, देशको राजनीति र सार्वजनिक सेवामा महिलाहरुको समानुपातिक प्रतिनिधित्व नभएकोमा, महिलाहरुको समान हक अधिकारलाई संविधान, कानुन तथा सरकारी नीति निर्णयहरुमा मान्यता नदिइएकोमा महिलाहरु असन्तुष्ट रहँदै आएका छन् । उनीहरु महिलाको हक हितको संरक्षण र सम्वर्द्धन गरी विकासको मूल प्रवाहमा महिलालाई प्रभावकारी रुपमा समाहित गर्न र महिलाको समान विकास गरी लैङ्गिक न्याय कायम गर्न, जनसंख्याको आधारमा राज्यका सबै अंग र तहमा समानुपातिक प्रतिनिधित्व, महिलाहरुलाई कुनैपनि आधारमा भेदभाव गर्न नहुने माग राख्दछन् । यस सम्बन्धमा सरकारद्धारा गठित आयोग पनि अपर्याप्त रहेको महसुस गरी पृथक र स्वतन्त्र संवैधानिक निकायको माग गर्दै आएका छन् ।

**दलित**

नेपालमा राजा जयस्थिति मल्लले वि.सं. १४३७ मा मानव न्याय शास्त्र मार्फत कानुनत जातिय छुवाछुत र विभेदलाई औपचारिक मान्यता दिएका थिए । त्यसपछि वि.सं. २०२० भदौ १ गतेदेखि लागू गरिएको मुलुकी ऐनले जातिय छुवाछुत गर्न रोक लगाएको भएपनि छुवाछुत गरेमा के हुने भन्ने स्पष्ट कानुनी प्रावधानको अभावमा सो ऐन निष्प्रभावी रहेको थियो । विधायीकी निकायको रुपमा रहेको तत्कालिन प्रतिनिधिसभाले २०६३ साल जेठ २१ गते सर्वसम्मत निर्णयबाट नेपाललाई छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको भएपनि जातिय छुवाछुतको घटनाहरु भैरहेका छन् । राज्यले त्यस्ता घोषणा गरेपछि त्यसको कार्यान्वयनमा ध्यान नदिएकोले विद्यमान परिणाम आएको देखिन्छ । छुवाछुत अन्त्यको लागि राज्यले प्रभावकारी कदम चाल्नु पर्दछ । यसका लागि दलितका सवालमा राज्य दलगत दायराबाट माथि उठनु आवश्यक छ । तत्कालिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट संसदको २० औं अधिवेशनमा २०५८ साल असार १० गते छुवाछुत मुक्तिको घोषणा भएको थियो भने तत्कालिन प्रधानमन्त्री शेरबहादुर देउवाबाट २०५८ साउन ३२ गते र तत्कालिन प्रधानमन्त्री पुष्पकमल दाहालले २०६५ माघ १२ गते मुलुकलाई छुवाछुत मुक्तिको घोषणा गरेपनि सो घोषणा प्रभावकारी नभई जातिय छुवाछुतको घटना दोहोरिरहेका छन् । कानुनी घोषणाले मात्र छुवाछुतको अन्त्य हुन नसक्ने हुनाले सो को अन्त्यको लागि राजनीतिक लगायत राज्यका सबै संयन्त्रमा दलितको समानुपातिक प्रतिनिधित्व बढाउन आवश्यक छ । दलितहरुले आफ्ना पहिचान, हक हितको संरक्षण, राज्यको नीति निर्माण गर्ने तहहरुमा समुचित प्रतिनिधित्व र जातिय विभेद र छुवाछुत मुक्तिका लागि दशकौंदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् दलितहरु सामाजिक आर्थिक र राजनैतिक रुपले धेरै लामो समयदेखि उत्पीडित अवस्थामा रहेका छन् । उनीहरु समाजमा विद्यमान छुवाछुतको धारणाप्रति असन्तुष्ट रहँदै आएका छन् । सार्वजनिक स्थानमा जान तथा सार्वजनिक सुविधाका वस्तुहरु उपभोग गर्न प्रतिवन्ध लगाइएकोमा, पेशा, रोजगारको क्षेत्रमा, धार्मिक मठ मन्दिरमा, शैक्षिक संस्थाहरुमा, राजनैतिक अधिकारको प्रयोगमा तथा सरकारी नीति तथा कार्यक्रमहरुमा दलितहरुलाई भेदभाव गरिएकोमा र कुनै खास काम गर्न उच्च जातिका मानिसहरुले बाध्य गरेकोमा उनीहरु असन्तुष्ट छन् । उनीहरु समतामूलक समाज र सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा शिक्षा,

रोजगारी लगायत राज्य व्यवस्थाको सबै स्थानमा दलितहरुको पनि सहभागितामूलक प्रतिनिधित्व हुनुपर्ने माग राख्दछन् । पूरै देशलाई छुवाछुत मुक्त गरी दलित विरुद्धको सामाजिक भेदभाव र छुवाछुतलाई सामाजिक अपराधको रुपमा दण्डनिय बनाई कडा कारवाही गर्न तथा दलित समुदायको उत्थानको लागि यस सम्बन्धमा सरकारद्वारा गठित आयोग पनि अपर्याप्त रहेको महसुस गरी पृथक र स्वतन्त्र संवैधानिक निकायको माग गर्दै आएका छन् ।

**आदिवासी/जनजाति**

आदिवासी/जनजातिहरुले आफ्ना पहिचान, हक हितको संरक्षण, राज्यको नीति निर्माण गर्ने तहहरुमा समुचित प्रतिनिधित्व र जातिय मुक्तिका लागि दशकौंदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् आदिवासी/जनजातिहरु देशलाई हिन्दु राष्ट्र घोषित गरिएकोमा नेपाली भाषालाई औपचारिक राष्ट्र भाषा बनाइएकोमा, आदिवासी/जनजातिहरुको वासस्थानबाट उनीहरुलाई स्थानान्तर गरिएकोमा, कार्यपालिका, विधायिका र न्यायपालिका लगायत निर्णायक तहमा उनीहरुको कम प्रतिनिधित्व भएकोमा, विद्यमान सामाजिक, राजनैतिक संरचना प्रति असन्तुष्ट रहँदै आएका छन् । उनीहरु संवैधानिक रुपमा आफ्नो विविधतायुक्त परिचयलाई मान्यता दिइयोस् भन्ने चाहन्छन् । त्यस्तै अल्पसंख्यकहरुलाई शिक्षा र रोजगारीमा आरक्षण, जातिय स्वायत्तता, समावेशी शासन व्यवस्था समानुपातिक प्रतिनिधित्व जस्ता विषयहरु उनीहरुको सरोकारको विषय भएको छ । यस सम्बन्धमा सरकारद्वारा गठित आयोग पनि अपर्याप्त रहेको महसुस गरी पृथक र स्वतन्त्र संवैधानिक निकायको माग गर्दै आएका छन् ।

**मधेशी**

मधेशी समुदायका मानिसहरु राज्य व्यवस्थामा उपेक्षित अवस्थामा रहेका छन् । मधेशीले आफ्ना पहिचान, हक हितको संरक्षण, राज्यको नीति निर्माण गर्ने तहहरुमा समुचित प्रतिनिधित्वका लागि दशकौंदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् । राज्य व्यवस्थामा पहाडी मूलका मानिसहरुको बाहुल्यता रहेकोमा, राजनैतिक र प्रशासनिक तहमा उनीहरुको समानुपातिक प्रतिनिधित्व नभएकोमा, उनीहरुको भाषा तथा भेषलाई राष्ट्रियस्तरमा मान्यता नदिइएकोमा, सेना र प्रहरीमा सेवा गर्न भेदभाव गरिएकोमा उनीहरु असन्तुष्ट रहँदै आएका छन् । उनीहरु आफूहरुलाई नेपाली भएको पहिचान तथा मान्यता प्रदान गरिनु पर्ने, मधेश प्रदेशलाई स्वायत्त प्रदेशको रुपमा मान्यता दिनुपर्ने, मधेशमा बोलिने भाषालाई मधेशमा सरकारी कामकाजको भाषा बनाइनु पर्ने, शिक्षा, रोजगारी लगायतका राज्यका सबै तहमा समानुपातिक रुपमा समावेश गराइनु पर्ने माग राख्दछन् । यस सम्बन्धमा उनीहरुले पृथक र स्वतन्त्र संवैधानिक निकायको माग गर्दै आएका छन् ।

**मुस्लिम**

ईस्लाम धर्ममा विश्वास गर्ने र इस्लाम धर्मको पैरवी अनुशरण गर्ने नेपालमा वसोवास गर्ने मुस्लीम समुदाय अल्पसंख्यक नागरिक हुन् । नेपालमा परापूर्व कालदेखि वसोवास गर्दै आइरहेको यो समुदाय हिमाल, पहाड तथा तराईका विभिन्न क्षेत्रमा पूर्व मेची देखि पश्चिम महाकालीसम्म फैलिएर वसोवास गरेका छन् । जनसंख्याको आधारमा अल्पसंख्यक समुदायको रुपमा रहेको यो समुदायले नेपालको इतिहास निर्माण देखि लिएर राष्ट्रको एकिकरण, प्रजातन्त्रको पुर्नस्थापना तथा जनआन्दोलन सफल पार्न समेत अविस्मरणीय योगदान गरेको पाइन्छ ।

मुस्लीम समुदाय राज्यको हरेक क्षेत्रमा पछि परेकोले उसले विकासको अनुभूति गर्न पाएको छैन । मुस्लीम समुदायले आफ्ना पहिचान, हक हितको संरक्षण, राज्यको नीति निर्माण गर्ने तहहरुमा समुचित प्रतिनिधित्वका लागि दशकौंदेखि निरन्तर संघर्ष गर्दै आइरहेका छन् । यो समुदाय मुलुकमा पिछडिएको र पछि पारिएको समुदाय हो । त्यसैले यो समुदायको विकास हुनु अति आवश्यक एवं जरुरी रहेको छ । नेपालमा हिन्दु धर्म र सँस्कृति पालन गर्ने व्यक्तिहरुको राज्य व्यवस्थामा पकड रहेको छ । अल्पसंख्यक रुपमा रहेका मुसलमान, इसाई तथा अन्य धर्मका अनुयायीहरु आफ्नो धर्मको अभ्यास र प्रचारप्रसार सहज रुपमा गर्न नपाएकोमा, धार्मिक पाठशाला, मदरसा, चर्च, मस्जिद सहज

रुपमा निर्माण गर्न नपाएकोमा, सबै धर्मप्रति समान व्यवहार नपाएकोमा, राजकीय काम कारवाहीहरुमा हिन्दु धर्मको प्रभुत्व भएकोमा अन्य धार्मिक समुदायहरु असन्तुष्ट रहँदै आएका छन् । उनीहरु धर्म निरपेक्ष राज्य हुनुपर्ने सबै धर्मको अभ्यास र प्रचारप्रसार गर्न समान अवसर हुनुपर्ने कुनै खास धर्म अवलम्बन गरिएकै कारणबाट राज्य व्यवस्थामा समावेश हुन भेदभाव गर्न नहुने जस्ता मागहरु राख्दछन् । यसका लागि मुस्लिम समुदायलाई आफ्नो अस्थित्व र स्वतन्त्र पहिचानको लागि एवं उनिहरुको हक हित संरक्षण र विकासको लागि संवैधानिक रुपमा मुस्लिम आयोगको गठन हुनु आवश्यक देखिन्छ । यस सम्बन्धमा उनीहरुले पृथक र स्वतन्त्र संवैधानिक निकायको माग गर्दै आएका छन् ।

**अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय र पिछडिएको वर्ग तथा क्षेत्रका समुदाय**

नयाँ संविधानप्रति अपाङ्गता भएका व्यक्तिहरुको स्वामित्व र अपनत्व महशुस गराई समाजमा विद्यमान द्वन्द्वलाई दीर्घकालिन शान्तिमा रुपान्तरण गरी संविधान स्थायित्वका लागि समेत अपाङ्गता भएका व्यक्तिहरुको सवालहरुलाई नयाँ संविधानमा समावेश गर्न नितान्त आवश्यक छ । यही यथार्थलाई मध्यनजर गर्दै देशको जनसंख्याको लगभग १०% को संख्यामा रहेका अपाङ्गता भएको व्यक्तिहरुको मूल सवाललाई पहिचान गरी नयाँ संविधानमा सम्बोधन गराउन र उनीहरुलाई विकासको मूल धारमा समाहित गर्न सघाउ पुऱ्याउने, अपाङ्गता भएका व्यक्तिहरुको क्षेत्रमा अनुसन्धान, प्रकाशन, उनीहरुको अधिकारको संरक्षण र विशेष व्यवस्था गरिनु आवश्यक छ । राज्यका हरेक तह र निकायमा अपाङ्गता भएको व्यक्तिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गर्न, अपाङ्गता भएका व्यक्ति सम्बन्धमा भएका सबै खाले भेदभाव अन्त्य गर्न ठोस कानुनको व्यवस्था हुनुपर्ने, सकारात्मक विभेद तथा आरक्षण नीतिको व्यवस्था गरिनुपर्ने, राज्यका प्रत्येक निकायहरुमा अपाङ्गता भएको व्यक्तिहरुका समावेशका लागि सहज वातावरण सिर्जना गरिनुपर्ने, अपाङ्गता भएको व्यक्तिमाथि गरिने हिंसा, शोषण र दुर्व्यवहारलाई राज्यले दण्डनीय कानुनी प्रावधानको व्यवस्था गर्नुपर्ने जस्ता सवालको प्रत्याभूति चाहन्छन् ।

अपाङ्गता भएको व्यक्तिका सम्बन्धमा भएका कानुन प्रभावकारी ढंगबाट कार्यान्वयन नहुनुमा मूल रुपमा निम्न कारणहरु रहेका छन् ।

- नीति निर्माण तहमा अपाङ्गता भएका व्यक्तिहरुको प्रतिनिधित्व नहुनु ।
- राजनीतिक दलबीच पनि अपाङ्गता भएको व्यक्तिहरुको उल्लेख्य सहभागिता नहुनु ।
- स्वयं अपाङ्गता भएको व्यक्तिता भएका व्यक्तिहरुलाई कानुनले प्रदान गरेको हक अधिकारका बारेमा आफूलाई न्यून जानकारी हुनु ।
- हालसम्म अपाङ्गता भएको व्यक्तिहरुको हक अधिकारको व्यवस्था सामान्य कानुनमा मात्र भएको संविधानमा मौलिक हकको रुपमा प्रत्याभूत नभएको ।
- अपाङ्गता भएको व्यक्तिहरुको अधिकारको सन्दर्भमा भएका कानुनको कार्यान्वयनको अनुगमन संरक्षण र सम्वर्द्धन गर्न राज्यको प्रभावकारी संयन्त्रको अभाव हुनु ।

**अपांगता भएका व्यक्तिको हकहित एवं उत्थानको लागि भावी संविधानमा हुनु पर्ने व्यवस्थाः**

- सबै कानुनको अगाडि समान रहने र उचित कारण विना कसैलाई पनि अपाङ्गता भएको व्यक्तिको आधारमा भेदभाव गरिने छैन ।
- राज्यले अपाङ्गता भएको व्यक्तिको संरक्षण र उन्नतीका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ ।
- सबै प्रकारका अपाङ्गता भएको व्यक्तिका लागि न्यायपूर्ण, मर्यादित र स्वतन्त्र जीवनयापनका लागि अनुकुल तथा पहुँचयोग्य सुविधा र अवरोध मुक्त वातावरण उपलब्ध गराइनेछ । उक्त उद्देश्य प्राप्तिका लागि राज्यले कानुनी, संस्थागत, भौतिक र आर्थिक पूर्वाधार तयार गर्ने, अपाङ्गता भएको व्यक्तिहरुको आर्थिक, राजनैतिक र सामाजिक सशक्तिकरण गरिने, सरकारी गैर सरकारी क्षेत्र र विकासका

साझेदारहरुबीच समन्वय र सहकार्यलाई प्रवर्द्धन गरिने र अधिकार तथा आवश्यकतामा आधारित लक्षित कार्यक्रमहरु संचालन गरिनेछ ।

- अपाङ्गता भएको व्यक्तिहरुको हक अधिकारको संरक्षणका लागि राज्यले विशेष कानुन निर्माण गर्नु तथा संविधान लगायतका राष्ट्रिय कानुनहरुमा अधिकारको प्रत्याभूत गरिनु पर्नेछ ।
- ती सबै व्यवस्थाको पहिचान गरी सोको शिफारिस गर्न एक संवैधानिक आयोगको गठन गरिनु पर्दछ ।

त्यस्तै अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत तथा पिछडिएको क्षेत्र एवं वर्गका समुदायको आर्थिक, सामाजिक, शैक्षिक, राजनीतिक, प्रशासनिक रुपमा पछाडि परेको समुदाय वा वर्गको पहिचान गरी तीनीहरुको संरक्षण, विकास र सशक्तिकरणको लागि राज्यको हरेक तहमा पूर्ण समानुपातिक समावेशी रुपमा समान अवसर पाउन र जातिय विभेद र छुवाछुतको दुर्व्यवहार एवं धार्मिक साँस्कृतिक उत्पीडन भोग्ने समुदायलाई राज्यले सो विभेद, दुर्व्यवहार वा उत्पीडनको क्षतिपूर्ति वापत समानुपातिकतामाथि थप अधिकारको सुनिश्चितताको विशेष व्यवस्था गर्नुपर्ने र सो बमोजिमको समुदाय वा वर्ग र विशेष व्यवस्थाको पहिचान गरी सो को सिफारिश गर्न एक संवैधानिक आयोगको गठन गरिनु पर्दछ ।

नेपालको अन्तरिम संविधान, २०६३ मा मुलुकको संघात्मक शासन प्रणाली स्थापना गर्ने व्यवस्था भएपछि र संविधानसभाका लागि निर्वाचन सम्पन्न भै नयाँ संविधान निर्माण गर्ने क्रममा मुलुकमा संघात्मक शासन प्रणालीको स्वरुप कस्तो हुने ?, राज्य-राज्यहरु बिचको आपसी सम्बन्ध लगायत राज्य र नागरिकबिच सामाजिक, साँस्कृतिक र आर्थिक सुसम्बन्धको सम्भाव्यताको सुनिश्चित कसरी स्थापित गर्दै विकास गर्ने भन्ने आदि प्रश्नहरु उब्जिरहेका छन् । नेपाल बहुजातिय, बहुभाषिक, बहुक्षेत्रिय र बहुसाँस्कृतिक मुलुक भएपनि केन्द्रीकृत एकात्मक संरचनाबाट नै संचालित रहँदै आएको र यो एक जातिय, एक धार्मिक बाहुल्यको र राजधानी काठमाडौं केन्द्रित रहयो । यहि एकात्मक र केन्द्रीकृत संरचना कै कारण नेपालको समयानुकुल समावेशी सन्तुलित प्रगति हुन सकेन । फलस्वरुप नेपाली समाजको अन्तर्विरोधले चर्को रुप धारण गर्दै गएपछि पटक पटक भएका संघर्ष, क्रान्ति र जन आन्दोलनले मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गराउने मुख्य माग स्थापित गर्‍यो । नेपाली समाजमा थुप्रै समस्याहरु भएको ती मध्ये मुख्यतः वर्गिय, जातिय, क्षेत्रिय र लिंगिय समस्या हुन र यी समस्याहरुको समाधानका लागि राज्यको भावी संरचना तयार गर्नुपर्दछ भन्ने निष्कर्षका साथ मुलुक अघि बढिरहेको छ ।

हुनत संविधानमा घोषित उद्देश्यहरु अचुक रुपमा परिपूर्ति भैहाल्छ भन्न सकिदैन तथापी राज्यमा नागरिकको सहज पहुँच स्वशासन र शासनमा साझेदारीको ग्यारेन्टी हुने हुनाले यस्तो प्रणाली अपनाउने लोकप्रियता बढ्दै गएको देखिन्छ । संघीयताको मूल नीति पूर्ण लोकतन्त्रको ग्यारेन्टी गर्ने र उत्पीडित जाति र क्षेत्रको समेत आफ्नै शासन र शासनमा साझेदारीको सुनिश्चितता हो । त्यसकारण विगतमा भएको केन्द्रीकृत एकात्मक शासन प्रणालीबाट जुन मानसिकता नेपाली जनमानसमा रहेको थियो अब केही हदसम्म त्यो हट्न पर्ने हुन जान्छ किनभने अब बन्ने संघीय संरचनामा प्रत्येक क्षेत्रमा पछाडि परेका र अल्पसंख्यकको समेत समानुपातिक नेतृत्व र सहभागिता निश्चित गरिनु पर्दछ भन्ने एजेन्डा मुख्य रुपमा उठीरहेको छ ।

यसरी राज्यको वर्गिय, जातिय, भाषिक, लैङ्गिक, साँस्कृतिक, धार्मिक लगायत क्षेत्रिय भेदभावको अन्त्य गर्दै महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लीम उत्पीडित, उपेक्षित र अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक समुदाय एवं पिछडिएको क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागि गराउने कार्यलाई राज्यको दायित्वको रुपमा स्विकार गरिएको सन्दर्भमा त्यस्ता वर्ग, जाति, समुदाय, क्षेत्रको उत्थानको लागि भावी संविधानमा विशेष व्यवस्था गर्न कार्यपालिकिय अधिकारको प्रयोग कर्ता सरकार समक्ष अझै पनि जनताको पूर्ण रुपमा विश्वासको संकट भएकोले केही संवैधानिक आयोगहरु भावी संविधानमा व्यवस्था गनु आवश्यक देखिन्छ ।

यद्यपी वर्तमान परिप्रेक्ष्यमा विभिन्न क्षेत्रबाट अन्य धेरै विषयगत काम कुराका सम्बन्धमा पनि संवैधानिक आयोग बन्नु पर्दछ भन्ने आवाज बुलन्द रुपमा उठीरहेको छ र जिल्ला जिल्लाबाट

जनताद्वारा प्रेषित गरिएका सुझावहरुबाट पनि त्यो भावना अभिव्यक्त भएको देखिन्छ । खासगरी विभिन्न विषयगत आयोगको सम्बन्धमा हेर्दा त्यस्ता आयोगहरुको काम कारवाहीमा अनुगमन गर्ने र प्रतिवेदन दिने, अनुगमनको साथसाथै कार्यान्वयन पनि गर्ने र सरकारको जवाफदेहितालाई लागू गराउने मध्ये हाल मागको रुपमा आवाज उठीरहेका विभिन्न आयोगको कार्य प्रकृति अनुगमन गर्ने र प्रतिवेदन दिने, सिफारिश गर्ने कार्य बढी देखिन आउँछ । जुन कार्य निश्चित वर्ग, लिङ्ग, क्षेत्रको उत्थानसँग सम्बद्ध छ । त्यस्तो कार्यको निश्चित मापदण्ड पूरा गरेपछि स्वतः औचित्य हिन पनि हुन जान्छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५४ मा नेपाल सरकारले महिला, दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लीम अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा वर्ग तथा समुदाय लगायत विविध क्षेत्रको हक हितको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक आयोगहरु गठन गर्न सक्नेछ । त्यस्ता आयोगहरुको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम केही आयोगहरु पनि स्थापना भै कार्य प्रारम्भ गरेको भएतापनि स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न नसकेबाट भावी संविधानमा यस प्रकारको आयोगहरु स्थापना गर्न सक्ने संवैधानिक ग्यारेन्टी गरी सम्बन्धित क्षेत्रको संरक्षण र सम्वर्द्धनको बाटो खुल्ला गरिनु पर्ने देखिन्छ ।

नेपालको वर्तमान केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाको अन्त्य गरी राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुर्नसंरचना गर्ने र मुलुकको राज्य संरचनाका सबै अंगमा महिला, आदिवासी/जनजाति, मधेशी, मुस्लिम, अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक समुदाय एवं पिछडिएको क्षेत्र लगायतका सिमान्तकृत वर्गलाई समावेशी आधारमा सहभागी गराउने सम्बन्धमा नेपालको अन्तरिम संविधान, २०६३ ले उद्घोषित गरेको राज्यको दायित्व सम्बन्धी व्यवस्था राज्य व्यवस्थालाई समावेशी बनाउने सम्बन्धमा भएको महत्वपूर्ण व्यवस्था हो । युगौंदेखि चलिआएको सामाजिक तथा राज्य व्यवस्थामा आमुल परिवर्तन गर्न लामो समय लाग्ने भएकोले पनि समावेशीकरणको विषयलाई संवैधानिक रुपमा व्यवस्थित गरिरहनु पर्ने आवश्यकता छ । वर्तमान अन्तरिम संविधानमा रहेको राज्य पुर्नसंरचना र समावेशीकरण सम्बन्धी व्यवस्था व्यापक र पर्याप्त भएकोले उक्त व्यवस्थालाई भावी संविधानमा पनि पुर्नव्यवस्थित गरिनु अपरिहार्य छ ।

## भाग - ४
## संवैधानिक निकायको स्वतन्त्रताका आधारहरु

### संवैधानिक निकायको स्वतन्त्रताका आधारको पृष्ठभूमि

सिमित सरकार र सुशासनको अवधारणालाई साकार पार्नु संविधानवादको मूल मर्म हो । असल सरकारको स्थापनाको लागि संसारका विभिन्न स्वरुपका शासन प्रणालीहरु र नीतिहरु अर्न्तगत शासकिय शक्तिको दुरुपयोगलाई नियन्त्रण गर्ने अर्थात् सरकारलाई असिमित हुनबाट रोक्ने प्रयोजनको लागि विभिन्न संयन्त्रहरुको अवलम्बन गरिएको हुन्छ । संविधानवादको सुनिश्चितताको लागि अपनाइने त्यस्ता उपायहरुमा लिखित संविधानको अवलम्बन, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलनको सिद्धान्तको संयोजन, कानुनको शासनको प्रत्याभूति, न्यायिक पुनरावलोकन, आवधिक निर्वाचन र भ्रष्टाचार तथा अख्तियार दुरुपयोग अनुसन्धान गर्ने निकाय (Ombudsman) लगायतका स्वतन्त्र एवं स्थायी संवैधानिक निकायहरुको व्यवस्था आदि पर्दछन् । उल्लेखित संयन्त्रहरुले सुशासन र सरकारको जनउत्तरदायीत्वलाई सुनिश्चित गर्दछन् ।

संविधानवादले सिमित सरकार र सुशासनको अवधारणालाई आत्मसात गरेको हुन्छ । कानुनी संविधानवाद र राजनीतिक संविधानवाद संविधानवादको सुनिश्चितताको लागि अपनाइने विभिन्न संयन्त्रहरु मध्ये स्वतन्त्र संवैधानिक निकायहरु राजनीतिक संविधानवाद कायम गर्ने संयन्त्र अर्न्तगत पर्दछन् । यी अंगहरुले सरकार र सरकारी पदाधिकारीहरुका काम कारवाहीहरु उपर नियन्त्रण र निगरानी गरेर देशमा सुशासन कायम गर्ने कार्यमा मद्दत गर्दछन् । ती संयन्त्रहरुले सुशासन र सरकारको जनउत्तरदायित्वलाई सुनिश्चित गर्दछन् र तीनिहरुको प्रभावकारिता नै कुनै पनि देशमा संविधानवादको व्यवहारिक अवलम्बनलाई मापन गर्ने मापदण्ड हुन्छ । ती सबै अंगहरुले मूलतः कार्यकारिणी अर्न्तगतको कार्य गर्दछन् । सत्तामा रहेको दलले शक्तिको दुरुपयोग गरी शासन प्रणालीलाइ विकृत तुल्याउनबाट बचाउन, नागरिक अधिकारको रक्षा गर्न, खर्चको दुरुपयोग रोकी पारदर्शिता कायम गर्न तथा सुशासनको लागि र कानुनको शासन कायम गर्नको लागि संवैधानिक आयोगहरु आवश्यक पर्दछन् । असल सरकारको स्वायत्तताको लागि संसारका विभिन्न स्वरुपका शासन प्रणालीहरु र तीनिहरु अर्न्तगत शासकिय शक्तिको दुरुपयोगलाई नियन्त्रण गर्ने अर्थात् सरकारलाई असिमित हुनबाट रोक्ने प्रयोजनको लागि विभिन्न संयन्त्रहरुको अवलम्बन गरिएको हुन्छ । संविधानवादको सुनिश्चितताको लागि अपनाइने त्यस्ता उपायहरुमा विभिन्न स्वतन्त्र संवैधानिक निकायहरुको व्यवस्था पनि पर्दछन् । खासगरी विकासोन्मुख मुलुकहरुमा कार्यकारिणी माथिको कम भरोसाका कारण यस्ता अंगहरुको संविधानमा व्यवस्था गरिएको पाइन्छ । नेपालका प्राय सबै संविधानले राज्यको तीन अंग बाहेकका अन्य संवैधानिक निकायको पनि व्यवस्था गर्ने गरेको छ ।

सिमित सरकार र असल शासन संविधानवादका पूर्व शर्तहरु हुन् । उत्तरदायी, सक्षम, स्वच्छ सरकारको लागि सरकारका काम कारवाहीहरु वैधानिकता, प्रभावकारीता र स्वच्छताको परीक्षण गर्ने संवैधानिक व्यवस्था नगरी सिमित र असल सरकार दिन सकिंदैन । सरकारका काम कारवाहीको वैधानिकता परीक्षण गर्ने स्वतन्त्र न्यायपालिकाको स्थापना गर्नु जति आवश्यक छ, यसको स्वच्छता र प्रभावकारिताको लागि स्वतन्त्र संवैधानिक अंगहरुको व्यवस्था गर्नु उत्तिकै आवश्यक छ । संवैधानिक निकायको प्रमुख उद्देश्य नै सरकारको काम कारवाही कानुनको शासनको मर्म अनुसार संचालन गर्न लगाई स्वच्छता कायम गर्नु रहेकोले संविधानले यस्ता निकायहरुको गठन र काम कारवाहीमा सरकारको हस्तक्षेप नहुने व्यवस्था गर्नु अनिवार्य हुन्छ । सरकारको काम कारवाहीको स्वच्छता, पारदर्शिता, प्रभावकारिता र जवाफदेहिताको व्यवस्था गर्न संवैधानिक निकायहरुको व्यवस्था संविधानद्वारा नै गरिएको हुन्छ । यी अंगहरुको व्यवस्था गर्दा गठन विधि, पदाधिकारीहरुको नियुक्ति प्रक्रिया, सेवा शर्त र सुविधा जस्ता मूलभूत पक्षहरुमा समेत ध्यान दिन आवश्यक हुन्छ । ती संवैधानिक अंगहरुको गठन र काम कारवाहीमा सरकारको हस्तक्षेप गर्दा भने ती अंगहरुको प्रभावकारिता र निष्पक्षता कायम रहन सक्दैन ।

**स्वतन्त्रताका आधारहरु**

१. शक्ति पृथकीकरण तथा शक्ति सन्तुलनको अवधारणालाई सुनिश्चित गर्न, प्रजातान्त्रिक मान्यता र विधिको शासनलाई संविधानवादको सीमाभित्र आवद्ध गर्न, सिमित सरकार तथा असल सरकारको अवधारणालाई मूर्त रुप दिन र परिमार्जित र उत्तरदायी सरकारलाई स्वेच्छाचारी हुनबाट रोक्न स्वतन्त्र, सुयोग्य र प्रभावकारी संवैधानिक संयन्त्रको आवश्यकता पर्दछ । स्वतन्त्रताको प्रत्याभूति राज्यपक्षको सर्वोच्च विधानबाट प्रत्याभूत हुनुपर्ने यसो भयो भने मात्र ती संस्थाहरुले स्वतन्त्र र प्रभावकारी रुपमा कार्य गर्न सक्दछन् । संवैधानिक निकायहरु स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न आवश्यक आधारहरुको बारेमा संवैधानिक प्रत्याभूति दिनुपर्ने हुन्छ ।

२. उचित र प्रभावकारी संवैधानिक संरचनाको गठन हुनु पर्दछ ।

३. नियुक्ति, नियुक्तिको लागि योग्यता, पदरिक्त हुने अवस्था तथा पदबाट मुक्त हुने अवस्था, पुर्ननियुक्ति सम्बन्धी व्यवस्था, पारिश्रमिक, सेवाका शर्त र अन्य सुविधाहरु र अन्य सरकारी सेवामा नियुक्ति ग्राह्य नहुने व्यवस्था आदिको बारेमा संविधानमा उल्लेख हुनु पर्दछ ।

४. आफ्नो कर्तव्य पालना गर्न पदावधिको सुरक्षा र कानुनी उन्मुक्ति जस्ता कार्यगत स्वतन्त्रता हुनुपर्दछ ।

५. उपयुक्त मानविय वित्तिय र प्रशासनिक स्वायत्तता हुनु पर्दछ । यस्ता साधन र स्रोतमा कार्यकारिणीको नियन्त्रण तथा निर्देशन हुनु हुँदैन । यसले मात्र संवैधानिक निकाय वास्तविक रुपमा नै कार्यगत र संगठनात्मक स्वायत्तता (Functional and Organizational Autonomy) प्राप्त हुन्छ ।

६. आम नागरिकहरुलाई सेवा प्रदान गर्ने क्रममा सरकारबाट हुने अनियमितता रोक्नको लागि स्थापित हुने कुनैपनि आयोग संवैधानिक हुन आवश्यक मानिन्छ ।

७. कुनैपनि आयोगले सरकारको गतिविधिमा नै प्रश्न उठाउने हैसियत राख्छ भने उसको काम, कर्तव्य तथा अधिकारहरु संवैधानिक रुपमा नै सुनिश्चित गर्न आवश्यक हुन्छ ।

८. संवैधानिक आयोगहरु आफ्नो काम कारवाहीको लागि सिधै जनप्रतिनिधिहरु मार्फत जनताप्रति उत्तरदायी रहन्छ । त्यसैले त्यस्ता अंगहरुले आफ्नो खर्च सिधै सञ्चित कोषबाट व्यहोर्ने गरी प्राप्त हुनुपर्दछ ।

९. सामान्यतः संवैधानिक आयोगहरुले राज्यको अंगको हैसियतमा सरकारका गतिविधिहरुमा नै ध्यान दिने भएकोले त्यस्ता अंगहरु सरकारको प्रभावबाट मुक्त रही स्वतन्त्र तथा स्वच्छ हुनुपर्दछ ।

१०. त्यस्ता केही आयोगहरु, जसले राज्यका गतिविधिहरु उपर पहरेदारको रुपमा काम गर्छ, ती आयोगहरुको हैसियत संवैधानिक रुपमा नै सुनिश्चित गर्नुपर्ने आवश्यकता देखिन्छ ।

११. संवैधानिक आयोगका पदाधिकारीहरुको नियुक्तिका आधारहरु संविधानमा नै उल्लेख गरिएको हुन्छ भने त्यसको लागि आवश्यक व्ययभार पनि संविधानमा नै सुनिश्चित गरिएको हुन्छ ।

**आर्थिक र प्रशासनिक स्वायत्तता**

हाल विद्यमान विभिन्न संवैधानिक निकायहरुले आर्थिक र प्रशासनिक स्वायत्तता प्राप्त नभएका कारणबाट सम्बन्धित कार्य स्वतन्त्रतापूर्वक सम्पन्न गर्न नसकेको भन्ने व्यापक गुनासो समेत आइरहेको परिप्रेक्ष्यमा वस्तुतः ती निकायहरुको संरचना मात्र संवैधानिक हुँदैमा पर्याप्त हुँदैन त्यसैले आवश्यक मात्रामा चाहिने जनशक्ति आफै नियुक्त गर्न पाउने र आवश्यकताका आधारमा आर्थिक रुपका सबै खर्च सर्वसञ्चित कोषबाट प्राप्त हुने गरेमा सरकारको मुख ताकी रहन पर्ने अवस्था नपर्ने हुन्छ ।

## भाग - ५
## निश्कर्ष र सुझाव

### निश्कर्ष

आधुनिक लोकतान्त्रिक राज्यको मान्यता अनुसार जनता नै राज्यका मुख्य शक्तिका स्रोत हुन, जनता नै संप्रभु हुन, जनतामा आवश्यक हक अधिकार र स्वतन्त्रता राज्य सत्ताबाट निरंकुश तरिकाले अपहरण गर्न नसकियोस्, राज्यद्वारा गरिने काम कारवाहीहरु निर्धारित कानुनी र संवैधानिक तरिकाबाट संचालित हुन सकोस् भन्ने मूलभूत उद्देश्य अनुरुप हरेक देशमा संविधानको निर्माण भएको हुन्छ । खासगरी राज्यमा अराजकता, निरंकुशता र स्वेच्छाचारीतालाई नियन्त्रण गर्नका लागि संवैधानिक पद्दतिको विकास र कानुनी शासनको अवलम्बन अपरिहार्य हुन आउँछ ।

संविधानले संविधानवादलाई अंगालेको हुन्छ भने संविधानवाद संविधानको न्यूनतम शर्त र सिद्धान्त हो । कानुनी शासनको अवधारणा र शक्ति पृथकीकरण संविधानवादका मूलमन्त्र हुन । यसै सिद्धान्तको आधारमा कानुनले सरकारको शक्तिलाई नियन्त्रण गर्दछ । संविधानवादको सिद्धान्त अनुसार संविधानवाद प्रजातान्त्रिक मूल्य मान्यतामा विकास हुन्छ र लिखित संविधानले सरकारका अंगहरुको काम कारवाहीलाई नियन्त्रण गर्दछ ।

आफ्ना लागि आफैले संविधान निर्माण गर्ने दशकौं देखिको चाहना पूरा गर्न संविधानसभा मार्फत अहिले नेपाली जनता संविधान निर्माण गर्ने प्रक्रियामा संलग्न रहेको यस अवस्थामा विगतको केन्द्रीकृत शासन व्यवस्थाको अन्त्य गरी शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको अपेक्षा गरेका छन् ।

संविधान निर्माणमा विकसित पछिल्लो विधि शास्त्रले यस प्रक्रियामा जनताको सर्वोपरिता, जनसहभागिता र जनस्वामित्व हुनु पर्ने मान्यता राख्दछ । जनताले आफ्नो इच्छा र आकांक्षाहरु संविधानमा प्रतिविम्बित भएका छन्, संविधानमा आफ्नो सर्वोच्चता कायम छ भन्ने कुरा अनुभूत नगरेमा र यथार्थ रुपमा यसको निर्माण प्रक्रियामा उनीहरुको सहभागिता कायम हुन नसकेमा संविधानले जनस्वामित्व प्राप्त गर्न नसक्ने कुरा स्थापित तथ्य हो । संविधानको वैधता र प्रभावकारी कार्यान्वयनको लागि पनि यी कुराहरु अपरिहार्य हुन्छन् ।

नेपालमा हालसम्मका संविधानहरुको निर्माणमा जनताको प्रत्यक्ष सहभागिता नरहेको यथार्थ हो । वर्तमान संविधानसभाको समावेशी चरित्रले र जनता स्वयंबाट संविधानसभा मार्फत संविधान निर्माण हुन गइरहेको अहिलेको सन्दर्भमा जनआकांक्षाहरु धेरै हुनु स्वभाविकै हो । विभिन्न समुदाय, वर्ग, क्षेत्र आदिका आफ्ना अधिकार र सरोकारका कुराहरु उनीहरुले सोचे जस्तो गरी संविधानमा नै लिपिवद्ध हुनुपर्छ भन्ने दवाबहरु पनि नरहेको होइनन् । तर सबै कुरा संविधानमा समेटीने हुँदैनन् । यसले त निश्चित मूल्य र मान्यताहरु स्थापित गरिदिन्छ । ती मूल्य मान्यताहरुलाई समय सापेक्षित संवैधानिक अभ्यास, संशोधन र अदालतको व्यवस्थाद्वारा विकास गर्दै लगिनु मुलुक र जनताको हितमा हुन्छ । संविधानसभालाई राज्यले धान्न सक्ने र बोझिलो नहुने गरी भावी संवैधानिक संरचना र संयन्त्रहरुको निर्धारण गर्नुपर्ने जिम्मेवारीवोधको खाँचो एकातिर रहेको छ भने कानुनको शासनलाई संस्थागत गरी सरकारका काम कारवाहीलाई पारदर्शी, स्वच्छ र जनउत्तरदायी बनाई सुशासन कायम गराई मुलुकमा विद्यमान सबै प्रकारको विभेदहरु अन्त्य गर्दै सबै वर्ग, क्षेत्र र जातिको समानुपातिक सहभागिता र समावेशीको सुनिश्चितता गर्दै शासन व्यवस्थामा सुशासन कायम गर्नु पनि उत्तिकै चुनौतिपूर्ण छ ।

हुनत संविधान आफैमा साध्य नभै साधन हो । सोही साधनबाट जनताको शान्ति, सुरक्षा र स्वतन्त्रताको रक्षाको आशा गरीएको हुन्छ । जनतालाई वास्तविक सार्वभौम बनाउने गरी प्रत्यक्ष प्रजातन्त्रका विधाहरु र अप्रत्यक्ष प्रजातन्त्रका विधाहरुलाई किटानीसाथ संविधानसभाबाट नयाँ बन्ने संविधानमा राखियो भने वास्तविक संविधानवादको महत्व परिपूर्ति हुन सक्दछ । राज्यका मुख्य क्षेत्रको रुपमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका बिच शक्ति विभाजन, नियन्त्रण र सन्तुलन कायम गर्ने कार्य विश्वका कतिपय संविधानमा गरिएको हुँदाहुँदै पनि केही विशेष कामको जवाफदेही स्वरुप अन्य थप निकायको व्यवस्था गरिएको पाइन्छ जसको मूलभूत उद्देश्य भनेको तिनै विद्यमान अंगको काम कार्यमा सहयोग पुऱ्याउनु र शक्ति सन्तुलन र नियन्त्रण कायम गर्न नै हो जसबाट संवैधानिक

सर्वोच्चतालाई बढावा दिनुपर्ने हो भन्न सकिन्छ । खासगरी राज्यका कार्यपालिका र व्यवस्थापिकाबाट गरिने काम कार्यलाई बढी मात्रामा राजनीतिक रंग दिइने र ती अंगका प्रमुखहरुका बढी सामिप्यता राजनीतिक व्यक्ति र राजनीतिक कार्यहरुसँग हुने भएकोले तीनिहरुबाट भएका काम कारवाहीलाई स्वतन्त्र रुपमा भएको भन्नलाई विश्वासको संकट भएको परिप्रेक्ष्यमा केही विशेष कामहरुलाई छुट्टै अंगको व्यवस्था गरी गर्न सकेमा स्वतन्त्रता र निष्पक्षताको आभाष मिल्ने हुँदा त्यस्ता निकाय संविधानमा नै व्यवस्था गरी तीनिहरुको नियुक्ति, योग्यता, पदावधि, काम कर्तव्य र अधिकार जस्ता कुराहरुको ग्यारेण्टी गरिने संवैधानिक परम्परा अनुरुप लोक सेवा आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग जस्ता निकायहरुका अतिरिक्त जातिय, वर्गिय, क्षेत्रीय, लिङ्गीय, भाषिक, धार्मिक र साँस्कृतिक दृष्टिकोणले पछाडि पारिएका र विभेदमा परेका समुदायको जनताको हितमा भएका विशेष व्यवस्थाको प्रभावकारी कार्यान्वयनलाई अनुगमन गर्न थप संवैधानिक आयोगहरुको स्थापना गर्ने हेतुले आगामी संविधानमा यस्ता निकायहरुको आवश्यकता महशुस गरिएको छ । जसको सफल कार्यान्वयनबाट नै लोककल्याणकारी राज्यको संविधानको उद्देश्य र लक्ष्य परिपूर्ति हुनेछ भन्ने कुरामा समेत आशा राख्न सकिन्छ ।

सुझाव

**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा कति क्षेत्राधिार रहने भन्ने विषयमा प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकको यस सम्बन्धी व्यवस्था, विगतको हाम्रो संविधानमा भएको व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :-

**(क) संरचनात्मक व्यवस्था :**

१. **गठन स्वरुप :** अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सट्टा संघीय अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय रहने जसमा समानुपातिक र समावेशीताका आधारमा प्रमुख आयुक्त र अन्य दुईजना आयुक्त रहने व्यवस्था गरिनेछ । यसबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गर्ने कामहरु सहभागितामूलक एवं बहुआयामिक व्यक्तित्वबाट हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा केन्द्रीय व्यवस्थापिका-सभाले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक एवं अन्य सुविधाहरु सरकारले मनमानी तरिकाले नीजहरुलाई मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा एक कार्यकालको लागि पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा केन्द्रीय व्यवस्थापिका संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता** : सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने** : निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यान दिइ एक पटक लोक सेवा आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोहि निकायको सदस्यलाई सोही निकायको अध्यक्षमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा नीजहरुलाई लगाउन सकिन्छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था :**

१. कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेको सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर यस संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै विशेष व्यवस्था भएको पदाधिकारीको हकमा यो उपधारा लागू हुने छैन ।

२. खराब आचरणका आधारमा महाभियोग प्रस्ताव पारित भई पदमुक्त हुने संवैधानिक पदाधिकारीहरू, न्याय परिषद्‌बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरू र सैनिक ऐन बमोजिम कारबाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सकिनेछ ।

३. यसरी भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दुरूपयोग गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निजलाई सचेत गराउन, विभागीय कारबाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारबाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

४. यसरी भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्ति उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा महान्यायाधिवक्ताको राय लिएर मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।

५. यसरी भएको अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।

६. यस संविधानको अधीनमा रही अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अन्य काम, कर्तव्य र अधिकार तथा कार्यविधि कानूनद्वारा व्यवस्था भए बमोजिम हुनेछ ।

(ग) प्रादेशिक व्यवस्था

संघीय स्वरुपमा अख्तियारको दुरुपयोग अनुसन्धान आयोग रहनेछ।

(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

सरकारलाई जनताप्रति जवाफदेहि र उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलापको वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने देखिन्छ।

**लेखा परीक्षण आयोग**

भावी संविधानमा लेखा परिक्षण आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा कति क्षेत्राधिकार रहने भन्ने विषयमा प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकको यस सम्बन्धी व्यवस्था, विगतको हाम्रो संविधानमा भएको व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सूझाव प्रस्तुत गरिएको छ :-

(क) संरचनात्मक व्यवस्था :

१. **गठन स्वरुप** : महालेखा परीक्षकको सट्टा संघीय लेखा परीक्षण आयोग रहने जसमा समानुपातिक र समावेशीताका आधारमा एक जना अध्यक्ष र दुईजना सदस्य रहने व्यवस्था गरिनेछ। यसमा हाल महालेखा परीक्षकको एकल नेतृत्वमा भएका धेरै स्वविवेकिय अधिकारहरु बहुआयामिक भएका व्यक्तित्वहरुबाट हुन जाने भई सहभागितामूलक र प्रजातान्त्रिक हुनेछ।

२. **नियुक्ति** : औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिने छ। यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा केन्द्रीय व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ।

३. **पदावधि** : सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ। सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खर्च घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था गरिनेछ। उमेरको हद ननाघेसम्म सोही संस्थामा अर्को एक पटकका लागि पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ। निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ। सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ। कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब

आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा केन्द्रीय व्यवस्थापिका संसदबाट महाभियोग लगाई हटाउने सक्ने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राहय नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक संघीय लेखा परीक्षण आयोगको अध्यक्ष वा सदस्यको पदमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्त गर्न र मुलुकलाई आवश्यक पर्दा निजहरुलाई राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिनेछ ।

**(ख) काम कर्तव्य तथा अधिकार**

१. सर्वोच्च अदालत, व्यवस्थापिका-संसद, संविधान सभा, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय तथा अन्य संवैधानिक निकायको कार्यालय र नेपाली सेना एवं सशस्त्र प्रहरी बल, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग लगायतका सबै सरकारी कार्यालय, अदालत, स्थानीय निकाय, सरकारी शिक्षण संस्था र सार्वजनिक संस्थानहरुको लेखा परीक्षण गर्ने अधिकार क्षेत्र तोकिनेछ ।

२. संघीय लेखा परीक्षण आयोगले लेखा परीक्षण गरिने सार्वजनिक निकायले राख्ने लेखाको ढाँचा आयोगको परामर्शमा राष्ट्र प्रमुख वा प्रदेश प्रमुखले गर्ने व्यवस्था गरिनेछ ।

३. संघीय लेखा परीक्षण आयोगलाई लेखा परीक्षण वा मूल्याङ्कन गर्न सम्बन्धित निकायमा रहेका सबै कागजपत्र, विवरण, हिसाब किताबमा पहुँच हुने, सम्बन्धित निकायले आयोगलाई उपलब्ध गराउनु पर्ने र उपलब्ध नगराएमा उपलब्ध नगराएकोलाई विभागिय कारवाही गर्न लेखि पठाउने व्यवस्था गरिनेछ । यस्ता कागजपत्र, विवरण, हिसाब किताब परीक्षण, मूल्याङ्कन, भौतिक परीक्षण गर्दा गम्भिर प्रकृतिको कारोवार भएमा तत्काल प्रतिवेदन दिने व्यवस्था गरिनेछ ।

४. संघीय लेखा परीक्षण आयोगलाई आफ्नो कर्तव्य पूरा गर्न आवश्यक बजेट प्रस्ताव गरी संसदमा पेश गर्ने र संसदले बजेटमा समावेश गराउने व्यवस्था गरी त्यस्तो खर्च गर्न आयोगलाई स्वायत्तता दिइनेछ । त्यस्तो खर्चको लेखा परीक्षण संसदले तोकेको पेशागत लेखा परीक्षणबाट गराउने र कार्य समाप्त भएपछि व्यवस्थापिका-संसदलाई प्रतिवेदन दिने, त्यस्तो प्रतिवेदन अध्ययन गरी संघीय लेखा परीक्षण आयोगलाई निर्देशन दिने व्यवस्था गरिनेछ । संघीय लेखा परीक्षण आयोगको काम कारवाहीलाई मूल्याङ्कन गर्ने जिम्मेवारी व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिलाई दिइनेछ ।

५. संघीय लेखा परीक्षण आयोगलाई प्राप्त अधिकार अध्यक्ष र सदस्यहरुलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था गरिनेछ ।

६. संघीय लेखा परीक्षण आयोगले लेखा परीक्षण गर्न पाउने अधिकार भएका निकाय बाहेक अन्य निकायको कारोबार वा खास कारोवारको लेखा परीक्षण गर्न चाहेमा राष्ट्र प्रमुखको स्वीकृति लिइ गर्ने तथा संसद वा राष्ट्र प्रमुख वा सरकारको खास विषयको परीक्षण गरिदिन आयोगलाई अनुरोध गर्न सक्ने व्यवस्था राखिनेछ ।

७. संघीय लेखा परीक्षण आयोगले लेखा परीक्षण गर्दा कुनै कारोबारमा गम्भिर प्रकृतिको अपराध, भ्रष्टाचार वा हिनामिना भएको देखेमा वा आयोगको प्रतिवेदनमा उल्लेख भएको व्यहोरा

छलफल गर्दा संसदले छानविन गर्नुपर्ने देखेमा प्रचलित कानुन बमोजिम छानविन गर्ने कार्यालयमा अख्तियार दुरुपयोग छानविन गर्न लेखी पठाउने व्यवस्था गरिनेछ ।

८. संघीय लेखा परीक्षण आयोगले लेखा परीक्षण गरेका निकायको प्रतिवेदन सम्बन्धित निकायलाई उपलब्ध गराउने, सम्बन्धित निकायबाट प्राप्त प्रतिक्रिया समेत विश्लेषण गरी संघ अन्तर्गतको निकायको वार्षिक प्रतिवेदन संघको राष्ट्रपति समक्ष र प्रदेशको सो अन्तर्गतका निकायको प्रदेशको प्रमुख समक्ष पेश गर्ने, राष्ट्रपति वा प्रदेश प्रमुखले संसदमा पेश गर्ने व्यवस्था गरिनेछ ।

**(ग) प्रादेशिक व्यवस्था**

संघीय लेखा परीक्षण आयोगको प्रत्येक प्रान्त/राज्यमा सामान्यतया एक शाखा रहन सक्नेछ ।

**(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि र उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**लोक सेवा आयोग**

राज्यको स्थायी संयन्त्रको रुपमा रहेको निजामति प्रशासनलाई कर्मठ, योग्य, जागरुक र उर्जावान जनशक्तिको पूर्ति गर्ने एकमात्र निकाय लोक सेवा आयोगको विकल्प छैन । संसारका प्रायजसो सबै राष्ट्रमा लोक सेवा आयोगको प्रकृतिको संस्था अस्तित्वमा रहे भएको पाइदा लोक सेवा आयोगको औचित्य चिरकालपर्यन्त रहीरहने कुरामा दुईमत देखिँदैन । यद्यपी विश्वका विभिन्न मुलुकहरुमा यस संस्थाको औचित्य एवं क्षेत्राधिकारका सम्वन्धमा कम वेशी मात्रामा फरक देखिन्छ ।

भावी संविधानमा संघीय लोक सेवा आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा कति क्षेत्राधिकार रहने भन्ने विषयमा प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकको यस सम्बन्धी व्यवस्था, विगतको हाम्रो संविधानमा भएको व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** लोक सेवा आयोगको सट्टा संघीय लोक सेवा आयोगको कार्यालय रहने जसमा समानुपातिक र समावेशीताका आधारमा अध्यक्ष र आवश्यकता अनुसार सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु वहुआयामिक व्यक्तित्वहरुवाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्‌को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा केन्द्रीय व्यवस्थापिका-सभाले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने

गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खच घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा अर्को एक पटकका लागि पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ । लोक सेवा आयोगका पदाधिकारीको हकमा भने बौद्धिकस्तरको कार्यसम्पादन गर्नुपर्ने भएबाट विशेष शैक्षिक योग्यता तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यान दिइ एक पटक लोक सेवा आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्त गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिने छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

१. लोक सेवा आयोगले संविधानले सुम्पेको दायित्व निष्पक्षताका साथ बहन गर्दै आइरहेको परिप्रेक्ष्यमा आजसम्म केवल निजामति सेवाका पदहरुमा मात्र प्रतिस्पर्धात्मक परीक्षाको माध्यमबाट कर्मचारी नियुक्तिको सिफारिश गर्दै आएकोमा अन्य निकायले संचालन गर्ने परीक्षाहरु स्वच्छ र निष्पक्ष नभएको जनगुनासो आइरहेको सन्दर्भलाई हेर्दा अब निजामति सेवाका अतिरिक्त सरकारी विद्यालयका शिक्षक, नेपाल प्रहरी, ससस्त्र प्रहरी र सैनिक सेवा लगायत अन्य सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था लोक सेवा आयोगले गर्ने गरी कानुनद्वारा व्यवस्थित गर्न सक्नेछ । यसबाट ती परीक्षाहरु पनि निष्पक्षतापूर्वक संचालन गरी योग्य र सक्षम व्यक्तिको निष्पक्ष र स्वच्छ रुपले सबै सरकारी सेवामा नियुक्त होस् भन्ने अभिप्रायले लोक सेवा आयोगको कार्यक्षेत्र सबै सरकारी सेवाका पदहरुमा विस्तार गरिनेछ ।

२. लोक सेवा आयोगलाई सबै सरकारी पदको नियुक्तिको सिफारिश गर्ने कामको अलावा यिनको वृत्तिविकास, सेवा शर्त निर्धारण र सेवाको सुरक्षा जस्ता विषयहरुको बारेमा सरकारलाई सल्लाह दिने अधिकार राखिनेछ ।

३. निजामति सेवाको शर्त सम्बन्धी कानुनको विषयमा आयोगको परामर्श लिनुपर्ने संवैधानिक वाध्यात्मक प्रावधानलाई आयोगसँग यस्ता कुराहरुमा परामर्श लिने गरेको छ । तर यस्तो परामर्श औपचारिकतामै सिमित रहने गरेको पनि बेलाबेलामा आयोगको आलोचना समेत हुने गरेको छ । निजामति सेवालाई बढी व्यवसायिक, कार्यदक्ष तथा पद्दतिले चल्ने बनाउन आयोगको भूमिकालाई महत्व दिनुपर्छ ।

४. लोक सेवा आयोग आम निजामति कर्मचारीको संरक्षक भएकोले कर्मचारी उपर विभागीय कारवाहीको परामर्श पठाउँछ । आयोग अझ बढी गम्भिर हुनु जरुरी देखिन्छ ।

५. निजामति सेवाका पदमा बढुवा गर्दा अपनाउनु पर्ने सिद्धान्तको विषयमा आयोगको परामर्श लिनुपर्ने संवैधानिक प्रावधानले बढुवाको आधारहरुमा सरकारले मनोमानी ढंगले हेरफेर गरी गैर जिम्मेवारपूर्ण ढंगले कार्य गर्न नसक्ने भएकोले बढुवा प्रक्रियामा स्थिरता र विश्वास कायम हुने देखिन्छ ।

६. आयोगको परामर्शको आधार कुनै व्यक्ति विशेष को हित भन्दा पनि सिंगो निजामति प्रशासनलाई सक्षम र मर्यादित बनाउन हुनु पर्दछ ।

७. विभागिय कारवाहीको सम्बन्धमा कर्मचारीलाई पूर्वाग्रही भै स्वेच्छाचारी ढंगले कारवाही हुनबाट जोगाइ लोक सेवा आयोग आम कर्मचारीको संरक्षकको रुपमा रहेको छ । जुनसुकै प्रकारको विभागिय कारवाही गर्दा पनि आयोगको परामर्श चाहिने संवैधानिक प्रावधानले नेपाल सरकारले जथाभावी सजायँ प्रस्ताव गर्ने, एउटै कसूर गरेका बीचमा पनि विभेदपूर्ण नीति अपनाउने जस्ता विकृतिको नियन्त्रण गर्न आयोगको महत्वपूर्ण भूमिका छ ।

(ग) प्रादेशिक व्यवस्था

लोक सेवा आयोगको प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनी शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गर्न राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

## निर्वाचन आयोग

निर्वाचन लोकतन्त्रको मुटु हो । निष्पक्ष, स्वतन्त्र र भरपर्दो निर्वाचन प्रणाली र प्रक्रियाले नै लोकतन्त्रको संस्थागत विकास गर्न तथा निर्वाचन प्रति आम जनताको विश्वास बढाउन सकिन्छ । राज्यको शासन व्यवस्था संचालनार्थ योग्य जनप्रतिनिधि छनौट गरी सुशासन कायम गर्ने क्रममा निर्वाचन आयोगको अहं भूमिका रहेको हुन्छ । निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्ने कार्यको जिम्मा संविधानत निर्वाचन आयोगमा निहित रहेको छ ।

भावी संविधानमा संघीय निर्वाचन आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकको यस सम्बन्धी व्यवस्था, विगतको हाम्रो संविधानमा भएको व्यवस्था एवं अभ्यास,समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता, परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

(क) संरचनात्मक व्यवस्था

१. **गठन स्वरुप :** निर्वाचन आयोगको सट्टा संघीय निर्वाचन आयोगको कार्यालय रहने जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना प्रमुख निर्वाचन आयुक्त र अन्य दुईजना आयुक्त रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु बहुआयामिक व्यक्तित्ववाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा

नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि** : सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्वन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता** : सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने** : निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक लोक सेवा आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायको सदस्यलाई अध्यक्ष पदमा नियुक्त गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिन्छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

१. राष्ट्रपति, उपराष्ट्रपति, व्यवस्थापिका-संसद (केन्द्र , राज्य र स्थानीय तह) को निर्वाचन, जनमत सँग्रह लगायत राष्ट्रिय स्तरका सबै खालको निर्वाचनको निष्पक्ष र प्रभावकारी रुपले संचालन रेखदेख र निर्देशन र नियन्त्रण गर्ने अधिकार निर्वाचन अयोगलाई प्रदान गरिनेछ ।

२. संघीय संरचना अन्तर्गत निर्वाचन क्षेत्रहरुको निर्धारण गरी निर्वाचनको मिति तोक्ने अधिकार निर्वाचन आयोगलाई दिइनेछ ।

३. निर्वाचन प्रयोजनको लागि राजनीतिक दल दर्ता, दलहरु बीचको विवाद निरुपण एवं संस्थागत विकासमा सहयोग गर्ने काम निर्वाचन आयोगलाई सुम्पिनेछ ।

४. निर्वाचन र सो को नीति कानुन लगायतका विषयमा सरकारलाई परामर्श दिने काम निर्वाचन आयोगले गर्नेछ ।

५. निर्वाचन पूरा भइ नसकेको अवस्थामा उम्मेदवारको अयोग्यता सम्बन्धी विषयमा निर्णय गर्ने अधिकार निर्वाचन आयोगलाई हुनेछ ।

६. मतदाता नामावली संकलन र अध्यावधिक गर्ने काम स्थानीय निकायहरुलाई आवश्यक सहयोग र समन्वय गर्ने काम निर्वाचन आयोगको हुनेछ ।

७. निर्वाचन प्रयोजनको लागि नागरिकताको आधारमा मतदाता नामावली संकलन स्थानीय

निकायको सहयोगमा निर्वाचन आयोगले गर्नेछ । साथै मतदाता नामावलीमा मतदाताको फोटो रहने व्यवस्था मिलाइनेछ ।

(ग) प्रादेशिक व्यवस्था

निर्वाचन आयोगको प्रत्येक प्रान्त/राज्यमा एक शाखा रहन सक्नेछ।

## राष्ट्रिय मानव अधिकार आयोग

भावी संविधानमा संघीय मानव अधिकार आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा प्रजातान्त्रिक शासन व्यवस्था भएको मुलुकको यस सम्बन्धी व्यवस्था, विगतको हाम्रो संविधानमा भएको व्यवस्था एवं अभ्यास,समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता, परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

(क) संरचनात्मक व्यवस्था

१. **गठन स्वरुप :** मानव अधिकार आयोगको सट्टा संघीय मानव अधिकार आयोगको कार्यालय रहने जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य चारजना सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु बहुआयामिक व्यक्तित्वहरुवाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ। यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खच घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था :** संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ। सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ। कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा केन्द्रीय व्यवस्थापिका संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ। सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ। निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ।

६. **सरकारी सेवामा ग्राह्य नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक लोक सेवा आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्ती गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिन्छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

१. मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु संघीय मानव अधिकार आयोगको कर्तव्य हुनेछ ।

२. मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कुनै विषयमा संसद्का समितिहरु वा पूर्ण सदनको बैठकमा हुने छलफलमा आयोगका पदाधिकारीहरु सल्लाहाकारको हैसियतबाट सहभागी हुन सक्ने कुरा उल्लेख गरिनु उपयुक्त हुने ।

३. कार्यकारी प्रमुख वा राष्ट्र प्रमुखलाई विद्यमान मानव अधिकार अवस्थामा कसरी सुधार ल्याउन सकिन्छ भन्ने सम्बन्धमा समय समयमा आवश्यक सुझाव र सल्लाह दिने अधिकार यस आयोगलाई प्राप्त हुनु पर्ने ।

४. मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने कुनैपनि कानुन वा नीति पारित गर्नुपूर्व सम्बन्धित निकायले आयोगसँग अनिवार्य रुपमा परामर्श लिनुपर्ने व्यवस्था हुनुपर्ने ।

५. संयुक्त राष्ट्र संघ क्षेत्रीय संगठन तथा मानव अधिकार क्षेत्रमा कार्यरत अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरुसँग मानव अधिकारको संरक्षण र सम्वर्द्धनको सिलसिलामा आवश्यक सहयोग आदान प्रदान गर्न सक्ने व्यवस्था हुनुपर्ने ।

६. नेपाल पक्ष भएको मानव अधिकार सम्बन्धी अर्न्तराष्ट्रिय क्षेत्रीय महासन्धिहरुको कार्यान्वयनका प्रभावकारीता पत्ता लगाउने सम्बन्धमा आवश्यक अध्ययन अनुसन्धान गरी सम्बन्धित निकाय समक्ष सिफारिश गर्ने अधिकार हुनुपर्ने ।

७. आयोगले आवश्यक र उपयुक्त देखेको अवस्थामा पीडितलाई कानुनी सहायता उपलब्ध गराउन सम्बन्धित निकायलाई आदेश दिन सक्ने ।

८. मानव अधिकार उल्लंघन हुनबाट रोक्न आवश्यक र उपयुक्त आदेश जारी गर्ने अधिकार आयोगलाई हुने ।

९. मानव अधिकारको अवस्थामा सुधार ल्याउन सम्बद्ध निकायसँग समन्वय र सहकार्य गर्ने अधिकार आयोगलाई हुनुपर्ने ।

१०. आयोगले आवश्यकता अनुसार पीडितलाई अन्तरिम राहत उपलब्ध गराउन सक्ने व्यवस्था हुनुपर्ने ।

११. आयोगको आर्थिक स्वायत्तता सुनिश्चित गर्नको लागि सरकारले छुट्टै मानव अधिकार कोषको व्यवस्था गर्नुपर्ने ।

**(ग) प्रादेशिक व्यवस्था**

प्रादेशिक क्षेत्रमा मानव अधिकार आयोग रहनेछ।

**(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनी शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत

जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**महिला आयोग**

महिला उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र महिला उत्थान सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय महिला आयोग हुने र भावी संविधानमा संघीय महिला आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतको हाम्रो कानूनी व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** नेपालमा एक संघीय महिला आयोगको हुनेछ जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु बहुआयामिक व्यक्तित्वहरुबाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खर्च घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिनेछ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था :** संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक संघीय महिला आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिने छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- महिलाको हक हितसँग सरोकार राख्ने संघीय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनका लागि नेपाल सरकार समक्ष पेश गर्ने ।
- महिलाको हक हितसँग सम्बन्धित प्रचलित कानुनको पालना भए वा नभएको वा नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि अन्तरगतको दायित्व कार्यान्वयन भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यान्वयन नभएको भए सोको पालना वा कार्यान्वयनको लागि नेपाल सरकार समक्ष सुझाव दिने ।
- महिलालाई राष्ट्रिय विकासको मूल प्रवाहमा समाहित गर्नका लागि तथा राज्यका सबै अंगमा समानुपातिक सहभागिता लागू गरिएका नीति तथा कार्यक्रमको समिक्षा, अनुगमन तथा मूल्याङ्कन गर्ने र सोको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारलाई सिफारिश गर्ने ।
- लैङ्गिक समानता, महिला सशक्तिकरण तथा महिलासँग सम्बन्धित प्रचलित कानुनी व्यवस्थाको अध्ययन, अनुसन्धान गरी त्यस्ता कानुनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सम्बन्धित निकायलाई सिफारिश गर्ने र सोको अनुगमन गर्ने ।
- महिला अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- महिला हिंसा वा सामाजिक कुरीतिबाट पीडित वा महिला अधिकार प्रयोग गर्न नदिएको वा वञ्चित गरेको विषयमा कुनै व्यक्ति वा संस्था विरुद्ध मुद्दा दायर गर्नुपर्ने आवश्यकता देखिएमा कानुन बमोजिम अदालतमा मुद्दा दायर गर्न सिफारिश गर्ने ।
- कानुनद्वारा तोकिएका अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन**

संघीय महिला आयोगले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार अध्यक्ष, सदस्य, समिति, उपसमिति वा आयोगका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**(घ) प्रादेशिक व्यवस्था**

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि र उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

## दलित आयोग

दलित समुदायको उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र दलित समुदायको उत्थान सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय दलित आयोग हुने र भावी संविधानमा संघीय दलित आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतको हाम्रो कानूनी व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सूझाव प्रस्तुत गरिएको छ :-

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** नेपालमा एक संघीय दलित आयोग हुनेछ जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु बहुआयामिक व्यक्तित्वहरुवाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्धतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिनेछ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक संघीय दलित आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिन्छ ।

(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

- नेपालमा भएका दलित सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- जातिय उत्पीडन र विभेदको अन्त्य गरी दलित उत्थान र विकासका निम्ती दलित हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।
- दलित उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत दलित समुदायको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागी नेपाल सरकार समक्ष सुझाव दिने ।
- दलित समुदायको अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने ।

(ग) अधिकार प्रत्यायोजन

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

(घ) प्रादेशिक व्यवस्था

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**आदिवासी/जनजाति आयोग**

आदिवासी/जनजातिको उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र आदिवासी/जनजातिको उत्थान सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय आदिवासी/जनजाति आयोग हुने र भावी संविधानमा संघीय आदिवासी/जनजाति आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतको हाम्रो कानूनी व्यवस्था एवं अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :-

(क) संरचनात्मक व्यवस्था

१. **गठन स्वरुप :** नेपालमा एक संघीय आदिवासी/जनजाति आयोग हुनेछ जसमा समानुपातिक र समावेशी प्रतिनिधित्वको आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहने व्यवस्था
गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु वहुआयामिक व्यक्तित्वहरुवाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिने छ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था :** संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राह्य नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यान दिइ एक पटक संघीय आदिवासी/जनजाति आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिन्छ ।

(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

- नेपालमा भएका आदिवासी/जनजाति सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।

- आदिवासी/जनजातिहरुको भाषा तथा सँस्कृतिको जर्गेना एवं तीनिहरुको उत्थान र विकासका निम्ती आदिवासी/जनजाति हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।
- आदिवासी/जनजाति उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत आदिवासी/जनजाति हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागी नेपाल सरकार समक्ष सुझाव दिने ।
- आदिवासी/जनजाति अधिकार सम्बन्धित नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन**

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

**(घ) प्रादेशिक व्यवस्था**

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

## अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग

अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र त्यस सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुने र भावी संविधानमा संघीय अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतको हाम्रो कानूनी अभ्यास ,समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** नेपालमा एक संघीय अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोग हुनेछ जसमा समानुपातिक र

समावेशीताका आधारमा प्रतिनिधित्व हुने गरी एकजना अध्यक्ष र आवश्यकता अनुसार अन्य सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु बहुआयामिक व्यक्तित्वबाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्धतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा अर्को एक पटकका लागि पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिनेछ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था :** संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होउन् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राहय नहुने :** नि:स्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यान दिइ एक पटक संघीय अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राह्य नहुने व्यवस्था गरिनेछ । तर सोही निकायका सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिने छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- नेपालमा भएका अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षणसंग सम्वन्धित अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण, उत्थान र विकास लगायत निजहरुको हितसंग सरोकार राख्ने

राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।

- अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण, उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत निजहरुको हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागी नेपाल सरकार समक्ष सुझाव दिने ।
- अपाङ्गता भएको व्यक्ति, अल्पसंख्यक एवं सिमान्तकृत समुदाय तथा पिछडिएका वर्ग र क्षेत्रको हित संरक्षण सम्वन्धी नेपाल पक्ष भएको अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा भएको व्यवस्था बमोजिम नेपालले पठाउनु पर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारले पठाए वा नपठाएको अनुगमन गर्ने ।
- कानुनद्वारा तोकिएको अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन**

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

**(घ) प्रादेशिक व्यवस्था**

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**मधेशी आयोग**

मधेशी समुदायको उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र मधेशी समुदायको उत्थान सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय मधेशी आयोग हुने र भावी संविधानमा संघीय मधेशी आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतमा भएको अभ्यास, समितिमा विभिन्न माध्यम मार्फत प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ ।

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** नेपालमा एक संघीय मधेशी आयोग हुनेछ जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु वहुआयामिक व्यक्तित्ववाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खच घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा अर्को एक पटकको लागि पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिनेछ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था :** संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ । स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न निश्चित पदावधिको व्यवस्था गरिने छ ।

५. **योग्यता :** सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राहय नहुने :** निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक संघीय मधेशी आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राहय नहुने व्यवस्था गरिनेछ । तर सोहि निकायको सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिने छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- नेपालमा भएका मधेशी समुदाय सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- मधेशी समुदायको भाषा सँस्कृतिको जगेर्ना एवं मधेशी समुदायको उत्थान र विकासका निम्ती मधेशी हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।
- मधेशी उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मधेशी हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागी नेपाल सरकार समक्ष सुझाव दिने ।
- कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन**

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

**(घ) प्रादेशिक व्यवस्था**

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्वारा निर्धारण भए बमोजिम हुनेछ ।

**(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलापलाई पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद) मार्फत जनतालाई सुसुचित गराउन राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्ने र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

**मुस्लिम आयोग**

मुस्लिम समुदायको उत्थान एवं तीनिहरुको हक हितको संरक्षण र प्रवर्द्धनको विषयमा र मुस्लिम समुदायको उत्थान सम्बन्धमा भएको विशेष व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनको अनुगमन गरी नेपाल सरकारलाई सिफारिश गर्न नेपालमा एक संघीय मुस्लिम आयोग हुने र भावी संविधानमा संघीय मुस्लिम आयोगको संरचना कस्तो हुने र कुन भूमिकामा रहने भन्ने विषयमा विगतमा भएका अभ्यास ,विभिन्न माध्यम मार्फत समितिमा प्राप्त राय सुझाव, देशको आवश्यकता र परिवेश समेतलाई विचार गर्दा निम्नानुसारको सुझाव प्रस्तुत गरिएको छ :-

**(क) संरचनात्मक व्यवस्था**

१. **गठन स्वरुप :** नेपालमा एक संघीय मुस्लिम आयोग हुनेछ जसमा समानुपातिक र समावेशीताका आधारमा एकजना अध्यक्ष र अन्य दुईजना सदस्यहरु रहने व्यवस्था गरिनेछ । यसबाट आयोगले गर्ने कामहरु वहुआयामिक व्यक्तित्ववाट सहभागितामूलक हुन गई प्रजातान्त्रिक हुनेछ ।

२. **नियुक्ति :** औपचारिक रुपमा मात्र नभई वास्तविक रुपमा कार्यपालिकाको प्रभावबाट मुक्त भई स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न सहयोग पुऱ्याउन संवैधानिक परिषद्को सिफारिशमा नियुक्ति गरिनेछ । यदि राज्यको शासकीय स्वरुप राष्ट्रपतिय पद्दतिको हुने हो भने राष्ट्रपतिको मनोनयनमा व्यवस्थापिका-संसदले अनुमोदन गरे पश्चात नियुक्ति हुने व्यवस्था राखिनेछ ।

३. **पदावधि :** सरकारको हस्तक्षेप विना स्वतन्त्र, निष्पक्ष र निर्भयतापूर्वक संवैधानिक दायित्वलाई सक्षम र पारदर्शी तथा प्रभावकारी रुपमा सम्पादन गर्नलाई पारिश्रमिक र सेवाका अन्य शर्तहरु कानुनमा तोकिए बमोजिम हुने र पदमा बहाल रहुन्जेलसम्म निजहरुलाई मर्का पर्ने गरी परिवर्तन नहुने संवैधानिक प्रत्याभूतिको व्यवस्था गरिनेछ । सरकारले मनमानी तरिकाले मर्का पर्ने गरी पारिश्रमिक र अन्य खच घटाउन नसकोस् भन्ने उद्देश्यले राज्यको सर्वसञ्चित कोषबाट संवैधानिक पदाधिकारीहरुको पारिश्रमिक र अन्य खर्च व्ययभार हुने व्यवस्था मिलाइनेछ । उमेरको हद ननाघेसम्म सोही संस्थामा पुर्ननियुक्ति हुन सक्ने र राजीनामा दिएमा पदरिक्त हुने व्यवस्था राखिनेछ । स्वतन्त्र र निष्पक्ष रुपमा काम गर्न निश्चित पदावधिको व्यवस्था गरिने छ । निष्पक्ष, स्वतन्त्र र प्रभावकारी रुपमा काम गर्न त्यस्ता पदाधिकारीको लागि निश्चित पदावधिको व्यवस्था गरिनेछ ।

४. **पदरिक्त हुने अवस्था र पदबाट मुक्त हुने अवस्था** : संवैधानिक पदाधिकारीहरुलाई सजिलैसँग चाहेको बेला हटाउन नसकियोस् भनी लामो प्रक्रिया अर्थात् हालकै संवैधानिक व्यवस्था अवलम्बन गरिनेछ । सरकारले आफ्नो स्वेच्छाले जथाभावी किसिमले पद मुक्त गर्न नपाओस् भनी हालको जस्तो निश्चित आधार र प्रक्रिया निर्धारण गरिनेछ । कसुर गर्ने जोसुकैले पनि सोबाट उन्मुक्ति नपाओस् भन्नका लागि सर्वोच्च अदालतका न्यायाधीशलाई हटाउने प्रावधान जस्तै समान आधार र समान तरिकाले हटाउने प्रावधान अर्थात् कार्यक्षमताको अभाव, खराब आचरण र इमान्दारीपूर्वक काम नगरेको भन्ने आधारमा व्यवस्थापिका-संसदबाट महाभियोग लगाई हटाउने हालको संवैधानिक प्रावधान राखिनेछ । सरकारले मनपरी तवरले हटाउन नपाओस् भन्नाका लागि यस्तो व्यवस्था राखि पदको संरक्षण प्रदान गरिनेछ ।

५. **योग्यता** : सक्षम, दक्ष र योग्य व्यक्तिको नियुक्ति भएमा नै संस्थाले स्वतन्त्र, सक्षम र प्रभावकारी तरिकाले काम गर्न सक्ने भएबाट निश्चित योग्यता तोकिनेछ । निश्चित योग्यता नपुगीकन कसैको दया मायाले नियुक्त नभई योग्य दक्ष र सक्षम व्यक्तिहरु नियुक्त होस् भन्नका लागि संविधानमा नै योग्यता सम्बन्धी व्यवस्था तोकिनेछ ।

६. **सरकारी सेवामा ग्राहय नहुने** : निःस्वार्थ रुपले काम गर्न र पदिय मर्यादा समेतलाई ध्यानमा दिइ एक पटक संघीय मुस्लिम आयोगको पदाधिकारीमा नियुक्त भइसकेपछि अन्य सरकारी सेवामा नियुक्तिको लागि ग्राहय नहुने व्यवस्था गरिनेछ । तर सोहि निकायको सदस्यलाई अध्यक्ष पदमा नियुक्ति गर्न र राजनैतिक प्रकृतिको पदमा वा अन्य जाँचबुझ अनुसन्धान गरी राय मन्तव्य सहितको प्रतिवेदन दिने सम्बन्धी अनुसन्धानको काममा लगाउन सकिने छ ।

**(ख) काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था**

- नेपालमा भएका मुस्लिम समुदाय सम्वन्धि अध्ययन तथा अन्वेषण गरि त्यस सम्वन्धमा गर्नुपर्ने उपयुक्त विषय समेत पहिचान गरि नेपाल सरकारलाई सिफारिस गर्ने ।
- मुस्लिम समुदायको भाषा, सँस्कृतिको जगेर्ना एवं मुस्लिम समुदायको उत्थान र विकासका निम्ती मुस्लिम समुदाय हितसंग सरोकार राख्ने राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यन्वयनका लागी नेपाल सरकार समक्ष पेश गर्ने ।
- मुस्लिम समुदायको उत्थान तथा हितमा भएका विशेष व्यवस्था लगायत मुस्लिम समुदाय हित संग सम्वन्धित प्रचलित कानुनको प्रभावकारी रुपमा पालना भए वा नभएको विषयमा अनुगमन गरी पालना वा कार्यन्वयन नभएको भए सो को पालना वा कार्यन्वयनका लागी नेपाल सरकार समक्ष सुझाव दिने ।
- कानुनद्धारा तोकिएको अन्य कार्य गर्ने ।

**(ग) अधिकार प्रत्यायोजन**

आयोगले आफ्नो काम, कर्तव्य र अधिकार मध्ये कुनै काम, कर्तव्य र अधिकार आफ्नो कुनै सदस्य वा सदस्यहरुको समिति वा संघीय वा प्रान्तीय सरकारको कर्मचारीलाई तोकेको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्नेछ ।

**(घ) प्रादेशिक व्यवस्था**

प्रादेशिक सम्बन्धी व्यवस्था कानुनद्धारा निर्धारण भए बमोजिम हुनेछ ।

**(ङ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था**

सरकारलाई जनताप्रति जवाफदेहि एवं उत्तरदायीपूर्ण बनाउन र सरकारी क्रियाकलाप पारदर्शी बनाई कानुनको शासनको मर्म अनुसार सुशासन कायम होस् भन्ने उद्देश्यले हरेक संवैधानिक निकायले आफूले गरेको वर्षभरिको क्रियाकलाप वार्षिक प्रतिवेदन व्यवस्थापिका-संसद) मार्फत जनतालाई सुसुचित गर्न राष्ट्र प्रमुख समक्ष पेश गर्नुपर्ने र त्यस्तो प्रतिवेदनमा आफ्नो कार्यक्षेत्रमा देखिएका समस्या एवं सुधारका उपायहरु समेत उल्लेख गर्नुपर्ने भएबाट विगतका सरकारका क्रियाकलापलाई मुल्याङ्कन गर्न र भविष्यका लागि मार्गदर्शन हुन जाने हुँदा सो सम्बन्धी व्यवस्था गर्नु उपयुक्त देखिन्छ ।

### सुनवाई सम्बन्धी व्यवस्था

अन्तरिम संविधानको धारा १५५ ले संविधान बमोजिम नियुक्ति हुने संवैधानिक निकायका पदाधिकारीहरुको पदमा नियुक्ति हुनु पूर्व कानुन बमोजिम संसदीय सुनवाई हुने व्यवस्था गरेको छ। लोकतान्त्रिक पद्धतिमा भर्खरै हिंड्दै गरेको हाम्रो जस्तो परिवेशमा संवैधानिक निकाय जस्तो गरिमामय पदमा सिफरिश भएको व्यक्तिलाई संसदीय सुनवाईमा उभ्याउन खोजिनु प्रत्यक्षतः व्यवस्थापिकीय हस्तक्षेप जस्तो देखिन्छ। यो प्रक्रिया अमेरिका जस्तो अध्यक्षात्मक शासन व्यवस्था भएको मुलुकमा विभिन्न उच्च पदमा नियुक्तिका लागि राष्ट्रपतिले सिफारिश गरेको व्यक्ति सो सम्बन्धी क्षेत्रमा योग्य एवं सक्षम छ छैन र राष्ट्रपतिबाट राजनैतिक पूर्वाग्रह राखी सिफारिश गरिएको हो होइन भनी सिनेटको समितिबाट सुनवाई गर्ने प्रक्रियाबाट अनुशरण गरिएको हो। तर एउटा कुरा के हो भने सरकारका तीनै अंगका प्रमुखहरु (प्रधानमन्त्री, प्रधान न्यायधिश र सभामुख) समेत रहेको स्वतन्त्र संवैधानिक परिषद्बाट संवैधानिक उपयुक्तताको दायरा भित्र रहेर नियुक्तिको लागि सिफारिश गरेको व्यक्तिलाई पुनः अर्को परीक्षा उतीर्ण गर्न लगाउनु र संसदीय सुनवाईको अमेरिकी सिको गरिनुको कुनै सारभूत मूल्य र अर्थ देखिंदैन। सुनवाईको निर्णय पद्दति हेर्दा समेत यो प्रक्रिया Reverse Consensus Theory मा आधारित अर्थात् बहुमत अल्पमत नभई सर्वसम्मतिले इन्कार गरेमा मात्र नियुक्तिको लागि अयोग्य मानिने व्यवस्थाले उल्टो बाटो हिंडेको र बहुमतिय प्रणालीलाई इन्कार गरेको देखिन्छ। व्यवहारमा हेर्दा सत्तासिन दलले संवैधानिक निकायको पदाधिकारीको पदमा सिफारिश गर्दा भागवण्डामा गरेको र संसदीय सुनवाईको क्रममा आफ्नो मानिसको लागि तै चुप मै चुप रहेको देखियो। संवैधानिक परिषद् एवं न्याय परिषद् जस्तो स्वतन्त्र संस्थाले सिफारिश गरिसकेपछि पुनः व्यवस्थापिका-संसद अन्तर्गतको सुनवाई समितिमा गरिने सुनवाई प्रक्रिया आवश्यक नभई दोहोरो मापदण्ड हुन गएको भन्ने व्यापक रुपमा यो प्रक्रियाप्रति असहमतिका स्वरहरु गुन्जिएको समेत पाइने गरेको छ। तसर्थ यसको साटो अरु नै विकल्प खोजिनु उपयुक्त देखिन्छ।

### विकल्प

(क) हालको व्यवस्था अनुसार सर्वोच्च अदालतका प्रधान न्यायाधीश, न्यायाधीशहरु, संवैधानिक निकायका पदाधिकारीहरु र राजदुतको नियुक्ति पूर्व सिफारिश गर्ने निकायले कानुन बमोजिम हुने संसदीय सुनवाईको लागि प्रस्तावित व्यक्तिको नाम व्यवस्थापिका-संसदको संसदीय सुनवाई विशेष समिति समक्ष पठाउने व्यवस्था छ। यस व्यवस्था अनुसार सर्वोच्च अदालतको प्रधान न्यायाधीश र संवैधानिक निकायका पदाधिकारीको नियुक्तिको लागि संवैधानिक परिषद्ले सिफारिश गर्ने, सर्वोच्च अदालतका न्यायाधीशहरुको लागि नियुक्तिको लागि न्याय परिषद्ले सिफारिश गर्ने र राजदुतको नियुक्तिको लागि नेपाल सरकार मन्त्रिपरिषद्ले सिफारिश गरी परराष्ट्र मन्त्रालय मार्फत प्राप्त हुने प्रावधान छ। यी पदाधिकारीहरुको नियुक्तिको लागि उपयुक्तता जाँच गर्ने निकायले नियुक्तिको लागि सिफारिश गर्नु पूर्व कानुनमा व्यवस्था भए बमोजिम आफैले सुनवाई गरेमा उपयुक्त हुन्छ। यसो भएमा एउटै निकायले संवैधानिक दायराभित्र रही उपयुक्तताको परिक्षण गरेपछि पुनः अर्को निकायले परीक्षण गरिरहनु नपर्ने हुन्छ। यसबाट एउटै पदको नियुक्तिको नाममा भएको दोहोरो परीक्षण गर्ने व्यवस्थाको अन्त हुन्छ।

(ख) सर्वोच्च अदालतका प्रधान न्यायधीश, न्यायधीशहरु संवैधानिक निकायका पदाधिकारी र राजदूतहरुको नियुक्ति गर्नुपुर्व संसदीय सुनवाई विशेष समितिमा जति पदमा नियुक्ति गर्नुपर्ने हो त्यसको दोब्बर नाम संसदीय सुनवाईका लागि संवैधानिक परिषद वा सम्बन्धित निकायले सिफारिश गरि पठाउने र संसदीय सुनवाई विशेष समितिले ती नामहरुका व्यक्तिहरुबाट सुनवाई गरि योग्य, दक्ष र सक्षम व्यक्तिको नाम चयन गरि दुई नाम मध्ये सुनवाईको आधारमा उत्कृष्ट नाम समितिमा उपस्थित सदस्यको दुईतिहाई बहुमतले अनुमोदन गरी सम्बन्धित निकायमा नियुक्तिका लागि सिफारिश गरि पठाउने र समितिले सिफरिश गरि पठाएको व्यक्तिलाई मात्र सम्बन्धित निकायले नियुक्ति गर्ने व्यवस्था गर्ने। जसले सक्षम, योग्य र प्रभावकारी व्यक्ति चयन हुन गई ती संस्थाको काम कारवाही प्रभावकारी, स्वच्छ र निष्पक्ष हुन जान्छ।

# सन्दर्भ सामाग्रीहरु

| क्र. सं. | किताबको नाम | लेखकको नाम |
|---|---|---|
| १. | नेपालको अन्तरिम संविधान, २०६३ | नेपाल कानुन किताब व्यवस्था समिति |
| २. | संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नमूना संविधान, २०६५ | जातिय भेदभाव विरुद्धको राष्ट्रिय संजाल |
| ३. | नेपालको संविधान र संवैधानिक कानून | टोपबहादुर सिंह |
| ४. | नेपालको संवैधानिक कानून | **Freedel** |
| ५. | संविधान, संविधानवाद, संविधानसभा र राज्यको पुनर्संरचना | चन्द्रकान्त ज्ञवाली |
| ६. | संघीय शासन प्रणाली र राज्यको पुनर्संरचना | चन्द्रकान्त ज्ञवाली |
| ७. | नेपालको संवैधानिक कानून | सुरेन्द्र भण्डारी |
| ८. | नागरिकका लागि संवैधानिक शिक्षा | संवैधानिक कानून व्यवसायी मंच |
| ९. | संवैधानिक सवालहरुमा रचानात्मक छलफल | संवैधानिक कानून व्यवसायी मंच |
| १०. | संवैधानिक कानून | सुरेन्द्र भण्डारी |
| ११. | संविधानसभाका प्रक्रिया र अनुभवहरु | भीमार्जुन आचार्य |
| १२. | नेपालको संवैधानिक कानून | डा० गोपाल शर्मा |
| १३. | संघात्मक राज्यको स्वरुप | चन्द्रकान्त ज्ञवाली |
| १४. | संसिवधानसभा र संवैधानिक विकास (विश्वको तुलनात्मक अध्ययन) | काशीराज दाहाल |
| १५. | ऐन संग्रह | ज्ञाइन्द्रबहादुर श्रेष्ठ, पैरवी प्रकाशन |
| १६. | लोकतान्त्रिक संविधानका आधारहरु | अग्र सारथी |
| १७. | नेपालको अन्तरिम संविधान, २०६३ र संवैधानिक अभिलेखहरु | नरेन्द्र बहादुर पाठक, ब्रजेश प्याकुरेल, पैरवी प्रकाशन |
| १८. | संघीय जनतान्त्रिक समाजवादी गणतन्त्र नेपालको नमुना संविधानको प्रस्तावित मस्यौदा | वामदेव पौड्याल, भुमिराज शर्मा, डिल्लीराम देवकोटा |
| १९. | नेपाल अधिराज्यको संविधान, २०४७ एक टिप्पणी | अधिवक्ता खिमलाल देवकोटा |
| २०. | नेपालको संवैधानिक कानून- (फ्रिडल) | कानून अनुसन्धान तथा विकास फोरम |
| २१. | नविनतम प्रशासनिक दृष्टिकोणहरु | श्यामकुमार भट्टराई |
| २२. | **Select Constitution of the World** | **M.V.Pylee** |
| २३. | **Democratic Constitution Making** | **Hari P.Bhattari, Jhalak Subedi** |
| २४. | **World Constitution volume 1** | **Kumar Chundal and etal** |

| | | |
|---|---|---|
| २५. | Commentaries of the Nepalese constitution | Bhandari, Adhikari and etal |
| २६. | Constitutional Government of India | M.V. Pylee |
| २७. | N.J.A. Law Journal vol. 1, 2007 | Nepal Judiciary Academy |
| २८. | Working of a Democratic Constitution, A History of the Indian Constitution | Oxford |
| २९. | Selected constitution of the world, Second Economy Edition | Universal law Public |
| ३०. | Constitutional Development and National Movement of India | R.C. Agrawal |
| ३१. | Constituent Assembly, Constitutional Debates of Indian Vol 1 - 6 | लोकसभा |
| ३२. | An Introduction to the Law of the Constitution | AV Diecy |
| ३३. | Representative Democracy and Concept of True and Fair Election | Raisa Ali |
| ३४. | Concept of State and Fundamental Rights | Suman Sharma |
| ३५. | The General Principal of Constitution Law in USA America | PM Cooley |
| ३६. | मानव अधिकार तथा नागरिक शिक्षा | मानव अधिकार तथा सामाजिक रुपान्तरण अभियान, नेपाल |
| ३७. | लोक सेवा आयोगको वार्षिक प्रतिवेदन, २०६४ | |
| ३८. | लोक सेवा आयोगको वार्षिक प्रतिवेदन, २०६५ | |
| ३९. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, २०६४ | |
| ४०. | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको वार्षिक प्रतिवेदन, २०६५ | |
| ४१. | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६४ | |
| ४२. | महालेखा परीक्षकको वार्षिक प्रतिवेदन, २०६५ | |
| ४३. | राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०६४ | |
| ४४. | राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन, २०६५ | |
| ४५. | निर्वाचन पर्यवेक्षक सम्बन्धी प्रतिवेदन, २०६५ | |
| ४६. | अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धि एवं स्वेच्छिक प्रोटोकल, २००६ | |
| ४७. | नागरिकका संवैधानिक एवं विकासका सवाल र सुझावहरु | |
| ४८. | राष्ट्रिय महिला आयोग ऐन, २०६३ | |

# अनुसूचीहरू

अनुसूची - १

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

समितिका माननीय सदस्यहरुको नामावली

| क्र.सं. | नाम | दल |
|---|---|---|
| १ | मा० श्री गोविन्द चौधरी **सभापति** | तराई मधेश लोकतान्त्रिक पार्टी |
| २ | मा० श्री अबुल कलाम आजाद | ने.क.पा. (ए.मा.ले) |
| ३ | मा० श्री अम्बिका बस्नेत | नेपाली कांग्रेस |
| ४ | मा० श्री उमा गोठे (कपाली) | ने.क.पा. (माओवादी) |
| ५ | मा० श्री काशीदेवी झा | तराई मधेश लोकतान्त्रिक पार्टी |
| ६ | मा० श्री किरण यादव | नेपाली कांग्रेस |
| ७ | मा० श्री खोभारी राय | सदभावना पार्टी |
| ८ | मा० श्री गोपीवहादुर सार्की (अछामी) | ने.क.पा. (माओवादी) |
| ९ | मा० श्री जोखबहादुर महरा | ने.क.पा. (माओवादी) |
| १० | मा० श्री डिल्लीमान तामाङ | ने.क.पा. (माओवादी) |
| ११ | मा० श्री थममाया थापामगर | ने.क.पा. (ए.मा.ले) |
| १२ | मा० श्री नरबहादुर पुन | नेपाली कांग्रेस |
| १३ | मा० श्री नरबहादुर विष्ट | ने.क.पा. (माओवादी) |
| १४ | मा० श्री प्रमिलादेवी यादव | ने.क.पा. (माओवादी) |
| १५ | मा० श्री बलदेव शर्मा मजगैयां | नेपाली कांग्रेस |
| १६ | मा० श्री बादशाह कुर्मी | नेपाली कांग्रेस |
| १७ | मा० श्री बिमला के.सी. | ने.क.पा. (माओवादी) |
| १८ | मा० श्री बिरेन्द्र जुहारचन | ने.क.पा. (माओवादी) |
| १९ | मा० श्री भगवती चौधरी | मन्त्रिपरिषद्बाट मनोनित |
| २० | मा० श्री भानुभक्त जोशी | ने.क.पा. (ए.मा.ले) |

| क्र.सं. | नाम | दल |
|---|---|---|
| २१ | मा० श्री महालक्ष्मी श्रेष्ठ | ने.क.पा. (माओवादी) |
| २२ | मा० श्री मीना पुन | राष्ट्रिय जनमोर्चा |
| २३ | मा० श्री मोहनप्रसाद पाण्डेय | नेपाली कांग्रेस |
| २४ | मा० श्री यामलाल कंडेल | ने.क.पा. (ए.मा.ले) |
| २५ | मा० श्री रघुविर महासेठ | ने.क.पा. (ए.मा.ले) |
| २६ | मा० श्री राजकाजी गुरुङ | ने.क.पा. (माओवादी) |
| २७ | मा० श्री राधादेवी तिमल्सेना | नेकपा एकीकृत |
| २८ | मा० श्री रामचन्द्र प्यासी कुसवाह | ने.क.पा. (ए.मा.ले) |
| २९ | मा० श्री राम बच्चन अहिर (यादव) | म.ज.अ.फोरम, नेपाल |
| ३० | मा० श्री राम सहायप्रसाद यादव | म.ज.अ.फोरम, नेपाल |
| ३१ | मा० श्री ललिता साह | म.ज.अ.फोरम, नेपाल |
| ३२ | मा० श्री विमला सुवेदी | ने.क.पा. (माओवादी) |
| ३३ | मा० श्री विषमलाल अधिकारी | ने.क.पा. (ए.मा.ले) |
| ३४ | मा० श्री शान्ति बस्नेत (अधिकारी) | ने.क.पा. (ए.मा.ले) |
| ३५ | मा० श्री शारदा घिमिरे | ने.क.पा. (माओवादी) |
| ३६ | मा० श्री शिवचन्द्र मिश्र | नेपाली कांग्रेस |
| ३७ | मा० डा० शेखर कोइराला | नेपाली कांग्रेस |
| ३८ | मा० श्री शेरबहादुर देउवा | नेपाली कांग्रेस |
| ३९ | मा० श्री सन्तोष थारु | ने.क.पा. (माओवादी) |
| ४० | मा० श्री सुदन राई | ने.क.पा. (माओवादी) |
| ४१ | मा० श्री सुरेशकुमार आलेमगर | ने.क.पा. (माओवादी) |
| ४२ | मा० श्री संजयकुमार साह | म.ज.अ.फोरम, नेपाल |
| ४३ | मा० श्री हरिलाल थापा मगर | मन्त्रिपरिषद्‌बाट मनोनित |

अनुसूची - २

# संविधानसभा
# संवैधानिक निकायको संरचना निर्धारण समिति

## समिति सचिवालयमा कार्यरत कर्मचारीहरुको नामावली

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री मनोहरप्रसाद भट्टराई | का.वा. महासचिव |
| २. | श्री कृष्णप्रसाद पाण्डे | व्यवस्थापिका-संसद सचिवालयका सचिव |

## समितिसँग सम्बन्धित कर्मचारीहरु

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १. | श्री लवप्रसाद गौतम | सहसचिव | |
| २. | श्री ध्रुवप्रसाद घिमिरे | उपसचिव | |
| ३. | श्री पूर्णप्रसाद वास्तोला | उपसचिव | महान्यायाधिवक्ताको कार्यालय(काज) |
| ४. | श्री कमलराज विष्ट | उपसचिव | सर्वोच्च अदालत (काज) |
| ५. | श्री भवानी घिमिरे | शाखा अधिकृत | |
| ६. | श्री राजन घिमिरे | शाखा अधिकृत | |
| ७. | श्री यमकान्त पाण्डेय | शाखा अधिकृत | सामान्य प्रशासन मन्त्रालय (काज) |
| ८. | श्री गणेशप्रसाद सिंखडा | टा.ना.सु. | |
| ९. | श्री कर्णबहादुर खड्का | ना.सु. | |
| १०. | श्री सुरेशराज सेढाई | कम्प्यूटर अपरेटर | |
| ११. | श्री कुमार खतिवडा | खरिदार | |
| १२. | श्री श्रीराम थापा मगर | ह.स.चा. | |
| १३. | श्री काशीराम श्रेष्ठ | का.स. | |
| १४. | श्री सुरेन्द्रबहादुर खत्री | का.स. | राष्टिय पुस्तकालय (काज) |

## मुद्रण तर्फ

| क्र.सं. | नाम थर | पद |
|---|---|---|
| १. | श्री पुष्पमुनि बज्राचार्य | प्रमुख मुद्रण अधिकृत |
| २. | श्री प्रेमलाल तण्डुकार | मुद्रण अधिकृत |
| ३. | श्री जगदिश्वरलाल श्रेष्ठ | मुद्रण अधिकृत |
| ४. | श्री सागरकुमार तुलाधर | मुद्रण अधिकृत |
| ५. | श्री दिपकप्रसाद न्यौपाने | सि.प्रे.टे. |
| ६. | श्री गम्भिरमान सिंह | सि.प्रे.टे. |
| ७. | श्री राजेन्द्रप्रसाद लामिछाने | सि.प्रे.टे. |
| ८. | श्री प्रेमबहादुर चन्द | प्रे.टे. |
| ९. | श्री मदन गिरी | का.स. |

अनुसूची - ३

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**समितिको कार्यक्षेत्र**

- शासन सञ्चालनमा आवश्यक पर्ने सवैधानिक अंगको पहिचान र तीनको स्वरुप निर्धारण
- संवैधानिक अंगहरुको गठन, काम, कर्तव्य तथा अधिकार
- संवैधानिक अंगहरुको विभिन्न तहका सरकारहरुसंगको सम्वन्ध
- समितिको कार्यक्षेत्रसंग सम्बन्धीत अन्य आवश्यक कुराहरु ।

# संविधानसभा
# संवैधानिक निकायको संरचना निर्धारण समितिको

**कार्य विवरण**

*(संविधानसभा नियमावली, २०६५ को नियम ८६ सँग सम्बन्धित)*

१. विद्यमान संवैधानिक निकायहरुको केन्द्रिय र स्थानिय तहसम्मको संरचनाहरुको वर्तमान अवस्थाको अध्ययन गर्न छलफल तथा अन्तरक्रिया कार्यक्रम गर्ने ।

२. क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समितिलाई आव्हान गरी आवश्यक पुस्तक, सन्दर्भ सामाग्रीहरु समितिमा संकलन गरी मा० सदस्यहरुलाई उपलब्ध गराउने ।

३. समितिको कार्यक्षेत्र भित्रका विषयमा अध्ययन गरी सोसँग सम्बन्धित राय सुझाव संकलनको लागि पर्चा, पम्पलेट तथा बुकलेट तयार पारि सर्वसाधारणमा वितरण गर्ने ।

४. विद्यमान निकायहरुको संरचना र अधिकारको उपयुक्तताको विषयमा राय सुझाव संकलन गर्न देशका १४ स्थानमा स्थलगत भ्रमण गर्ने ।

५. संघीय शासन व्यवस्था अवलम्बन गरेका मुलुकहरुमा रहेका संवैधानिक निकायहरुको संरचना, स्वरुप, गठनविधि, कार्यप्रक्रियाका बारेमा अध्ययन गर्न विभिन्न देशहरु जस्तै स्वीट्जरल्याण्ड, जर्मनी, भारत, रुस, दक्षिण अफ्रिका, संयुक्त राज्य अमेरिका जस्ता देशहरुको भ्रमण गर्ने ।

६. समितिको कार्यक्षेत्र भित्रका विषयमा अवधारणा पत्र तयार गर्ने क्रममा विदेशमा रहेका नेपाली नागरिकहरुबाट पनि सुझाव संकलन गर्न विभिन्न देशका नेपाली राजदुतावासलाई पत्राचार गरी सुझाव संकलन गर्ने ।

७. विभिन्न क्षेत्रबाट सुझावहरु संकलन गरी समितिले तयार पारेको अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा तयार पार्ने ।

८. समितिको कार्यतालिका भित्र रहि संविधानको प्रारम्भिक खाका तयार पार्ने ।

९. समितिले प्रस्तुत गरेको मस्यौदामाथि संविधानसभाले दिएको सुझाव र निर्देशनहरु टिपोट गर्ने ।

अनुसूची - ४

# संविधानसभा
# संवैधानिक निकायको संरचना निर्धारण समिति

## समितिको कार्यक्षेत्र भित्रको विज्ञहरुको कार्यविवरण (TOR) र विषयसूची

(संविधानसभा नियमावली, २०६५ को नियम ८६ संग सम्बन्धित)

विश्वका विभिन्न देशहरुको साथै नेपालमा विद्यमान विभिन्न संवैधानिक निकायहरुको ऐतिहासिक र वर्तमान अवस्थालाई आधारमानी यस समितिको कार्यक्षेत्रको पहिचान गरी सो को विषय सूची तयार पारिएको छ । समितिको कार्यक्षेत्र भित्रका विषयवस्तुमा विभिन्न क्षेत्रका विज्ञहरुको समेत आवश्यकतालाई मध्यनजर राख्दै यो TOR (Terms of Reference) तयार पारिएको छ ।

(१) **संविधानविद :-**

- राज्य संचालनमा संवैधानिक निकायको आवश्यकता
- राज्य संचालनमा आवश्यक संवैधानिक निकायको पहिचान
- संवैधानिक निकायको स्वतन्त्रताको प्रत्याभूति
- संवैधानिक निकायको स्वायत्तताको आधारहरु
- विभिन्न देशको संविधानमा भएका संवैधानिक निकायहरुको व्यवस्था
- विगतको संविधानमा भएको यस सम्बन्धी ऐतिहासिक पृष्ठभूमि
- विद्यमान विभिन्न संवैधानिक निकायको संरचनागत व्यवस्था (गठन प्रक्रिया, पदाधिकारी नियुक्ति प्रक्रिया र योग्यता, वर्खास्ती, सेवाका शर्तहरु)
- विद्यमान विभिन्न संवैधानिक निकायको काम, कर्तव्य र अधिकार
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता
- संघीय स्वरुपमा यसको भावी संरचनागत व्यवस्था

(२) **अन्तर्राष्ट्रिय कानून विज्ञ :-**

- विभिन्न देशमा रहेका संवैधानिक निकायहरुको जानकारी
- एकात्मक तथा संघात्मक राज्यमा विद्यमान संवैधानिक निकायको संरचनागत स्थितिको तुलनात्मक जानकारी
- संवैधानिक निकायहरुको स्वतन्त्रताको प्रत्याभूतिको स्थिति
- संवैधानिक अंगहरुको विभिन्न तहका सरकारहरुसँगको सम्वन्ध
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता

(३) **निर्वाचन सम्बन्धी विज्ञ :-**

- निर्वाचन आयोगको आवश्यकता
- निर्वाचन आयोग संवैधानिक निकायको रुपमा रहनु पर्ने आवश्यकताको विषय
- निर्वाचन आयोगको स्वतन्त्रताको प्रत्याभूति र विश्वसनीयताको विषय
- निर्वाचन आयोगसंग सम्बन्धित कार्यमा सरकारको दायित्वको विषय
- एकात्मक र संघीय राज्य संरचनामा निर्वाचन आयोगको संरचना र भूमिका

- विभिन्न तहका सरकारसंग निर्वाचन आयोगकको सम्बन्ध
- नेपालको विद्यमान निर्वाचन आयोगको संरचना र यसको काम, कर्तव्य र अधिकार
- निर्वाचन प्रणाली सम्बन्धी विभिन्न देशको व्यवस्था
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता

(४) **प्रशासन विज्ञ :-**

- लोक सेवा आयोगको आवश्यकताको पहिचान
- संवैधानिक संरक्षणमा लोक सेवा आयोग
- लोकसेवा आयोगको स्वतन्त्रताको प्रत्याभूति र आमजनमानसमा यसको विश्वसनीयता
- एकात्मक र संघीय राज्य व्यवस्थामा विद्यमान रहेको संवैधानिक निकायको संरचना र भूमिका
- विभिन्न तहका सरकारसंग यसको सम्बन्ध
- लोकसेवा आयोगको काम, कर्तव्य र अधिकार
- परिक्षा प्रणालीमा पारदर्शिता
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता
- विभिन्न देशका संविधानमा लोक सेवा आयोग सम्बन्धी व्यवस्था

(५) **मानव अधिकार कानून विज्ञ :-**

- मानव अधिकार आयोगको आवश्यकता
- मानव अधिकार आयोगलाई संवैधानिक निकायको रुपमा राख्नुपर्ने आवश्यकता र औचित्य
- आयोगले स्वतन्त्र र निष्पक्षरुपमा कार्य गर्ने प्रत्याभूति र आयोग स्वायत्तताका आधारहरु
- मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय सन्धि, सम्झौता, अभिसन्धी र कार्यपालिका संगको सम्बन्ध
- एकात्मक र संघीय राज्यमा मानव अधिकार आयोगको संरचनाको तुलनात्मक अध्ययन
- मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकार
- विभिन्न तहका सरकारसंग यसको सम्बन्ध
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता
- विभिन्न देशहरुमा मानव अधिकार आयोग सम्बन्धी व्यवस्था

(६) **लेखा परिक्षण विज्ञ :-**

- महालेखा परिक्षकको कार्यालयको आवश्यकता
- संवैधानिक निकायको रुपमा महालेखा परिक्षक
- महालेखा परिक्षकको कार्यालयको स्वतन्त्रताको विषय र विश्वसनीयता
- एकात्मक र संघीय राज्यहरुमा विद्यमान रहेको महालेखा परिक्षकको कार्यालय
- विभिन्न तहका सरकारसंग यसको सम्बन्ध र भूमिका
- नेपालको वर्तमान महालेखा परिक्षकको कार्यालयको संरचनात्मक व्यवस्था
- महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार
- लेखापरीक्षण गर्ने आधार तथा तरिकाहरु
- विभिन्न संवैधानिक निकायमा लैङ्गिक एवं समावेशी सहभागिता
- लेखा परीक्षण सम्बन्धी अन्य देशको व्यवस्था

अनुसूची - ५

# संविधानसभा
# संवैधानिक निकायको संरचना निर्धारण समिति

## समितिको कार्यक्षेत्रको विषयसूची

१. **अख्तियार दुरुपयोग अनुसन्धान आयोग**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका क्षेत्राधिकार
(ग) अख्तियार दुरुपयोग अनुसन्धान आयोगका काम, कर्तव्य र अधिकार
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

२. **निर्वाचन आयोग**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) निर्वाचन आयोगका काम, कर्तव्य र अधिकार

३. **लोक सेवा आयोग**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) लोक सेवा आयोगका काम, कर्तव्य र अधिकार
(ग) परिक्षा प्रणालीको विश्वसनियता र पारदर्शिता
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

४. **राष्ट्रिय मानव अधिकार आयोग**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) राष्ट्रिय मानव अधिकार आयोगका काम, कर्तव्य र अधिकार
(ग) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

५. **महालेखा परीक्षक**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार
(ग) लेखा परीक्षण गर्ने तरिका र आधारहरु
(घ) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

६. **अन्य आयोगहरु**

(क) संरचनात्मक व्यवस्था (गठन स्वरुप, नियुक्ति, योग्यता, पदावधि, सेवाका शर्तहरु, पद मुक्त हुने अवस्था)
(ख) आयोगका काम, कर्तव्य र अधिकार
(ग) वार्षिक प्रतिवेदन सम्बन्धी व्यवस्था

⇒ **समितिको कार्यक्षेत्रको विषयमा अवधारणा पत्र तयार गर्ने ।**
⇒ **तयार गरिएको अवधारणा पत्र बमोजिम प्रारम्भिक मस्यौदा तयार गर्ने ।**
⇒ **विषयगत समितिहरुबाट संविधानसभा समक्ष पेश भएका प्रारम्भिक मस्यौदा माथि छलफल भई सभाले दिएको सुझाव र निर्देशनहरु टिपोट गर्ने ।**
⇒ **सभाको बैठकमा यस समितिको प्रारम्भिक मस्यौदा माथि छलफल हुँदा उठेका जिज्ञासाहरुको विषयमा सभापतिबाट स्पष्ट गर्ने ।**

## अनुसूची - ६

## संविधानसभा

## संवैधानिक निकायको संरचना निर्धारण समिति

(समितिको बैठकको लागि आवश्यक आन्तरिक कार्यविधि)

**समितिको बैठकलाई नियमित र व्यवस्थित गर्नको लागि यस समितिका सभापति तथा सदस्यहरुले संविधानसभा नियमावली, २०६५ मा लेखिएको व्यवस्थाका अतिरिक्त देहायका कुराहरु पालना गर्नुपर्ने छः-**

१. समितिको बैठक निर्धारित समयमा बस्नेछ। निर्धारित समयभन्दा आधा घण्टा पछि पनि समितिको गणपुरक संख्या नपुगेमा सो दिनको बैठक स्थगित हुनेछ।

२. समितिको बैठकमा भाग लिने सदस्यले बोल्दा सभापतिलाई सम्बोधन गरि बोल्नु पर्नेछ।

३. कुनै सदस्यले बोलिरहेको समयमा अशान्ति गर्न वा समितिको बैठकको मर्यादा भंग हुने वा अव्यवस्था उत्पन्न हुने कुनै काम गर्नुहुंदैन।

४. समितिको बैठकको कार्यसंग प्रत्यक्ष रुपले सम्बन्धित विषय बाहेक अन्य विषयको पुस्तक, समाचार पत्र वा अन्य कागजातहरु पढनु हुंदैन।

५. बैठकको छलफलमा भाग लिने सदस्यले कुनैपनि सदस्यलाई व्यक्तिगत आक्षेप लगाउनु हुंदैन।

६. अशिष्ट, अश्लील, अपमानजनक वा कुनै आपत्तिजनक शव्द समितिको बैठकमा बोल्नु हुंदैन।

७. बोल्न पाउने अधिकारलाई समितिको बैठकको कार्यमा वाधा पार्ने मनसायले दुरुपयोग गर्नुहुंदैन।

८. संविधानको धारा ६० ले वहसमा बन्देज गरेको विषयमा छलफल गर्नुहुंदैन।

९. समितिको बैठकको अवधिभर बैठक कक्षमा मोवाइल फोन वन्द वा साइलेन्स मोडमा राख्नुपर्ने छ

१०. कुनै सदस्यले बोलिरहेको समयमा अर्को सदस्यले बोल्न सुरु गर्नु हुंदैन।

११. समितिका सदस्यहरुले बैठक अवधिभर समितिको बैठकमा भाग लिनु पर्ने छ। बैठक कक्षबाट वाहिर जान कुनै मनासिव कारण भएमा सो को जानकारी सभापतिलाई गराई वाहिर जान सकिने छ।

१२. बैठकको अन्त्यसम्म उपस्थित रहनुहुने मा० सदस्यहरुलाई सभापतिले अर्को बैठकको समय तालिका जानकारी गराइसकेपछि समिति सचिवालयले पुनः सुचना दिइरहनु अनिवार्य हुने छैन।

अनुसूची - ७

# संविधानसभा
# संवैधानिक निकायको संरचना निर्धारण समिति

## संवैधानिक निकायको संरचना निर्धारण समितिको विस्तृत कार्यतालिका

(संविधानसभा नियमावली, २०६५ को नियम ७३ को उपनियम १ को खण्ड (क) सँग सम्बन्धित)

| क्र.सं | मुख्य गतिबिधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| १. | सभापतिको निर्वाचन | २०६५।०९।१५ गते भित्र | समितिले सभापतिको निर्वाचन सम्पन्न गर्ने । | संविधानसभा सचिवालयले समितिको लागि सचिवालयको व्यवस्था गरी जनशक्ति लगायत भौतिक साधन र स्रोतको व्यवस्था मिलाउने । विशेषज्ञको सम्वन्धमा सचिवालयले आफ्नो दृष्टिकोण समितिमा पेश गर्ने । |
| २. | कार्यतालिका निर्माण | " | ➢ समितिले आफ्नो कार्यक्षेत्र भित्र पर्ने विषय र सो अन्तर्गत सञ्चालन हुने गतिविधि सहितको विस्तृत कार्यतालिका निर्माण गरी अन्तिम रुप दिने ।<br>➢ समितिसँग सम्बन्धित कार्यक्रम र पाठ्य सामाग्रीको सूची तयार गरी क्षमता अभिवृद्धि समितिलाई उपलब्ध गराउने ।<br>➢ समितिको कार्यक्षेत्रसँग सम्बन्धित सन्दर्भ सामाग्रीहरु संकलन, अध्ययन र छलफल गर्ने । | ➢ समितिको कार्यतालिका छपाई गर्ने । |
| ३. | नागरिक शिक्षा, तालिम, क्षमता अभिवृद्धि, स्थलगत अध्ययन (स्वदेश तथा विदेश), सेमिनार, गोष्ठी तथा अभिमुखिकरण | २०६५।९।१६ देखि २०६५।९।२० सम्म | ➢ विभिन्न सार्वजनिक सञ्चारका माध्यम मार्फत् सूचना प्रकाशन एवं प्रसारण गरी आम जनता, नागरिक समाज, विशेषज्ञ एवं बौद्धिक समुदायबाट राय, सुझाव संकलन गर्ने ।<br>➢ संवैधानिक निकायका वर्तमान तथा भूतपूर्व पदाधिकारी एवं कर्मचारी, संवैधानिक कानूनका विशेषज्ञ तथा विभिन्न सरोकारावालाहरुलाई आमन्त्रण गरी समितिमा रहनुभएका मा० सदस्यहरु र समितिमा कार्यरत कर्मचारीहरुको समेत सहभागिता रहने गरी अन्तरक्रिया कार्यक्रम संचालन गर्ने । | ➢ संविधान सभा सचिवालयले उक्त कार्य सम्पन्न गर्न समितिलाई आवश्यक जनशक्ति र आर्थिक एवं भौतिक साधनहरु उपलब्ध गराउने ।<br>➢ विभिन्न तरिकाबाट सुझाव संकलन गर्न सुचना प्रचार प्रसार गर्ने कार्यलाई अवधारणा पत्र लेखन कार्य सम्पन्न नहुन्जेलसम्म निरन्तरता दिने । |

| क.सं | मुख्य गतिबिधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| | कार्यक्रमको संचालन | २०६५।९।२० देखि २०६५।९।३० सम्म<br><br>२०६५।१०।०१ देखि २०६५।१०।३० सम्म | ➢ संवैधानिक निकायको परिचय, उद्देश्य, आवश्यकता र औचित्यताका विषयमा पोष्टर, पर्चा, बुकलेट जस्ता जानकारीमुलक पाठ्यसामाग्री तयार गरी प्रकाशन गर्ने ।<br>➢ देशमा विद्यमान संवैधानिक निकायहरुको संरचना, महत्व र कार्यप्रणालीको सन्दर्भमा जनमत संकलन गर्ने उद्देश्यले प्रश्नावली तयार पार्ने ।<br>➢ उपरोक्तानुसारका जानकारीमुलक पाठ्यसामाग्रीहरु विभिन्न माध्यमहरु मार्फत् देशभित्र र देश बाहिर रहेका आम नेपाली नागरिक एवं बोद्धिक समुदाय समक्ष पुग्ने गरी वितरण गर्ने । | ➢ नेपाली गजदुतावास रहेका विभिन्न देशहरुमा बसोबास गर्ने आम नेपालीहरुबाट पनि विभिन्न सञ्चारका माध्यम मार्फत् राय सुझाव संकलन गर्ने ।<br>➢ नागरिक सम्बन्ध समितिको समन्वयमा विभिन्न देशहरुको नेपाली दुतावासमा सुझाव संकलन पेटीका राख्नको लागि ती देशहरुमा पत्राचार गर्ने र संकलित राय सुझावहरु २०६५।११।१० गते भित्र संविधानसभामा पठाउन अनुरोध गर्ने । |
| | | २०६५।९।२१ देखि २०६५।९।२२ सम्म | संवैधानिक निकायका पदाधिकारी एवं कर्मचारीहरुसंग भएको अन्तरक्रियाबाट प्राप्त जानकारी एवं सुझावहरु संकलन, अध्ययन, छलफल तथा व्यवस्थित गरी अभिलेख राख्ने । | |
| | | २०६५।९।२३ देखि २०६५।१०।०५ सम्म | कार्यक्षेत्र भित्रका विषयमा तुलनात्मक र वृहत अध्ययन गर्नको लागि क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति र संविधानसभा सचिवालयसँग समन्वय गरी अध्ययन तथा अवलोकन कार्यक्रम तय गरी व्यवहारमा लैजाने । | |
| | | २०६५।१०।०६ देखि २०६५।१०।०९ सम्म | संघीय शासन व्यवस्था अवलम्बन गरेका मुलुकहरुबाट प्राप्त जानकारी एवं सुझावहरु संकलन, अध्ययन, छलफल तथा व्यवस्थित गरी अभिलेख राख्ने । | |
| | | २०६५।१०।१० देखि २०६५।१०।२५ सम्म | समितिको कार्यक्षेत्रसंग सम्बन्धित विषयहरुमा राय, सुझाव एवं जनमत संकलन गर्न समितिमा रहनु भएका मा० सदस्यहरुको १४ टोली बनाई जिल्ला सदरमुकाम लगायत अन्य स्थानका जनता, नागरिक समाज, बौद्धिक वर्ग, सरोकारवालाहरुसँग व्यापक अन्तर्क्रिया जस्ता कार्यक्रमहरु संचालन गर्ने । | |

| क्र.सं | मुख्य गतिविधि | कार्य अवधी | समितिले गर्ने कार्य | सचिवालय/सम्बन्धित समितिले गर्ने कार्य |
|---|---|---|---|---|
| | | २०६५।१०।२६ देखि २०६५।१०।३० सम्म | आम जनता, सम्बन्धित विषयका विशेषज्ञ एवं संवैधानिक निकायका पदाधिकारी एवं कर्मचारीहरु मार्फत् विभिन्न माध्यमहरुबाट प्राप्त भएका राय, सुझावहरुलाई अवधारणा पत्रमा समावेश गर्ने प्रारम्भिक तयारी गर्ने । | |
| ४. | प्राप्त राय, सुझाव संकलन, अध्ययन र छलफल | २०६५।१०।२० देखि २०६५।११।१५ सम्म | विभिन्न सञ्चार माध्यमहरु मार्फत प्राप्त राय, सुझाव संकलन गरी अध्ययन तथा छलफलका लागि अभिलेखीकरण गर्ने र अवधारणा पत्रमा उपरोक्तानुसार प्राप्त भएका राय, सुझावलाई समाविष्ट गराउने उद्देश्यले प्रारम्भिक तयारी गर्ने । | |
| ५. | अवधारणा पत्र तयार | २०६५।११।०१ देखि २०६५।११।१५ सम्म | समितिले विभिन्न सञ्चार माध्यमबाट प्राप्त सुझाव, स्थलगत अध्ययन, सेमिनार, गोष्ठीबाट प्राप्त सुझाव र समिति एवं उपसमितिको छलफलबाट प्राप्त निष्कर्षको आधारमा अवधारणा पत्र तयार गर्ने । | " |
| ६. | संविधानको प्रारम्भिक मस्यौदा तयार र प्रस्तुत | २०६५।११।१६ देखि २०६६।०१।१० सम्म | ➢ अवधारणा पत्रको आधारमा समितिले आफ्नो कार्यक्षेत्र संग सम्बन्धित विषयमा केन्द्रित रहेर प्रारम्भिक मस्यौदा तयार गरी सो को प्रतिवेदन संविधानसभामा पेश गर्ने ।<br>➢ संविधानसभामा आफ्नो समितिको प्रारम्भिक मस्यौदामाथि छलफल हुँदा प्राप्त सुझावहरु टिप्न समितिका कर्मचारीहरु बैठकमा खटिने र सुझाव संकलन तथा बुँदा टिपोट गर्ने । | " |

**(यो कार्यतालिका समितिको पहिलो बैठक भएको मिति अर्थात् २०६५ साल पुस १ गतेदेखि २०६६ साल वैशाख १० गतेसम्मको लागि हुनेछ ।)**

अनुसूची - ८

संविधानसभा

संवैधानिक निकायको संरचना निर्धारण समिति

# संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समितिको अनुरोध

आफ्ना लागि आफैले संविधान निर्माण गर्ने नेपाली जनताको चाहना पुरा गर्ने क्रममा संविधानसभा कार्यरत रहेको सर्वविदितै छ । संविधानसभा नियमावली, २०६५ को नियम ६६ बमोजिम गठित यस संवैधानिक निकायको संरचना निर्धारण समितिको मिति २०६५ ९ २४ गते बसेको बैठकले भावी संविधानमा रहने देहायका विषयहरुमा आफूले अवधारणा पत्र तयार गर्नुपर्ने ठहर गरेको परिप्रेक्ष्यमा ती विषयहरुमा समेटिनु पर्ने अवधारणा र विषयवस्तुको बारेमा आफूलाई लागेको सुझाव वा सल्लाह यस समितिलाई उपलब्ध गराई संविधान निर्माण प्रक्रियामा सहभागि भईदिनु हुन संवैधानिक निकायको संरचना निर्धारण समिति स्वदेश तथा विदेशमा रहेका समस्त नेपाली नागरिक, राजनीतिक दल, नागरिक समाज एवं विभिन्न संघ संस्थाहरुसँग हार्दिक अनुरोध गर्दछ । साथै यस सम्वन्धी कुनै सामाग्री, अन्तर्रक्रिया वा गोष्ठीवाट निस्केका निष्कर्षहरु वा कुनै प्रकाशन भए सो समेत समितिलाई उपलब्ध गराई समितिको कार्यमा सहयोग गरिदिन सादर अनुरोध गरिन्छ ।

संवैधानिक निकायको संरचना निर्धारण समितिले अवधारणापत्र तयार गर्ने विषयहरु

- **शासन सञ्चालनमा आवश्यक पर्ने संवैधानिक अंगको पहिचान र तीनको स्वरुप निर्धारण**
- **संवैधानिक अंगहरुको गठन, काम, कर्तव्य तथा अधिकार**
- **संवैधानिक अंगहरुको विभिन्न तहका सरकारहरुसँगको सम्वन्ध**
- **समितिको कार्यक्षेत्रसँग सम्बन्धीत अन्य आवश्यक कुराहरु**

*सुझाव पठाउने ठेगाना,*

**संवैधानिक निकायको संरचना निर्धारण समितिको सचिवालय**
**संसदभवन, सिंहदरबार ।**
फोन नं. :- ०१-४२११८१२, ०१-४१०४०१४
टोल फ्रि नं. :- १०६०-०१-२२३४४
फ्याक्स :- ४२००१४१
**Email : cbody_committee@yahoo.com,**
**cbody_committee@can.gov.np**

**पुनश्च** : संविधानसभाको कार्यतालिका अनुसार मिति २०६५ ११ १५ सम्ममा अवधारणापत्र तयार गरी सक्नुपर्ने भएकोले सो समयावधिलाई मध्यनजर गरी सुझाव कुनै पनि माध्यमवाट सिधै समितिको सचिवालयमा वा सम्वन्धित जिल्ला प्रशासन कार्यालय वा स्थानिय गा.वि.स. वा नगरपालिका मार्फत पठाउन सकिने व्यहोरा समेत अनुरोध छ ।

अनुसूची - ९

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**जनता, संघ संस्थाहरुबाट समितिलाई इमेल, फ्याक्स, पत्रमार्फत प्राप्त राय सुझावको सार संक्षेप**

यस समितिको कार्यक्षेत्रसँग सम्वन्धित विषयहरुमा विभिन्न माध्यमहरुबाट प्राप्त राय सुझावहरुको सार संक्षेप :-

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| १. | मूइदल राई<br>धरान न.पा., सुनसरी । | १<br>२०६५/९/१८ | • निर्वाचन आयोगले अल्पसंख्यक जातिहरु कुनैपनि तहको निकायहरुमा चुनाव जित्न नसकेको हुनाले अल्पसंख्यक जातिका समाजका प्रतिनिधि लिनुपर्ने कुरालाई विशेष प्रावधान राख्नु पर्ने ।<br>• मानव अधिकार आयोग गठन गरी संघीय राज्यहरुबाट १ १ सुयोग्य मानविय व्यक्तिहरुलाई लिएर गठन गर्नु राम्रो हुने । | पत्र मार्फत |
| २. | माधव अर्याल<br>तानसेन, पाल्पा | २<br>२०६५/१०/१३ | • राजनैतिक हस्तक्षेप अन्त्य गरी हाल चालु रहेका संवैधानिक निकायहरुलाई अझ बढी प्रभावकारी बनाउन ठोस कदम चाल्नु पर्ने ।<br>• सूचना आयोगलाई संवैधानिक निकायमा राख्नु पर्ने ।<br>• संवैधानिक निकायमा नियुक्ति गर्दा राजनीतिक नियुक्ति गर्न नहुने ।<br>• संवैधानिक निकायमा पदहरु ३ महिनाभन्दा बढी रिक्त राख्न नहुने ।<br>• संवैधानिक निकायको वार्षिक प्रतिवेदन संसद समक्ष पेश गर्नुपर्ने । | फ्याक्स मार्फत । |
| ३. | घनश्याम पराजुली<br>लेखा परीक्षण अधिकारी<br>महालेखा परीक्षक | ३<br>२०६५/१०/१३ | • संघीय व्यवस्थामा स्वतन्त्र सर्वोच्च लेखा परीक्षण संस्था हुनुपर्ने । | इमेल मार्फत । |
| ४. | निर्वाचन आयोग<br>काठमाडौं । | ४<br>२०६५/११/११ | • निर्वाचन आयोग स्वतन्त्र संवैधानिक निकायको रुपमा नै रहने ।<br>• निर्वाचन आयोगको संरचना केन्द्र र राज्य गरी दुई तहमा हुने ।<br>• राज्यस्तरको निर्वाचन आयोग केन्द्रिय निर्वाचन आयोगको विस्तारित अंगको रुपमा रहने ।<br>• आयोगको सेवा, शर्त तथा नियुक्तिका आधार तथा पदाधिकारीहरुको नियुक्ति सम्वन्धी प्रावधान हालको संवैधानिक व्यवस्था कै निरन्तरता दिए हुने । | पत्र मार्फत |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | | • निर्वाचन आयोगको सचिवालय वा कार्यालयहरु केन्द्र तथा राज्यस्तरमा हुने । | |
| ५. | जनगणतन्त्र नागरिक समाज काठमाडौंका उपाध्यक्ष जीवलाल पोखरेल । | ५<br>२०६५ ११ १३ | • संघीय वा प्रान्तिय सरकारको गठन सम्बन्धित क्षेत्रकै संवैधानिक अंगहरुबाट गरिनु पर्ने र प्रान्तिय सरकारको निकायहरुको संख्या जनसंख्या वा भौगोलिक क्षेत्रफलको आधारमा निर्धारण गरिनु पर्ने । | पत्र मार्फत |
| ६. | कृष्णप्रसाद निम्पिना ९८४१३२०४४५ | ६<br>२०६५ ११ १३ | • संवैधानिक निकायहरुमा हालकै निकायहरु कायमै राखी अम्वुड्स्म्यानको राज्य र जिल्ला तहसम्म शाखा राख्ने ।<br>• बजार नियमत तथा नियन्त्रण आयोगको व्यवस्था गरी शाखा जिल्ला तहसम्म राख्ने ।<br>• हालसम्मका संवैधानिक आयोगको शाखा राज्य तहसम्म विस्तार गरिनु पर्दछ ।<br>• संवैधानिक निकायको गठन गर्दा उच्च नैतिक चरित्र भएका व्यक्तिहरुबाट मात्र गरिनु पर्दछ । | पत्र मार्फत |
| ७. | Institute of Human Rights Communication, Nepal | ७<br>२०६५ ११ १४ | • लोक सेवा आयोग, प्रहरी सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग, राष्ट्रिय सुरक्षा आयोग जस्ता आयोगहरुलाई स्वतन्त्र संवैधानिक आयोगको रुपमा स्थापित गरिनु पर्छ ।<br>• सबै आयोगमा ३३% महिला समावेश हुनुपर्छ ।<br>• अन्य आयोगहरु जस्तै महिला आयोग, जनजाति, दलित, मधेशी आयोगहरुलाई समेटेर मानव अधिकार आयोगले एक छाता आयोगको रुपमा काम गर्नुपर्दछ । | पत्र मार्फत |
| ८. | संविधान समाजवाद समूह, नेपाल | ८<br>२०६५ ११ १४ | • अल्पसंख्यक आयोग (धार्मिक, अल्पसंख्यक यौनिक तथा तेस्रो लैङ्गिक) भाषा तथा संस्कृति आयोग, अपांग आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, युवा आयोग, सूचना आयोग, प्राकृतिक स्रोत आयोग, दलित आयोग, महिला आयोग, भूमिसुधार आयोग, राष्ट्रिय योजना आयोगलाई संवैधानिक निकाय बनाउनु पर्ने ।<br>• यी सबै आयोगहरुलाई केन्द्रिय र प्रान्तिय स्वरुपमा गठन गर्नुपर्ने । | पत्र मार्फत |
| ९. | महिला कानुन र विकास मंच | ९<br>२०६५ ११ १४ | • संवैधानिक निकाय, आयोग र शान्ति निर्माणका प्रक्रियामा कानुन बमोजिम बन्ने सम्पूर्ण आयोग र समितिहरुको आयुक्त र निर्णायक पदमा ५०% सबै जनजातिका महिलाको समानुपातिक अनिवार्य प्रतिनिधित्व हुनुपर्ने ।<br>• अधिकार सम्पन्न स्वतन्त्र र सक्षम राष्ट्रिय महिला आयोगलाई संवैधानिक अंगको रुपमा व्यवस्था हुनुपर्ने । | पत्र मार्फत |
| १०. | Himalaya Conservation | १०<br>२०६५ ११ १५ | • संघीय संवैधानिक निकाय सम्बन्धी व्यवस्थामा निम्न कुरा निश्चित हुनुपर्ने ।<br>- लोक सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, | पत्र मार्फत |

| क.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | and Development Association, Humla | | निर्वाचन आयोग जस्ता बहुसदस्यीय व्यवस्था भएका निकायमा कम्तीमा कर्णाली प्रदेशको १५% सदस्य रहने ।<br>➢ ती निकायको कर्मचारीतन्त्रमा पनि कम्तीमा १५% कर्णालीवासीको सहभागिता रहने ।<br>➢ दुर्गम तथा सिमान्तकृत क्षेत्र विकास आयोगलाई संवैधानिक आयोगको रुपमा स्थापित गरी कर्णालीको क्षेत्रगत प्रतिनिधित्वलाई सो आयोगमा सुनिश्चित गर्नुपर्छ । | |
| ११. | अर्तिसिमान्तकृत आदिवासी जनजाति राष्ट्रिय संजाल बालाजु, नेपाल । | ११<br>२०६५ ११ १५ | • स्वायत्त राज्यहरु बीचमा केही विषयमा विवाद हुन गएको खण्डमा केन्द्रिय सरकारको मातहतमा हुने गरी एक उच्चस्तरको विवाद व्यवस्थापन संयन्त्र बनाउनु पर्दछ । जसलाई त्यस्तो विवादबाट उत्पत्ति भएको यावत विषय वस्तुहरु समाधान गर्न सक्ने कानुनी अधिकार दिनुपर्ने । | इमेल मार्फत |
| १२. | राष्ट्रिय महिला आयोग भद्रकाली, काठमाडौं । | १२<br>२०६५ ११ १५ | • लैङ्गिक समानताको लक्ष्य प्राप्ति गर्ने रणनीतिमूलक संस्थाको रुपमा विश्व समुदायले नै स्वतन्त्र महिला आयोगको आवश्यकताको अनुभूत गरिसकेको परिप्रेक्ष्यमा नेपालमा पनि महिलाको उन्नती, विकास र अधिकारको संरक्षणको लागि उच्चस्तरीय संवैधानिक आयोगको आवश्यकता रहेको ।<br>• साथै नेपाल संघीयतामा रुपान्तरण हुन गइरहेको अवस्थामा महिला आयोगको अवधारणालाई एकात्मक राखी विभिन्न राज्यहरुमा यसको शाखा रहने व्यवस्था गर्ने वा केन्द्रमा छुट्टै र संघहरुको आ-आफ्नै महिला आयोग रहने सम्बन्धमा पनि संवैधानिक स्पष्टता हुन आवश्यक छ । | |
| १३. | एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र सिमिकोट, हुम्ला । | १४<br>२०६५ ११ १५ | • नयाँ बन्ने संविधानमा देशको सर्वोत्तम हित र जनताका अधिकारको रक्षा एवं समावेशीकरणका लागि तपसिलका संवैधानिक निकायको स्थापना गर्नु आवश्यक छ :-<br>महिला आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, मानव अधिकार आयोग, दुर्गम क्षेत्र विकास आयोग, जातिय छुवाछुत तथा भेदभाव निवारण आयोग, समावेशी आयोग, निर्वाचन आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, प्राकृतिक तथा सांस्कृतिक विविधता आयोग, राज्य पुर्नःसंरचना आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोग<br>• यी सबै आयोगहरुको केन्द्र र प्रत्येक प्रान्तमा र फिल्डमा समेत स्रोत केन्द्रको रुपमा विस्तार गरिनुपर्दछ । | पत्र मार्फत |
| १४. | महिला कानुन र विकास मंच थापाथली, काठमाडौं । | १५<br>२०६५ ११ १५ | • महिला तथा सिमान्तकृत समुदायको राज्यका संवैधानिक निकायमा उनीहरुको समानुपातिक प्रतिनिधित्व सुनिश्चित हुनुपर्ने । केन्द्रिय तथा प्रान्तिय स्तरका लोकसेवा आयोग, मानव अधिकार आयोग आदिमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता संविधानमा हुनुपर्ने ।<br>• सिमान्तकृत वर्गको अधिकार संरक्षणका लागि छुट्टै संवैधानिक आयोगको गठन गर्नुपर्ने । | |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| १५. | सामाजिक समावेशीकरण अनुसन्धान कोष (SNV) नेपाल | १७<br>२०६५ ११ १५ | • महिला, दलित, आदिवासी, जनजाति तथा मधेशी जस्ता वहिष्करणमा परेका समुदायको निमित्त छुट्टै संवैधानिक आयोग गठन हुनुपर्ने । | |
| १६. | दलित गैर सरकारी संस्था महासंघ<br>सानेपाचोक, ललितपुर । | १८<br>२०६५ ११ १५ | • **संवैधानिक निकाहरुमा**<br>महालेखा परीक्षक, अख्तियार दुरपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, दलित आयोग, महिला आयोग, भूमिसुधार आयोग, अल्पसंख्यक आयोग (धार्मिक अल्पसंख्यक, यौनिक तथा तेस्रो लिङ्गी) भाषा तथा सँस्कृति, अपांग आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, युवा आयोग, राष्ट्रिय योजना आयोग, सूचना आयोग रहनु पर्ने<br>• हरेक संवैधानिक आयोगहरुमा समावेशी सिद्धान्तको आधारमा प्रतिनिधित्व हुनुपर्ने सुनिश्चित गर्नुपर्ने । हरेक संवैधानिक निकायको केन्द्रिय र संघीय प्रान्तिय संरचना हुनुपर्ने ।<br>• दलित, महिला, आदिवासी जनजाति, मुस्लिम, अन्य बहिष्कृत समुदाय अपांग, तेस्रो लिङ्गीको हक सम्बन्धमा संवैधानिक आयोग हुनुपर्ने ।<br>• समाजमा विद्यमान जातिय विभेदको कारणबाट आर्थिक, सामाजिक, राजनैतिक वा साँस्कृतिक दृष्टिले पछाडि पारिएको दलित समुदायको हक अधिकार अब बन्ने नयाँ संविधानमा सुनिश्चित गरिनु पर्दछ तब मात्र देशमा मानव अधिकारको प्रत्याभूति, कानुनी शासनको अनुभूति हुन सक्दछ । | |
| १७. | दलित सेवा संघ<br>काठमाडौं । | १९<br>२०६५ ११ १५ | • अब बन्ने नयाँ संविधानमा पुर्खौदेखि राज्यले पछाडि पारेको दलित समुदायको अधिकार संवैधानिक रुपले सुनिश्चित गर्न, उनीहरुको राज्यको प्रत्येक संयन्त्रमा पहुँच पुऱ्याउनको लागि विशेष व्यवस्था गरिनु पर्दछ ।<br>• संवैधानिक निकायहरुको हकमा अन्तरिम संविधानमा व्यवस्था भएका संवैधानिक आयोगहरुको अलावा निम्न आयोगहरुलाई संवैधानिक आयोग बनाउनु पर्दछ ।<br>राष्ट्रिय दलित आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय आदिवासी तथा जनजाति आयोग, राष्ट्रिय संचार आयोग, राष्ट्रिय सामाजिक न्याय आयोग, राष्ट्रिय मधेशी आयोग, राष्ट्रिय अपांग आयोग<br>• यी निकायमा केन्द्रिय, प्रान्तिय, जिल्लास्तरमा रहने गरी गठन गर्नुपर्ने । यस्ता आयोगहरुलाई संवैधानिक स्वतन्त्रता प्रदान गरी सामाजिक, आर्थिक र राजनैतिक प्रभावबाट टाढा राख्नु पर्ने । यी अंगहरुमा नागरिक समाजबाट प्रतिनिधित्व गर्ने स्वतन्त्र र सम्बन्धित विषयका विज्ञहरुले | पत्र मार्फत |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | | नियुक्ति पाउने गरी स्वतन्त्र अर्ध न्यायिक निकायका रुपमा स्थापना गरिनु पर्दछ । | |
| १८. | प्राकृतिक स्रोत राष्ट्रिय परिसंघ, नेपाल | २०<br>२०६५/११/१६ | • प्राकृतिक स्रोत व्यवस्थापन पद्दति र यसमाथिको आदिवासी एवं स्थानीय समुदायको अधिकारको सुनिश्चितताको लागि नयाँ संविधानका लागि एउटा अत्यन्त महत्वको विषय हो । प्राकृतिक स्रोतको सन्दर्भमा राज्यलाई स्वतन्त्र रुपमा नीतिगत पृष्ठपोषण गर्ने संस्थागत पद्दति स्थापित गर्न र प्राकृतिक स्रोतको विषयमा प्रदेशहरुका बिचमा सिर्जना हुने राजनैतिक प्रकृतिका विवादहरुमा सहजीकरण गर्ने निकायको रुपमा भूमिका निर्वाह गर्न संवैधानिक आयोग आवश्यक भएको । | पत्र मार्फत |
| १९. | शेर्पा राष्ट्रिय मुक्ति मोर्चा केन्द्रिय समिति, नेपाल | २१<br>२०६५/११/१६ | • अब बन्ने संविधानमा सबै जाति, जनजाति, दलित, महिला, अल्पसंख्यक, सिमान्तकृत लगायत सम्पूर्ण नागरिकको हक अधिकार सुनिश्चित गर्न निम्न आयोगलाई हालको हैसियतसग्ह संवैधानिक मान्यता दिनुपर्ने ।<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय योजना आयोग | |
| २०. | किरात राई यायोक्खा केन्द्रिय कार्य समिति<br>कोटेश्वर, काठमाडौं । | २२<br>२०६५/११/१६ | • संवैधानिक अंगहरुको गठन गरी जातिय समानुपातिक आधारमा पदाधिकारी नियुक्ति गरिने र महिला र पुरुष पालैपालो गरीएको सिफारिशमा राष्ट्रपतिवाट नियुक्ति गरिनु पर्ने । | पत्र मार्फत |
| २१. | तराइमुल माझीको अवधारणा पत्र | २३<br>२०६५/११/१९ | • केन्द्र र प्रान्तमा आदिवासी जनजाति आयोग, महिला तथा बालबालिका आयोग, दलित आयोग, तराइमूल माझी समुदायहरुको उत्थान आयोगको छुट्टै निकाय संविधानमा उल्लेख हुनुपर्ने ।<br>• सबै संवैधानिक आयोगहरुमा तराइमूल माझीहरुको अनिवार्य सहभागिताको व्यवस्था गरिनु पर्ने । | इमेल मार्फत । |
| २२. | ताजपुरिया समाज कल्याण परिषद्, गौरीगंज, झापा | २४<br>२०६५/११/१९ | • केन्द्र, प्रान्त र स्थानीय स्तरिय निर्वाचन आयोग, अख्तियार दुरुपयोग आयोग, महालेखा परीक्षक, मानव अधिकार आयोग, महान्यायाधिवक्ता, आदिवासी जनजाति आयोग राख्नु पर्ने । | पत्र मार्फत |
| २३. | तेजवहादुर सुनार | २५<br>२०६५/१२/०३ | • जातिय भेदभाव तथा छुवाछुत निवारण आयोगको गठन संवैधानिक रुपमा हुनुपर्ने ।<br>• अन्य संवैधानिक अंगहरु समावेशी हुनुपर्ने ।<br>• जवाफदेहिताको स्पष्ट व्यवस्था हुनुपर्ने । | इमेल मार्फत । |
| २४. | चन्द्रकुमार चौधरी<br>थारु कल्याणकारी समाज | २६<br>२०६५/१२/०६ | • संविधानमा आदिवासी जनजाति आयोग, तराइ भूमि सम्वन्धी आयोग, सुकुम्वासी आयोग, कमैया तथा कम्लरी पुर्नस्थापना आयोग, दलित तथा पिछडिएको वर्ग आयोग, मानव अधिकार आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान एवं निवारण आयोग, लोकसेवा आयोग, महिला तथा अपांग आयोग गठन गर्ने व्यवस्था गरिनु पर्दछ । ती आयोगहरु केन्द्रिय र प्रान्तिय दुवै स्तरमा रहनु पर्ने । | पत्र मार्फत |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | | • संवैधानिक अंगहरुमा पदाधिकारी तथा सहायक नियुक्ति गर्दा आदिवासी, जनजाति, दलित, महिला, मधेशी, मुस्लिम र अन्य अल्पसंख्यक जातिहरुलाई जनसंख्याको आधारमा हुनुपर्ने ।<br>• प्रत्येक आयोगमा आदिवासी थारु समुदायबाट प्रमुख आयुक्त लगायत आयुक्तहरु अनिवार्य रुपमा प्रतिनिधित्व गराउनु पर्ने, केन्द्रिय, प्रान्तिय र स्थानीय सरकारहरुको विषयमा अहस्तक्षेपकारी सहमतिपूर्ण स्वतन्त्र स्वच्छ राख्नु पर्ने । | |
| २५. | श्यामप्रसाद मण्डल<br>केन्द्रिय अध्यक्ष<br>नेपाल गन्गाइ कल्याण परिषद् | २७<br>२०६५/१२/०६ | • संवैधानिक निकायमा केन्द्रियस्तर र प्रान्तिय वा राज्यस्तरमा निम्न बमोजिमका आयोगहरु रहनु पर्ने :<br>अन्य आयोगका अतिरिक्त भाषिक अधिकार आयोग, अन्तर स्वायत्त राज्य विवाद समाधान आयोग, समानता र समता आयोग, अल्पसंख्यक तथा सिमान्तकृत आदिवासी आयोग<br>• प्रान्तियस्तरको प्रत्येक आयोगमा स्थानीयस्तरमा रहेका आदिवासी जनजातिहरु मध्येबाट ७५ प्रतिशत र प्रत्यक्ष सहभागिता हुने गरी गठन प्रक्रिया हुनुपर्ने ।<br>• प्रान्तिय आयोगका पदाधिकारी नियुक्ति विधानसभाको सिफारिशमा समावेशी तरिकाले गठन गर्नुपर्ने, केन्द्रको हकमा प्रान्तबाट सिफारिश भएका व्यक्तिहरुलाई मात्र केन्द्रले अनुमोदन गरी नियुक्ति गर्नु पर्नेछ । | पत्र मार्फत |
| २६. | लाखन<br>केन्द्रिय महासचिव<br>नेपाल संथाल आदिवासी उत्थान संघ | २८<br>२०६५/१२/०६ | • नयाँ संविधानमा राखिनु पर्ने संवैधानिक अंगहरुमा अन्य आयोगका अतिरिक्त तराई भूमि सम्बन्धी आयोग, आदिवासी जनजाति अल्पसंख्यक तथा सिमान्तकृत समुदाय आयोग राखिनु पर्ने ।<br>• विभिन्न तहका सरकारसँग सहयोगात्मक सम्बन्ध र एकले अर्काको अधिकारमा हस्तक्षेप नगर्ने हुनुपर्ने । | पत्र मार्फत । |
| २७. | बाबुराम उराव<br>केन्द्रिय महासचिव<br>नेपाल झाँगड (उराव) कोड्रेम | २९<br>२०६५/१२/०६ | • नयाँ संविधानमा स्वायत्त गर्नुपर्ने निकायहरुमा धर्म, संस्कृति तथा भाषा संरक्षण आयोग, विदेश मामिला समन्वय आयोग, राज्य सुरक्षा आयोग रहनुपर्ने ।<br>• प्रत्येक आयोगमा आदिवासी थारु समुदायबाट प्रमुख आयुक्त लगायत आयुक्तहरु अनिवार्य रुपमा प्रतिनिधित्व गर्ने । | पत्र मार्फत । |
| २८. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | | • भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचनामा हालको संविधानमा उल्लेख भएको व्यवस्था बमोजिम हुनुपर्ने ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोग हालकै जस्तो केन्द्रमा मात्र रहने र देशव्यापी रुपमा यसैले काम गर्ने, आयोगका पदाधिकारी संघीय प्रदेशबाट समेत नियुक्त गर्ने ।<br>• केन्द्रमा एउटा र आवश्कता अनुसार प्रान्तैपिच्छे अलग अलग वा २-३ वटा प्रदेश हेर्ने गरी | कार्यपत्र मार्फत । |

| क.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | | प्रादेशिक कार्यालयहरु खोल्ने ।<br>• केन्द्र र प्रदेशमा अलग अलग आयोग स्वतन्त्र रुपमा राख्ने । | |
| २९. | सुमित्रा ताजपुरिया<br>केन्द्रिय उपाध्यक्ष<br>ताजपुरिया समाज कल्याण परिषद् | ३०<br>२०६५/१२/०६ | • भावी संविधानमा केन्द्रिय प्रान्तिय स्तरमा हाल भइरहेको संवैधानिक निकायहरुका अतिरिक्त आदिवासी जनजातिको हक हित संरक्षण र उत्थानको लागि स्वायत्त आयोग हुनुपर्ने । | पत्र मार्फत । |
| ३०. | चन्दन मेचे<br>केन्द्रिय अध्यक्ष<br>मेचे समाज सिबियारथी आफत | ३१<br>२०६५/१२/०६ | • वर्तमानमा कायम रहेका संवैधानिक अंगहरु कायम राखी आदिवासी, जनजाति, महिला, दलित, पिछडिएका जातजाति, सिमान्तकृत जाति एवं पिछडिएका क्षेत्रको उत्थानको लागि संवैधानिक आयोग केन्द्र र प्रान्त दुवै स्तरमा रहनु पर्ने । संवैधानिक निकायको काममा सरकारले हस्तक्षेप नगरी वरु सहयोग गर्नुपर्ने । | पत्र मार्फत । |
| ३१. | राजवहादुर धिमाल<br>अध्यक्ष<br>धिमाल जाति | ३२<br>२०६५/१२/०६ | • आदिवासी जनजाति विकास आयोग, नागरिक सेवा आयोग, योजना आयोग, वृद्ध अशक्त अपांग कल्याण आयोग, विदेश मामिला समन्वय आयोग, राज्य सुरक्षा आयोग, महिला अनाथ तथा वालबालिका आयोग, धर्म संस्कृति तथा भाषा संरक्षक आयोग हुनुपर्ने ।<br>• जनजाति आदिवासी विकास आयोग गठन गर्दा देहाय बमोजिम गरिनु पर्ने ।<br>• केन्द्रिय जनजाति महासंघबाट निर्वाचित - अध्यक्ष<br>• सरकार पक्षको प्रमुख पार्टिहरुवाट एक एक जना सदस्य - ४<br>• अल्पसंख्यक तथा सिमान्तकृत जनजाति आदिवासी मध्येबाट सदस्य - २<br>• प्रत्येक आयोग गठनमा ३३% महिला समावेशी हुनुपर्नेछ । | पत्र मार्फत । |
| ३२. | धर्म माझि<br>महासचिव<br>नेपाल तराई मूल माझि कल्याण समिति | ३३<br>२०६५/१२/०६ | • हालका संवैधानिक आयोगसँगै तराइ मूल माझी समुदायको हक हित उत्थानको लागि छुट्टै सो सम्बन्धी आयोग वनाउनु पर्ने र सबै आयोगहरुमा तराइ मूल माझिहरुको अनिवार्य सहभागिताको व्यवस्था गरिनु पर्ने । | पत्र मार्फत । |
| ३३. | नेपाल मुस्लिम समाज<br>धनुषा, जनकपुर । | ३४<br>२०६५/१२/०६ | • मुस्लिम समुदायको समग्र हित र विकासको लागि अधिकार सम्पन्न मुस्लिम आयोग गठन गर्नुपर्ने ।<br>• मदरसाहरुको समग्र हित र विकासको लागि मदरसा विकास वोर्डको गठन हुनुपर्ने ।<br>• स्थायी हज कमिटी गठन हुनुपर्ने । | पत्र मार्फत । |
| ३४. | सिविन नेपाल | ३७ | • मानव अधिकार आयोग बाल अधिकारसँग सम्वन्धित रहेकोले बाल अधिकार आयोगको गठन | पत्र |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | २०६५/१२/०६ | गरिनु पर्ने । सो गठन गर्न नसकिए मानव अधिकार आयोग गठन गर्दा एकजना सदस्य बाल अधिकारका क्षेत्रमा काम गरेको व्यक्ति हुनुपर्ने । विनियोजन ऐन अनुसार व्यय हुने रकमहरुको बाँडफाँड गर्दा कम्तीमा पनि निश्चित प्रतिशत रकम बालबालिकाको शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाका लागि खर्च गर्नुपर्ने गरी संवैधानिक किटानी गर्नुपर्ने । | मार्फत । |
| ३५. | धनिराम सापकोटा | ३५<br>२०६५/१२/०७ | • हाल सम्मका संविधानमा विद्यमान नियुक्तिका लागि तोकिएका प्रावधानहरु विभेदकारी तथा भाववाची शब्दावलीहरु प्रयोग भएको पाइन्छ । जसले छनौट कर्तालाई बढी स्वच्छाचारिता प्रदान गरेको पाइन्छ । सबै निकायमा उमेरका आधारमा बन्देज लगाउने काम गर्नु आवश्यक छैन केवल योग्यताका आधारमा प्रावधान राख्नु पर्दछ । जति सक्दो मापनिय र वस्तुगत प्रावधान राखियो त्यति नै कम स्वच्छाचारि संविधान बन्दछ । | पत्र मार्फत । |
| ३६. | चन्द्रसिंह कुलुङ्ग<br>अध्यक्ष<br>केन्द्रिय समिति<br>कुलुङ्ग भाषा संस्कृति उत्थान संघ | ३६<br>२०६५/१२/१८ | • अधिकारमा आधारित आर्थिक स्वायत्तता समेतको अधिकार प्राप्त सशक्तिकृत आदिवासी आयोग र आदिवासी मन्त्रालय समेतको व्यवस्था संविधान मै गरिनु पर्ने । | पत्र मार्फत । |
| ३७. | गैर सरकारी संस्था महासंघ | ४०<br>२०६५/१२/१४ | • भावी संविधानमा हालको संवैधानिक निकायहरुको अलावा दलित आयोग, महिला आयोग, भूमिसुधार आयोग, अल्पसंख्यक आयोग (धार्मिक, अल्पसंख्यक, यौनिक तथा तेस्रो लैङ्गिक) भाषा तथा सँस्कृति, अपाङ्ग आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, युवा आयोग, राष्ट्रिय योजना आयोग, सूचना आयोग, प्राकृतिक स्रोत आयोग रहनु पर्ने र ती निकायको केन्द्रिय र प्रान्तिय स्तरमा आयोगहरु रहनु पर्ने । | पत्र मार्फत । |
| ३८. | मध्यमाञ्चल क्षेत्रिय कार्यशालाबाट आएका नयाँ संविधानमा समावेश गर्नका लागि युवाका सुझावहरु | | • युवालाई विकास निर्माणमा सक्रिय रुपमा परिचालन गर्दै रोजगारी सिृजना गर्न र दिगो विकासका लागि ग्रामिण विकास मन्त्रालय वा आयोगको गठन गर्ने व्यवस्था संविधानमा गर्नुपर्ने । | पत्र मार्फत । |
| ३९. | शान्तिका लागि साझा अभियान, अनामनगर | ४१<br>२०६५/१२/२० | • भावी संविधानमा संवैधानिक निकायको सम्बन्धमा देहाय बमोजिमको संवैधानिक प्रत्याभूति हुनुपर्ने :<br>- प्रत्येक संवैधानिक निकाय ५ सदस्यीय हुनुपर्ने तथा मूख्य व्यक्तिलाई अध्यक्ष मानिनु पर्ने ।<br>- संवैधानिक निकायका पदाधिकारी समावेशीकरणलाई आधारमानी जनताद्वारा छनौट गरी राष्ट्राध्यक्षबाट नियुक्त गरिनु पर्ने । | पत्र मार्फत । |

| क्र.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | | | - संवैधानिक निकायका पदाधिकारीको पदावधि ३ वर्षको हुनुपर्ने ।<br>- संवैधानिक निकायको पदाधिकारीको बर्खास्तका लागि महाभियोग लगाई राष्ट्राध्यक्षको आदेशमा तुरुन्त गर्न सकिने व्यवस्था गरिनु पर्ने ।<br>- संवैधानिक निकायहरुको विकेन्द्रिकरण गरिनु पर्ने ।<br>- संवैधानिक निकायको संरचनामा महिला, जनजाति, आदिवासी, मधेशी लगायतको सहभागिताका लागि समानुपातिक, मिश्रित जनसंख्याको आधारमा गरिनु पर्ने ।<br>- संवैधानिक मुस्लिम आयोगको गठन गरिनु पर्ने ।<br>- संवैधानिक निकायलाई राज्यले स्वतन्त्र छोडि दिनुपर्ने ।<br>• नयाँ संविधानमा संवैधानिक निकायहरुको पहिचानको आधार देहाय बमोजिम हुनुपर्ने :<br>- राज्यको सेवा विस्तार<br>- समावेशीकरणलाई सहज तुल्याउन<br>- विकासमा क्षेत्रगत सन्तुलन मिलाउन<br>- राजनैतिक सहभागिता सुनिश्चित गर्न<br>- सुशासनको अवधारणा विकास गर्न<br>- योजना छनौट र बजेट विन्यासको लागि<br>- आर्थिक स्रोतको न्यायोचित बाँडफाँड गर्न<br>- विकासको लक्ष्य हासिल गर्न<br>- सामाजिक, साँस्कृतिक र आर्थिक विभेदको अन्त्य गर्न<br>• उपरोक्त आधारमा नेपालको नयाँ संविधानमा देहायको संवैधानिक निकायहरु समावेश गर्नु आवश्यक छ :<br>- सामाजिक साँस्कृतिक आयोग, अन्तर राज्य समन्वय आयोग, संघीय सर्वोच्च अदालत (प्रान्तिय उच्च अदालत), सुशासन परामर्श समिति, प्राकृतिक राष्ट्रिय सम्पदा पहिचान, संरक्षण र परिचालन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, भ्रष्टाचार निर्मूलिकरण आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, राष्ट्रिय शिक्षा आयोग, राष्ट्रिय योजना आयोग, राष्ट्रिय विकास परिषद्, प्राकृतिक वातावरण संरक्षण आयोग, राष्ट्रिय जलस्रोत आयोग, पर्यटन आयोग | |
| ४०. | आदिवासी तथा जनजाति गैर | ४२ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र |

| क.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| | सरकारी संस्था महासंघ नेपाल | २०६५/१२/२४ | | मार्फत । |
| ४१. | धर्मराज पौडेल धनकुटा । | ४४ २०६५/१२/२७ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४२. | नेपाल उद्योग वाणिज्य महासंघ | ४७ २०६५/१२/२८ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४३. | राष्ट्रिय महिला सामाजिक मञ्च नेपाल | ४८ २०६६/०१/०३ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |
| ४४. | सुनवार सेवा समाज | ५१ २०६६/०१/०७ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४५. | भवानी शंकर घिमिरे सुविधानगर, काठमाडौं । | ५६ २०६६/०१/१३ | • भौतिक संरचनाको गुणस्तर परिक्षण गर्न संवैधानिक अंगको रुपमा गुणस्तर परिक्षण आयोगको व्यवस्था हुनुपर्ने । | पत्र मार्फत । |
| ४६. | हिमवत्ती नेपाल | ५८ २०६६/०१/१४ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४७. | आजाद फाउण्डेसन | ६० २०६६/०२/०४ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४८. | नेपाल राष्ट्रिय दलित मुक्ति मोर्चा, बैतडी । | ६२ २०६६/०२/०५ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ४९. | गोरखा एफ.एम. ९३ MHz | | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |
| ५०. | धनीराम सापकोटा संयुक्त राज्य अमेरिका । | ६५ २०६६/०२/०५ | • संवैधानिक निकायमा उमेरका आधारमा बन्देज लगाउने प्रावधान नराखी योग्यताका आधारका प्रावधानहरु राख्नु पर्ने । | पत्र मार्फत । |
| ५१. | Nepalese Americas Council | ६६ २०६६/०२/०५ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |
| ५२. | सुदुरपश्चिमाञ्चल सरोकार मञ्च, नेपाल । | ६८ २०६६/०२/०५ | • नेपाल प्रहरी सेवा आयोग आवश्यकता रहेकोले सो आयोगको व्यवस्था हुनुपर्ने । आयोग अन्तरगत प्रदेशमा कर्मचारी भर्नाको लागि प्रदेश सेवा आयोग व्यवस्था हुनुपर्ने ।<br>• मानव अधिकार आयोगका अध्यक्ष एवं सदस्यहरुको लागि अन्य आयोगमा जस्तै उमेरको हद राखिनुपर्ने । | पत्र मार्फत । |

| क.सं. | राय सुझाव पठाउनेको नाम र ठेगाना | दर्ता नं. र मिति | राय सुझावको संक्षिप्त व्यहोरा | प्राप्त माध्यम |
|---|---|---|---|---|
| ५३. | गैर सरकारी संस्था महासंघ शाखा, अछाम । | ६९<br>२०६६/०२/०७ | • हाल विद्यमान संवैधानिक निकाय समेत जम्मा २२ वटा संवैधानिक निकायहरुको आवश्यकता रहेको जसमा व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, महालेखा परीक्षक, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, लोक सेवा आयोग, निर्वाचन आयोग, मानव अधिकार आयोग, महान्यायाधिवक्ताको कार्यालय, दलित आयोग, महिला आयोग, भूमिसुधार आयोग, अल्पसंख्यक आयोग (धार्मिक अल्पसंख्यक, यौनिक तथा तेस्रो लैङ्गिक, भाषा तथा संस्कृति), अपाङ्ग आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, युवा आयोग, राष्ट्रिय योजना आयोग, सूचना आयोग, प्राकृतिक स्रोत आयोग<br>• माथिको धेरै आयोगहरु मध्ये संघीय र प्रान्तीय रुपमा रहनुपर्ने । | पत्र मार्फत । |
| ५४. | किरात याक्थुङ चुम्लुङ-२०४६ | ७०<br>२०६६/०२/०८ | • हाल विद्यमान संवैधानिक निकायहरु संघीय तह र राज्य तहमा हुनुपर्ने ।<br>• राज्य तहमा रहने यी निकायहरु स्वतन्त्र र निष्पक्ष हुनुपर्ने र गठन समानुपातिक समावेशी सिद्धान्तमा आधारित हुनुपर्ने ।<br>• माथि उल्लेखित संवैधानिक निकायहरु बाहेक निम्न संवैधानिक निकायहरुको व्यवस्था हुनुपर्ने ।<br>आदिवासी जनजाति आयोग, भाषा संस्कृति आयोग, राष्ट्रिय महिला आयोग, अल्पसंख्यक र सिमान्तकृत आयोग, दलित आयोग । | पत्र मार्फत । |
| ५५. | राष्ट्रिय हरियाली पार्टी | ७२<br>२०६६/०२/२४ | समितिसंग सम्बन्धित सुझाव प्राप्त नभएको । | पत्र मार्फत । |
| ५६. | लोकतन्त्र तथा समावेशीकरण परियोजना | ७४<br>२०६६/०२/२९ | • संवैधानिक अंगहरुको गठन काम प्रान्त सरकारको अधिकार हुनुपर्दछ ।<br>• विद्यमान ५ वटा संवैधानिक निकायका साथै राष्ट्रिय महिला आयोग, राष्ट्रिय जनजाति आयोग, दलित आयोगको व्यवस्था हुनुपर्दछ ।<br>• संवैधानिक निकायका काम, कर्तव्य र अधिकारका बारेमा संविधानले स्पष्ट किटानी र व्यवस्था गर्नुपर्दछ ।<br>• सबै संवैधानिक निकायहरुको पदाधिकारी छान्ने प्रक्रियामा सबै आदिवासी जनजाति समानुपातिक रुपमा समावेश गरिने प्रक्रियाको बन्दोबस्त हुनुपर्दछ ।<br>• सबै संवैधानिक निकायहरुमा पदाधिकारी छान्ने, प्रक्रियामा सबै वर्गका किरात (लिम्बु) आदिवासी अल्पसंख्यक समुदायहरुको समानुपातिक रुपमा समावेश गर्नुपर्ने । | पत्र मार्फत । |

अनुसूची - १०

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**राय सुझाव संकलनमा खटिएका विभिन्न टोलीवाट समितिका लागि प्राप्त सुझावहरुको विवरण :**

| सि.नं. | सुझाव पेश गर्ने टोली | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| १. | टोली नं- १ | • महिला , दलित, जनजाति, श्रमिक, मुस्लिम लगायतका आयोग थप्नुपर्ने ।<br>• शिक्षा सेवा आयोगलाई संवैधानिक आयोगका रुपमा विकास गरिनु पर्ने | |
| २. | टोली नं- २ | • विवाद समाधान आयोग वनाइनु पर्छ ।<br>• लोक सेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखा परीक्षक र महान्यायाधिवक्तालाई निरन्तरता दिई नियुक्ति र वर्खास्ती प्रकृया एउटै बनाइनु पर्दछ ।<br>• महिला आयोग, दलित आयोग, जनजाती आयोगलाई संवैधानिक आयोग बनाउनु पर्दछ ।<br>• राज्यका सवै निकायहरुमा महिला, दलित, जनजाती आदीवासीको समानुपातिक नियुक्ती हुनुपर्दछ । | |
| ३. | टोली नं- ३ | • सु-शासन तथा लोककल्याणकारी राज्यको अवधारणालाई साकार पार्ने गरी संवैधानिक निकायको संरचना निर्धारण गरिनु पर्ने । | |
| ४. | टोली नं-४ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |
| ५. | टोली नं- ५ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |
| ६. | टोली नं- ६ | • हाल भैरहेका संरचनाहरुलाई जनउत्तरदायी, पारदर्शी, वैज्ञानिक, स्वतन्त्र र धाधलीरहीत हुनेगरि व्यवस्था गरिनु पर्ने । हालको संवैधानिक निकायको अलावा राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय मुस्लिम आयोग, राष्ट्रिय जनजाति आयोग जस्ता आयोगहरु गठन गरिनु पर्छ भन्ने मागहरु आएकोले ति निकायहरुको पनि संविधानमा उचित तवरले सम्वोधन हुनुपर्ने । | |
| ७. | टोली नं-७ | • जनताहरुले यस विषयमा अनविज्ञ भएको जानकारी दिएको विभिन्न आयोगको संविधानमा उल्लेख गर्नुपर्ने ।<br>• सवैधानिक निकायमा गरिने नियुक्ति राजनीतिक भाग वण्डा नभई राजनीतिक दलवाट प्रभावित नभएको स्वतन्त्र व्यक्तिलाई प्राथमिकता दिनु पर्ने । | |

| सि.नं. | सुझाव पेश गर्ने टोली | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| ८. | टोली नं- ८ | • शिक्षकहरुको निष्पक्ष र प्रतिस्पर्धात्मक आधारमा चयन गर्नको लागि छुट्टै संवैधानिक आयोगको व्यवस्था गरिनुपर्ने,<br>• शिक्षण पेशालाई मर्यादित बनाइनु पर्ने र निजामती कर्मचारी सरहको सुविधाको व्यवस्था हुनु पर्ने,<br>• प्राकृतिक श्रोत व्यवस्थापन आयोग संविधानमा थप गर्नु पर्ने,<br>• संवैधानिक निकायमा गरिने नियुक्तिमा राजनीतिक भागवण्डा नभई स्वच्छ रुपमा उचित र सक्षम व्यक्तिमात्र नियुक्ति हुनसक्ने संयन्त्रको निर्माण हुनुपर्ने ।<br>• महिला आयोगलाई संवैधानिक आयोग बनाउनु पर्ने, | |
| ९. | टोली नं- ९ | • हाल रहेका संवैधानिक निकायहरु मध्ये लोक सेवा आयोगलाई जिल्ला स्तर सम्म विस्तार गरिनुपर्छ ।<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार सम्पन्न गरि स्थानीय स्तरसम्म विस्तार गरिनुपर्छ । | |
| १०. | टोली नं- १० | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| ११. | टोली नं- ११ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| १२. | टोली नं- १२ | • संवैधानिक निकायमा संरचना केन्द्रिय र प्रान्तिय हुनुपर्ने ।<br>• पदाधिकारी नियुक्ति गर्दा राजनैतिक भागवण्डा भन्दा योग्य र सक्षम व्यक्तिलाई नियुक्ति गर्नुपर्ने । | |
| १३. | टोली नं- १३ | • विशेष अदालत, महिला सेवा आयोग, सीमा अनुसन्धान आयोग, न्यायिक आयोग थप गर्नु पर्ने संवैधानिक निकाय ।<br>• लोक सेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखा परीक्षक केन्द्र प्रान्तमा रहनु पर्दछ ।<br>• उक्त संरचनामा नियुक्त गर्दा महिला, दलित, जनजाती आदीवासीको समानुपातिक नियुक्ती हुनुपर्दछ । | |
| १४. | टोली नं- १४ | • यो समितिको चितवन जिल्लामा ५६३ र मकवानपुर जिल्लामा ३६७ गरी जम्मा ९३० संख्यामा प्रश्नावलीहरू भरेर प्राप्त भई सबैभैभन्दा कम सुझाव प्राप्त हुनेमा परेको छ ।<br>• ३ पाना (५ पृष्ठ) मा १२ वटा प्रश्नहरू समावेश गरी केही कुरा उल्लेख गर्न खाली ठाउँ समेत छोडिएको देखियो ।<br>• यस समिति अन्तर्गत सोधिएका प्रश्नावलीहरू कम संख्यामा भए पनि उपखण्डहरू प्रशस्त रहेकाले प्रश्नावली भर्न बढी समय लाग्ने देखियो ।<br>• विकल्पहरू छ, छैन, थाहा छैन भनी उल्लेख गरिएको तर ठीक नभएमा कारण र औचित्य समेत लेख्नुपर्ने हुँदा धेरैजसो वितरित फर्महरू खाली फर्किएको पाइयो ।<br>• प्रश्नावलीहरूमा कतिपय कानूनी शव्दावलीहरू जस्ताको तस्तै राखिदिनाले सुझावकर्ताहरूमा अन्योल उत्पन्न भएको देखियो । | |
| १५. | टोली नं- १५ | समितिसँग सम्वन्धित सुझाव प्राप्त नभएको । | |

| सि.नं. | सुझाव पेश गर्ने टोली | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| १६. | टोली नं- १६ | समितिसंग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| १७. | टोली नं- १७ | • शिक्षा, अपाङ्ग, महिला, दलित आयोग संवैधानिक आयोगको रुपमा राख्नु पर्छ । | |
| १८. | टोली नं- १८ | • संवैधानिक पदमा नियुक्ति गर्दा पार्टीको भागवण्डा लगाएर गर्ने पद्धतिको अन्त्य गर्नु पर्ने ।<br>• योग्य, सक्षम, स्वतन्त्र व्यक्तिलाई नियुक्ति गर्ने प्रावधान राख्ने ।<br>• संसदीय सुनुवाइमा नागरिक समाजको प्रतिनिधित्व राख्ने ।<br>• संवैधानिक आयोगले दिएका सुझाव सरकारले कार्यान्वयन गर्नु पर्ने प्रावधान राख्ने ।<br>• संसदीय सुनुवाइ समितिले सिफारिश अनुमोदन नगरेकालाई नियुक्ति गर्न नमिल्ने प्रावधान राख्ने ।<br>• सवैधानिक निकायका प्रतिवेदनमा व्यवस्थापिकाले पेश गर्ने र ती प्रतिवेदन माथि छलफल गरी व्यवस्थापिकाले दिएका निर्देशन सरकार र ती निकायले कार्यान्वयन गर्नु पर्ने ।<br>• सार्वजनिक पदमा वस्ने व्यक्तिको सम्पति सार्वजनिक हुनु पर्ने । | |
| १९. | टोली नं- १९ | • औचित्यता र आवश्कताको आधारमा मात्र संवैधानिक अंगको पहिचान र स्वरुप निर्धारण गरिनुपर्ने,<br>• लोक कल्याणकारी राज्य र शुसासनको अनुभूति हुने गरि संवैधानिक निकायको संरचना निर्धारण गरिनुपर्ने, | |
| २०. | टोली नं- २० | • अल्पसंख्यक तथा सीमान्तकृत आयोग, मुस्लिम आयोग, दलित आयोग र राष्ट्रिय महिला आयोग गठन हुनु पर्ने । | |
| २१. | टोली नं- २१ | • भावी संवैधानिक आयोग एवम निकायहरु :<br>लोकसेवा आयोग, निर्वाचन आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, महालेखा परिक्षक, राष्ट्रिय महिला आयोग, शिक्षा सेवा आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय जनजाती आदिवासी आयोग, राष्ट्रिय मुस्लिम आयोग, मधेशी दलित र पिछडिएको वर्ग सम्वन्धी आयोग, अपाङ्ग, अशक्त, तेश्रो लिङ्गी सम्वन्धी आयोग, मजदुर आयोग, कृषक आयोग । | |
| २२. | टोली नं- २२ | • महिला आयोग बनाउनुपर्ने ।<br>• शिक्षा सेवा आयोग प्रभावकारी बनाउनु पर्ने ।<br>• मुस्लिम आयोग बनाईनुपर्ने ।<br>• दलित आयोग बनाइनुपर्ने । | |
| २३. | टोली नं- २३ | • महिला आयोग र दलित आयोग थप गर्नु पर्ने<br>• शिक्षा आयोगको व्यवस्था गरिनुपर्ने<br>• संवैधानिक निकायमा गरिने नियुक्ति राजनीतिक भागवण्डाको विषय नवनाई पेशागत विशेषज्ञतको आधारमा गर्नुपर्ने । | |

| सि.नं. | सुझाव पेश गर्ने टोली | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| २४. | टोली नं- २४ | • महिला आयोग, दलित आयोग र मुस्लिम आयोग संविधानमा थप गर्नु पर्ने ।<br>• संवैधानिक निकायमा गरिने नियुक्ति राजनीतिक भागवण्डा नभई राजनीतिक दलबाट प्रभावित नभएको स्वतन्त्र व्यक्तिमात्र हुनुपर्ने । | |
| २५. | टोली नं- २५ | • निम्न सशक्त/ शक्तिशाली थप संवैधानिक निकायहरुको व्यवस्था हुनुपर्ने :-<br>श्रमिक आयोग, बाल आयोग, दलित आयोग, महिला आयोग, भूमिसुधार आयोग, जनजाति आयोग, मुस्लिम आयोग, शिक्षा आयोग<br>• अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार सम्पन्न बनाई राजनीति तथा न्यायकर्मी र सेनासम्बन्धी भ्रष्टाचार समेत हेर्ने क्षेत्राधिकार तोकिनुपर्ने । | |
| २६. | टोली नं- २६ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| २७. | टोली नं- २७ | • सु-शासन तथा लोककल्याणकारी राज्यको अवधारणालाई साकार पार्ने गरी संवैधानिक निकायको संरचना निर्धारण गरिनु पर्ने । | |
| २८. | टोली नं- २८ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| २९. | टोली नं- २९ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| ३०. | टोली नं- ३० | • मुस्लिम उत्थान राष्ट्रिय आयोगको गठन हुनु पर्ने ।<br>• राष्ट्रिय महिला आयोगलाई संवैधानिक आयोग बनाउनु पर्छ ।<br>• राष्ट्रिय दलित आयोगलाई संवैधानिक आयोग बनाउनु पर्छ । | |
| ३१. | टोली नं- ३१ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| ३२. | टोली नं- ३२ | • अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई राजनीतिक पदहरू (मन्त्री र सभासद), न्यायकर्मी तथा सैनिक सबैको भ्रष्टाचार र अनियमितताको छानविन गर्ने अधिकार दिनुपर्छ ।<br>• अन्तरिम संविधानले व्यवस्था गरेका निकायहरुको अतिरिक्त अधिकार सम्पन्न राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय जनजाति आयोग तथा उच्चस्तरीय राज्यको पुनर्संरचना आयोगलाई संवैधानिक निकायको रुपमा स्थापना गरिनु पर्दछ । | |
| ३३. | टोली नं- ३३ | • लोक सेवा आयोगको कार्यालय प्रत्येक जिल्लामा हुनु पर्ने,<br>• राष्ट्रका अन्य भाषा र लिपिको माध्यमबाट पनि लोक सेवाको परीक्षा दिने व्यवस्था हुनु पर्ने आदि । | |
| ३४. | टोली नं- ३४ | • संविधानमा अन्य आयोग जस्तै शिक्षा आयोगको व्यवस्था गरिनु पर्ने ।<br>• लोक सेवा आयोग पारदर्शी हुनु पर्ने । | |

| सि.नं. | सुझाव पेश गर्ने टोली | प्राप्त सुझावको विवरण | कैफियत |
|---|---|---|---|
| | | • मानव अधिकारको नाउमा विभेद गर्न नहुने । <br>• प्रत्येक जिल्लामा लोक सेवा आयोग स्थापना हुनुपर्ने । <br>• स्थानिय व्यक्तिलाई परिक्षामा प्राथमिकता दिइनुपर्ने । | |
| ३५. | टोली नं- ३५ | • संवैधानिक निकायहरुको संरचना तयार पार्दा नेपालका जनताको आर्थिक, सामाजिक, शैक्षिक विषयहरुको सूचकहरुको आधारमा वर्गीयतालाई संबोधन गर्ने गरी विविधता कायम गरिनु पर्दछ । | |
| ३६. | टोली नं- ३६ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| ३७. | टोली नं- ३७ | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |
| ३८. | टोली नं- ३८ | • सु-शासन तथा लोककल्याणकारी राज्यको अवधारणालाई साकार पार्ने गरी संवैधानिक निकायको संरचना निर्धारण गरिनु पर्ने । | |
| ३९. | टोली नं- ३९ | • राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग संवैधानिक हुनुपर्ने । <br>• राष्ट्रिय मानवअधिकार आयोगलाई विस्तार गरी महिला, दलित, जनजाति, लगायतका आयोगहरुलाई एउटै छाता आयोगको रुपमा विकास गर्नु पर्ने । <br>• उच्च शिक्षालाई स्थापना र व्यवस्थापनका निमित्त राष्ट्रिय उच्च शिक्षा आयोग गठन गरिनु पर्ने । <br>• शिक्षा सेवा आयोग हुनुपर्ने र शिक्षकको सेवा सुविधा र व्यवस्थापन निजामति कर्मचारी सरह हुनुपर्ने <br>• राष्ट्रिय सुरक्षा सेवा आयोग मार्फत सुरक्षा निकाय व्यवस्थापन गरिनुपर्ने । सेनालाई सम्वेदनशील निकाय रूपमा राखी दल वा अन्य कुनै पक्षको प्रभाववाट टाढै राखिनु पर्ने । राष्ट्रिय अनुसन्धान सेवालाई प्रभावकारी बनाइनुपर्ने । <br>• लोकसेवा आयोग जस्ता निकायलाई राज्य एवं स्थानीय निकायसम्म विस्तार गरिनुपर्ने । <br>• अख्तियार दुरूपयोग अनुसन्धान आयोगको संरचना स्थानीय तहसम्म व्यवस्थित गर्नुपर्ने । <br>• समावेसी आयोग बनाइनुपर्ने । <br>• कृषि तथा भूमि व्यवस्थापनका निमित्त सम्वैधानिक आयोग बनाइनु पर्ने । | |
| ४०. | टोली नं- ४० | समितिसँग सम्बन्धित सुझाव प्राप्त नभएको । | |

# अनुसूची - ११

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**जनमत संकलन प्रयोजनको लागि समितिले पारित गरेको प्रश्नावली :**

## संविधानसभा
### संवैधानिक निकायको संरचना निर्धारण समिति

संविधान निर्माण प्रक्रियामा अधिकाधिक जनसहभागिता होस् भन्ने अभिप्रायले जनताको राय सुझाव संकलन सम्बन्धी प्रश्नावली :-

१. **हाल भइरहेका संवैधानिक निकाय (लोक सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, निर्वाचन आयोग र महालेखा परीक्षक) पर्याप्त ☐ छ/ ☐ छैन/ ☐ थाहा छैन ?**

२. **भावी संविधानमा थप गर्नुपर्ने कुनै संवैधानिक निकाय भए कारण र औचित्य सहित उल्लेख गर्नुहोला ?**

| क्र.सं. | आवश्यक पर्ने अन्य निकाय | कारण र औचित्य |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

३. **संघीय शासन व्यवस्थामा संवैधानिक निकायको भावी संरचना कस्तो हुनु पर्ला ? *(टीक (√) लगाउनुहोला)***

| क्र.सं. | संवैधानिक निकाय | केन्द्रिय | प्रान्तिय | संयुक्त |
|---|---|---|---|---|
| (क) | लोक सेवा आयोग | | | |
| (ख) | निर्वाचन आयोग | | | |
| (ग) | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | | | |
| (घ) | राष्ट्रिय मानव अधिकार आयोग | | | |
| (ङ) | महालेखा परीक्षक | | | |

| (च) | अन्य आयोग | | | |
|---|---|---|---|---|
| | (क) | | | |
| | (ख) | | | |
| | (ग) | | | |
| | (घ) | | | |
| | (ङ) | | | |

४. लोक सेवा आयोगको विद्यमान संरचना कस्तो छ ?

| | ठीक छ (√) | ठीक छैन (√) | थाहा छैन (√) | ठीक छैन भने अब कस्तो हुनुपर्ला |
|---|---|---|---|---|
| गठन विधि | | | | |
| नियुक्ति प्रक्रिया | | | | |
| योग्यता | | | | |
| उमेर | | | | |
| पदावधि | | | | |
| पदमुक्तिको आधार | | | | |
| सेवाको शर्तहरु | | | | |
| विद्यमान क्षेत्राधिकार | | | | |
| थप दिनुपर्ने क्षेत्राधिकार | | | | |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | | | | |
| अन्य केही भए | | | | |

५. राष्ट्रिय मानव अधिकार आयोगको विद्यमान संरचना कस्तो छ ?

| | ठीक छ (√) | ठीक छैन (√) | थाहा छैन (√) | ठीक छैन भने अब कस्तो हुनुपर्ला |
|---|---|---|---|---|
| गठन विधि | | | | |
| नियुक्ति प्रक्रिया | | | | |
| योग्यता | | | | |
| उमेर | | | | |
| पदावधि | | | | |
| पदमुक्तिको आधार | | | | |
| सेवाको शर्तहरु | | | | |
| विद्यमान क्षेत्राधिकार | | | | |
| थप दिनुपर्ने क्षेत्राधिकार | | | | |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | | | | |
| अन्य केही भए | | | | |

६. निर्वाचन आयोगको विद्यमान संरचना कस्तो छ ?

| | ठीक छ (√) | ठीक छैन (√) | थाहा छैन (√) | ठीक छैन भने अब कस्तो हुनुपर्ला |
|---|---|---|---|---|
| गठन विधि | | | | |
| नियुक्ति प्रक्रिया | | | | |
| योग्यता | | | | |
| उमेर | | | | |
| पदावधि | | | | |

| | | | | |
|---|---|---|---|---|
| पदमुक्तिको आधार | | | | |
| सेवाको शर्तहरु | | | | |
| विद्यमान क्षेत्राधिकार | | | | |
| थप दिनुपर्ने क्षेत्राधिकार | | | | |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | | | | |
| अन्य केही भए | | | | |

७. महालेखा परीक्षकको विद्यमान संरचना कस्तो छ ?

| | ठीक छ (√) | ठीक छैन (√) | थाहा छैन (√) | ठीक छैन भने अब कस्तो हुनुपर्ला |
|---|---|---|---|---|
| गठन विधि | | | | |
| नियुक्ति प्रक्रिया | | | | |
| योग्यता | | | | |
| उमेर | | | | |
| पदावधि | | | | |
| पदमुक्तिको आधार | | | | |
| सेवाको शर्तहरु | | | | |
| विद्यमान क्षेत्राधिकार | | | | |
| थप दिनुपर्ने क्षेत्राधिकार | | | | |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | | | | |
| अन्य केही भए | | | | |

८. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको विद्यमान संरचना कस्तो छ ?

| | ठीक छ (√) | ठीक छैन (√) | थाहा छैन (√) | ठीक छैन भने अब कस्तो हुनुपर्ला |
|---|---|---|---|---|
| गठन विधि | | | | |
| नियुक्ति प्रक्रिया | | | | |
| योग्यता | | | | |
| उमेर | | | | |
| पदावधि | | | | |
| पदमुक्तिको आधार | | | | |
| सेवाको शर्तहरु | | | | |
| विद्यमान क्षेत्राधिकार | | | | |
| थप दिनुपर्ने क्षेत्राधिकार | | | | |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | | | | |
| अन्य केही भए | | | | |

९. अन्य आयोगहरु भए त्यसको बारेमा लेख्नुहोला ।

१०. विद्यमान संवैधानिक निकायहरुलाई स्वतन्त्र र स्वायत्त राख्न विद्यमान संवैधानिक प्रावधानहरु पर्याप्त ☐ छ/ ☐ छैन ? *(छैन भने उल्लेख गर्नुहोला)*

(क)

(ख)

(ग)

(घ)

(ङ)

११. विभिन्न तहको सरकारसँग संघीय स्वरुपमा ती निकायहरुको के-कस्तो सम्बन्ध हुनु पर्ने हो ?

| क्र.सं. | संवैधानिक निकाय | सुझाव |
|---|---|---|
| (क) | लोक सेवा आयोग | |
| (ख) | निर्वाचन आयोग | |
| (ग) | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | |
| (घ) | राष्ट्रिय मानव अधिकार आयोग | |
| (ङ) | महालेखा परीक्षक | |
| (च) | अन्य आयोगको बारेमा | |
| | (क) | |
| | (ख) | |
| | (ग) | |
| | (घ) | |

१२. यस सम्बन्धमा अन्य केही कुरा भए उल्लेख गर्नुहोला ?

(क)

(ख)

(ग)

(घ)

(ङ)

*(लेख्ने ठाउँ नपुगेमा अन्य कुनै कागजमा लेखी सुझाव संलग्न गरी दिन सकिनेछ ।)*

नाम, थर :
पेशा :
वतन :......................... जिल्ला, ............................. न.पा./गा.वि.स.
समूह वा संघ संस्था :
सम्पर्क नम्बर :

*आफ्नो अमूल्य सुझाव दिनुभई ऐतिहासिक संविधान निर्माण प्रक्रियामा सहभागी हुनु भएकोमा धन्यवाद ।*

*प्रश्नावली पारित मिति :- २०६५/१०/२२*

अनुसूची - १२

# संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**संविधान निर्माण प्रक्रियामा समितिसंग सम्वन्धित जनताको राय सुझावको विवरण :-**

**प्रश्न नं. १ हाल भइरहेका संवैधानिक निकाय (लोक सेवा आयोग, अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानव अधिकार आयोग, निर्वाचन आयोग र महालेखा परीक्षक) पर्याप्त ☐ छ/ ☐ छैन/ ☐ थाहा छैन ?**

| | |
|---|---|
| छ | २८०० |
| छेन | ४८९० |
| थाहा छैन | २४८५ |

**प्रश्न नं. २ भावी संविधानमा थप गर्नुपर्ने कुनै संवैधानिक निकाय भए कारण र औचित्य सहित उल्लेख गर्नुहोला ?**

| | |
|---|---|
| निकायको नाम | महिला आयोग, वैज्ञानिक भूमिसुधार आयोग, शिक्षा आयोग, सुरक्षा आयोग, दलित आयोग, प्राकृतिक स्रोत साधन आयोग, राष्ट्रिय हित संरक्षण आयोग, विकास आयोग, संघीय आयोग, समावेशी आयोग, मुस्लिम आयोग, युवा तथा रोजगार आयोग, जनजाति आयोग, मधेशी तराई आयोग, धार्मिक आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग, सुकुम्वासी आयोग, अल्पसंख्यक आयोग, अन्तरप्रदेश सम्बन्ध आयोग, श्रम आयोग, वन आयोग, जलस्रोत आयोग, सीमा सुधार तथा सुरक्षा आयोग, कर्मचारी आयोग, तेस्रो लिंगी आयोग, अपाङ्ग आयोग, आदिवासी जनजाति आयोग, बाल तथा महिला आयोग, कानुन परिपालना आयोग, जातिय तथा धार्मिक मेलमिलाप आयोग, आतंकवादी सेल, जनसरोकार हटलाइन सेल, विज्ञान प्रविधिसँग सम्बन्धित आयोग, भू.पू. कर्मचारी आयोग, समाज सुधार आयोग, नेपाल सि.आइ.डि. आयोग, बेपत्ता पहिचान र खोज आयोग, सरकारको काम कारवाही अनुगमन आयोग, नागरिक संरक्षण आयोग, गरिवी निवारण आयोग, प्रहरी/सेना आयोग, संस्थान आयोग, पुर्नवास आयोग, प्राकृतिक स्रोत साधन एवं वातावरण संरक्षण आयोग, संघीय प्रान्तिय समन्वय आयोग, वृद्ध वृद्धा अपाङ्ग असहाय आयोग, सिमान्तकृत जनताको आयोग, राष्ट्रिय वित्तिय आयोग, चेलीबेटी बेचविखन विरुद्धको आयोग, उद्योग तथा कम्पनि आयोग, दुग्ध संस्थान हवाई संस्थान आयोग, विद्युत आयोग, यातायात मजदुर आयोग, राष्ट्रिय सँस्कृति पर्यटन आयोग, लागू पदार्थ दुरुपयोग नियन्त्रण आयोग, अपराध अनुसन्धान नियन्त्रण आयोग, खनिज जडिबुटी अनुसन्धान तथा परिचालन आयोग, बहुजातिय आयोग, स्वरोजगार आयोग, स्थानीय न्यायालय आयोग, दण्डहिनता रोक्ने आयोग, व्यवस्थित बसोबास आयोग, प्रादेशिक आयोग, वाली वृक्ष संरक्षण आयोग, हिन्दु राज्य हुनुपर्ने आयोग, **भाषा सँस्कृति** आयोग, प्रकोप व्यवस्थापन आयोग, मौलिक अधिकार आयोग, कमैया आयोग, **विशेष** |

| | |
|---|---|
| | जाँचबुझ आयोग, जनसम्पर्क आयोग, सुशासन आयोग, राजश्व आयोग, घरेलु हिंसा आयोग, पिछडा वर्ग आयोग, शहिद आयोग, उतपिडित आयोग, द्वन्द्वपिडित आयोग, लोपोन्मुख आयोग, शान्ति आयोग, रान्य पुर्नसंरचना आयोग, कर्मचारी आयोग, राष्ट्रिय हित आयोग, पेशागत संरक्षण आयोग |

**प्रश्न नं. ३ संघीय शासन व्यवस्थामा संवैधानिक निकायको भावी संरचना कस्तो हुनु पर्ला ?** *(टीक (√) लगाउनुहोला)*

| संवैधानिक निकाय | केन्द्रिय | प्रान्तिय | संयुक्त |
|---|---|---|---|
| लोक सेवा आयोग | ३५९० | २९७२ | १७९५ |
| निर्वाचन आयोग | ४३१५ | ३२२७ | २०६९ |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३७५१ | ३११७ | २३१० |
| राष्ट्रिय मानव अधिकार आयोग | ३८४० | ३४५३ | १९८७ |
| महालेखा परीक्षक | ३९१९ | ३४५७ | १८१० |
| अन्य आयोग | ९ | १६ | ३९ |

**प्रश्न नं. ४ लोक सेवा आयोग विद्यमान संरचना कस्तो छ ?**

| | ठीक छ | ठीक छैन | थाहा छैन |
|---|---|---|---|
| गठन विधि | २३६७ | १८९० | १५९३ |
| नियुक्ति प्रक्रिया | २१३६ | १७५० | १७५१ |
| योग्यता | २४५१ | १८९३ | १९११ |
| उमेर | २७२० | १८५६ | १२१० |
| पदावधि | २१४३ | १७९९ | १४५० |
| पदमुक्तिको आधार | २३५० | १८०१ | १७५४ |
| सेवाको शर्तहरु | २३५७ | १८९४ | १६६९ |
| विद्यमान क्षेत्राधिकार | २३५० | १८६८ | १७५५ |
| थप दिनुपर्ने क्षेत्राधिकार | २२८९ | १९१० | १७०९ |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | २१९४ | १७७९ | १८०३ |
| अन्य केही भए | ४३ | ३६ | ४८ |

**प्रश्न नं. ५ राष्ट्रिय मानव अधिकार आयोग विद्यमान संरचना कस्तो छ ?**

| | ठीक छ | ठीक छैन | थाहा छैन |
|---|---|---|---|
| गठन विधि | २७३३ | १७९० | १४१२ |
| नियुक्ति प्रक्रिया | २६९० | १८१९ | १५९७ |
| योग्यता | २६५१ | १९११ | १५६७ |

| | | | |
|---|---|---|---|
| उमेर | २५९८ | १७८९ | १५३३ |
| पदावधि | २७०४ | १८५४ | १४८१ |
| पदमुक्तिको आधार | २७९० | १५४० | १४८९ |
| सेवाको शर्तहरु | २४३० | १८६७ | १५९० |
| विद्यमान क्षेत्राधिकार | २३७० | २०१९ | १६७० |
| थप दिनुपर्ने क्षेत्राधिकार | २४१० | १९४० | १३९० |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | २४८८ | १७६८ | १६०३ |
| अन्य केही भए | २ | ६ | ९ |

**प्रश्न नं. ६ निर्वाचन आयोग विद्यमान संरचना कस्तो छ ?**

| | ठीक छ | ठीक छैन | थाहा छैन |
|---|---|---|---|
| गठन विधि | २६७३ | १८१४ | १६११ |
| नियुक्ति प्रक्रिया | २५१७ | १८५३ | १५०४ |
| योग्यता | २७०२ | १८४७ | १४१० |
| उमेर | २६५६ | १७५६ | १७०९ |
| पदावधि | २७१० | १७११ | १६९० |
| पदमुक्तिको आधार | २५९७ | १७९० | १६५७ |
| सेवाको शर्तहरु | २६७० | १७४० | १६३३ |
| विद्यमान क्षेत्राधिकार | २६९८ | १८३३ | १५९३ |
| थप दिनुपर्ने क्षेत्राधिकार | २७०९ | १६९७ | १६४३ |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | २६०१ | १५४० | १५८८ |
| अन्य केही भए | ५ | ३७ | ३३ |

**प्रश्न नं. ७ महालेखा परीक्षक विद्यमान संरचना कस्तो छ ?**

| | ठीक छ | ठीक छैन | थाहा छैन |
|---|---|---|---|
| गठन विधि | २९०४ | १८७८ | १६१४ |
| नियुक्ति प्रक्रिया | २७९७ | १७०९ | १८०४ |
| योग्यता | २८०४ | १७०५ | १७१८ |
| उमेर | २६५७ | १८१५ | १६७८ |
| पदावधि | २७८७ | १७५५ | १७०२ |
| पदमुक्तिको आधार | २५१३ | १६९६ | १७५५ |
| सेवाको शर्तहरु | २६४७ | १४८७ | १६९७ |
| विद्यमान क्षेत्राधिकार | २७०८ | १७९३ | १६५९ |
| थप दिनुपर्ने क्षेत्राधिकार | २६५४ | १८४७ | १७०५ |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | २६०४ | १८५७ | १७१४ |
| अन्य केही भए | १० | ८ | १८ |

**प्रश्न नं. ८ अख्तियार दुरुपयोग अनुसन्धान आयोग विद्यमान संरचना कस्तो छ ?**

| | ठीक छ | ठीक छैन | थाहा छैन |
|---|---|---|---|
| गठन विधि | २८७६ | १९९७ | १४७९ |
| नियुक्ति प्रक्रिया | २९०५ | १४१० | १७१० |
| योग्यता | २७५५ | १४५० | १६५६ |
| उमेर | २७८७ | १७०९ | १४३० |
| पदावधि | २९१९ | १६१३ | १५४० |
| पदमुक्तिको आधार | २८०४ | १६४० | १७९० |
| सेवाको शर्तहरु | २७१७ | १६९८ | १६१० |
| विद्यमान क्षेत्राधिकार | २६१३ | १७०३ | १४११ |
| थप दिनुपर्ने क्षेत्राधिकार | २८९७ | १६४७ | १५१७ |
| काम, कर्तव्य र अधिकार र वार्षिक प्रतिवेदनमा खुलाउनु पर्ने र कहाँ पेश गर्नुपर्ने | २६१३ | १३१२ | १६०७ |
| अन्य केही भए | ४५ | ३३ | ४३ |

**प्रश्न नं. ९ अन्य आयोगहरु भए त्यसको बारेमा लेख्नुहोला ।**

महिला आयोग, वैज्ञानिक भूमिसुधार आयोग, शिक्षा आयोग, सुरक्षा आयोग, दलित आयोग, प्राकृतिक स्रोत साधन आयोग, राष्ट्रिय हित संरक्षण आयोग, विकास आयोग, संघीय आयोग, समावेशी आयोग, मुस्लिम आयोग, युवा तथा रोजगार आयोग, जनजाति आयोग, मधेशी तराई आयोग, धार्मिक आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग, सुकुम्वासी आयोग, अल्पसंख्यक आयोग, अन्तरप्रदेश सम्बन्ध आयोग, श्रम आयोग, वन आयोग, जलस्रोत आयोग, सीमा सुधार तथा सुरक्षा आयोग, कर्मचारी आयोग, तेस्रो लिंगी आयोग, अपाङ्ग आयोग, आदिवासी जनजाति आयोग, बाल तथा महिला आयोग, कानुन परिपालना आयोग, जातिय तथा धार्मिक मेलमिलाप आयोग, आतंकवादी सेल, जनसरोकार हटलाइन सेल, विज्ञान प्रविधिसँग सम्बन्धित आयोग, भू.पू. कर्मचारी आयोग, समाज सुधार आयोग, नेपाल सि.आइ.डि. आयोग, बेपत्ता पहिचान र खोज आयोग, सरकारको काम कारवाही अनुगमन आयोग, नागरिक संरक्षण आयोग, गरिवी निवारण आयोग, प्रहरी/सेना आयोग, संस्थान आयोग, पुर्नवास आयोग, प्राकृतिक स्रोत साधन एवं वातावरण संरक्षण आयोग, संघीय प्रान्तिय समन्वय आयोग, वृद्ध वृद्धा अपाङ्ग असहाय आयोग, सिमान्तकृत जनताको आयोग, राष्ट्रिय वित्तिय आयोग, चेलीबेटी बेचविखन विरुद्धको आयोग, उद्योग तथा कम्पनि आयोग, दुग्ध संस्थान हवाई संस्थान आयोग, विद्युत आयोग, यातायात मजदुर आयोग, राष्ट्रिय सँस्कृति पर्यटन आयोग, लागू पदार्थ दुरुपयोग नियन्त्रण आयोग, अपराध अनुसन्धान नियन्त्रण आयोग, खनिज जडिबुटी अनुसन्धान तथा परिचालन आयोग, बहुजातिय आयोग, स्वरोजगार आयोग, स्थानीय न्यायालय आयोग, दण्डहिनता रोक्ने आयोग, व्यवस्थित बसोबास आयोग, प्रादेशिक आयोग, वाली वृक्ष संरक्षण आयोग, हिन्दु राज्य हुनुपर्ने आयोग, भाषा सँस्कृति आयोग, प्रकोप व्यवस्थापन आयोग, मौलिक अधिकार आयोग, कमैया आयोग, विशेष जाँचबुझ आयोग, जनसम्पर्क आयोग, सुशासन आयोग, राजश्व आयोग, घरेलु हिंसा आयोग, पिछडा वर्ग आयोग, शहिद आयोग, उतपिडित आयोग, द्वन्द्वपिडित आयोग, लोपोन्मुख आयोग, शान्ति आयोग, रान्य पुर्नसंरचना आयोग, कर्मचारी आयोग, राष्ट्रिय हित आयोग, पेशागत संरक्षण आयोग

**प्रश्न नं. १० विद्यमान संवैधानिक निकायहरुलाई स्वतन्त्र र स्वायत्त राख्न विद्यमान संवैधानिक प्रावधानहरु पर्याप्त ☐ छ/ ☐ छैन ? *(छैन भने उल्लेख गर्नुहोला)***

| संवैधानिक निकाय | छ | छैन |
|---|---|---|
| लोक सेवा आयोग | १४५ | २९५ |
| निर्वाचन आयोग | ३५ | ३७ |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ३४ | ३१ |
| राष्ट्रिय मानव अधिकार आयोग | ३४ | ३० |
| महालेखा परीक्षक | ३४ | २८ |

**प्रश्न नं. ११ विभिन्न तहको सरकारसँग संघीय स्वरुपमा ती निकायहरुको के-कस्तो सम्बन्ध हुनु पर्ने हो ?**

| क्र.सं. | संवैधानिक निकाय | सुझाव |
|---|---|---|
| (क) | लोक सेवा आयोग | • स्थानीय प्रान्तिय र केन्द्रिय सरकारसँग स्पष्ट दृष्टिकोण हुनुपर्छ ।<br>• सबै संवैधानिक निकायहरु स्वतन्त्र, निष्पक्ष र सरकारबाट टाढा रहनु पर्ने जनताको मत रहेको ।<br>• केन्द्रिय तह नै पर्याप्त । केन्द्रिय तहको मातहतमा प्रान्तिय आयोग हुनुपर्ने । प्रदेशको लागि उमेर ५० वर्ष । उमेरको हद ६० वर्ष कायम गर्ने । सदस्यको पदावधि ४ वर्षको हुने । केन्द्र र प्रान्त विच समन्वय हुनुपर्ने ।<br>• गठन विधि समावेशी संघीय लोक सेवा आयोग बनाउनु पर्ने । संस्थान, शिक्षक, प्रहरी र सेनाको परिक्षा संचालन गर्न थप काम, कर्तव्य र अधिकार दिनुपर्ने ।<br>• कोटा (आरक्षण) को व्यवस्था ठिक छैन यो व्यवस्थाले सक्षम नागरिकहरु अवसरबाट वञ्चित हुन्छन् ।<br>• शिक्षा सेवा आयोग खारेज गरी लोक सेवा आयोगलाई जिम्मेवारी दिनुपर्छ । जसबाट परिक्षा निष्पक्ष हुन्छ र सक्षम व्यक्तिले रोजगार पाउने अवसर हुन्छ ।<br>• संघीय संरचनामा आयोग केन्द्रिय र प्रान्तिय गरी दुई तहमा पुनः संरचित हुनुपर्दछ र चुस्त हुनका लागि विषय विज्ञहरु हुनुपर्दछ ।<br>• केन्द्रिय संरचना परिवर्तन गरिनु पर्दछ ।<br>• आयोगका सदस्यहरु खुला प्रतिस्पर्धाबाट नियुक्ति गरिनु पर्ने, योग्यता विद्यावारिधी प्राप्त गरेको वा कम्तीमा स्नातकोत्तर हुनुपर्ने । उमेर ४० वर्षको भन्दा माथिको हुनुपर्ने । कार्यकाल ५ वर्षको हुनुपर्ने ।<br>• दलिय आधारमा नभई योग्य र निष्पक्ष व्यक्ति हुनुपर्ने ।<br>• केन्द्रिय, प्रान्तिय र मिश्रित प्रणालीमा जानुपर्ने । योग्यता र पदावधिमा फेरबदल गर्नुपर्ने ।<br>• केन्द्र, प्रान्त हुँदै जिल्लामा पनि शाखा निर्माण गरी सर्वसाधारणको पहुँच पुग्नु पर्ने ।<br>• गठन र नियुक्ति प्रक्रिया नातावाद र कृपावादको आधारमा हुनु हुँदैन । राजनीतिक नियुक्ति बन्द गरिनु पर्दछ । सबै खाले जात जाति र समुहहरुलाई समेट्नु पर्दछ । योग्यताको कदर गर्नुपर्दछ । ३५ वर्षदेखि ५५ वर्षसम्मको पदावधि हुनुपर्ने ।<br>• समानुपातिक र निष्पक्ष हुनुपर्ने । स्वतन्त्र सबल प्रभावकारी बनाउन आवश्यक पुनःसंरचना गर्नुपर्ने । अधिकार सम्पन्न हुनुपर्ने । पदावधि २ वर्ष |

| | | |
|---|---|---|
| | | हुनुपर्ने । सरकारसँगको सम्बन्ध नङ र मासुको जस्तो हुनुपर्ने । सम्पूर्ण संघीय सरकारमा एउटै लोक सेवा आयोग हुनुपर्ने । |
| (ख) | निर्वाचन आयोग | • समावेशी प्रकारको हुनुपर्ने । संघीय रुपमा आयोग गठन गर्ने । निष्पक्ष रुपमा भूमिका निर्वाह गर्ने । सरकारसँग समन्वय राख्ने । संघीय संरचनामा प्रान्तिय निर्वाचन आयोग गठन गरिनु पर्छ ।<br>• पारदर्शी हुनुपर्ने । मतपरिणाममा ढिला सुस्ती गर्न नहुने ।<br>• केन्द्रिय र स्थानीय दुवै हुनुपर्छ ।<br>• राजनैतिक दललाई समेत पारदर्शी गराई आर्थिक लेखा परिक्षण गराउनु पर्ने र जातिय र क्षेत्रीय पार्टीहरु दर्ता गराउन दिन नहुने । गठन विधि समावेशी गराउने ।<br>• वर्तमान संरचना ठिक छैन, थाहा छैन ।<br>• आयुक्तको हालको संख्यालाई घटाई तीनजनाको सदस्य संख्या कायम गर्ने ।<br>• निष्पक्ष चुनाव गर्नुपर्ने । सबै जिल्ला क्षेत्र निर्वाचन बुथहरुमा विद्युतीय प्रणालीबाट निर्वाचन गरिनु पर्ने । मतदाता नामावली संकलन पश्चात पुनः एकपटक जाँच गरी राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रकाशन गरिनु पर्ने ।<br>• गठन प्रक्रिया समावेशी हुनुपर्ने । राज्य र प्रदेशको छुट्टाछुट्टै निर्वाचन आयोग हुनुपर्ने । निर्वाचन आयोग स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्छ । |
| (ग) | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | • केन्द्र देखि स्थानीय सम्म । संघीय रुपमा आयोग गठन गर्नुपर्ने । कसुर र दुरुपयोग गर्ने सबै माथि कडा कारवाही गर्ने ।<br>• प्रान्तमा पनि हुनु पर्ने ।<br>• गठन विधि परिवर्तन गर्नुपर्ने । साथै समावेशी स्वरुप प्रदान गर्दै संघीय ढाँचामा ती निकायको काम, कर्तव्य अधिकार परिमार्जन गर्नुपर्ने ।<br>• वर्तमान संरचना ठिक छैन, थाहा छैन ।<br>• स्थानीय तहसम्म विस्तार गर्न सके राम्रो हुने ।<br>• आयोगले दण्ड तथा सजाय समेत आफैले तोक्न पाउनु पर्ने ।<br>• क्षेत्राधिकार बढाउनु पर्ने ।<br>• भ्रष्टाचारीलाई सशक्त रुपमा आजीवन कारावाससम्मको सजाय हुनुपर्ने । राजनीतिक नियुक्ति हुन नहुने । दण्ड हत्या हिंसा गर्नेलाई मृत्युदण्ड दिनुपर्ने । नातावाद, कृपावाद र राजनीतिक हस्तक्षेप हुन नहुने ।<br>• गठन समावेशी आधारमा हुनुपर्ने । जुनसुकै पदाधिकारीलाई पनि बोलाउन सोधपुछ गर्न सक्ने व्यवस्था संविधानमा राख्नुपर्ने । |
| (घ) | राष्ट्रिय मानव अधिकार आयोग | • केन्द्र र संघ बिच समन्वय भूमिका हुनुपर्ने । केन्द्र देखि स्थानीय तहसम्म । सदस्यको पदावधि ४ वर्षको हुने । सदस्य हुन २३ वर्षको उमेर हुनुपर्ने ।<br>• मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा निकायलाई दण्डित गर्न सक्ने अधिकार पनि प्रत्यायोजन गर्नुपर्छ ।<br>• समावेशी बनाउने ।<br>• आयोगको प्रतिवेदनमा उल्लेख भएका सिफारिश र सुझाव सरकारलाई बाध्यकारी हुने किसिमको बनाउने ।<br>• कारवाही गर्न गरेका सिफारिशहरुको अन्तर्राष्ट्रिय अदालतमा मुद्दा चल्ने समेतको व्यवस्था गनुपर्ने ।<br>• मानव अधिकारको वर्तमान क्रियाकलाप बढी केन्द्रिकृत भएकोले सर्वसाधारणको पहुँच नभएको ।<br>• मृत्युदण्डको व्यवस्था हुनुपर्ने ।<br>• आयोगको विस्तार गरी स्थानीय तहसम्म सम्पर्क कार्यालयहरु स्थापना गरिनु पर्दछ ।<br>• केन्द्र र प्रान्तमा हुनुपर्ने ।<br>• जनताको समस्यालाई तत्काल सम्बोधन गर्न सक्ने गरी सथानीय तहमा पनि क्रियाशिल रहनु पर्ने । |

| | | |
|---|---|---|
| | | • मानव अधिकारको उल्लंघन हुन नदिन स्थानीय स्तरसम्म स्थानीय मानव अधिकारकर्मी संघ संस्थाहरुसँग सहकार्य गरिनु पर्ने ।<br>• अन्तर्राष्ट्रिय रुपमा स्थापित मापदण्ड अनुरुप मानव अधिकार सुनिश्चित गर्नुपर्ने । केन्द्र र प्रान्तमा तहगत रुपमा आयोग गठन गर्ने । सशक्त र प्रभावकारी हुनुपर्ने । सुरक्षा निकायमा पदाधिकारीले गरेको मानव अधिकार उल्लंघन आयोगको क्षेत्राधिकार भित्र छानविन हुनुपर्ने । |
| (ङ) | महालेखा परीक्षक | • केन्द्रदेखि प्रान्तसम्म दुरुस्त लेखा प्रणालीको विकास गर्नुपर्ने । पारदर्शी र राजनीतिक दवावबाट मुक्त हुनुपर्छ ।<br>• महालेखा परिक्षकको पदाधिकारीहरुलाई नियन्त्रण गर्न जनप्रतिनिधि, सरोकारवाला र विज्ञ सहितको अनुगमन समिति गठन गर्नुपर्छ ।<br>• संघीय प्रान्तमा पनि व्यवस्था गर्नुपर्ने ।<br>• वर्तमान संरचना ठिक छैन ।<br>• राजनैतिक नियुक्ति वा दल विशेषको कोटाबाट नियुक्ति हुनु हुँदैन ।<br>• केन्द्रिय प्रकृतिको हुनेछ । साथै प्रान्त वा क्षेत्रमा पनि सम्बन्धित सरकारले निकाय गठन गर्दा प्रभावकारी हुने ।<br>• योग्य र निष्पक्ष व्यक्ति हुनुपर्ने ।<br>• जिल्लास्तरमा पनि शाखा हुनुपर्ने ।<br>• महालेखाद्वारा उद्योग, व्यापारी संघ संस्था गैर सरकारी संस्था समेतमा लेखा परिक्षण गर्न लगाउने र महालेखाले अनुगमन गर्ने कार्य समेत गर्नु पर्दछ ।<br>• राष्ट्रिय लेखा परीक्षण केन्द्रमा र प्रान्तिय इकाईहरुमा प्रान्तिय लेखा परीक्षण कार्यालय खोली लेखा परीक्षण हुनुपर्ने । संस्था अधिकार सम्पन्न, स्वतन्त्र, सशक्त र प्रभावकारी हुनुपर्ने । महालेखाले उद्योग, व्यापारी, संघसंस्था, गैर सरकारी संस्था समेतलाई पनि लेखा परीक्षण गराउने र अनुगमन गर्ने अधिकार हुनुपर्दछ । संवैधानिक स्वतन्त्रता र निष्पक्षतालाई जोड दिने र पारदर्शी बनाउने । केन्द्रिय, प्रान्तिय र स्थानिय तहमा गठन गरी सबै तहमा लेखा परीक्षणको जिम्मेवारी हुनुपर्ने । |

**प्रश्न नं. १२ यस सम्बन्धमा अन्य केही कुरा भए उल्लेख गर्नुहोला ?**

## लिखित सुझावको विवरण

- जनताको गास, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र मानिसको बाँच्न पाउने अधिकारलाई संवैधानिक ग्यारेण्टी गर्नुपर्ने ।
- जुनसुकै क्षेत्र, तह र तप्काका जनताहरुले आफ्नो पहिचान सहित राज्यले व्यवहार गरोस् भन्ने संवैधानिक अपेक्षा गरेका छन् ।
- भावी संविधानमा सबै जाति, जनजाति, भाषा र सँस्कृतिको पहिचान र संरक्षणको संवैधानिक व्यवस्था हुनुपर्ने सुझावहरु रहेका छन् ।
- समग्रमा सुझाव संकलन विधि वैज्ञानिक नभएको र प्रश्नावलीको सामान्य जनतास्तरको सुझाव लिने कुरा संकुचित र असहज बनाएको ।
- भ्रष्टाचारीलाई कारवाही नगर्ने आयुक्तलाई नै कारवाही गर्ने । आयोगको काम, कर्तव्य र अधिकार लगायत उनीहरुले गर्ने सम्पूर्ण क्रियाकलाप आम जनताले थाहा पाउने र पारदर्शी हुने व्यवस्था मिलाउनु पर्ने । राजनीतिमा लागेका लाई आयुक्त बनाउन नमिल्ने । सार्वजनिक सुनवाईबाट हुनुपर्ने आयुक्तहरुको योग्यता र क्षमताका आधारमा परिक्षा लिएर अनुभव हेरेर विगतमा उनीहरुको कामका मूल्याङ्कनका आधारमा नियुक्ति गरिनु पर्ने ।
- भ्रष्टाचारीलाई कारवाही गर्न सक्ने अधिकार दिनुपर्ने र दोषी ठहर गरिएका व्यक्तिलाई मिडिया मार्फत सार्वजनिक गर्नुपर्ने ।
- आयोगले गरेका निर्णयहरु न्यायीक निर्णय सरह हुनुपर्ने ।
- आयोगको छानविनको दायरा भित्र राष्ट्रपति, प्रधानमन्त्री, मन्त्रीहरु, न्यायालयका प्रमुखहरु लगायत संवैधानिक निकायका अंगहरुका पदाधिकारीहरुलाई समेत समावेश गरिनु पर्दछ ।

- बढी पारदर्शी बनाउनु पर्ने ।
- मानव अधिकार आयोगको क्षेत्राधिकार बढाई आफूले गरेको सिफारिश कार्यान्वयन भए नभएको जानकारी लिई जनतालाई पनि जानकारी गराउने ।
- आफै भ्रष्टाचार मुक्त हुनुपर्ने । भ्रष्टाचार गर्ने भ्रष्टाचारीलाई आयोगको सिफारिशमा जेल चलान गर्नुपर्ने ।
- केन्द्रिय र प्रान्तिय सरकार विच समन्वयकारी भूमिका हुनुपर्ने ।
- प्रान्तिय हुनुपर्ने ।
- स्वतन्त्र निष्पक्ष हुनुपर्ने ।
- लेखा परिक्षण प्रतिवेदन कार्यान्वयन गर्न म.ले.प.लाई अधिकार दिनुपर्ने ।
- केन्द्रिय प्रकृतिको संवैधानिक निकाय हुनेछ । यसले राज्य तथा स्थानीय सरकारको कारोबारहरु चाहेको बेला हेर्न सक्नेछ ।
- सर्वसुलभ र पारदर्शी बनाउनु पर्ने ।
- केन्द्रिय र संघमा दुवै हुनुपर्ने । भूमिका स्वतन्त्र र निष्पक्ष हुनुपर्ने ।
- केन्द्रिय र प्रान्तिय सरकार विच समन्वयकारी भूमिका हुनुपर्ने ।
- केन्द्रिय हुनुपर्ने ।
- शिक्षा सम्बन्धी अधिकार समेत थप गर्नुपर्ने र संघीय र केन्द्रिय दुवैमा हुनुपर्ने ।
- प्रहरी, सेना, शिक्षक, संस्थानको परिक्षा समेत लोक सेवा आयोगलाई दिनुपर्ने ।
- यसले केन्द्र र प्रान्तहरुमा पुनसंरचना गर्न सक्नेछ तर प्रान्तले केन्द्रको अनुमतिमा मात्र आवश्यक कार्यहरु गर्नेछ ।
- आयोगका प्रमुख आयुक्तको नियुक्ति पूर्व संसदीय सुनवाई हुनुपर्ने ।
- समावेशी बनाउनु पर्ने ।
- क्षेत्राधिकार बढाउनु पर्ने ।
- लोक सेवा आयोगको परिक्षा प्रणाली परिवर्तन गर्नुपर्ने । विषयवस्तु बाहिरको प्रश्न सोध्न नहुने । जुन पदको लागि परिक्षा लिने हो सो सम्बन्धी परिक्षा लिई पद सुहाँउदो अनुभव समेतको नम्बर जोडेर दक्ष व्यक्तिको चयन गरिनु पर्ने ।
- केन्द्र र प्रान्त दुवैमा
- केन्द्रिय हुनुपर्ने ।
- अझ निष्पक्ष र स्वतन्त्र बनाउन थप अधिकार दिनुपर्ने । काम गर्दा आइपर्ने जटिलता फुकाउने अधिकार पनि दिनुपर्ने ।
- राजनैतिक दललाई समेत पारदर्शी गराई आर्थिक लेखा परिक्षण गराउनु पर्ने ।
- निर्वाचनलाई छिटो, छरितो, स्वतन्त्र, निष्पक्ष र विश्वसनीय बनाउन प्रविधियुक्त निर्वाचन प्रणालीको प्रयोग गर्ने र १६ वर्ष उमेर पुगेका प्रत्येक नेपालीलाई मताधिकारको अधिकार प्रदान गर्ने ।
- केन्द्रिय प्रकृतिको संवैधानिक निकाय हुनेछ । आवश्यक मात्रामा प्रान्त तथा स्थानीय स्तरसम्म यसका सम्पर्क कार्यालयहरु स्थापना गरिनेछ ।
- मतदाता नामावली संकलन कार्य सर्वकालिन अद्यावधिक बनाउनु पर्ने । परिचय पत्रको व्यवस्था राज्यव्यापी
  गर्नुपर्ने । विद्युतीय प्रणालीमा जानुपर्ने ।
- केन्द्र र प्रान्त दुवैमा हुनुपर्ने ।
- प्रान्तिय हुनुपर्ने ।
- आयोगलाई थप अधिकार दिनुपर्ने र मानव अधिकार उल्लंघन गर्ने व्यक्ति वा संस्थालाई सिधै जेल चलान गर्नुपर्ने ।
- अन्तर्राष्ट्रिय फौजदारी अदालतमा मुद्दा दायर गर्न सक्ने थप अधिकार प्रदान गर्नुपर्ने ।
- क्षेत्राधिकार विस्तार गरिनु पर्दछ ।
- केन्द्रिय प्रकृतिको संवैधानिक निकाय हुनेछ । यसका शाखा तथा सम्पर्क कार्यालयहरु प्रदेश तथा प्रान्तमा विस्तार गरिनेछ ।
- थप अधिकार दिनुपर्ने ।
- केन्द्र र प्रान्त दुवैमा ।

अनुसूची - १३

# संविधानसभा

## संवैधानिक निकायको संरचना निर्धारण समिति

समिति अन्तर्गत गठन भएका विभिन्न उपसमितिहरु वा कार्यदलहरुको विवरण

*समितिको विस्तृत कार्यतालिका निर्माण उपसमिति*

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री सुरेशकुमार आले मगर | संयोजक |
| २. | मा० श्री अम्विका वस्नेत | सदस्य |
| ३. | मा० श्री खोभारी राय | ,, |
| ४. | मा० श्री गोविन्द चौधरी | ,, |
| ५. | मा० श्री मीना पुन | ,, |
| ६. | मा० श्री मोहनप्रसाद पाण्डेय | ,, |
| ७. | मा० श्री राधादेवी तिमल्सेना | ,, |
| ८. | मा० श्री रामचन्द्र प्यासी कुसवाह | ,, |
| ९. | मा० श्री रामबच्चन अहिर यादव | ,, |
| १०. | मा० श्री रामसहाय प्रसाद यादव | ,, |
| ११. | मा० श्री विमला के.सी. | ,, |
| १२. | मा० श्री शान्ति वस्नेत अधिकारी | ,, |
| १३. | सह-सचिव श्री लवप्रसाद गौतम | सदस्य सचिव |

गठन मिति २०६५/०९/०७

*संवैधानिक निकायको संरचना निर्धारण समिति अन्तर्गत गठित उपसमितिहरु*

राष्ट्रिय मानव अधिकार आयोग उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री शान्ति बस्नेत (अधिकारी) | संयोजक |
| २. | मा० श्री उमा गोठे कपाली | सदस्य |
| ३. | मा० श्री खोभारी राय | " |
| ४. | मा० श्री नरवहादुर पुन | " |
| ५. | मा० श्री ललिता साह | " |
| ६. | मा० श्री शारदा धिमिरे | " |

निर्वाचन आयोग उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री भगवति चौधरी | संयोजक |
| २. | मा० श्री नरबहादुर विष्ट | सदस्य |
| ३. | मा० श्री प्रमिलादेवी यादव | " |
| ४. | मा० श्री राम बच्चन अहिर यादव | " |
| ५. | मा० श्री शिवचन्द्र मिश्र | " |

| | | |
|---|---|---|
| ६. | मा० श्री शेखर कोइराला | " |
| ७. | मा० श्री हरिलाल थापा मगर | " |

लोक सेवा आयोग उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री जोंखबहादुर महरा | संयोजक |
| २. | मा० श्री बादशाह कुर्मी | सदस्य |
| ३. | मा० श्री राधादेवी तिमल्सेना | " |
| ४. | मा० श्री विमला सुवेदी | " |
| ५. | मा० श्री विषमलाल अधिकारी | " |
| ६. | मा० श्री वीरेन्द्र जुहारचन | " |

अख्तियार दुरुपयोग अनुसन्धान आयोग उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री रामचन्द्र प्यासी कुशवाह | संयोजक |
| २. | मा० श्री बलदेव शर्मा मजगैया | सदस्य |
| ३. | मा० श्री महालक्ष्मी श्रेष्ठ | " |
| ४. | मा० श्री राजकाजी गुरुङ्ग | " |
| ५. | मा० श्री रामसहाय यादव | " |
| ६. | मा० श्री सन्तोष थारु | " |

महालेखा परीक्षक उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री किरण यादव | संयोजक |
| २. | मा० श्री गोपीबहादुर सार्की अछामी | सदस्य |
| ३. | मा० श्री भानुभक्त जोशी | " |
| ४. | मा० श्री मोहनप्रसाद पाण्डेय | " |
| ५. | मा० श्री रघुवीर महासेठ | " |
| ६. | मा० श्री सुदन राई | " |

अन्य आयोगहरु उपसमिति

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री शुरेशकुमार आले मगर | संयोजक |
| २. | मा० श्री थममायाँ थापा | सदस्य |
| ३. | मा० श्री विमला के.सी. | " |
| ४. | मा० श्री डिल्लीमान तामाङ्ग | " |
| ५. | मा० श्री अम्बिका वस्नेत | " |
| ६. | मा० श्री अबुलकलाम आजाद | " |
| ७. | मा० श्री सञ्जयकुमार साह | " |
| ८. | मा० श्री काशीदेवी झा | " |

| | | |
|---|---|---|
| ९. | मा० श्री मीना पुन | " |
| १०. | मा० श्री यामलाल कंडेल | " |
| ११. | मा० श्री शेरवहादुर देउवा | " |

गठन मिति :- २०६५/१०/२३

*नोटः माथि उल्लेखित सवै उपसमितिहरु गठन गरिएतापनि ती उपसमितिहरुको बैठक वस्न नसकी मूल समितिमा नै छलफल गरिएको ।*

**अन्य आयोगहरुका विषयमा छलफल गरी निष्कर्षमा पुग्नको लागि सहयोग गर्न गठित अनौपचारिक कार्यदल**

| सि.नं. | मा० सदस्यको नाम | |
|---|---|---|
| १. | मा० श्री गोविन्द चौधरी | संयोजक |
| २. | मा० श्री अबुलकलाम आजाद | सदस्य |
| ३. | मा० श्री किरण यादव | " |
| ४. | मा० श्री जोखबहादुर महरा | " |
| ५. | मा० श्री थममाया थापामगर | " |
| ६. | मा० श्री भानुभक्त जोशी | " |
| ७. | मा० श्री मिना पुन | " |
| ८. | मा० श्री रामसहाय प्रसाद यादव | " |
| ९. | मा० श्री ललिता साह | " |
| १०. | मा० श्री शेखर कोइराला | " |
| ११. | मा० श्री सुरेशकुमार आलेमगर | " |

गठन मिति ०६६/०१/३१

# अनुसूची - १४

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**समितिका हालसम्मका बैठक र सो को कार्यसूची**

| क्र.सं. | मिति | बैठक संख्या | बैठकको विवरण |
|---|---|---|---|
| १. | २०६५ पुस १ गते मंगलवार | १ | • समितिको प्रारम्भिक कार्यतालिका माथि छलफल प्रारम्भ गरिने । |
| २. | २०६५ पुस ७ गते सोमवार | २ | • समितिको प्रारम्भिक कार्यतालिका माथि छलफल जारी रहने ।<br>• विशेषज्ञताको आवश्यकता र छनौट सम्बन्धमा छलफल गरिने ।<br>• संवैधानिक निकायको हालको संरचना माथि छलफल गरिने । |
| ३. | २०६५ पुस १० गते विहिवार | ३ | • उपसमितिले पेश गरेको विस्तृत कार्यतालिका माथि छलफल गरी पारित गरिने ।<br>• विशेषज्ञताको आवश्यकताको छनौट सम्बन्धमा छलफल जारी रहने ।<br>• विविध । |
| ४. | २०६५ पुस १७ गते विहिवार | ४ | • समितिको कार्यक्षेत्रसँग सम्बन्धित समिति सचिवालयले तयार गरेको समितिको जानकारीमुलक पुस्तिका, प्रश्नावली, स्वदेशको स्थलगत भ्रमण कार्यक्रम र सन्दर्भ सामाग्रीहरुका सम्बन्धमा छलफल गरिने ।<br>• संवैधानिक निकायको पदाधिकारी, सरोकारवाला र अन्य विशेषज्ञ समेत उपस्थित गराउन पत्राचार गरी अन्तरक्रिया गराउने सम्बन्धमा छलफल गरिने ।<br>• विविध । |
| ५. | २०६५ पुस १८ गते शुक्रवार | ५ | • लोक सेवा आयोगका अध्यक्षबाट लोक सेवा आयोगका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• महालेखा परीक्षकबाट महालेखा परीक्षकको सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| ६. | २०६५ पुस १९ गते | ६ | • अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख |

| | | | |
|---|---|---|---|
| | शनिवार | | आयुक्त एवं आयुक्तबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• संविधानविद् श्री पूर्णमान शाक्यले संवैधानिक निकायको सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| ७. | २०६५ पुस २४ गते विहिवार | ७ | • निर्वाचन आयोगका प्रमुख आयुक्त एवं आयुक्तबाट निर्वाचन आयोगका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| ८. | २०६५ पुस २५ गते शुक्रवार | ८ | • राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष/सदस्य/सचिवहरुबाट राष्ट्रिय मानव अधिकार आयोगका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| ९. | २०६५ पुस २९ गते मंगलवार | ९ | • मा० श्री काशीदेवी झाले निम्नलिखित प्रस्ताव प्रस्तुत गर्नुहुने :-<br>*"यस समितिका मा० सदस्य श्री गोविन्द चौधरीलाई सभापति पदमा निर्वाचित गरियोस् ।"*<br>उक्त प्रस्तावको मा० श्री महालक्ष्मी श्रेष्ठले समर्थन गनुहुने । |
| १०. | २०६५ माघ १२ गते आइतवार | १० | • समितिको जानकारीमुलक पुस्तिका, विज्ञहरुको क्षेत्र पहिचान (TOR) लगायतका सन्दर्भ सामाग्रीहरु माथि छलफल गरिने ।<br>• विविध । |
| ११. | २०६५ माघ १३ गते सोमवार | ११ | • प्रशासकिय अदालतका अध्यक्ष एवं संविधानविद् श्री काशीराज दाहालले संवैधानिक निकायको वर्तमान संरचना एवं भविष्यमा आवश्यक हुनसक्ने संरचनाको सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| १२. | २०६५ माघ १५ गते बुधवार | १२ | • सर्वोच्च अदालतका पूर्व न्यायाधीश एवं नेपालको अन्तरिम संविधान, २०६३ का मस्यौदा समितिका अध्यक्ष श्री लक्ष्मणप्रसाद अर्यालले संवैधानिक निकायको वर्तमान संरचना एवं भविष्यमा आवश्यक हुनसक्ने संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| १३. | २०६५ माघ १७ गते शुक्रवार | १३ | • संविधानविद डा० युवराज संग्रौला र डा० सूर्य ढुंगेलले संवैधानिक निकायको वर्तमान संरचना एवं भविष्यमा आवश्यक हुनसक्ने संरचनाका सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | | | मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने । |
| १४. | २०६५ माघ २१ गते मंगलवार | १४ | • राष्ट्रिय दलित आयोगका पदाधिकारीहरुले उक्त निकायको भावी संविधानमा संवैधानिक मान्यताको आवश्यकता एवं औचित्य र भावी संवैधानिक संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• विविध । |
| १५. | २०६५ माघ २२ गते बुधवार | १५ | • विभिन्न जिल्लामा जनताको राय सुझाव संकलनका लागी यस समितिको कार्यक्षेत्रसंग सम्बन्धित प्रश्नाबलीका सम्बन्धमा छलफल गरीने ।<br>• विविध । |
| १६. | २०६५ माघ २३ गते विहिवार | १६ | • समितिको कार्यक्षेत्रसँग सम्बन्धित विभिन्न उपसमितिहरु गठन गरिने ।<br>• विविध । |
| १७. | २०६५ माघ २८ गते मंगलवार | १७ | • राष्ट्रिय महिला आयोगका पदाधिकारीहरुले उक्त निकायको भावी संविधानमा संवैधानिक मान्यताको आवश्यकता एवं औचित्य र भावी संवैधानिक संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• विविध । |
| १८. | २०६५ माघ २९ गते बुधवार | १८ | • विभिन्न मानव अधिकारवादी संघ/संस्थाका पदाधिकारीहरुले उक्त निकायको आवश्यकता एवं औचित्य र भावी संवैधानिक संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• विविध । |
| १९. | २०६५ फागुन १ गते विहवार | १९ | • आदिवासी/जनजाति संग सम्बन्धित विज्ञ एवं पदाधिकारीहरुले उक्त निकायको आवश्यकता एवं औचित्य र भावी संवैधानिक संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• विविध । |
| २०. | २०६५ फागुन ५ गते सोमवार | २० | • संविधानविद डा० भिमार्जुन आचार्यले संवैधानिक निकायको वर्तमान संरचना एवं भविष्यमा आवश्यक हुनसक्ने संरचनाका सम्बन्धमा मा० सदस्यहरुलाई |

| | | | |
|---|---|---|---|
| | | | जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• विविध । |
| २१. | २०६६ वैशाख ५ गते शनिवार | २१ | • यस समितिमा ४० वटा विभिन्न टोलीमार्फत पचहत्तरै जिल्लाका जनतावाट प्राप्त हुन आएका राय सुझाव प्रशोधनका सम्वन्धमा छलफल गरिने ।<br>• विविध |
| २२. | २०६६ वैशाख ६ गते आइतवार | २२ | • यस समितिमा ४० वटा विभिन्न टोलीमार्फत पचहत्तरै जिल्लाका जनतावाट प्राप्त हुन आएका राय सुझाव प्रशोधनको प्रकृयाका सम्बन्धमा छलफल प्रारम्भ गरिने ।<br>• विविध |
| २३. | २०६६ वैशाख ९ गते बुधवार | २३ | • पचहत्तरै जिल्लाका जनतावाट प्राप्त हुन आएका राय सुझावहरु मध्ये हालसम्म प्रशोधन भएका राय सुझावहरु अवधारणा पत्रमा समावेश गर्ने सम्बन्धमा छलफल गरिने ।<br>• विविध |
| २४. | २०६६ वैशाख १३ गते आइतवार | २४ | • निर्वाचन आयोगका प्रमुख आयुक्त एवं आयुक्तहरुबाट नयां संविधानमा निर्वाचन आयोगको संरचना निर्धारणका सम्वन्धमा मा० सदस्यहरुलाई जानकारी दिई अन्तरक्रिया गरिने ।<br>• हालसम्म प्रशोधन भएका राय सुझावहरु समावेश गरी अवधारणा पत्र एवं मस्यौदा प्रतिवेदन तयारी गर्ने सम्बन्धमा । |
| २५. | २०६६ वैशाख १५ गते मंगलवार | २५ | • हालसम्म प्रशोधन भएका राय सुझावहरुबाट अवधारणा पत्रमा समावेश गर्न उपयुक्त लागेका सुझावहरु संकलन गरि प्रतिवेदन तयार गर्ने सम्बन्धमा ।<br>• विविध । |
| २६. | २०६६ वैशाख १७ गते विहिवार | २६ | • हालसम्म प्रशोधन भएका राय सुझावहरुबाट अवधारणा पत्रमा समावेश गर्न उपयुक्त लागेका सुझावहरु संकलन गरि प्रतिवेदन तयार गर्ने सम्बन्धमा छलफल जारी रहने ।<br>• विविध । |
| २७. | २०६६ वैशाख २० गते आइतवार | २७ | • समितिले तयार गरि माननीय सदस्यहरुलाई वितरण गरिएको अवधारणा पत्रको प्रारम्भिक मस्यौदा माथि छलफल प्रारम्भ गरिने । |

| | | | |
|---|---|---|---|
| | | | • विविध । |
| २८. | २०६६ वैशाख २१ गते सोमवार | २८ | • समितिले तयार गरेको अवधारणापत्रको प्रारम्भिक मस्यौदा माथि छलफल गर्दै निर्वाचन आयोगको प्रारम्भिक मस्यौदा माथि छलफल प्रारम्भ गरिने ।<br>• विविध । |
| २९. | २०६६ वैशाख २२ गते मंगलवार | २९ | • समितिले तयार गरेको अवधारणापत्रको प्रारम्भिक मस्यौदा माथि छलफल गर्दै लोक सेवा आयोगको प्रारम्भिक मस्यौदा माथि छलफल प्रारम्भ गरिने ।<br>• विविध । |
| ३०. | २०६६ वैशाख २३ गते बुधवार | ३० | • भावी संविधानमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संरचना, गठन विधि, क्षेत्राधिकार लगायतका विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पदाधिकारीसँग अन्तरक्रिया गरिने । |
| ३१. | २०६६ वैशाख २४ गते विहिवार | ३१ | • समितिले तयार गरेको अवधारणापत्रको प्रारम्भिक मस्यौदा माथी छलफल गर्दै महालेखा परिक्षकको प्रारम्भिक मस्यौदा माथी छलफल प्रारम्भ गरिने ।<br>• विविध । |
| ३२. | २०६६ वैशाख २५ गते शुक्रवार | ३२ | • समितिले तयार गरेको अवधारणा पत्रको आधारमा प्रारम्भिक मस्यौदा माथी छलफल गर्दै मानव अधिकार आयोगको प्रारम्भिक मस्यौदा माथी छलफल प्रारम्भ गरिने ।<br>• विविध । |
| ३३. | २०६६ वैशाख २७ गते आइतवार | ३३ | • समिति सचिवालयले तयार गरेको अवधारणा पत्र, जनता र विभिन्न संध सस्थावाट प्राप्त राय सुझाव एवं विद्यमान परिस्थिति र आवश्यकता अनुसार अन्य आयोगहरुको पहिचान, आवश्यकता र भावी संविधानमा समाबेश गनुपर्ने औचित्यताका आधारमा प्रारम्भिक मस्यौदा तयार गर्नका लागि छलफल प्रारम्भ गरिने । |
| ३४. | २०६६ वैशाख २८ गते सोमवार | ३४ | • समिति सचिवालयले तयार गरेको अवधारणा पत्र , जनता र विभिन्न संध सस्थावाट प्राप्त राय सुझाव एवं विद्यमान परिस्थिति र आवश्यकता अनुसार अन्य आयोगहरुको पहिचान, आवश्यकता र भावी संविधानमा समाबेश गनुपर्ने औचित्यताका आधारमा प्रारम्भिक मस्यौदा तयार गर्नका लागि छलफल जारी रहने । |
| ३५. | २०६६ वैशाख ३१ गते | ३५ | • समिति सचिवालयले तयार गरेको अवधारणा पत्र, |

| | | | |
|---|---|---|---|
| | बिहिवार | | जनता र विभिन्न संघ सस्थावाट प्राप्त राय सुझाव एवं विद्यमान परिस्थिति र आवश्यकता अनुसार अन्य आयोगहरुको पहिचान, आवश्यकता र भावी संविधानमा समाबेश गनुपर्ने औचित्यताका आधारमा प्रारम्भिक मस्यौदा तयार गर्नका लागि छलफल जारी रहने । |
| ३६. | २०६६ जेठ ३ गते आइतवार | ३६ | • भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका सम्बन्धमा छलफल हुने ।<br>• राष्ट्रिय महिला आयोगका सम्बन्धमा समिति सचिवालयले तयार पारेको प्रारम्भिक अवधारणा पत्र र मस्यौदामाथि छलफल हुने ।<br>• अन्य आयोगहरुको संगठनात्मक स्वरुप, काम, कर्तव्य र अधिकारका सम्बन्धमा छलफल जारी रहने । |
| ३७. | २०६६ जेठ ४ गते सोमवार | ३७ | • भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका सम्बन्धमा छलफल जारी रहने ।<br>• राष्ट्रिय महिला आयोगका सम्बन्धमा समिति सचिवालयले तयार पारेको अवधारणा पत्र र मस्यौदामाथि प्रारम्भिक छलफल हुने ।<br>• अन्य आयोगहरुको संगठनात्मक स्वरुप, काम, कर्तव्य र अधिकारका सम्बन्धमा छलफल प्रारम्भ हुने । |
| ३८. | २०६६ जेठ ६ गते बुधवार | ३८ | • भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका सम्बन्धमा छलफल जारी रहने । |
| ३९. | २०६६ जेठ ७ गते बिहिवार | ३९ | • भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका सम्बन्धमा छलफल जारी रहने । |
| ४०. | २०६६ जेठ १० गते आइतवार | ४० | • विद्यमान ५ वटा संवैंधानिक आयोगहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदामाथी छलफल गरिने ।<br>• भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका सम्बन्धमा छलफल जारी रहने । |
| ४१. | २०६६ जेठ १२ गते मंगलवार | ४१ | • विद्यमान ५ वटा संवैंधानिक आयोगहरुको अवधारणा पत्र र प्रारम्भिक मस्यौदामाथी छलफल जारी रहने ।<br>• भावी संविधानमा समावेश गर्नु पर्ने अन्य आयोगहरुको पहिचान, आवश्यकता एवं औचित्यका |

| | | | |
|---|---|---|---|
| | | | सम्बन्धमा छलफल जारी रहने । |
| ४२. | २०६६ जेठ १३ गते<br>बुधवार | ४२ | • लोक सेवा आयोगको क्षेत्राधिकारको सम्बन्धमा नेपाल प्रहरी र सशस्त्र प्रहरी वलका पदाधिकारीहरुसंग छलफल एवं अन्तरक्रिया गरिने ।<br>• विद्यमान ५ वटा संवैंधानिक आयोगहरुमध्ये लोकसेवा आयोगको अवधारणा पत्र र प्रारम्भिक मस्यौदामाथि छलफल जारी रहने । |
| ४३. | २०६६ जेठ १४ गते<br>विहिवार | ४३ | • विद्यमान ५ वटा संवैंधानिक निकायहरुको प्रारम्भिक मस्यौदामाथि छलफल गरी पारित गरिने ।<br>• विविध । |
| ४४. | २०६६ जेठ १७ गते<br>आइतवार | ४४ | • अन्य आयोगहरुको सम्बन्धमा छलफल गरिने ।<br>• विविध । |
| ४५. | २०६६ जेठ २० गते<br>बुधवार | ४५ | • अन्य आयोगहरुको सम्बन्धमा छलफल जारी रहने ।<br>• विविध । |
| ४६. | २०६६ जेठ २१ गते<br>विहिवार | ४६ | • संवैधानिक निकायको रुपमा छ वटा आयोगहरु वा समावेशी आयोगको निर्धारण गर्ने सम्बन्धमा छलफल गरि निर्णय लिइने ।<br>• विविध । |
| ४७. | २०६६ जेठ २४ गते<br>आइतवार | ४७ | • संवैधानिक निकायको रुपमा पहिचान गरिएका अन्य छ वटा आयोगहरुको प्रारम्भिक मस्यौदा माथि छलफल प्रारम्भ गरिने ।<br>• विविध |
| ४८. | २०६६ जेठ २५ गते<br>सोमवार | ४८ | • समिति सचिवालयले तयार गरेको संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारण पत्रको प्रारम्भिक मस्यौदा माथि छलफल गरि अन्तिम रुप दिइने ।<br>• विविध |
| ४९. | २०६६ जेठ २८ गते<br>विहिवार | ४९ | • समिति सचिवालयले तयार गरेको संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणपत्रको प्रारम्भिक मस्यौदामाथी छलफल जारी राखि छलफल समाप्त भएमा पारित गरिने ।<br>• विविध |
| ५०. | २०६६ जेठ २९ गते | ५० | • मा० सभापतिले. निम्नलिखित शोकप्रस्ताव प्रस्तुत गर्नुहुने :- |

| | | | |
|---|---|---|---|
| | शुक्रवार | | **शोक प्रस्ताव**<br>"संवैधानिक निकायको सरचना निर्धारण समितिको यो बैठक नेपाली कांग्रेसकी वरिष्ठ नेतृ एवं प्रजातान्त्रिक आन्दोलनकी योद्धा एवं पूर्व उपप्रधानमन्त्री श्री शैलजा आचार्यको असामयिक निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।" |
| ५१. | २०६६ जेठ ३१ गते<br>आइतवार | ५१ | • संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणपत्रको प्रारम्भिक मस्यौदामाथी छलफल जारी राखि छलफल समाप्त भएमा पारित गरिने ।<br>• विविध |
| ५२. | २०६६ असार २ गते<br>सोमवार | ५२ | • संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणपत्रको प्रारम्भिक मस्यौदामाथि छलफल जारी राखि छलफल समाप्त भएमा पारित गरिने ।<br>• विविध |
| ५३. | २०६६ असार ४ गते<br>बुधवार | ५३ | • संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणपत्रको प्रारम्भिक मस्यौदा अन्तिम रुपमा पारित गरिने ।<br>• विविध |
| ५४. | २०६६ असार ८ गते<br>सोमवार | ५४ | • संवैधानिक निकायको संरचना निर्धारण समितिको अवधारणपत्र र प्रारम्भिक मस्यौदालाई अन्तिम रुप दिइने ।<br>• विविध |

## अनुसूची - १५

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**समितिको कार्यक्षेत्र अन्तर्गत छलफल र अन्तरक्रियाको लागि समितिले आमन्त्रण गरेका विज्ञ र सरोकारवालाहरुको नामावली**

| क्र.सं. | नाम, थर | सम्बन्धित संस्था |
|---|---|---|
| १. | श्री तीर्थमान शाक्य | अध्यक्ष, लोक सेवा आयोग |
| २. | श्री बच्चुराम दाहाल | का.मु. महालेखा परीक्षक |
| ३. | श्री ललितबहादुर लिम्बु | कार्यवाहक प्रमुख आयुक्त, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ४. | श्री वेदप्रसाद त्रिपाठी | सदस्य, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ५. | श्री डिल्लीरमण आचार्य | सहमहान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ६. | श्री राजेन्द्र पोखरेल | सहमहान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ७. | श्री भगवतीकुमार काफ्ले | सचिव, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ८. | श्री महेश शर्मा पौडेल | सहमहान्यायाधिवक्ता, अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ९. | श्री पूर्णमान शाक्य | संवैधानिक कानुनको ज्ञाता एवं संविधानविद् |
| १०. | डा० भोजराज पोखरेल | प्रमुख आयुक्त, निर्वाचन आयोग |
| ११. | श्री निलकण्ठ उप्रेती | आयुक्त, निर्वाचन आयोग |
| १२. | श्री अयोधीप्रसाद यादव | आयुक्त, निर्वाचन आयोग |
| १३. | श्री दोलखबहादुर गुरुङ्ग | आयुक्त, निर्वाचन आयोग |
| १४. | श्री गौरी प्रधान | सदस्य, राष्ट्रिय मानव अधिकार आयोग |
| १५. | श्री के.वी. रोकाया | सदस्य, राष्ट्रिय मानव अधिकार आयोग |
| १६. | श्री रामनगिना सिंह | सदस्य, राष्ट्रिय मानव अधिकार आयोग |
| १७. | श्री काशीराज दाहाल | अध्यक्ष, प्रशासकीय अदालत एवं संविधानविद् |
| १८. | श्री लक्ष्मणप्रसाद अर्याल | पूर्व न्यायाधीश, सर्वोच्च अदालत एवं अध्यक्ष, नेपालको अन्तरिम संविधान, २०६३ मस्यौदा समिति |
| १९. | डा० युवराज संग्रौला | संविधानविद् |
| २०. | डा० सूर्य ढुंगेल | संविधानविद् |
| २१. | डा० भीमार्जुन आचार्य | संविधानविद् |
| २२. | श्री नैनकला थापा | अध्यक्ष, राष्ट्रिय महिला आयोग |
| २३. | श्री अमुदा श्रेष्ठ | सदस्य, राष्ट्रिय महिला आयोग |
| २४. | श्री धनकुमारी सुनार | सदस्य, राष्ट्रिय महिला आयोग |
| २५. | श्री मन्जुकुमारी यादव चौधरी | सदस्य, राष्ट्रिय महिला आयोग |
| २६. | श्री शरद थापा | कानुनी विशेषज्ञ, राष्ट्रिय महिला आयोग |
| २७. | डा० सुबोधराज प्याकुरेल | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |
| २८. | डा० गोपालकृष्ण शिवाकोटी | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |
| २९. | श्री शोभा गौतम | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |

| | | |
|---|---|---|
| ३०. | श्री नेत्रप्रसाद तिमल्सिना | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |
| ३१. | श्री चरण प्रसाई | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |
| ३२. | श्री कपिल श्रेष्ठ | प्रतिनिधि, मानव अधिकारसँग सम्बन्धित संस्था |
| ३३. | श्री मल्ल के. सुन्दर | प्रतिनिधि, जनजाति महासंघ |
| ३४. | डा० चैतन्य सुब्बा | प्रतिनिधि, जनजाति महासंघ |
| ३५. | डा० मुक्तिसिंह लामा तामाङ | प्रतिनिधि, जनजाति महासंघ |
| ३६. | श्री जीतपाल किरांती | प्रतिनिधि, जनजाति महासंघ |
| ३७. | श्री रामलाल विश्वकर्मा | अध्यक्ष, राष्ट्रिय दलित आयोग |
| ३८. | श्री होम खाती | सदस्य, राष्ट्रिय दलित आयोग |
| ३९. | श्री यामबहादुर किसान | सदस्य, राष्ट्रिय दलित आयोग |
| ४०. | श्री भद्रेश्वर उपाध्याय | कार्यवाहक महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४१. | श्री दामोदर प्रसाद अर्याल | नायव महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४२. | श्री शुकदेव भट्टराई | नायव महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४३. | श्री हरिप्रसाद तिवारी | नायव महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४४. | श्री घनश्याम उपाध्याय | नायव महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४५. | श्री जनकराज गौतम | नायव महालेखा परीक्षक, महालेखा परीक्षकको कार्यालय |
| ४६. | श्री उद्धवप्रसाद सापकोटा | निर्देशक, महालेखा परीक्षकको कार्यालय |
| ४७. | श्री रमेशचन्द्र ठकुरी | महानिरिक्षक, नेपाल प्रहरी |
| ४८. | श्री सनतकुमार बस्नेत | महानिरिक्षक, सशस्त्र प्रहरी बल |
| ४९. | श्री अशोकदेव भट्ट | मुख्य अनुसन्धान अधिकृत, राष्ट्रिय अनुसन्धान विभाग |
| ५०. | श्री विनोद सिंह | प्रहरी नायव महानिरिक्षक, नेपाल प्रहरी |

## अनुसूची - १६

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**समितिको आमन्त्रणलाई स्वीकार गरी समिति समक्ष आई आफ्नो विचार राख्नुहुने संवैधानिक निकायका पदाधिकारीहरु, संविधानविद् तथा विशेषज्ञहरु एवं सरोकारवाला संस्थाका पदाधिकारीको विचार र धारणा**

**पूर्णमान शाक्य** (२०६५/०९/१९)

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- राज्य संचालनमा संवैधानिक निकायहरुको आवश्यकता किन ?
  - सरकारको अधिकार र कार्यसम्पादनमा check and balance गर्नका लागि ।
  - न्यायापालिकाले हेर्ने प्रकृतिभन्दा भिन्न प्रकृतिका कार्यहरु पनि गर्न ।
  - राजनैतिक अंगहरुको पकडबाट संवैधानिक निकायहरुलाई मुक्त राख्नुपर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग
  - केन्द्रिय र प्रान्तिय आवश्यक छ ।
- निर्वाचन आयोग
  - केन्द्रिय र प्रान्तिय बनाउन पनि सकिने र नबनाउँदा पनि केही फरक नपर्ने ।
- लोक सेवा आयोग
  - केन्द्रिय र प्रान्तिय हुनुपर्छ ।
- अन्य आयोगहरु
  - यो Particular Focus Group को Empowerment and other activities को लागि हो ।
  - सरकारको शर्त भित्र रहेर Focus Group लाई हेर्नुपर्दछ । वा आवश्यकता अनुसार कानुन बनाएर पनि राख्न सकिन्छ ।
  - आवश्यकता र औचित्यता निरन्तर हुनेलाई संविधानमा राख्ने र जसको निश्चित अवधि हुन्छ त्यस्तोलाई constitution मा राख्न आवश्यक छैन ।

**काशिराज दाहाल** (२०६५/१०/१३)

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- Constitutional Democracy लाई strengthen गर्न safeguard को लागि ।

- संवैधानिक अंगहरु - चीनमा छैन भने नयाँ बनेको संविधानहरुमा पनि छैन ।
- मानव अधिकार जनताको मौलिक अधिकारसँग पनि प्रत्यक्ष सम्वन्ध राख्ने विषय भएकाले यसको औचित्यता पुष्टि गर्दै संवैधानिक निकायको सवैभन्दा अग्रस्थानमा राख्नुपर्ने ।
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग / Ombudsman
    - यो Public protector र parlimentary commission white colur crime लाई हेर्ने ।
    - Report हेर्ने र मुद्दा चलाउने (निर्णय गर्ने तथा कारवाही गर्ने अधिकार छैन) ।
- महालेखा परीक्षक
    - स्वतन्त्र निकाय हुनुपर्ने / राज्यको कोष, ढुकुटीबाट भएका खर्चको लेखा स्वच्छ र स्वतन्त्र रुपमा छानविन हुनुपर्ने ।
- निर्वाचन आयोग
    - Free and Fair election is pillar of Democracy.
    - सरकारमा बसेका व्यक्तिको प्रभाव election मा नपरोस् भन्नाका लागि स्वतन्त्र र संवैधानिक निकायको रुपमा आवश्यक छ ।
- लोक सेवा आयोग
    - निजामति सेवाका पदमा नियुक्ति लगायतका विषयमा ।
    - Malaysia, Uganda मा शिक्षक नियुक्तिको लागि पनि संवैधानिक अंगको रुपमा शिक्षा आयोग रहेको ।
- अन्य आयोगहरु
    - Police free commission
    - स्थानिय निकायका लागि छुट्टै commission ।
    - लैङ्गिक समस्या भएका ठाउँमा समान अधिकार र सशक्तिकरणको लागि - Gender Equality commission
    - धार्मिक, भाषिक र साँस्कृतिक क्षेत्र विकासको लागि आयोग ।
    - संचारको युग भएको कारण - संचार आयोग ।

**लक्ष्मणप्रसाद अर्याल (२०६५/१०/१५)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

राज्य शक्तिको स्रोत जनता भएको जनताले आफ्नो सार्वभौम अधिकार राज्यका प्रमुख अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका मार्फत प्रयोग गर्दा शक्ति पृथकीकरणको सिद्धान्त एवं शक्ति सन्तुलन तथा नियन्त्रणको सिद्धान्तको व्यवस्था संविधानमा उल्लेख गरिन्छ । कार्यपालिकासँग शक्ति, स्रोत र साधन हुने हुँदा शासन सञ्चालन गर्दा उसले जनताका हकाधिकारको उल्लंघन गर्न सक्ने हुँदा सो गर्न नपाओस् र स्वेच्छाचारी ढंगबाट कार्य गर्नबाट रोकी सरकारलाई विधिको शासन र सुशासनको मार्गमा ल्याउन र सीमित सरकारको अवधारणालाई आत्मसात गर्दै सोलाई मूर्त रुप दिनको लागि

सरकारको क्षेत्र भित्र पर्ने क्षेत्रगत कार्यलाई प्रभावकारी र स्वच्छतापूर्वक सम्पन्न गर्न विभिन्न अंगहरुलाई संवैधानिक मान्यता दिइएको पाइन्छ । मुलुकको शासन संचालनमा सरकारको पहरेदारको भूमिका निर्वाह गर्न केही स्थायी प्रकृतिका आयोगहरु आवश्यक पर्दछ । सरकारले प्रदान गर्ने सेवा र सुविधालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र लोक कल्याणकारी कार्यमा सहयोग गर्न अल्पकालिन प्रकृतिका कामको लागि कानुनी आयोगहरु पनि गठन गरिन्छ तर केही विशेष कामको लागि संवैधानिक आयोगहरु जस्तै राज्य पुर्नसंरचना आयोग, सत्य निरुपण तथा मेलमिलाप आयोगको व्यवस्था अन्तरिम संविधानले गरी सरकारलाई संवैधानिक दायित्व तोकेको पाइन्छ । केही आयोगहरु कुनै काम, अवस्था वा घटनाका आधारमा गठन गरिन्छ । जस्तो भूमिसुधार आयोग, सुकुम्वासी समस्या समाधान आयोग एवं घटनाको जाँचबुझ गरी यथार्थ पत्ता लगाउने आयोगहरु । यस्ता आयोगहरु जाँचबुझ आयोग ऐन, २०२६ बमोजिम गठन हुन्छन् ।

यसरी विभिन्न प्रकृतिका आयोगहरुको व्यवस्था हुने भएतापनि स्थायी र दीर्घकालिन प्रकृतिका काम गर्ने निकायलाई संवैधानिक मान्यता दिइनु आवश्यक छ । यसले सरकारले गर्ने विभिन्न कामहरुको संवैधानिकतामा नै प्रश्न उठाउने र सरकारका काम कारवाहीलाई कानुनी दायरा भित्र ल्याई पारदर्शिता, सुशासन र जवाफदेहिता कायम गर्न र लोकतन्त्रलाई संस्थागत गर्न सहयोग पुऱ्याइरहेका हुन्छन् । हाल भईरहेको संवैधानिक निकायहरुलाई समय सापेक्ष हाम्रो आवश्यकता र जनचाहना अनुरुप परिमार्जित राख्नु जति आवश्यक छ त्यो भन्दा बढी आवश्यकता विभिन्न प्रकारका विभेद र भेदभावबाट उत्पीडित वर्गलाई सोबाट मुक्त गरी उनीहरुको उत्थान संरक्षण, विकास र सशक्तिकरणको लागि विभिन्न दवाव समूह, हित समूह तथा सरोकारवालाका माग एवं आवाजहरुलाई समेत सम्बोधन गर्नु त्यतिनै जरुरी देखिन्छ । तर कुनैपनि कामको लागि संवैधानिक आयोग खडा गर्नुको मतलब सबै आयोगहरुलाई संविधानमा नै राख्नु पर्छ भन्ने होइन । शासन संचालनलाई नभई नहुने र सरकारलाई सीमित सरकारको अवधारणामा ल्याउन आवश्यक निकायहरुलाई मात्र संवैधानिक मान्यता दिनु आवश्यक पर्छ । सरकारी कोषबाट भएका खर्चको लेखापरीक्षण गर्न महालेखा परीक्षक स्थायी सरकारको रुपमा रहने, निजामति कर्मचारीहरुको नियुक्ति लगायतका कार्यमा परामर्श दिन लोक सेवा आयोग, सरकारबाट हुन सक्ने मानव अधिकारको उल्लंघनको कार्यलाई रोक्न राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रसेवक कर्मचारीबाट हुने अनुचित कार्य र भ्रष्टाचार रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग र मुलुकमा संचालन हुने विभिन्न निर्वाचन कार्यक्रमलाई स्वतन्त्र र निष्पक्ष रुपमा संचालन गर्न निर्वाचन आयोगको आवश्यकता परेको हो । नेपालको र विश्वको संवैधानिक इतिहासलाई हेर्ने हो भने यस प्रकारको आयोगहरुको व्यवस्था भएको पाइन्छ । अब बन्ने संविधानमा हाम्रा माग र आवाजलाई सम्बोधन गर्न यी र यस्तै प्रकृतिका संवैधानिक निकायको व्यवस्था गर्नु उचित होला । ती संवैधानिक निकायहरुलाई कार्यगत र संगठनात्मक स्वतन्त्रता कायम राख्न आवश्यक आधारहरुको बारेमा संविधानले नै प्रत्याभूति दिनु पर्छ ।

**डा० युवराज संग्रौला (२०६५/१०/१७)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- राज्यलाई कार्यसम्पादनमा सहजीकरणका लागि छुट्टै आयोग ।
- Police Commission - राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षाको लागि ।
- Security Commission.
- Empowerment Commission.
- Opportunity Commission.
- Development Commission.
- Women Commission or Equal Opportunity Commission or Women Empowerment Commission.
- Strong Committee of Parliamentary member can do more than women commission.

**डा० सूर्य ढुंगेल (२०६५/१०/१७)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

संविधानसभाले संविधान निर्माण गर्नु अघि संविधानको मौलिक सिद्धान्तहरु निर्धारण गरेमा यसको भावी संविधान बनाउन र सहमतिमा टुङ्गयाउन सजिलो हुन जान्छ । संविधान राजनीतिक एवं कानुनी दस्तावेज भएकोले यसले शासन संचालन सम्बन्धी मार्ग निर्देश गर्दछ । राज्यको शक्तिलाई परम्परागत रुपमा राज्यका ३ अंगबाट प्रयोग गरिन्छ । यसमा शक्ति पृथकीकरण एवं सन्तुलनको सिद्धान्तलाई ध्यान दिनुपर्छ । यसका अलावा संविधान बनाउँदा संवैधानिक मूल्य र मान्यतामा आधारित रहेर बनाउनु पर्दछ । ती मूल्य र मान्यता मध्ये संविधानवाद पनि एक हो । संविधानवादका विभिन्न अवयवहरुमध्ये उत्तरदायी सरकार पनि एक हो । स्वच्छ सरकार, उत्तरदायी सरकार एवं परिमार्जित सरकार भनेको सिमित सरकार हो । सिमित सरकार भनेको निरंकुश र स्वेच्छाचारी सरकार होइन । सरकारलाई सिमित सरकारको अवधारणा भित्र राख्न र सरकारका गतिविधिहरु पारदर्शी, उत्तरदायी र स्वच्छ बनाउन संविधानमा विभिन्न संवैधानिक निकायहरुको व्यवस्था गरिएको हुन्छ । यसो गर्नुको अर्थ सरकारका काम कारवाही उपर पहरेदारको भूमिका निर्वाह गर्नु र सरकारलाई स्वेच्छाचारी हुन नदिनु र सुशासन कायम गराउनु रहेको हुन्छ । त्यसका लागि आवश्यक निकाय बनाई संवैधानिक मान्यता दिनुपर्छ । यसका लागि शासन संचालनमा आवश्यक संवैधानिक निकायहरुको गठन स्वरुप, क्षेत्राधिकार, भूमिका र काम, कर्तव्य र अधिकारको संविधानमा उल्लेख हुन आवश्यक छ । यसका अतिरिक्त हाल विभिन्न हित समूह, दवाव समूह, सरोकारवाला समूहले आवाज उठाए अनुसार सबै विषयमा आयोग गठन गर्न विधि शास्त्रिय मान्याताले समेत मिल्ने हुँदैन किनकी यी अस्थायी प्रकृतिका मुद्दाहरु हुन् । अस्थायी प्रकृतिका मुद्दाहरुलाई स्थायी प्रकृतिको संविधानमा समावेश गर्न उचित हुँदैन । ती समस्याहरुलाई सरकारले कानुन बमोजिम आयोग गठन गरेर समाधान गर्न उचित हुन्छ ।

राष्ट्रिय महिला आयोगका पदाधिकारीहरु (२०६५/१०/२८)
**(श्री नैनकला थापा, श्री अमुदा श्रेष्ठ, श्री धनकुमारी सुनार, श्री मन्जुकुमारी यादव चौधरी, श्री शरद थापा)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

नेपालको अन्तरिम संविधानमा कानुनी आधारमा महिला आयोग गठन गर्ने व्यवस्था रहे अनुसार राष्ट्रिय महिला आयोग गठन भएको भए पनि संवैधानिक आयोगको रुपमा नहुन्जेल महिलाका हक, अधिकारका विषयहरुलाई न्यायसंगत, सशक्त र प्रभावकारी रुपमा सम्पादन गर्नमा केही कठिनाईहरु रहेका छन् । संविधानमा नै स्पष्ट रुपमा स्वतन्त्र र निष्पक्ष रुपमा कार्य गर्न सक्ने गरी यसलाई संवैधानिक निकायको रुपमा गठन गरिनु पर्ने वर्तमानको आवश्यकता हो । जसले भविष्यमा महिलाहरु माथि हुने हिंसा, दमन, उत्पिडन र विभेदलाई कम गर्न सहयोग गर्छ ।

महिलाको समग्र विकास गर्न, देश विकासको मूल धारमा महिलालाई संलग्न गराउन, महिला हिंसा एवं उत्पिडनको अन्त्य गरी लैङ्गिक न्याय कायम गरी महिला हक अधिकारको संरक्षण र सम्वर्द्धन गर्नुको साथै राष्ट्रिय जीवनका सबै अवसरहरुमा र शासन संचालनको सबै अंगहरुमा महिलाहरुलाई अर्थपूर्ण र समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागिताको लागि राष्ट्रिय नीति तथा कार्यक्रमको तर्जुमा गर्न र महिला हितको लागि भएको विशेष व्यवस्थाहरु पालना भए नभएको अनुगमन, कार्यान्वयन गराउन स्वतन्त्र हैसियतका भएको महिला आयोग सम्बन्धी व्यवस्था संविधानमा हुनु आवश्यक छ । हाल भैरहेको आयोगको हैसियत कानुनी भएकोले सरकारी नियन्त्रण र हस्तक्षेपको दवावमा स्वतन्त्र र प्रभावकारी रुपमा कार्य गर्न नसकेको स्थितिमा छ । त्यसकारण आधा भन्दा बढी जनसंख्या भएको महिला वर्गको हक हित संरक्षण र तीनिहरुको उत्थान, सशक्तिकरण, संरक्षण र विकासको लागि यसको स्वतन्त्र संवैधानिक हैसियत हुनु आवश्यक छ । मानव अधिकार सम्बन्धी पेरिसको घोषणा पत्र तथा बेइजिङ्ग सम्मेलनले समेत यसको स्वतन्त्र संयन्त्रको सम्बन्धमा मार्ग निर्देश गरेको र सरकारको नीति कार्यक्रममा पनि यसलाई संवैधानिक आयोग बनाउने प्राथमिकता रहेकोले महिला आयोगलाई संवैधानिक मान्यता दिन आवश्यक छ ।

दलित आयोगका पदाधिकारीहरु (२०६५/१०/२१)
**(श्री रामलाल विश्वकर्मा, श्री होम खाती, श्री यामबहादुर किसान)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

नेपालमा विद्यमान जातिय छुवाछुत एवं भेदभावलाई अन्त्य गर्दै सो अपराधलाई दण्डनीय बनाए तापनि प्रभावकारी निकायको अभावमा छुवाछुतको अन्त्य भएको छैन । सो सम्बन्धी विभिन्न कानूनी प्रावधान कार्यान्वयन भएका छैनन् । जातिय विभेद एवं छुवाछुतका घटनाहरु वारम्वार दोहरिरहेका छन् । सर्वप्रथम वि.सं. २०२० साल भदौ १

गतेदेखि लागू भएको नयां मुलुकी ऐनले छुवाछुत र जातिय विभेदलाई रोक लगाएको भएतापनि छुवाछुत भएमा के हुने भन्ने स्पष्ट कानूनी प्रावधानको अभावले सो ऐन निस्प्रभावी रहेको छ ।

त्यस्तै मानव अधिकार सम्बन्धमा र जातिय विभेद विरुद्धमा भएका विभिन्न अन्तर्राष्ट्रिय दस्तवेजहरु एवं राष्ट्रिय कानूनले जातिय भेदभाव एवं छुवाछुतको अन्त्यको लागि गरेको प्रतिवद्धता एवं घोषणा र सो मुताविक भएका कानूनी संरचनाहरुको प्रभावकारी कार्यान्वयनको लागि स्वतन्त्र संवैधानिक संयन्त्रको आवश्यकता हुन्छ । हाल कायम भएको दलीत आयोगको हैसियत कानूनी भएकोले सरकारको प्रभावबाट मुक्त छैन । त्यसले दलित हक हितको लागि प्रभावकारी काम गर्न नसकेको यथार्थ हाम्रो सामु छ । जातिय भेदभाव, छुवाछुतका घटनाहरु दिन प्रति दिन बढीरहेको र दलितलाई पशुवत व्यवहार भएकोले पनि दलित सम्बन्धमा भएका कानूनी व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गरि दलित भेदभाव जस्तो घृणित र सामाजिक अपराधलाई दण्डनीय वनाउन आवश्यक छ । त्यसका लागि दलित हक हित एवं उत्थान वा विशेष कार्यक्रम एवं कानून, नीति नियम वनाई सरकारलाई सिफारिश गर्न प्रभावकारी कार्यान्वयनको लागि अनुगमन गर्ने, तलित वर्गको उत्थान र विकासको लागि भएका विशेष व्यवस्थाहरु लागू गर्न सरकारको ़भावबाट मुक्त स्वतन्त्र संवैधानिक संयन्त्रको आवश्यकता भएकाले राष्ट्रिय संरचना वा सवै अंगहरुमा उनिहरुलाई समानुपातिक समावेशीताको आधारमा सहभागि गराई सामाजिक न्यायको अवधारणालाई मूर्त रुप दिन दलित आयोगलाई अन्य आयोगको जस्तै संरचनात्मक र काम कर्तव्य र अधिकारको सम्बन्धमा भावी संविधानमा छुट्टै संवैधानिक प्रत्याभूति हुनु आवश्यक छ ।

**मानव अधिकारसँग सम्बन्धित संघसंस्थाका प्रतिनिधिहरु (२०६५/१०/२९)**
**(डा० सुबोधराज प्याकुरेल, डा० गोपालकृष्ण शिवाकोटी, श्री शोभा गौतम, श्री नेत्रप्रसाद तिमल्सिना, श्री चरण प्रसाई, श्री कपिल श्रेष्ठ)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- मानव अधिकार सम्बन्धमा संवैधानिक दायित्वलाई व्याख्या गरिनु पर्दछ । यस सन्दर्भमा यस संगठनको अधिकारसँग दोहोरो अधिकार रहने हुनु हुँदैन ।
- दलित, महिला, जनजाति जस्ता आयोगहरुलाई समेटेर छाता संगठन बनाइनु पर्दछ ।
- राज्य प्रदत नागरिकका हक अधिकारको पूर्ण सुरक्षाको ग्यारेण्टीका साथ उपभोग गर्न पाउने व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोग स्वतन्त्र, निष्पक्ष हुनु पर्दछ ।
- मानव अधिकार परिषद् गठन गरिनु पर्दछ त्यसमा सबैको प्रतिनिधित्व हुन सक्छ र भयमुक्त वातावरणको सृजना हुनुपर्दछ ।
- Paris principle मुताविकको स्वतन्त्र र निष्पक्ष हैसियतको संस्था हुनु पर्दछ ।

- Paris principle ले निर्देश गरे मुताविक आयोगको दक्षता, बहुलवादको अधिकार सुनिश्चितता र स्वतन्त्रता, कार्यप्रणाली र अर्धन्यायीक सिद्धान्त अनुकुल राष्ट्रिय मानव अधिकार गठन हुनु पर्दछ ।
- पदाधिकारी नियुक्ति राजनैतिक पार्टीको हस्तक्षेप विना निष्पक्ष व्यक्ति योग्यताको आधारमा हुनु पर्दछ ।
- राज्यस्तरमा पनि आयोग गठन गर्ने व्यवस्था हुनुपर्ने र संयोजन चाँही राष्ट्रिय मानव अधिकार आयोगले नै गर्नुपर्ने ।

**जनजाति महासंघका प्रतिनिधिहरु (२०६५/११/०१)**
**(श्री मल्ल के. सुन्दर, डा० चैतन्य सुब्बा, डा० मुक्तिसिंह लामा तामाङ, श्री जीतपाल किरांती)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- आदिवासी जनजातिको समग्र विकास गर्न, देश विकासको मूल प्रवाहमा आदिवासी/जनजातिलाई संलग्न गराउन, आदिवासी जनजातिहरुलाई राज्यका सबै संरचनामा समावेशी समानुपातिक सहभागिता सुनिश्चित गरी आदिवासी जनजातिको विकास, संरक्षण र सम्वर्द्धन गर्न र आदिवासी जनजातिको हितका लागि भएका विशेष व्यवस्थाहरुको पालना भए नभएको अनुगमन गरी कार्यान्वयन गराउन स्वतन्त्र र निष्पक्ष रुपमा कार्य सम्पादन गर्न सक्ने हैसियत भएको संवैधानिक आयोग सम्बन्धी व्यवस्था संविधानमा हुनुपर्दछ ।
- हाल भएको आदिवासी जनजाति प्रतिष्ठानको हैसियत कानुनी भएकोले यस प्रतिष्ठानले स्वतन्त्र, निष्पक्ष रुपमा आदिवासी जनजातिको हक हितमा कार्य गर्न सक्ने अवस्था छैन । त्यसैले आदिवासी जनजातिको उत्थान, सशक्तिकरण, संरक्षण र विकासको लागि यसको स्वतन्त्र संवैधानिक हैसियत हुनु आवश्यक छ ।
- आदिवासी जनजाति सम्वन्धि संयुक्त राष्ट्र संघको महासन्धि, १६९ Indegineous Rights मा आदिवासी जनजातिको पहिचान गरी उनीहरुको भाषा, सँस्कृति र हक अधिकार र साँस्कृतिक सामाजिक उत्थानको लागि स्वतन्त्र संयन्त्रको आवश्यकता महशुस गरिएको सन्दर्भमा समेत नेपालमा पनि एक स्वतन्त्र, निष्पक्ष संवैधानिक निकायको आवश्यकता रहेको छ ।

**डा० भीमार्जुन आचार्य (२०६५/११/०५)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

- राज्य तथा सरकारको कार्य सम्पादनमा check and balance गर्नको अतिरिक्त कार्य संचालनमा सहजता प्रदान गर्नका लागि ।

- कतिवटा राख्ने
    - राज्यको आवश्यकता ।
    - नागरिकको अवस्था ।
    - अन्य अवस्था ।
- सम्भव भएसम्म संविधान संक्षिप्त र चुस्त हुनुपर्ने, भावनात्मक कुराहरुले संविधानको content मा स्थान पाउनु हुँदैन । आस्था र प्रकृतिको कामको लागि संवैधानिक आयोग बनाउनु आवश्यक पर्दैन ।
- विकसित र अति विकसित मुलुकहरुमा कम संवैधानिक निकायहरु रहेका ।
- विकासोन्मुख र अविकसित मुलुकमा जनताका आकांक्षा बढी हुने कारणले बढी संवैधानिक निकायहरु रहेका ।

**नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका पदाधिकारीहरु (२०६५/११/०५)**
**(श्री रमेशचन्द्र ठकुरी, श्री सनतकुमार बस्नेत, श्री अशोकदेव भट्ट, श्री विनोद सिंह)**

समितिको सम्बन्धित कार्यक्षेत्रमा विस्तृत छलफल गर्न तथा आफ्ना विचार र धारणा राख्नको लागि समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको छलफलमा उपस्थित हुँदा राख्नु भएका मुख्य विचार र धारणाहरु :

राष्ट्र र जनताको माग र चाहना बमोजिम सेवा प्रदान गर्न प्रहरी संगठन भित्र, योग्य, सक्षम र व्यवसायिक व्यक्ति हुन आवश्यक छ । यसको लागि योग्य व्यक्ति चाहिन्छ । योग्य व्यक्तिको चयन स्वतन्त्र संस्था लोक सेवा आयोगबाट हुनेमा विवाद छैन । निजामति सरह सबै तहका प्रहरी कर्मचारीको पूर्ति गर्नु अघि लोक सेवा आयोगको परामर्शमा प्रहरी कर्मचारी भर्ना गर्ने व्यवस्था गर्नु पर्दछ । हाल प्रहरी सेवाको शर्त सम्बन्धी कानुनले प्रहरी संगठन भित्र निश्चित तह र पदको खुल्लाबाट पदपूर्ति गर्दा लोक सेवा आयोगको परामर्शमा हुने व्यवस्था गरेको छ । यसबाट राजनैतिक हस्तक्षेप कम हुन गई राम्रो र योग्य व्यक्ति चयनमा सहयोग पुगेको छ । आगामी संविधानमा पनि सशस्त्र प्रहरी र नेपाल प्रहरीको निश्चित तह तथा पदको पूर्ति गर्दा लोक सेवा आयोगको परामर्शमा हुने संवैधानिक व्यवस्था गर्नु उचित र वाञ्छनिय छ ।

अनुसूची - १७

## संविधानसभा
## संवैधानिक निकायको संरचना निर्धारण समिति

**विभिन्न राजनैतिक दलहरुबाट प्राप्त समितिको कार्यक्षेत्रसँग सम्बन्धित अवधारणा**

### १. नेपाली कांग्रेस

स्वतन्त्र संवैधानिक अंगहरु : शक्ति र अधिकारको दुरुपयोग नियन्त्रण, भ्रष्टाचार नियन्त्रणको साथै जननिर्वाचित एवं उत्तरदायी शासनको सुनिश्चय गर्न निर्वाचन आयोग, मानव अधिकार आयोग, लोक सेवा आयोग, महालेखा परीक्षक, भ्रष्टाचार तथा अख्तियार दुरुपयोग नियन्त्रण आयोग जस्ता स्वतन्त्र संवैधानिक आयोगहरुको व्यवस्था गरिनेछ ।

### २. म.ज.अ.फोरम, नेपाल

- सरकारी सेवामा भर्ना तथा नियुक्ति गर्नुका लागि केन्द्रिय सेवाको हकमा संघीय लोक सेवा आयोग र प्रादेशिक सेवाको हकमा प्रादेशिक लोक सेवा आयोगको व्यवस्था गर्ने ।
- वर्तमान अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संवैधानिक व्यवस्था अन्त गरी भ्रष्टाचार तथा अधिकार दुरुपयोग नियन्त्रणको दायित्व सरकारको हुने र भ्रष्टाचार नियन्त्रण गर्नका लागि सरकार प्रति जिम्मेवार रहने गरी अलग स्वतन्त्र तथा प्रभावकारी निकायको व्यवस्था गर्ने ।

### ३. सदभावना पार्टी

लोक सेवा आयोग

निजामति कर्मचारीलाई स्वतन्त्र, निष्पक्ष, सेवाग्राही बनाउनको लागि संघ र प्रदेशमा अलग अलग लोक सेवा आयोगको व्यवस्था गरिनेछ ।

प्रहरी सेवा आयोग

प्रहरीलाई दक्ष, अधिकार सम्पन्न र सेवाग्राहीको रुपमा लोकतान्त्रिक प्रहरी संगठन निर्माण गर्न संघ र प्रदेशमा अलग अलग प्रहरी सेवा आयोगको व्यवस्था गरिनेछ ।

महालेखा परीक्षक

संघ र प्रदेशको सरकारी कोषको संचालन, नियन्त्रण र सुपरिवेक्षण गरी श्रेस्ता रेकर्ड दुरुस्त राख्नका लागि संघ र प्रदेशमा अलग अलग संघीय महालेखापरीक्षक र प्रादेशिक महालेखापरीक्षकको व्यवस्था हुनुपर्दछ ।

संवैधानिक निकायको संरचना

संघ र प्रदेशमा छुट्टाछुट्टै प्रदेशका संवैधानिक निकायर रहने छन् ।

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
- लेखा परीक्षण आयोग,
- लोक सेवा आयोग,
- निर्वाचन आयोग,
- मानव अधिकार आयोग,
- समावेशीकरण आयोग,
- श्रम आयोग,
- योजना आयोग,

- अल्पसंख्यक आयोग,
- दलित आयोग,
- आदिवासी जनजाति आयोग,
- अल्पसंख्यक मुस्लिम आयोग,
- महिला आयोग,
- मधेशी आयोग,
- पिछडा वर्ग आयोग ।

## ४. ने.क.पा. (माले)

भावी संविधानमा प्रस्तावित संवैधानिक निकायहरु

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(ख) महालेखा परीक्षक,
(ग) लोक सेवा आयोग,
(घ) निर्वाचन आयोग,
(ङ) राष्ट्रिय मानव अधिकार आयोग,
(च) अन्तरप्रादेशिक सम्बन्ध व्यवस्थापन आयोग : विभिन्न प्रदेशहरुका बीचका एवं प्रदेश र केन्द्रका बीचका विविध पक्षीय सम्बन्ध एवं विवादहरुको अध्ययन गर्न तथा आवश्यक सुझाव सल्लाह दिन एउटा अन्तरप्रादेशिक सम्बन्ध व्यवस्थापन आयोग गठन गरिनेछ ।

## ५. नेपाल मजदुर किसान पार्टी

देशमा संवैधानिक अंगका रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, लोक सेवा आयोग, राष्ट्रिय मानव अधिकार आयोग, किसान आयोग/मजदुर आयोग/महिला आयोग, महालेखा परीक्षक र महान्यायाधिवक्ता रहनेछन् ।

## ६. राष्ट्रिय जनमोर्चा

मानव अधिकार आयोग

मानव अधिकारको रक्षा, संरक्षण, सम्वर्द्धन र विकास गर्न संवैधानिक अंगको रुपमा एक स्वतन्त्र निकाय "राष्ट्रिय मानव अधिकार आयोग" को गठन गरिने छ, जसले मानव अधिकारको उल्लंघन वा दुरुत्साहन रोक्ने, विभागीय कारवाही गर्न वा मुद्दा चलाउन र सम्बन्धित ऐन, कानुन सुधार र परिमार्जन गर्न सिफारिश गर्ने, अधिकार उल्लंघनको अभिलेख सार्वजनिक गर्ने र दण्ड सजाय दिलाउन सिफारिश गर्ने, दण्डहिनताको अन्त्यको लागि आवश्यक काम गर्ने लगायतको संवैधानिक कर्तव्य पूरा गर्ने व्यवस्था गरिने छ ।

राष्ट्रिय सुरक्षा आयोग

नेपालमा एउटा राष्ट्रिय सुरक्षा आयोग रहेनछ । प्रधानमन्त्री अध्यक्ष, रक्षामन्त्री सदस्य र गृहमन्त्री सदस्य रहने व्यवसथा हुनेछ, जसले नेपाली सेनाको परिचालन र संचालन, सेनाका प्रमुख पदाधिकारीको नियुक्ति, बढुवा वा अवकाश, युद्धको घोषणा, सेना तथा हतियार सम्बन्धी महत्वपूर्ण विषयहरुमा मन्त्रिपरिषद्लाई सिफारिश गर्ने व्यवस्था हुनेछ ।

## ७. नेकपा एकीकृत

प्रस्तावित संवैधानिक आयोगहरु :

- अख्तियार दुरुपयोग अनुसन्धान आयोग,

- महालेखा परीक्षक आयोग,
- लोक सेवा आयोग,
- निर्वाचन आयोग,
- राष्ट्रिय मानव अधिकार आयोग,
- राष्ट्रिय भूमि आयोग,
- राष्ट्रिय दलित आयोग,
- राष्ट्रिय महिला आयोग,
- लैङ्गिक, अपाङ्ग, मुस्लिम तथा धार्मिक अल्पसंख्यक आयोग,
- आदिवासी जनजाति भाषा सँस्कृति आयोग,
- प्राकृतिक स्रोत सम्पदा आयोग,
- अल्पसंख्यक आयोग

## ८. नेपाः राष्ट्रिय पार्टी

- संवैधानिक आयोग, निकायहरु संघीय संरचनाअनुसार तहगत हुनुपर्ने ।
- केन्द्र, प्रान्त र प्रदेशमा आफ्नो हैसियत अनुसार स्वायत्त संवैधानिक निकायहरु रहनेछ ।
- ती निकायहरुको पदपूर्ति सम्बन्धित तह प्रान्तमा प्रान्तीय र प्रदेशमा प्रदेशको विधायीकीद्वारा निर्मित कानुन अनुसार हुनेछ ।

## ९. समाजवादी प्रजातान्त्रिक जनता पार्टी नेपाल

भावी संविधानमा प्रस्तावित संवैधानिक निकायहरु :

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(ख) लोक सेवा आयोग,
(ग) निर्वाचन आयोग,
(घ) राष्ट्रिय मानव अधिकार आयोग,
(ङ) राष्ट्रिय लेखा परीक्षण आयोग,
(च) प्रदेश मामिला सम्बन्धी आयोग ।

ती निकायहरु आवश्यकता अनुसार संघीय स्तर तथा प्रदेश स्तरमा अन्य आयोगहरु गठन गर्न सकिने छ ।

## १०. चुरेभावर राष्ट्रिय एकता पार्टी नेपाल

भावी संविधानमा प्रस्तावित संवैधानिक निकायहरु

(क) अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
(ख) लोक सेवा आयोग,
(ग) निर्वाचन आयोग,
(घ) राष्ट्रिय मानव अधिकार आयोग,
(ङ) राष्ट्रिय लेखा परीक्षण आयोग,
(च) प्रदेश मामिलासम्बन्धी आयोग ।

## ११. नेपाल लोकतान्त्रिक समाजवादी दल

- संवैधानिक निकायका पदाधिकारीहरुको नागरिकता
- संवैधानिक पदहरुमा नियुक्ति हुने वंशजको आधारमा नागरिकतावाला हुनेछ ।
- संघीय सरकारी सेवाको गठन

- संघीय सरकारले गर्ने, राजपत्राङ्कित विशिष्ट श्रेणीमा वंशजको आधारमा नागरिकता प्राप्त व्यक्तिको मात्र नियुक्ति हुनुपर्ने,
- प्रान्तिय सरकारी सेवाको गठन
- प्रान्तिय सरकारले गर्ने ।
- अन्य आयोग

  आदिवासी आयोग, दलित आयोग, महिला आयोग, बालबालिका आयोग र युवा तथा बेरोजगार युवा आयोग, मुस्लिम आयोग, भूमि अधिकार आयोग, न्यायसेवा आयोग, अपाङ्ग आयोग, यौनिक लैङ्गिक आयोग, पिछडा वर्ग आयोग, कानुनमा लेखेबमोजिम हुनुपर्ने । नेपाल सरकारद्वारा गठन गरी सोको कार्यविधि सेवा, शर्त, सुविधा, कानुन बनाई व्यवस्था गरिनु पर्ने ।

पिछडिएका वर्ग

नेपाल सरकारले पिछडा वर्गको पहिचान गरी उचित आरक्षण वा संरक्षणको व्यवस्था गर्नुपर्ने ।

दलितहरुको आरक्षण

नेपाल सरकारले दलितहरुको लागि उचित आरक्षण संरक्षणको व्यवस्था गर्नुपर्ने,

अल्पसंख्यकहरुको आरक्षण

नेपाल सरकार अल्पसंख्यकहरुको पहिचान गरी आवश्यक आरक्षण संरक्षणको व्यवस्था गर्नुपर्ने ।

सीमान्तकृत, आदिवासी सम्पति संरक्षण

विशेष स्वायत्त क्षेत्र तथा स्वाशासित क्षेत्रमा बसोबास गरिरहेका सीमान्तकृत, आदिवासी जनजातिहरुको अचल सम्पतिको बेचबिखन सोही समुदायभित्र मात्र हुने व्यवस्था गरिनु पर्ने ।

## १२. नेपाल परिवार दल

केन्द्रका संवैधानिक निकायहरु

अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
राष्ट्रिय लेखा परीक्षण आयोग,
लोक सेवा आयोग,
निर्वाचन आयोग,
राष्ट्रिय मानव अधिकार आयोग,
अन्तरप्रादेशिक सम्बन्ध आयोग,
युवा आयोग
महिला तथा बालबालिका आयोग,
दलित आयोग,
अन्तर धार्मिक तथा अन्तर साँस्कृतिक सद्भाव आयोग,
प्रादेशिक तहका आयोगहरु

नोट :- *एकीकृत ने.क.पा. माओवादी र ने.क.पा. एमालेबाट आफ्नो अवधारणा पत्र यस समितिमा प्राप्त नभएको । अन्य पार्टीले पेश गरेको अवधारणा पत्रमा यस समितिको कार्य क्षेत्रको विषयसँग सम्बन्धित विषयवस्तु समावेश भएको नदेखिएको ।*

अनुसूची - १८

संविधानसभा

संवैधानिक निकायको संरचना निर्धारण समिति

मिति :- २०६.../...../.....

<u>धन्यवाद ज्ञापन</u> ।

...................................

......................... ।

भावी संविधान निर्माणको सन्दर्भमा यस समितिको आमन्त्रणलाई स्वीकार गरी समितिको कार्यक्षेत्र अन्तरगत पर्ने संवैधानिक निकायको संरचना निर्धारण सम्बन्धी विषयमा समितिको मिति २०६..../...../..... गतेको बैठकमा उपस्थित भई आफ्नो दृष्टिकोण एवं अमूल्य सुझाव प्रदान गरी संविधान निर्माण कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउनु भएकोमा यहांलाई समितिको तर्फबाट धन्यवाद सहित आभार व्यक्त गर्दछु ।

(गोविन्द चौधरी)

सभापति

संवैधानिक निकायको संरचना निर्धारण समिति





समितिको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा पारित गर्दाको समितिको एक दृष्य

निकायको
निर्धारण समिति
२०६५





समितिको अवधारणा पत्र सहितको प्रारम्भिक मस्यौदा पारित गर्दाको समितिको एक दृष्य